## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

### पञ्चम पत्र

### बिश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरु

**समग्र उद्देश्य :**

विद्यार्थीहरूले बुद्धको मौलिक दर्शनको ज्ञान पाएर, त्यसकै आधारमा चिन्तन मनन तथा अभ्यास गरी जीवनमा सम्यक मार्गतिर पाइला चाल्न सक्नेछन् ।

**सिकाइगत उद्देश्यहरू :**

१. एसियाली मुलुकहरूमा थेरवाद बुद्धधर्मको इतिहास तथा त्यहाँका महत्वपूर्ण बौद्ध स्थलहरूको बारेमा ज्ञान पाएर त्यहाँका बौद्ध सम्पदाको संरक्षण तथा सम्बर्धनको आवश्यकताबारे बोध हुनेछन् ।

२. विभिन्न थेरवादी बौद्ध देशहरू तथा अन्य मुलुकहरूमा पनि भएका ऐतिहासिक बौद्ध स्थलहरूको बारेमा ज्ञान पाएर विश्वमा बुद्धधर्मको तथा बौद्ध सम्पदाको संरक्षण गर्नुपर्नेतर्फ सचेतना आउनेछ ।

३. विभिन्न बौद्ध देशहरूका महत्वपूर्ण ऐतिहासिक बौद्ध स्थलहरूको बारेमा ज्ञान पाउनुको साथै ती देशहरूमा भएका ऐतिहासिक घटनाहरूको ऐतिहासिक दस्तावेज रहनुको महत्वबारे जान्नेछन् ।

अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)
पञ्चम पत्र

“पञ्ञा नरानं रतनं”

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

### पञ्चम पत्र

### विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

Dhamma.Digital
https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

## पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

Dhamma.Digital

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**अमिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यसामग्री समिति

प्रकाशनार्थ आर्थिक सहयोग : रविन्द्ररत्न स्थापित परिवार

**दाता परिवारलाई साधुवाद !**

परियत्ति सद्धम्मकोविद मध्यम वर्ष, पञ्चम पत्रको यस

पाठ्यपुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्नुहुने

**रविन्द्ररत्न स्थापित**

**कविता स्थापित**

**प्रतिष्ठा स्थापित**

**प्राची स्थापित**

कलंकीस्थित परिवारलाई साधुवाद !

सर्वाधिकार : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

प्रथम संस्करण : ३०० प्रति
बु.सं. २५६८
वि.सं.२०८१
ने.सं. ११४४
ई.सं. २०२४

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, ल.पु.

सहयोगार्थ मूल्य : २००/-
(नोट : यस पुस्तक विक्रि भएको रकम पुनःसंस्करणको लागि प्रयोग हुनेछ)

https://dhamma.digital

# साधुवाद

नेपालको बुद्धशाशनमा ऐतिहासिक संस्था 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अटुलनीय योगदान दिएर जानुभएका अति पूज्यनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्ममित्र धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको शुरुवाट गर्दछौं।

*विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू* शिर्षकको प्रस्तुत पुस्तक, 'अखिल नेपाल भिक्षु महासंघ' द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)' को पञ्चम पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो। पञ्चम पत्रको यस पुस्तकको लागि विभिन्न लेखकहरूको पुस्तक, अनुसन्धान तथा लेख रचनाहरू समेटेर तयार गरिएको हो।

*विश्वमा बुद्धधर्म तथा बौद्ध स्मारकहरू* शिर्षकको यस पञ्चम पत्रको पाठ्यसामग्रीमा एकाइ १ को विषयवस्तु *श्री लंकामा बुद्धधर्म* लेखक डा.त्रिरत्न मानन्धरले लेख्नुभएको हो। एकाइ २ को विषयवस्तु *म्यानमानरमा बुद्धधर्म* लेखक भिक्षु ञाणवुधले महास्थविर र अनागारिका कुसलञ्ञाणीले लेख्नुभएको हो। एकाइ ३ को विषयवस्तु *थाइलाय्ण्डमा बुद्धधर्म* लेखक भिक्षु निग्रोध महास्थविरले लेख्नुभएको हो। एकाइ ४ को विषयवस्तु *कम्बोडियामा बुद्धधर्म र लाओसमा बुद्धधर्म* लेखक अनागारिका सुमनाले लेख्नुभएको हो। *भियतनाममा बुद्धधर्म* लेखक राजेन मानन्धरले लेख्नुभएको हो। एकाइ ५ को विषयवस्तु *इण्डोनेशियामा बुद्धधर्म, अफ्गानिस्तानमा बुद्धधर्म, बंगलादेशमा बुद्धधर्म, पाकिस्तानमा बुद्धधर्म, फिलिपिन्समा बुद्धधर्म, मलेशियामा बुद्धधर्म* लेखक राजेन मानन्धरले लेख्नुभएको हो। यी

https://dhamma.digital

विभिन्न देशहरूमा बुद्धधर्म सम्बन्धी लेखहरूमा 'पृष्ठभूमि' भाग लेखक भिक्षु सुदर्शनबाट लिखित श्रोतहरूबाट लिइएको हो ।

यस पाठ्यपुस्तक प्रकाशन हुनाले 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको यस पाठ्यपुस्तकको पाठ्यसामग्रीका लेखकहरूलाई 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' विशेष आभार व्यक्त गर्दछ ।

यस पुस्तक तयार गर्नको लागि लेखन, अनुवाद, टाइपिंग, शुद्धाशुद्धि, प्रेस सम्बन्धी कार्य इत्यादि कार्यहरू सम्पन्न गर्नको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सबै श्रद्धालु महानुभावहरूलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस पुस्तक प्रकाशन गर्नको लागि आर्थिक सहयोग गर्ने रविन्द्ररत्न स्थापित परिवारलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं । पुस्तक प्रकाशनको क्रममा प्रेससम्बन्धी कार्य निपुणताका साथ गर्नुहुने आइडियल प्रेसका विनोद महर्जन प्रमुख प्रेसका सम्पूर्ण कार्यदललाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा पुनः एकपटक 'नेपाल बौद्ध परियत्ति शिक्षा' को पाठ्यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षुसंघ, श्रद्धेय गुरुमांसंघ तथा श्रद्धालु महानुभावहरूलाई मैत्रीपूर्ण साधुवाद ।

बु.सं. २५६८ | प्रधान सम्पादक प्रमुख
वि.सं.२०८१, असार | सम्पादक मण्डल

https://dhamma.digital

# प्रकाशकीय

'नेपाल बौद्ध परियत्ति शिक्षा' का बिद्यार्थीहरूको लागि पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रस्तुत गर्न पाउँदा धर्मप्रीतिको अनुभव भएको छ । यस पुस्तक अध्ययन गरेर धेरैभन्दा धेरै विद्यार्थीहरू लाभान्वित हुने अपेक्षा गरेका छौं ।

वि.सं. २०१९ मा स्थापना भएको 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा'को अध्ययन अध्यापनद्वारा नेपालमा बहुसंख्यक अध्ययनार्थीहरूले बुद्धशिक्षालाई गहन रूपमा सिक्ने अवसर प्राप्त गरेको छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक तयार गर्न विगतका समयदेखि वर्तमानसम्म धेरैजना भिक्षुहरू, अनागारिका गुरुमांहरू, उपासक तथा उपासिकाहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदै आउनुभएको छ ।

हाम्रा परमपुज्य गुरुवर्गहरू भिक्षु बुद्धघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर, भिक्षु ज्ञाणपूर्णिक महास्थविर, अनागारिका सुशिला तथा श्रद्धालु धर्मभिरु उपासक धर्मरत्न शाक्य जसले परियत्ति शिक्षाको लागि पुसतकहरू श्रृजना गर्नुभयो, उहाँ गुरुहरूको गुणानुस्मरण गर्दै उहाँहरूले देखाउनुभएको मार्गमा पाइला चाल्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई निरन्तर अगाडि बढाइरहनु भएको चतुपरिषदलाई साधुवाद दिन्छौं । 'नेपाल बौद्ध परियत्ति शिक्षा' को लागि पाठ्यपुस्तक निर्माण गर्ने वृहत कार्यमा विगतका समयदेखि आजसम्म पाठ्यसामग्री लेखन, पाठ्यसामग्री अनुवाददेखि लिएर आवश्यक परिमार्जन, संशोधन, सल्लाह सुझाव दिँदै सँधैभरि योगदान दिँदै आउनुभएका भिक्षुहरू तथा अनागारिका गुरुमांहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । पाठ्यसामग्री लेखन, अनुवाद, अनुसन्धान, सम्पादन, शुद्धाशुद्धि, टाइपिङ्ग, प्रुफ रिडिङ्ग आदि विविध कार्यमा सँधैभरि सहयोग गर्दै आउनुभएका श्रद्धालु उपासक उपासिकाहरूप्रति मैत्रीपूर्ण साधुवाद ।

https://dhamma.digital

'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' को वर्तमान कार्यकारिणि समितिमा रही यस पाठ्यपुस्तक प्रकाशन कार्य सम्पन्न गर्नुभएका कार्यकारिणि समितिका संयोजक भिक्षु धर्मगुप्त महास्थविर प्रमुख बाँकी सदस्यहरुको अथक प्रयास प्रशंसनीय रहेको छ ।

यो पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने रविन्द्ररत्न स्थापित परिवारप्रति साधुवाद व्यक्त गर्दछौं । प्रेस सम्बन्धी कार्य गरी निरन्तर सहयोग गरिरहनुभएका आईडियल प्रिन्टिङ्ग प्रेस परिवारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस शैक्षिक संस्थामा संलग्न भिक्षु, अनागारिका, उपासक तथा उपासिका वर्गले अनवरत रूपमा सेवा गर्दै आएको तथा उस्तै दाताहरूबाट पनि निरन्तर रूपमा दान दातव्यको पुण्य कार्य भइरहेको कुरा उल्लेखनीय छ । यस्तै पुण्यकार्यको फलस्वरूप परियत्ति शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पाठ्यपुस्तक तथा सामग्री आपूर्ति हुँदै आएको छ । यो नेपालको बौद्ध समुदायको लागि धर्म गौरवको कुरा हो । नेपालको बौद्ध जगतका उनै श्रद्धालु महानुभावहरूको निस्वार्थ सेवा, अथक प्रयासको फलस्वरूप नेपाल बौद्ध परियत्ति शिक्षाले सफलपूर्वक ६ दशक पार गरिसक्यो । यस्तै श्रद्धालुहरूको आस्था, त्याग, मेहनतकै आडमा भविष्यका दिनपनि यस ऐतिहासिक संस्थालाई निरन्तररूपले अगाडि बढाउने छौं भन्ने हाम्रो संकल्प रहेको छ ।

बु.सं. २५६८ — **अखिल नेपाल भिक्षु महासंघ**

वि.सं. २०८१ — **नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

## पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## विषय सूचि


| | | पृष्ठ |
|---|---|---|
| एकाइ १ : | श्री लंकामा बुद्धधर्म | १ |
| एकाइ २ : | म्यानमारमा बुद्धधर्म | ३१ |
| एकाइ ३ : | थाइलैण्डमा बुद्धधर्म | ५५ |
| एकाई ४ : | (क) कम्बोडियामा बुद्धधर्म | ६६ |
| | (ख) लाओसमा बुद्धधर्म | ८३ |
| | (ग) भियतनाममा बुद्धधर्म | ९२ |
| एकाई ५ : | (क) इण्डोनेशियामा बुद्धधर्म | ११८ |
| | (ख) अफ्गानिस्तानमा बुद्धधर्म | १३० |
| | (ग) बंगलादेशमा बुद्धधर्म | १४१ |
| | (घ) पाकिस्तानमा बुद्धधर्म | १४६ |
| | (ङ) मलेशियामा बुद्धधर्म | १५८ |
| | (च) फिलिपिन्समा बुद्धधर्म | १७१ |


Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## एकाइ १ : श्री लंकामा बुद्धधर्म

लेखक : डा. त्रिरत्न मानन्धर

https://dhamma.digital

## एकाइ १

# श्री लंकामा बुद्धधर्म

एशियाको दक्षिणमा अवस्थित श्री लंका हिन्दमहासागरमा अवस्थित एक सानो टापु देश हो । प्रजातान्त्रिक समाजवादी गणतन्त्रको रूपमा रहेको यस देशको क्षेत्रफल ६५६१० वर्ग कि.मि छ । सन् २०११ को जनगणना अनुसार यहाँ २,१८,९९,३६९ जनसंख्या रहेको छ। जसमा ७०.२ प्रतिशत बौद्ध छन् । बौद्ध बाहेक १२.५ प्रतिशत हिन्दु, ९.७ प्रतिशत मुश्लिम र ७.६ प्रतिशत ईसाई रहेको छ । बौद्धहरूको संख्या बढि भएता पनि यहाँ अरू अल्पसंख्यामा रहेका धर्महरूको पनि धार्मिक अधिकार सुनिश्चित गरिएको छ ।

बुद्धधर्मलाई संरक्षण र सम्बर्धन गर्नको लागि दक्षिण एशियाको सानो देश श्री लंकाको महत्वपूर्ण योगदान रहेको छ। एशियाको दक्षिणमा अवस्थित यस देशको जनसंख्या करीब २.२ करोडभन्दा बढी छन् भने यहाँ ७०.२ प्रतिशतले बुद्धधर्म अपनाइरहेका छन्। यहाँ भिक्षुहरूको संख्या ३२००० को हाराहारीमा र ११००० वटा विहारहरू रहेका छन्। परियत्ति स्कुल ९५१२ र विद्यार्थीहरू २२ लाख भन्दा बढी अध्ययन गरिरहेको अवस्था छ । पिरिवेणको संख्या ७०६ वटा रहेकोमा अनागारिकाहरूको विहार संख्या २४२ पुगेको हालको तथ्यांकले देखाउँछ। यसरी बुद्धधर्म श्री लंकाको बहुसंख्यक जनताले मान्ने राज्य धर्मको रूपमा लिन सकिन्छ। बहुसंख्यक सिंहली तथा केही अल्पसंख्यक समुदायहरूले समेत बुद्धधर्मलाई अंगालेको पाइन्छ। दक्षिण एशियाको थाइलैण्ड तथा म्यानमारमा जस्तै यस देशका बहुसंख्यक जनताहरूले थेरवाद बुद्धधर्मलाई मानिरहेको पाइन्छ। यस देशको संविधानको धारा ९ बमोजिम बुद्धधर्मलाई राज्यधर्मको दर्जा दिइएको छ । तेस्रो शताब्दी ई.पू देखि यस देश बुद्धधर्मको केन्द्रस्थलको रूपमा रहेको छ । बुद्धघोषाचार्य जस्तो महान अट्ठकथाचार्यले भारतमा लोप भइसकेको अट्ठकथा साहित्यलाई यस देशबाट अनुवाद गरी भारत



https://dhamma.digital

तथा म्यानमारमा लानुभएको थियो । यसरी पालि साहित्यलाई संबर्द्धन गर्ने देशको रूपमा यस देशलाई लिन सकिन्छ । १९ औं शताब्दीतिर बुद्धधर्मको पुनर्जागरणको लागि पनि श्री लंकाको महत्वपूर्ण योगदान रहेको छ । सन् २००७ को गणना अनुसार यस देशमा ६०००० विहार तथा पाँचलाख भिक्षुहरू रहेको तथ्यांक रहेको छ । अशोककालीन समयमा बुद्धको प्रारम्भिक शिक्षालाई विभज्जवाद भनिन्थ्यो । अशोकको संरक्षणमा भएको तेस्रो संगायन पछि विभिन्न ९ वटा ठाउँहरूमा धर्म प्रचारको लागि धर्मदूत मण्डलहरू पठाउने क्रममा अशोकको आफ्नै छोरा महेन्द्र स्थविर तथा छोरी संघमित्रा श्री लंकामा जानुभएको थियो र उनीहरूले त्यहाँका प्रभावशाली व्यक्तिहरूलाई बुद्ध शिक्षाबाट प्रभावित पार्न सफल भएको थियो । तत्कालीन महारानी अनुला नै भिक्षुणी भएको थियो । यसरी भारतको मौर्य बंशका राजा अशोकको श्री लंकामा धर्म प्रचारको महत्वपूर्ण भूमिका रहेको छ । सम्राट अशोकले राख्नुभएका विभिन्न सिलालेखहरू तथा श्रीलंकाको वंश साहित्यहरू विशेष गरी महावंश र दीपवंशमा यस विषयलाई उल्लेख गरेको पाइन्छ ।

महावंश अनुसार महेन्द्रको श्री लंका पदार्पन ई.पू तेस्रो शताब्दीमा राजा देवानपियतिस्सको शासनकालमा भएको थियो । ३०७ देखि २६७ ई.पू सम्म अनुराधपूरमा शासन गर्ने उहाँ बुद्धको उपदेशले प्रभावित भएर आफुले बुद्धधर्म अँगालेको र आफ्नो बगैचालाई बौद्ध समुदायलाई दान दिएर पहिलो बौद्ध स्तुपको निर्माण गरेको थियो । उहाँकै शासनकालमा महाविहारको परम्परा श्री लंकामा शुरुवाट भएको थियो ।

महेन्द्र स्थविर श्री लंकाको मिहिनतले मा पुगेर सबभन्दा पहिला धर्मदेशना गर्नुभएको थियो । उहाँले त्यहाँ हत्थिपदोपम सुत्तको देशना गर्नुभएको थियो । श्री लंकामा मिहिनतलाई एक महत्वपूर्ण स्थलको रूपमा लिइन्छ । विभिन्न गुफाहरू रहेको यस स्थानलाई श्री लंकाको पहिलो संघहरूको आवासको रूपमा लिइन्छ । देवानपियतिस्सको शासनकालमा राज्यद्वारा नै धर्मप्रचार प्रसारमा सक्रियता देखाएको थियो । यस समयका विभिन्न कला र वास्तुकलाहरू र ब्राम्हिलिपिका अभिलेखहरू



https://dhamma.digital

भेटिएका छन् । यस समयमा बुद्धधर्मको माध्यमबाट सबै श्री लंकाका जनताहरूलाई एकताको सूत्रमा बाँध्नको लागि उचित वातवारण भएको थियो । राज्य व्यवस्थामा पनि एक किसिमको स्थायित्वको लागि बुद्ध शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

## श्री लंकामा बुद्धधर्मको प्रवेश

दीपवंश, महावंश, समन्तपासादिका आदि ग्रन्थहरूमा श्रीलंकामा बुद्धधर्म कसरी प्रवेश भयो र विकास भयो भन्ने कुरा उल्लेख गरिएको छ। ऐतिहासिक तथ्य अनुसार सामान्यत श्रीलंकामा बुद्धधर्मको प्रवेश राजा देवानपियतिस्स (२०७ ई.पू.) को पालामा भारतका सम्राट अशोकबाट पठाएको प्रतिनिधि मण्डलबाट भएको भन्ने उल्लेख गरिएको छ । तर महावंश तथा अरू वंशावली तथा ग्रन्थ अनुसार ३ वटा माध्यमबाट श्रीलंकामा बुद्धधर्म प्रवेश भएको उल्लेख गरिएको छ। ती तीन माध्यमहरू यस प्रकारको रहेको छ :

*आदिबुद्धहरूको माध्यमबाटः* ककुछन्द, कनकमुनि, तथा काश्यप बुद्ध आदि आदिबुद्धहरू श्रीलंकाको अभयपूर, वद्धमान, तथा विशाला आदि ठाउँमा आउनुभई धर्मप्रचार गरेको कुरा वंशावलीमा उल्लेख गरिएको छ ।

*शाक्यमुनी बुद्धको माध्ममबाटः* वर्तमान शाक्यमुनी बुद्ध स्वयं तीनपटक आउनुभई धर्मप्रचार गर्नुभएको विश्वास श्रीलंकामा गरिन्छ । बुद्धले बुद्धत्वप्राप्तिपछि सर्वप्रथम सत्तु र मह दान दिनुहुने दुई व्यापारी दाजुभाई तपस्सु र भल्लुक पनि श्रीलंकाको भएको विश्वास गरिन्छ ।

*महेन्द्र थेरको माध्यमबाटः* सम्राट अशोकको धर्मदूतमण्डल अन्तर्गत महेन्द्र थेरको आगमनबाट धर्मको प्रचार भएको विषयलाई इतिहासकारहरूले अधिकारिक तथ्यको रूपमा लिन्छ । उहाँ श्रीलंकामा अरू चार भिक्षुहरूसित धर्मप्रचारको लागि आउनुभएको थियो । भिक्षु महेन्द्रको उपदेशबाट त्यस द्विपका मानिसहरू निक्कै प्रभावित भएको थियो । हजारौं मानिसहरूले बुद्धधर्मलाई ग्रहण गरेर थोरै समयमा नै



https://dhamma.digital

उल्लेखनीय संख्यामा विहारहरू निर्माण हुनपुगेको थियो ।

**बुद्धधर्म प्रचार हुने क्रममा श्रीलंकामा भएका पहिलो गतिविधिहरू यस प्रकारका छन् :**

यस देशमा सर्वप्रथम धर्मदेशना भएको सुत्र चुलहत्थिपदोपम सुत्र थियो । पहिलो भिक्षु राजाको ज्वाँई भिक्षु अरित्थ थियो । रानी अनुला श्रीलंकाको प्रथम भिक्षुणी बन्नुभयो । रानी अनुलालाई भिक्षुणी बनाउनको लागि भारतबाट सम्राट अशोककी छोरी संघमित्रालाई निम्त्याएको थियो । भिक्षुणी संघमित्रा बोधिवृक्षको हाँगासहित आउनुभई श्रीलंकामा रोप्नुभएको थियो । राजा देवानपियतिस्सले पहिलो विहार निर्माण गरेको थियो । उहाँबाट निर्माण गरिएको थूपाराममा भगवान् बुद्धको अस्तिधातु राखिएको थियो, जसलाई महाविहार नामाकरण गरिएको थियो ।

**श्री लंकामा भएका बौद्ध अधिबेशन तथा संगायनाहरू**

बौद्ध इतिहासमा धर्मलाई सुरक्षित गर्न र निरन्तरता दिनको लागि समय समयमा संगायनहरू हुने गरेको पाइन्छ । पालि परम्परा अनुसार हालसम्म ६ वटा तथा संस्कृत बुद्धधर्मको परम्परा अनुसार ४ वटा संगायनको कुरा उल्लेख गरिएको छ । त्यस बाहेकका पनि आ-आफ्नो देशमा सानो ठुलो गरी समय समयमा महत्वपूर्ण संगायन भएको उल्लेख छ ।

महावंस तथा अन्य सिंहली परंपरा अनुसार श्रीलंकामा तीनवटा अधिवेशन भएको कुरा उल्लेख रहेको छ । प्रथम अधिवेशन राजा देवानंपिय तिस्सको राज्यकाल सन् २४७ देखि २०७ ई.पू मा अरिट्ठ थेरको सभापतित्वमा भएको थियो । सम्राट अशोकबाट भिक्षु महेन्द्रलाई श्रीलंकाको धर्मदूत मण्डलको रूपमा पठाइसकेपछि बुद्धधर्मको प्रचार तीव्रगतिमा भएको थियो । अनुराधपूरको थूपाराममा भएको यस अधिवेशनमा ६०,००० भिक्षुहरूले भाग लिएको कुरा उल्लेख गरिएको छ ।

दोस्रो अधिवेशन राजा वट्टगामणि अभय (१०१ ई.पू देखि ७७



https://dhamma.digital

ई.पू सम्म) को समयमा भएको थियो । थेरवादी निकाय अनुसार यसलाई चौठौं संगायन भनिन्छ । मौखिक रूपमा मात्र वाचन भइरहेको बुद्धवचन त्रिपिटकलाई यस समयमा लिपिवद्ध गरिएको थियो । त्रिपिटकको साथै अट्ठकथा पनि यस समयमा लिपिवद्ध गरिएको थियो । लिपिवद्ध गर्नुभन्दा अगाडि १०० पटक वाचनगरी शुद्ध गरिएको थियो । महारक्खित महास्थविरको अध्यक्षतामा आलोक विहारमा भएको यस संगायनमा पाँचसय भिक्षुहरूले भाग लिनुभएको थियो । तेस्रो संगायनको रूपमा सन् १८६५मा सिहलको रत्नपूरमा हिक्कडुव सिरि सुमंगल को अध्यक्षतामा एक अर्को अधिवेशन भएको थियो । यस अधिवेशन पाँच महिनासम्म चलेको थियो । तिनीहरूमध्ये प्रथम शताब्दीतिर भएको संगायनलाई मात्र अन्य बौद्ध देशहरूले अधिकारिक संगायनको रूपमा लिइन्छ । यसलाई थेरवाद बौद्ध इतिहासमा चौंठौं संगायनको रूपमा लिइन्छ । तर श्रीलंकाले आन्तरिक रूपमा गरिएका अन्य संगायन वा अधिवेशन पनि उनीहरूले महत्वपूर्ण बौद्ध कार्यकलापको रूपमा लिने गर्दछन् ।

## चौंठो संगायन श्रीलंकाको महत्वपूर्ण घटना

यस संगायन राजा वट्टगामिनीको पालामा प्रथम शताब्दिमा आलोक विहारमा भएको थियो । श्री लंकामा मात्र भएको हिसाबले यसलाई दोस्रो संगायन भनिन्छ । राजा दुट्ठगामिनीको पालामा (१०१ देखि ७७ ई.पू.) महान रत्नमाल्य चैत्यको निर्माण भएको थियो । त्यसको केही समय पश्चात २९ देखि १७ ई.पू मा श्रीलंकामा दुर्भिक्ष भएको थियो । भिक्षुहरूलाई खान लाउन समेट धौ धौ भएको त्यस समयमा धर्मलाई सुरक्षित गर्नको लागि गुरुशिष्य परम्पराबाट मात्र प्रचार भैरहेको धर्मलाई लिपिबद्ध गर्ने सोच अनुसार चौंठौं संगायनको सुभारम्भ गरिएको थियो । यस संगायनमा बुद्धवचनको रूपमा रहेको त्रिपिटकलाई धेरै पटक आद्योपान्त वाचनगरी त्यसलाई ताडपत्रमा लिपिवद्ध गरिएको थियो । यसरी त्रिपिटक ग्रन्थ पहिलो पटक श्रीलंकामा लिपिवद्ध भएको थियो ।



https://dhamma.digital

## बुद्धधर्म श्रीलंकाको महत्वपूर्ण परम्पराको रूपमा

श्रीलंका बुद्धधर्मको महत्वपूर्ण केन्द्रको रूपमा लिन सकिन्छ । श्रीलंकालीहरू आफ्नो जीवन र रहनसहन बुद्धधर्मबाट प्रभावित भएको कुरामा गौरव गर्छन् । यहाँ धेरै बौद्ध विश्वविद्यालयहरू धर्मप्रचारमा लागेका छन् । यस देशमा राष्ट्रपतिले सपथ ग्रहण गर्दा कैण्डीको दन्तधातु मन्दिरमा गई लिने गरिन्छ, जुन मन्दिरमा भगवान् बुद्धको दन्तधातु राखिएको छ । यस देशका अधिकांस उपासक उपासिकाहरूको जीवन त्रिशरण, पञ्चशील, त्रिरत्न वन्दनाबाट शुरु हुन्छ । भिक्षुहरूलाई दान दिनु यहाँको महत्वपूर्ण परम्परा हो, जसको कारणले धर्मलाई सुरक्षित गर्न महत्वपूर्ण योगदान भइरहेको छ ।

## विभिन्न देशहरूमा धर्म प्रचारकको रूपमा श्रीलंका

बुद्धधर्मलाई श्रद्धापूर्वक ग्रहणगरी धर्मानुकूल जीवन यापन गर्ने यस देशका जनताहरूबाट बुद्धधर्म प्रचारको लागि साहित्य, कला आदिहरू विकास गर्नु भै म्यानमार, थाईलैण्ड, कम्बोडिया, लाओस आदि देशहरूमा समेत धर्म प्रचारको लागि महत्वपूर्ण योगदान दिएका थिए । पाँचौ शताब्दीका महान अर्थकथाचार्य भदन्त बुद्धघोषाचार्यले श्रीलंकामा भएको अट्ठकथालाई पालि भाषामा अनुवाद गरी विभिन्न बौद्ध देशहरू, विशेषगरी म्यानमारमा प्रचार गर्नुभएको थियो । नेपालमा बुद्धधर्म प्रचारमा पनि श्रीलंकाको महत्वपूर्ण योगदान छ । राणाकालमा नेपालका भिक्षुहरूलाई बुद्धधर्म प्रचार गरेको कारणले निकाला गरेपछि निर्वासित भिक्षुहरूलाई फर्काउन श्रीलंकाले महत्वपूर्ण योगदान गर्नुभएको थियो । भिक्षु नारदथेरको नेतृत्वमा आएको सद्भावना मण्डलको प्रयासले नेपालमा धर्म प्रचारको वातावरण बनेको थियो ।

## पालि साहित्यको विकासमा श्री लंकाको देन

श्री लंकालाई पालि साहित्य विकास गर्ने अग्रणि देशको रूपमा लिन सकिन्छ । पहिलो शताब्दी ई.पू मा श्री लंकामा भएको दुर्भिक्षका कारण भिक्षुहरूको जीवन अति कष्टकर बनेको थियो । त्यसबेला



https://dhamma.digital

बुद्धवचन कण्ठस्थ गरेर गुरुशिष्य परम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको थियो । अनिकालबाट त्रिपिटक कण्ठ गरेका भिक्षुहरूको पनि देहावशान हुँदै गइरहेको कुरालाई मध्यनजर गरी बुद्धवचन त्रिपिटकलाई लिपिवद्ध गरिएको थियो । राजा दुट्ठगामिनीको कार्यकालमा चौठौं संगायनको आयोजना गरेर आलोक विहारमा सम्पूर्ण त्रिपिटकलाई ताडपत्रमा लिपिवद्ध गरिएको थियो । रिचार्ड गोम्ब्रिचको भनाई अनुसार यो नै पहिलो पटक त्रिपिटकको लिपिवद्ध भएको घटना थियो । पालि सहित्यको रूपमा रहेको ती साहित्यहरू सबै महाविहार परम्परा अन्तर्गतको थियो । अभयागिरी परम्परामा भएका बौद्ध साहित्यहरू पालि भाषामा थिएन र तिनीहरूको साहित्यको अहिलेसम्म उल्लेख्य रूपमा प्राप्त भएको छैन ।

कालान्तरमा श्री लंकामा अट्ठकथा साहित्य पनि विकास भयो । ती अट्ठकथाहरू भिक्षु महेन्द्र मार्फत श्री लंकामा ल्याउनुभएको थियो । कालान्तरमा ती ग्रन्थहरू पनि लिपिबद्ध भएको थियो । अट्ठकथा साहित्य भारतमा लोप भइसकेको अवस्थामा ती ग्रन्थहरू अनुवादको लागि धेरै विद्वानहरू भारतबाट आउनुभएको थियो । श्री लंकामा अवस्थित सिंहली भाषाका ती अट्ठकथाहरू अनुवादको लागि विशेष गरी बुद्धदत्त, बुद्धघोष तथा धर्मपालहरू श्री लंकामा आउनुभएको र सिंहली अट्ठकथालाई पालि भाषामा अनुवाद गरिएको कुरा उल्लेख गरिएको छ । अनुराधपुर युगमा विकास भएको यस ग्रन्थहरूले बौद्ध साहित्यमा महत्वपूर्ण स्थान राख्दछ । त्यसमा पनि भिक्षु बुद्धघोषलाई महान अट्ठकथाचार्य भनिन्छ । त्रिपिटककै अट्ठकथाको रूपमा रहेको महाअट्ठकथाको पनि महाविहार निकाय अन्तर्गत विकास भएको थियो । तर हाल यो ग्रन्थ उपलव्ध छैन । उहाँले लेख्नुभएको विशुद्धिमार्ग बौद्ध संसारमा सुप्रसिद्ध रहेको छ । श्री लंकामा बुद्धधर्म सम्बन्धी अन्य साहित्यहरू विशेष गरी वंश साहित्यको पनि महत्वपूर्ण स्थान रहेको छ । दिपवंश, महावंश, दाठाबंश, बोधिवंश, थूपवंश आदि बंश साहित्यहरूले बौद्ध साहित्यलाई महत्वपूर्ण सन्देश समावेश गरेको पाउँछौ ।



https://dhamma.digital

## श्रीलंकाको बौद्ध सांस्कृतिक सम्पदाहरू

श्री लंका बौद्ध सम्पदाले भरिपूर्ण देश हो । यस देशका तीन महत्वपूर्ण स्थानहरू : अनुराधपुर, पोलनरुवा तथा कैण्डि बौद्ध सांस्कृतिक सम्पदाको त्रिकोणको रूपमा लिइन्छ । अनुराधपूर, पोलोनरुवा तथा कैण्डिलाई श्रीलंकाको तीन महत्वपूर्ण राजधानीको रूपमा पनि लिइन्छ। अनुराधपूर सबभन्दा प्राचीन, पोलोनरुवा मध्यकालीन तथा कैण्डि पछिल्लो समयको श्रीलंकाको राजधानीको रूपमा लिइन्छ। यी तीन स्थानहरूमा बौद्धस्मारकहरू प्रशस्त छरिएका छन् । ती स्थानहरू बाहेका सिगिरिया तथा डम्बुल्ला स्थानहरू पनि बौद्ध सम्पदाहरूले सम्पन्न स्थानको रूपमा छन् । यी स्थानहरू श्रीलंका भित्रका विश्वसम्पदाको सूचिमा रहेको छ ।

## अनुराधपूर

श्रीलंकाको प्राचीन राजधानीको रूपमा रहेको अनुराधपूर सिंहली जातिका राजकुमार अनुराध भन्ने व्यक्तिले बसाएको ठाउँ हो । सन् ३८० मा यस ठाउँलाई राजा पण्डुकभयले श्रीलंकाको राजधानी बनाएको थियो । यस ठाउँमा रहेका थूपाराम चैत्यले यसलाई महत्वपूर्ण बनाएको छ । यस चैत्य राजा देवानपियतिस्सले भगवान् बुद्धको अस्थिधातु राखेर बनाउनुभएको थियो ।

अनुराधपूरको अर्को महत्वपूर्ण स्थानको रूपमा राजा वलगम्बाबाट प्रथम शताब्दीमा निर्मित अभयागिरि विहार हुन् जुन विहार चौंठौंदेखि आठौं शताब्दीतिर अन्तर्राष्ट्रिय बौद्ध अध्ययन केन्द्रको रूपमा विकसित भएको थियो । यस विहारमा चौंठौं शताब्दीमा निर्मित भगवान् बुद्धको विशाल ध्यान मुद्राको मूर्ति अवस्थित रहेको छ । यस स्थानका अरू महत्वपूर्ण स्थलहरू मध्ये जोडी पोखरी हुन् । जसलाई कुत्तम पोकुना भनिन्छ ।

## पोलनरूवा

पोलनरुवा श्रीलंकाको अर्को महत्वपूर्ण सम्पदा स्थल हो । यो ठाउँ



https://dhamma.digital

मध्यकालीन श्रीलंकाको राजधानी पनि हो । यस ठाउँमा बुद्धमूर्तिहरू, बौद्ध विहारहरू, बोधिवृक्ष, पुरानो राजदरवार, वास्तुकलाका नमुनाहरू तथा विभिन्न चित्रहरू रहेको छ । यस ठाउँमा रहेको बुद्धमूर्तिको विशेषतामा एउटै शिलामा तीनवटा स्थितिको बुद्धमूर्ति हो । ४५ फिटको ध्यानमुद्राको मूर्ति एकातिर छ भने बुद्धको परिनिर्वाण तथा २२ फिटको भिक्षु आनन्द समेतको मूर्ति त्यस शिलामा बनाइएको छ ।

## कैण्डी

श्रीलंकाको पछिल्लो कालको राजधानी कैण्डी उच्चस्थलमा रहेकोले यहाँको हावापानी समशितोष्ण छन् । चारैतिर पहाडले घेरिएको यस स्थान रमणीय छ । यस ठाउँ महत्वपूर्ण सांस्कृतिक तथा शिक्षा केन्द्रको रूपमा लिइन्छ । यस ठाउँको सबभन्दा महत्वपूर्ण स्थल भनेको दन्तधातु मन्दिर हो । भगवान् बुद्धको दन्तधातु राखिएको यस मन्दिरमा दैनिक रूपमा भव्य रूपमा पुजाआजा गरेर श्रद्धा अभिव्यक्ति गरिन्छ । यहाँ राखिएको भगवान् बुद्धको दन्तधातु भारतको कलिंगबाट श्रीलंकाको राजा मेघावन (सन् ३०१ देखि ३२८) को समयमा दन्तकुमार तथा हेमामालाले ल्याइएको थियो । भारतबाट हेमामालाको केशमा लुकाएर ल्याएको त्यस दन्तधातु श्रीलंकामा भव्य स्वागत गरी कैण्डीको मन्दिरमा स्थापना गरिएको थियो । श्रीलंकामा राष्ट्रपतिले समेत यस दन्तधातु मन्दिरमा सपथ लिने चलन छ । दन्तधातुलाई प्रत्येकवर्ष हात्तिमा राखेर नगरपरिक्मा गराइन्छ । दन्तधातु मन्दिर तीन तल्लाको छ । यसको छाना सुनले पोतिएको छ । मन्दिरको अगाडि रमणीय पोखरी रहेको छ जुन सन् १८०६ मा सिंहली अन्तिम राजा विक्रम राजा सिंघेले बनाएको थियो । कैण्डिको अरू महत्वपूर्ण विहारहरूमा मलवत्ता र असगिरिया हुन । यहाँ अवस्थित प्रख्यात पेरेदेनिया विश्वविद्यालय तथा परम्परागत आयुर्वेद उपचार केन्द्रले यस ठाउँको महत्व अझ बढाएको छ ।

## डम्बुल्ला

श्रीलंकाको उच्चस्थलमा रहेको डम्बुल्ला विभिन्न गुफाहरू तथा



https://dhamma.digital

त्यस गुफामा रहेको भव्य बुद्धमूर्तिहरू तथा बौद्ध कलाको कारणले आकर्षक केन्द्र बनेको छ । यहाँका गुफाहरू पहिलो शताब्दीका राजा वट्टगामिनीले बनाउनुभएको थियो । उहाँले गुफामा केही बुद्धमूर्तिहरू बनाई बाह्य आक्रमणबाट बच्न स्वयं १६ वर्ष बस्नुभएको थियो । डम्बुल्ला पाँचवटा महत्वपूर्ण गुफाहरू तथा त्यसमा रहेका १५० बुद्धमूर्ति तथा चित्रहरूबाट शुशोभित छन् ।

**पहिलो गुफा : देवराज विहार**

यस गुफामा बुद्धको परिनिर्वाणको मूर्ति, पाँच बुद्धको मूर्ति तथा भिक्षु आनन्दको मूर्ति रहेको छ ।

**दोश्रो गुफा : राज विहार**

पाँचवटा गुफाहरू मध्ये यो गुफा सबभन्दा लामो छ । राजा वट्टगामिनीले बनाइएको यस गुफा ७५ फिट लम्बाई ७२ फिट चौडाई तथा २१ फिट उचाई छ। यहाँ भगवान् बुद्धको ५३ वटा मूर्तिहरू तथा बुद्धजीवनीलाई चित्रद्वारा दर्शाइएको छ।

**तेस्रो गुफा : अतुल विहार**

राजा कीर्ति श्री द्वारा निर्मित यस गुफा ९० फिट लम्बाई ८१ फिट चौडाई तथा ३६ फिट उचाईको छ। यसमा भगवान् बुद्धका ५० मूर्तिहरू विद्यमान छन्।

**चौंठो गुफा : पश्चिम विहार**

५० फिट लम्बाई २० फिट चौडाई तथा २७ फिट उचाईको यस गुफामा बुद्धको ध्यानमुद्राको भव्यमूर्ति विद्यमान छ ।

**पाँचौं गुफाः देवान अतुल विहार**

२० औ शताब्दीमा स्थानीय प्रशासनद्वारा निर्मित यस विहारमा पनि बुद्धमूर्ति रहेको छ र यसको क्षेत्रफल ५९५२ वर्गफिट रहेको छ ।

**श्रीपाद**

श्रीपाद श्रीलंकाको ७३६० फिट उचाईको पहाडमा रहेको भगवान्



https://dhamma.digital

बुद्धको पादचिन्ह भएको स्थल हो । यस ठाउँमा भगवान् बुद्ध स्वयं आउनुभई आफ्नो पाद चिन्ह छोड्नुभएको विश्वास गरिन्छ। ५८० ई.पू मा बुद्धत्व प्राप्त गरेको आठौं वर्षपछि सुमन सामन भन्ने उपासकको निमन्त्रणामा बुद्ध यहाँ आउनुभएको उल्लेख वंशावलीमा गरिएको छ ।

यस स्थानमा जापानका फुजी गुरुजूबाट शान्ति स्टुप निर्माण गरिएको छ। बुद्धधर्मावलम्बीहरू बाहेक ईसाई तथा इस्लाम धर्मावलम्बीले यस ठाउँलाई आदम चुचुरो (Adam peak) भन्ने गरिन्छ ।

### अन्य बौद्ध स्थलहरू

माथि उल्लेखित बाहेक श्रीलंकामा अरू पनि बौद्ध स्थलहरू छन् जसले देशको गौरव बढाइरहेको छ।

**केलनियाको राज विहार** : केलनियामा अवस्थित यस विहारमा ८० फिट उचाई र १८० फिट गोलाईको स्टुप रहेको छ । संगै रहेको कलावयेव तालले यसको सौन्दर्य बढाइरहेको छ।

**मिहिनतले विहार** : मिहिनतले विहार पनि श्रीलंकाको एक महत्वपूर्ण पहाडमा अवस्थित विहार हो जहाँ अहिले विशाल स्टुप छन् । यस स्थानमा २५७ ई.पू मा भारतबाट आउनुभएका महेन्द्र थेरबाट सर्वप्रथम धर्मदेशना गर्नुभएको थियो। यस स्थानलाई श्रीलंकामा बुद्धधर्मको शुरुवाट भएको विन्दुको रूपमा पनि लिइन्छ।

## श्रीलंकाको बौद्ध गतिविधि तथा उत्सवहरू

श्रीलंकामा धेरै बौद्ध उत्सवहरू मनाउने गरिन्छ । उनीहरूको सामाजिक जीवनमा बौद्ध उत्सवहरूले महत्वपूर्ण प्रभाव पारिरहेका हुन्छन्। वर्षमा प्रत्येक महिना जसो यहां बौद्ध उत्सव मनाउने गरिन्छ।

**वैसाक पूर्णिमा :** भगवान् बुद्धको जन्म, बुद्धत्व र महापरिनिर्वाणको त्रिसंयोगले पूर्ण यस दिनलाई श्रीलंकालीहरू बडो महत्वपूर्ण पर्वको रूपमा मान्दछन्। यस दिन बुद्धपूजा, सांस्कृतिक कार्यक्रम, भोजनदान, भिक्षुहरूबाट प्रवचन श्रवण, परित्राण पाठ, भजन, कविता लेखन र वाचन आदि कार्यहरू गर्दै धुमधामले मनाउने चलन छ। यस अवसरमा



https://dhamma.digital

गृहस्थहरू सबैले सेतो वस्त्र लगाउने चलन पनि रहेको छ।

**नववर्ष :** विक्रम सम्बतको शुरुका दिन बैशाख १ गते श्रीलंकालीहरू पनि नववर्ष मान्ने चलन रहेको छ। उक्त दिन गृहस्थहरू विहारमा गई बुद्धपूजा गर्छन् र साथी भाईहरूलाई घरमा निमन्त्रणा गरी खीर ख्वाउने चलन रहेको छ।

**धर्म पदार्पण उत्सव :** ई.पू २३७ मा महेन्द्र थेरले श्रीलंकामा सर्वप्रथम धर्मको पदार्पण गराइएको दिनको अवसरमा जुन महिनामा विशेषगरी मिहिनतले र देशभर उत्सव मनाउने चलन छ।

**आषाढ महोत्सव :** भगवान् बुद्धको जीवनमा घटेका छ महत्वपूर्ण घटनाको स्मरणमा जुलाई महिनामा यो महोत्सव भव्यताका साथ देशभर मनाइन्छ। विशेष गरी कैण्डीमा १० दिनसम्म सांस्कृतिक कार्यक्रम गरिन्छ भने अन्तिम दिनमा दन्तधातु मन्दिरमा अवस्थित भगवान् बुद्धको दन्तधातुलाई हात्तिमा राखी शहर परिक्रमा गराइन्छ।

**वर्षावास** : भिक्षुहरू वर्षातको समयमा तीन महिनासम्म एकै स्थानमा बसी धार्मिक कार्यमा संलग्न हुने बौद्ध परम्परा अगस्त महिनादेखि शुरु गर्ने चलन छ।

**कथिन महोत्सव** : वर्षावास समाप्ति पछि भिक्षुहरूलाई कथिन चीवर दानदिने यस महोत्सव सेप्टेम्बर महिनातिर पर्दछ।

**महेन्द्रथेरको परिनिर्वाण दिवश :** देशमा बुद्धको शिक्षा भित्र्याउने महेन्द्र थेर परिनिर्वाण भएको दिनको सम्झनामा अक्टोवरमा विभिन्न पुण्यकार्य गरी मनाउने चलन रहेको छ।

**धर्मदुत उत्सव** : सम्राट अशोकवाट २७९ ई.पू मा गुरु भिक्षु मोग्गलीपुत्ततिस्सको आज्ञा अनुसार भारत र भारत बाहिर विभिन्न स्थानमा धर्मप्रचारार्थ धर्मदूत मण्डल पठाइएको सम्झनामा तथा २७३ ई.पू मा भारतबाट बुद्धको अस्थिधातु पदार्पन भएको महत्वपूर्ण अवसरमा नवम्वरमा महत्वपूर्ण उत्सव गर्ने चलन रहेको छ।

**बोधिवृक्ष पदार्पण दिवश** : भिक्षुणी संघमित्राले बोधिवृक्ष



https://dhamma.digital

ल्याउनुभएको दिनको अवसरमा डिसेम्बरमा यस पर्व मनाइन्छ । यस दिनलाई संघमित्रा दिवसको रूपमा पनि लिइन्छ ।

**बुद्ध आगमन दिवश** : ५८७ ई.पू मा भगवान बुद्ध स्वयं श्रीलंकामा आउनुभएको दिनको सम्भनामा श्रद्धालुहरू श्रीपादमा गई भगवान् बुद्धको पादचिन्हलाई पुजा गर्ने चलन रहेको छ ।

## श्रीलंकाको संक्षिप्त इतिहास

ताम्रपर्णिको नामले पनि चिनिने यस द्विपको स्थापना ६०० ई.पू मा भएको मानिन्छ । यहाँको इतिहासको शुरुवाट तेस्रो ई.पू बाट शुरु हुन्छ । विशेषगरी महावंश, दीपवंश, चूलवंश यहाँका वंशावलीहरू हुन् जसले यहाँको इतिहाँसलाई उजागर गर्दछ । चौंठो शताब्दी ई.पू का पण्डुकभयलाई पहिलो श्रीलंकाको शासक मान्दछन् । तेस्रो शताब्दी ई.पू मा अशोकको छोरा भिक्षु महेन्द्रबाट बुद्धधर्मको प्रवेश भएको थियो ।

धेरै सासाना राज्यहरूमा विभाजित रहेको यस द्विपमा अनुराधपुर युगदेखि कैण्डिको युगसम्म १८१ राजाले राज्य गरेको देखिन आउँछ । सोह्रौं शताब्दीदेखि यहाँ विदेशीहरूको हस्तक्षेप हुँदै गयो । शुरुमा पुर्तगाली, त्यसपछि डच र अन्तिम अवस्थामा ब्रिटिश साम्राज्यले यसलाई आफ्नो नियन्त्रणमा लिने काम गरेको थियो । सन् १९७२ मा श्री लंका स्वतन्त्र भयो र १९७८ मा संविधान बन्यो । श्रीलंकाको इतिहासलाई तल उल्लेखित विभिन्न कालमा विभाजन गरिएको छ ।

## प्राग ऐतिहासिक काल

प्राग अनुराधपुरकाल : इ.पू ५४७ देखि ३७७ सम्म

अनुराधपुरा काल : इ.पू ३७७ देखि सन् १०१७ सम्म

पोलोन्नरुवाकाल : सन् १०५६ देखि सन् १२३२ सम्म

संक्रमणकाल : सन् १२३२ देखि सन् १५०५ सम्म

संकटकाल : सन् १५०५ देखि १५९४ सम्म

कैण्डिकाल : सन् १५९४ देखि सन् १८१५ सम्म



https://dhamma.digital

उपनिवेशकाल : सन् १८१५ देखि सन् १९४८

## प्राग ऐतिहासिक काल

श्रीलंकामा मानव बस्ती ३८००० वर्ष अघिदेखि शुरु भएको मानिन्छ । भारतसँगको सामिप्यताको कारणले यहाँको इतिहास पनि भारतसित सम्बन्धित हुन पुगेको छ ।

१००० देखि ५०० ई.पू सम्मको समयलाई प्राग ऐतिहासिक कालको रूपमा लिइन्छ । यसबेला श्री लंकामा यक्ष, नागहरूको राज्य भएको उल्लेख गरिएको छ ।

## प्राग अनुराधपुर काल (५४३ देखी ३७७ ई.पू )

पालि वंशावली दीपवंश, महावंश, थूपवंश, चूलवंश र विभिन्न प्रस्तरको अभिलेख र भारतको इपिग्राफि, म्यानमारको वंश साहित्यमा श्रीलंकाकौ छैठौं शताब्दी ई.पू को इतिहासको बारेमा उल्लेख गरिएको छ । श्री लंकाको पहिलो राजाको रूपमा कलिंगका राजा सिंहबाहुका छोरा विजयलाई लिइन्छ । देश निकाला गरेको कारणले उहाँ श्रीलंकामा आउनुभएको र त्यहाँ पहिलो राजाको रूपमा प्रतिष्ठित भएको कुरा वंश साहित्यमा उल्लेख गरिएको छ । उहाँ भगवान् बुद्धको परिनिर्वाणको समयमा आउनुभएको कुरा उल्लेख गरिएको छ । उहाँ मिहिन्तलेमा पुग्नुभएको थियो । यसभन्दा अगाडि भगवान् बुद्ध श्रीलंकामा तीन पटक आउनुभएको कुरा उल्लेख गरिएको छ । पहिलो पटक दुई नागहरूको बीचमा रत्नजडित आशनको लागि भएको झगडालाई मिलाउन आउनुभएको थियो । पहिलो पटक आउनुहुँदा बुद्धले आफ्नो पादचिन्ह छोडेर जानुभएको थियो । त्यस स्थानलाई श्री पाद भनिन्छ ।

## अनुराधपुर राज्यमा थेरवाद

### अनुराधपूर काल (३७७ ई.पू देखि १०१७ ई सम्म)

राजा देवानपिय तिस्स ( २५० देखी २१० ई.पू ) सँग भारतको मौर्य बंशका राजाहरूसँग राम्रो सम्बन्ध रहेको थियो । यसैको फलस्वरूप



https://dhamma.digital

अशोकको धर्मदूत मण्डलमा भिक्षु महेन्द्रको अगुवाइमा श्री लंकामा धर्मदूत मण्डलको पदार्पण भयो। त्यसको केही समय पश्चात अशोककै छोरी संघमित्रा पनि बोधिवृक्षको हाँगा सहित आउनुभयो। यसरी श्रीलंका द्विपमा बुद्धधर्मको प्रवेश कालको रूपमा अनुराधपुरकाललाई लिइन्छ। तर यसकालमा पनि विभिन्न प्रतिकूल परिस्थितिहरू आएको थियो। विभिन्न शासकहरूले आफ्नै तवरले राज्य गर्ने विभिन्न स्थानहरू कब्जा गर्ने प्रवृति थियो। तर पनि यसै कालमा त्रिपिटक लिपिवद्ध भएको थियो। अनिकाल भएर भिक्षुहरू भोकभोकै मर्ने परिस्थितिबाट शतर्क भएर वाचनद्वारा मात्र रक्षा गरिएको त्रिपिटकलाई ताडपत्रमा लेख्ने कार्य यसै समयमा भएको थियो।

महिन्दथेरको श्री लंकामा पदार्पण पछिका समयमा बुद्धधर्मको स्थिति कस्तो भन्ने वर्णन त्यहाँका विभिन्न राज्यकालहरूको वर्णनबाट स्पष्ट गर्न सकिन्छ। ती विभिन्न कालहरूमध्ये अनुराधपुर राज्यकाललाई महत्वपूर्ण कालको रूपमा लिइन्छ।

अनुराधपुर राज्य वा त्यसको कार्यकाल लाई अनुराधपुर बुद्धधर्म भनिन्छ। त्यसकालमा संस्कृति, कानूनमा बुद्धधर्मको प्रभाव निक्कै थियो। अनुराधपूर युगलाई महाविहार, अभयगिरी तथा जेतवन गरी तीन भागमा विभाजन गर्न सकिन्छ।

महाविहार पहिलो परम्परा थियो भने अभयविहार र जेतवन विहार महाविहारको परम्पराबाट छुटेर गएकाहरूले स्थापना गरेको थियो। अभयागिरी परम्पराका भिक्षुहरूको भारतसितको सम्बन्ध सन्निकट थियो। उहाँहरूले बुद्धकालपछिका विभिन्न विद्वानहरूद्वारा निर्माण गरेका पछिल्लो बौद्ध साहित्यहरूको पनि अध्ययन गर्दथे। जसमा महायान पनि पर्दथ्यो।

जेतवन परम्पराका भिक्षुहरूले महायानको थोरै मात्रामा अभ्यास गरिन्थ्यो। पछि महाविहार निकायकाहरूले महायानका लोकोत्तरवादी, र अन्य महायान सुत्रहरू अधिकारिक बुद्धको शिक्षा नभएका भनेर त्यसलाई त्यागेको थियो। विभिन्न निकायको बीचमा भएका मतभेद



https://dhamma.digital

र छलफलहरू केही समय श्री लंकामा चलेको थियो । सन् २०९ देखि २३१ सम्म राज्य गर्ने श्री लंकाका राजा वोहारिक तिस्सको कार्यकालमा महाविहार परम्पराका भिक्षुहरूले महायानका विषय भनेको मौलिक बुद्धबचन नभएको कुरामा राजालाई विश्वस्त पार्न सफल भएको थियो । तर सन् २७७ देखि ३०४ सम्म राज्य गर्ने राजा महासेनलाई महायानी समर्थकहरूले आफ्नो हातमा लिएर महाविहार परम्पराकाहरूलाई पनि महायान स्वीकार्नको लागि बाध्य पारेको थियो । त्यसलाई नमान्ने महाविहार निकायका विहारहरू स्वयं महासेनले ध्वस्त पारेको र त्यसको स्थानमा अभयगिरी निकायको विहार बनाएको थियो । यसरी यस कालमा महाविहार निकाय कमजोर र अभयगिरी निकाय बलवान भएको थियो । किथसिरिमेवन (३०१ देखि ३२८ ई) को पालामा श्री लंकामा बुद्धको दन्तधातु ल्याएको थियो । त्यसलाई सम्मान पूर्वक राजाले वर्षको एकपल्ट शहरमा परिक्रमागर्ने गरी कैण्डिमा स्थापना गरेको थियो । बुद्धको दन्तधातुलाई राज्यकै गौरवको रूपमा लिने गर्दथ्यो । त्यसको संरक्षकको रूपमा अभयागिरी निकायका भिक्षुहरूले लिनुभएको थियो ।

पहिलो शताब्दीमा रोमनहरूसँगको तमिलहरूको व्यापारको कारणले पश्चिमेलीहरूसँग सम्पर्कमा आएको थियो । यस समयमा सेन्टथोमस भन्नेले श्री लंकामा इसाई धर्म प्रचार गरको थियो । तेस्रो शताद्वीको महासेन राजाको अनुराधपुर काल श्री लंकाको आर्थिक, सामाजिक तथा धार्मिक अवस्था राम्रो भएको अवस्थाको रूपमा लिइन्छ । कृषि उत्पादनको लागि पानी, जमीन, बिउ राम्रो भएको, राजाहरूले न्यायसंगत राज्य गरेको, शैन्य सक्ति राम्रो भएको र बुद्धधर्मको प्रवेश भएर राजा देखि जनताहरूसम्म धर्मप्रति श्रद्धावान भएको अवस्थालाई लिइनछ ।

चिनिया यात्री फाहियानको पाँचौ शताब्दीमा आगमन हुँदा उहाँले अभयागिरी निकायका ५०००, महाविहारका ३००० र चेतियापव्वत विहारमा २००० भिक्षुहरू देख्नुभएको थियो । उहाँले अभयागिरी विहारमा महासांघिक निकायको विनय प्राप्त गर्नुभएको थियो । यस ग्रन्थको उहाँले



https://dhamma.digital

अनुवाद गर्नुभएको थियो । हाल चीनको बौद्ध साहित्य ताइसो त्रिपिटकमा यसलाई समावेश गरिएको छ। उहाँको भनाई अनुसार आफु श्री लंकामा जाँदा त्यहाँको चैत्यहरू स्तुपा जस्तै थियो । अनुराधपुरको चैत्यमा बुद्धको अस्तिधातु निधान गरिएको र श्रद्धाका साथ पुजा गरिन्थ्यो । उहाँले मुख्य रूपमा पाँचवटा स्तुपको वर्णन गरेको थियो । महाविहारको परिसरको थूपाराम, मिरिसावति, रुवनवालिसया, अभयगिरी र जेतवन नामक चैत्यहरू रहेको थियो । जेतवनको चैत्य सम्भवतः त्यसबेला सबभन्दा विशाल चैत्यको रूपमा गनिन्थ्यो ।

श्री लंकामा आठौं शताब्दीताका महायान र वज्रयान बुद्धधर्म पनि अभ्यास गरिन्थ्यो । वज्रयान विकास गर्नमा दुईजना भारतीय भिक्षुहरू बज्रबोधि र अमोघबज्रको ठुलो हात थियो । अभयागिरी विहार थेरवाद, महायान र वज्रयान अध्ययनको प्रभावशाली केन्द्र थियो । १२ औ शताब्दीसम्ममा धेरै विद्वानहरू दुबै पालि तथा संस्कृत दुबै बौद्ध साहित्यमा पारंगत थियो । यसरी संस्कृत र पालि साहित्य दुबैमा पोख्त भएका विद्वानहरूमा विमुत्तिमग्गका लेखक उपतिस्स, सद्धम्मपयानका लेखक कविचक्रवर्ति आनन्द, आर्यदेव, आर्यसूर, जयभद्र चन्द्रमाली आदि थिए ।

## बुद्धधर्ममा अवरोह र पुनर्स्थापना

सन् ४२८ को समयमा राजा महानामको मृत्यु पश्चात एघारौं शताब्दीसम्म अनुराधपुर निकाय कमजोर भएको र वैदेशिक हस्तक्षेपको कारणले बुद्धधर्मको अवस्था कमजोर भएको थियो । विशेषगरी दक्षिण भारतमा बुद्धधर्म पतन भइसकेपछि चोल, पल्लब र पान्ध्य वंशकाहरूले श्री लंकामा हस्तक्षेप गरेर बुद्धधर्मलाई विनष्ट गर्नको लागि प्रयासहरू गरिए र दक्षिण भारतबाट प्राप्त हुने बौद्धिक सहयोगहरू पनि श्री लंकाले पाउन छोडे । यस अवस्थामा बौद्धविहारको लागि प्रतिकूल परिस्थिति थियो । तर यस्तो अवस्थामा पनि बौद्ध संस्कृति, कला वास्तुकलाको विकास हुँदै गएको थियो । सन् ८३३ देखि ८५३ को सेनवंशकाल र ९५६



https://dhamma.digital

देखि ९७२ सम्मको माहिन्द कालको बिचमा अनुराधपुर सहरमा धेरै बौद्ध सम्पदाहरूको निर्माण भएको थियो। शान्ति र समृद्धिको यस युगमा धेरै वास्तुकलाको पनि विकास भएको थियो। नवौं शताब्दीमा बौद्ध विहारहरू प्रभावशाली संगठनको रूपमा देखापरेका थिए । नवौं शताब्दीसम्ममा फेरी बौद्ध विहारहरूको विकास भएको थियो । त्यसबेला बौद्ध विहार हरूका नाममा धेरै जग्गा थियो । कृषिकार्यको लागि जग्गा, सिंचाईका सुविधाहरू पनि बौद्ध विहारहरूको अन्तर्गत रहेको थियो। यसरी यसबेला श्री लंकाका विहारहरू स्वावलम्बि थियो र सिंहल राजाहरूबाट संरक्षित थियो। तर ९९३ देखि १०७७ सम्मको समयमा चोलहरूले हस्तक्षेप गरेर अनुराधपुरमा बौद्ध सम्पदाहरू विनाश गर्ने र बौद्ध धर्मलाई दमन गर्ने कार्य गरेका थिए र यसरी अनुराधपुरको समय समाप्त भएको थियो ।

महासेनको पालामा थेरवादहरूको महाविहारको परम्परामा महायान बुद्धधर्मको पनि पदार्पण भएका थियो । तर पछि महासेन थेरवादमै फर्किएको थियो । सन् ९९३ मा चोलबाट ठुलो संख्यामा सैन्यहरू पठाएर अनुराधपूर राजधानीमा हस्तक्षेप गरियो । यसरी अनुराधपुर युगको समाप्त भएको भनिन्छ।

## पोलोन्नरूवा काल

**पोलोन्नरूवा काल** (**१०५६ देखि** १२३२)

चोलहरूले हस्तक्षेप गरेर समाप्त पारिदिएको सिंहलहरूको राज पुनः स्थापना गर्नको लागि राजा विजयवाहुद्वारा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। चोलहरूलाई हराएर उहाँले फेरी सिंहलहरूको राज्य कायम गरिदिएको थियो । पोलोनरुवा युगको आगमनसंगै महाविहार निकायको पुनः सक्रियता बढेको थियो । यसको लागि दक्षिणका सिंहलीहरूले परिस्थितिको सामना गर्दै श्री लंकामा फेरी विजय पटाका फहराउन सफल भयो । यस युद्धको नायकको रूपमा रहेका विजयवाहुद्वारा १०७० मा पोलोनुरुवा राज्य स्थापना गरियो । यसबाट पोलोन्नरुवा कालको शुरुवाट भएको थियो। त्यस बेला बौद्ध संघ निक्कै



https://dhamma.digital

कमजोर भैसकेको अवस्था थियो। भिक्षुहरूको संख्या न्यून थियो। नयाँ भिक्षुहरू बनाउन पाँचजना भिक्षुहरू नै नभएको त्यस समयमा उहाँले बर्माबाट भिक्षुहरू झिकाएर फेरी बौद्ध संघको पुनर्स्थापना गरेको थियो। राजा विजयबाहुबाट श्रीलंकाको दन्तधातु मन्दिर पनि बनाएको थियो।

विजयबाहुपछि अर्को प्रभावशाली राजाको रूपमा १२ औ शताब्दीका पराक्रमबाहुलाई लिन सकिन्छ। उहाँले समग्र श्री लंका द्विपलाई मिलाएर श्रीलंकाको बौद्ध संघ स्थापना गर्नुभयो। यस समयलाई महाविहार परम्पराको विजय युगको रूपमा लिन सकिन्छ। चोलका हिन्दुहरूद्वारा विनष्ट गरिएका बौद्धसंस्थाहरूलाई पुनर्जागरण गराउने कार्य यसै समयमा भएका थियो। यस बेला अभयागिरी निकाय कमजोर हुँदै गएको थियो। त्यस निकायका भिक्षुहरूमा विनय नियम पालनमा कमजोर थियो। भिक्षु भेषमा पनि गृहस्थ जस्तो जीवन बिताइरहेकोलाई सुत्त र विनयका विज्ञ महाकाश्यप भिक्षुको नेतृत्वमा संघको शुद्धता कायम गर्नको लागि प्रयास गरिएको थियो। त्यसबेला विनय नियम पालन गर्न नसक्ने भिक्षुहरूलाई चीवर छोडेर जानको लागि पनि आह्वान गरिएको थियो। यसै समयमा सिंहलि भिक्षु सारिपुत्र र उहाँका शिष्यहरूको समूहबाट अट्ठकथाको टीका लेख्ने कार्य गरेको थियो। पराक्रमबाहुले अनुराधपुरका प्राचीन शहरहरू र पोलोनरुवा शहरलाइ नयाँ रूप दिनुभएको थियो। त्यहाँ विहार र स्तुपहरूको पुनर्निमाण गरिएको थियो। यसबेलादेखि संघराजाको चलन पनि शुरु गरिएको थियो।

दशौं शताब्दीदेखि तेह्रौं शताब्दीसम्मको समय पालि अन्तर्गतको टीका सीहित्यको विकास भएको समयको रूपमा लिइन्छ। यस समयमा भारतीयहरूको आक्रमण र बुद्धधर्मलाई विनास गर्नसक्ने सम्भावनाबाट श्रीलंकाले आफुलाई सुरक्षित राखेको थियो। यस समयमा सारिपुत्र, महाकाश्यप, आदि थेरहरूको पालि साहित्यको योगदानमा ठुलो भूमिका थियो। टिकाका साथै व्याकरण, काव्य, छन्द साहित्य पनि निर्माण भएको थियो। अनिरुद्धाचार्यले अभिधम्मत्थ संगहो नामक ग्रन्थ पनि यसैबेला



https://dhamma.digital

निर्माण भएको थियो । यस समयमा आरण्यक भिक्षुहरूले पनि बुद्धधर्म प्रचारमा ठुलो योगदान गरेको थियो ।

श्री लंकामा महाविहार विचारधारा अन्तर्गत थेरवादको विकासपछि यही समयमा दक्षिणपूर्वी एशियाका देशहरू म्यानमार, थाईलैण्ड, लाओस तथा कम्बोडिया देशहरूमा समेत यसको राम्रो प्रभाव परेको थियो । ती देशहरूमा सामान्य जनदेखि लिएर संभ्रान्त तथा राजाहरूले समेत यसमा सहयोग गरेको थियो ।

पराक्रमबाहुको निधनपछि श्री लंकामा धर्मको प्रचारमा विभिन्न बाधा अडचनहरू आउन थाले । बाह्य आक्रमणका कारण श्री लंकालाई विभिन्न समस्या आउन थाले र पोलोन्रुवाको पतन शुरु भयो । यस समयमा पछि छोटो समयमा निसांक मल्ल भन्ने राजाबाट निसांक लाठा मण्डप बनाएर केही धर्मको गतिलाई निरन्तरता दिने प्रयास गरिएको थियो । तर दक्षिण भारतीय राज्यहरूको आक्रमणका कारण पराक्रम बाहु तेस्रो पलायन हुनपर्यो । उहाँ डम्बदेनिया भन्ने ठाउँमा पुग्नुभयो र तमिलहरूको आक्रमणका कारण सुरक्षाको लागि दक्षिण श्री लंकामा लुकेर बस्नुपर्ने बाध्यता भएको थियो । धर्मलाई बचाउनको लागि विभिन्न देवताहरूको श्रृजना हुने महायानको पनि अभ्यास हुन थाल्यो जुन हिन्दुधर्मसित सामिप्यता थियो ।

## महायानको प्रभाव

थेरवादको मुख्य केन्द्र हुँदाहुँदै पनि श्री लंकामा केही समय महायान बुद्धधर्मको प्रभाव थियो । विशेषेगरी यहाँ अवलोकितेश्वरलाई मान्ने महायानी बौद्धहरूको पनि एक समयमा उपस्थिति थियो । उनीहरूको प्रभाव विशेषगरी दक्षिणपूर्विय क्षेत्रमा रहेको थियो । महायानी बौद्धहरूले श्री लंकाका राजाहरूलाई बोधिसत्वको रूपमा मान्ने गर्दथे । विशेष गरी सन् २४७ देखि २४९ सम्मका राजा सिरीसंघबोधिलाई महासत्व भन्ने उपाधि दिएको र १५ औं शताब्दीका राजाहरू सम्मका राजाहरूलाई बोधिसत्व भन्ने गरेबाट त्यस ठाउँमा महायानको प्रचार भएको कुरा भन्न सकिन्छ ।



https://dhamma.digital

**संक्रमण काल (सन् १२३२ देखी १५०५ सम्म)**

सन् १२३२ देखि १५०५ सम्मको समयलाई संक्रमणकालको रूपमा लिइएको छ । यो समय भनेको श्री लंकाको उत्तरमा रहेको जाफ्नाको बर्चस्व भएको युग हो । यसलाई जाफ्ना राज्यकाल पनि भनिन्छ । यसै समयमा मलेसिया, फिलिपिन्स र इन्डोनेसियाका व्यापारीहरू श्री लंकामा भित्रिएका थिए ।

**संकटकाल (सन् १५०५ देखि १५९४)**

सोह्रौं शताब्दी श्रीलंकाको लागि दुर्भाग्यको समय थियो यस समयमा पुर्तगालीहरूले हस्तक्षेप गरेर आधिपत्य जमाएका थिए । पुर्तगालीहरू पहिलो युरोप देश थिए जसले श्री लंकालाई हस्तक्षेप गरेका थिए । पछि डचहरू पनि यस टापुमा भित्रियो र आफ्नो अधीनमा राख्न सफल भएको थियो । पुर्तगालीहरूले सबभन्दा पहिला सन् १५१७ मा कोलोम्बोको बन्दरगाहलाई कब्जा गरेर क्रमशः भित्री बस्तिमा पनि प्रवेश गरे । सिंहलीहरूले त्यसबेला कैण्डिलाई नयाँ राजधानी बनाएको थियो । उनीहरूले श्री लंकामा आधिपत्य जमाएपछि ईसाइ धर्म प्रचारमा तिव्ररूपमा लागि परे । यस अवस्थामा सिंहलीहरू उनीहरूको पञ्जाबाट मुक्ति चाहन्थे र नयाँ शक्तिशाली देश आएर उनीहरूलाई लखेटोस भन्ने चाहना गर्दथे । यस क्रममा सन् १६०२ मा डचका कप्तानको श्री लंकामा आगमन भयो । कैण्डिका राजाले उसलाई हार्दिक स्वागत गरे । डचहरूसँग सम्बन्ध बढाउनुको उद्देश्य देशलाई पुर्तगालीहरूबाट मुक्त गराउनु थियो । उनीहरूलाई विश्वास गरेर कैण्डिका राजा राजसिंघे द्वितीयले एउटा सम्झौता पनि गरेका थिउ । तर डचहरूले पनि श्री लंकालीहरूको भावनालाई कुठाराघात गर्दै हस्तक्षेपकारी नीति नै अंगिकार गरे । उनीहरूले  कोलोम्बोलाई सन् १६५६ मा आफ्नो अधीनमा राखे । उनीहरूले भूपरिवेष्ठित कैण्डिबाहेका सबै क्षेत्रमा आफ्नो नियन्त्रण कायम गरे । श्रीलंका १६ औं शताब्दीसम्ममा विभिन्न राज्यहरूमा विभाजित भएको थियो । त्यस समयमा पुर्तगाल साम्राज्यबाट हस्तक्षेप गर्ने कार्य भयो । यिनीहरूले सन् १५९७ देखि १६५८ सम्म श्रीलंकाका विभिन्न



https://dhamma.digital

भूभागहरू कब्जा गरे। त्यसबेला क्याण्डि मात्र स्वतन्त्र राज्यको रूपमा रहन सफल भएको थियो । पुर्तगालिहरूले ईशाई धर्मलाई प्रचार प्रसार गरेर जनताहरूलाई जवरजस्ती क्याथोलिक बनाउने काम गरेका थिए। उनीहरूले गैर इसाईहरूलाई दमन गरेको थियो। विहारहरूलाई विनाश गरेर क्याथोलिक धर्मको चर्च बनाइयो । सन् १५९२ सम्ममा त्यहाँ उपसम्पन्न भिक्षुहरूको संख्या न्यून रहन गयो र उपसम्पदा कार्यकोलागि बर्माबाट भिक्षुहरू झिकाउनु परेको थियो । भिक्षुसंघको परम्परालाई यसरी बर्माबाट निरन्तरता दिनुपरेको थियो । सन् १६१२ देखि १६५८ सम्मको समयमा डचहरू श्रीलंकामा भित्रिएर इसाईधर्म प्रचार गर्न आएको थियो । यसरी पुर्तगलि तथा डचहरूको धार्मिक हस्तक्षेपले श्रीलंकामा गौरवपूर्ण रूपमा प्रचार भैरहेको बुद्धधर्म केही समय कमजोर हुन गएको थियो। यसलाई पहिलो पहिलो औपनिवेश कालको रूपमा लिन सकिन्छ।

**कैण्डिकाल (सन् १५९४ देखि १८१५)**

कैण्डिलाई राजधानी बनाएर श्री लंकामा १५९४ देखी १८१५ सम्म शासन चलेको थियो। तर यस समयमा पुर्तगाली तथा डचहरूले यस देशलाई नियन्त्रण गरेको थियो। त्यस समय श्रीलंकावासीहरूले राजनीतिक, सामाजिक र धार्मिक रूपमा हस्तक्षेप सहनु परेको समय थियो।

यस कालमा कमजोर भएको संघ परम्परालाई पुनर्स्थापनाको लागि शरणंकर थेर (सन् १६९८ देखि १७७८) बाट महत्वपूर्ण भूमिका निभाउनु भएको थियो। उहाँले थाईलैण्डबाट भिक्षुहरू निमन्त्रणा गरी श्याम निकाय स्थापना गर्नुभयो। कैन्डीका राजा कीर्ति श्री राजासिंहको सहयोगमा दन्तधातुको पूजा गर्ने परम्परा थाल्नुभएको थियो । यसरी उहाँले धर्मलाई पुनर्स्थापनागर्न ठुलो भूमिका खेल्नुभएको थियो।



https://dhamma.digital

## आधुनिक काल

### बेलायती उपनिवेशकाल (सन् १८१५ देखी १८४८)

बेलायतले विभिन्न देशहरूलाई आफ्नो अधीनमा राख्ने वा कोलोनी बनाउने क्रममा सन् १८१५ देखि १९४८ सम्म श्री लंकालाई आफ्नो अधीनमा राख्न सफल भएको थियो । डचहरू र पुर्तगालीहरू बाहेका श्री लंकाले बेलायती हस्तक्षेप पनि सहनुपरेको थियो । सन् १८१५ देखि १९४८ सम्म र अझ १९७२ सम्मै बेलायतको हस्तक्षेप थियो । बेलायतिहरूले देशलाई  हस्तक्षेप गरे पनि तुरुन्तै बुद्धधर्मलाई हस्तक्षेप नगरे तापनि ईसाइहरूका विभिन्न मिशनरीहरूले श्रीलंकामा ईसाइधर्म प्रचारको लागि प्रयास गर्दै रहेको थियो । स्कुलहरू खोलेर विभिन्न संस्थाहरू खोजेर ईसाइधर्मको प्रचारमा ती मिशनरीहरू लागिपरेका थिए । सन् १८३० पछिको समयदेखि ब्रिटीस साम्राज्यले ईसाई धर्म प्रचारमा सक्रिय रूपमा लागे । यस समयमा शिक्षण संस्थामा ईसाईधर्म प्रचारमा जोड दिने गर्दथ्यो । यस समय श्री लंकाको लागि बुद्धधर्म संरक्षण गर्ने कठिन घडीको रूपमा लिन सकिन्छ । ईसाइहरूले जताततै आफ्नो प्रभुत्व जमाउन थालेको यस अवस्थाबाट बौद्धहरूमा धर्मलाई सुरक्षित गर्नु पर्दछ भन्ने भावना पनि जागृत भएको थियो । १९ औं शताब्दीको शूरु देखी अमरापूर निकायको स्थापना भएको थियो जसमा सबै जातका मानिसहरूलाई उपसम्पदा दिईन्थ्यो । यस निकाय विशेष गरी कैण्डी आदि महत्वपूर्ण बौद्धस्थलभन्दा अलि टाढा समुद्रको किनारातिर प्रचार हुँदै गएको थियो । यो निकाय बर्माबाट फर्केका भिक्षुहरूले निर्माण गरेको थियो ।

### स्वतन्त्र र गणतन्त्र

स्वाधीन अभियानको लागि सिलोन नेशनल कंग्रेशको निर्माण सँगै शुरुवाट भएको थियो । तर तमिलहरूका कारण यसको अस्त्वित्व धेरै समय रहेन । पूर्ण स्वतन्त्रताको वकालत शुरुमा गरेको थिएन । तर १९२६ मा जवाहरूलाल नेहरू सरोजिनी नैडु जस्ता राजनीतिक व्यक्तित्वहरू १९२६ मा भारतबाट आए पश्चात स्वाधीनताको लागि



https://dhamma.digital

अभियान तिव्र भएको थियो । सन् १९४८  मा श्री लंका स्वतन्त्र भयो । शुरुमा वेस्ट मिनिस्टर प्रणालि अनुसार चलेको संविधानपछि श्री लंकामा गणतन्त्रको स्थापना २२ मे १९७८ मा स्थापना भैसकेपछि  संसदीय प्रणाली अनुसारको वेस्टमिनिस्टर प्रणालीबाट राष्ट्रपतिय शासनको शुरुवाट भयो ।

**बुद्धधर्मको पुनर्जागरण**

१९ औं शताब्दीको मध्यपछि राष्ट्रिय बौद्ध पुनर्स्थापन अभियान बौद्धहरूले शुरुवाट गरेको थियो जसको मूल उद्देश्य ईसाईहरूको प्रभावलाई कम गर्ने र तिनीहरूको चुनौती सामना गर्नु थियो । यस अन्तर्गत ईसाई धर्मगुरुहरूसित समय समयमा सम्बाद र शास्त्रार्थ पनि हुँदै गएको थियो । विशेष गरी हिक्कदुवे, श्री सुमंगल थेर र मिगुत्तेवत्ते गुणानन्द थेरबाट सार्वजनीक स्थहरूमा हुने ईसाइहरूसित हुने सम्बाद तथा वाद विवादमा भाग लिनुभएको थियो ।

यस्ता किसिमका पाँच ठुलठुला विवादहरूमा १८६५ मा वद्देगामा र वारागोदा सम्बाद, १८६६ को उदानविता सम्बाद, १८७१ को गम्पोला सम्बाद र १८७३ को पाण्डुरा सम्बादलाई लिन सकिन्छ । ती सम्बादहरूमध्ये १८७३ को पाण्डुरा सम्बादलाई बुद्धधर्मको विजयको रूपमा लिन सकिन्छ। यस सम्बादमा ईसाई पादरीलाई मेगुत्तेवत्ते गुणानन्द श्रामणेरले जितेको थियो । त्यस सम्बादमा विशेष गरी ईश्वर, आत्मा, कर्म, पुनर्जन्म, निर्वाण, प्रतीत्यसमुत्पाद आदि विषयहरूसित सम्बन्धित भएर सम्बाद अघि बढेको थियो ।

यसरी बौद्धहरू सचेत भएको र सरकारी तवरले ईसाइधर्मको पक्ष सीधै लिएमा धार्मिक द्वन्द बढ्न सक्ने सम्भावनालाई मध्यनजर गरी बेलायती सरकारले धर्मप्रति कुनै पनि किसिमको भेदभावको नीति लिन सकेन । यसै समयमा विद्योदय पिरिवेण र विद्यालंकार पिरिवेण जस्ता बौद्ध शिक्षण संस्थाहरू स्थापना भएको थियो जसमार्फत बौद्ध साहित्यको प्रचारप्रसार तीब्र रूपमा हुनगयो । त्यस्तै अमरापुर निकायबाट छुट्टिएर रामञ्ञ निकाय पनि स्थापना भएको थियो । यस निकायले विनयलाई



https://dhamma.digital

विशेष महत्व दिने गर्दथ्यो । बुद्धधर्मको पुनर्जागरण र पुनर्स्थापनाको लागि यी दुवै निकायले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । कैण्डिमा प्रभाव भएको श्याम निकाय त्यसबेला त्यति सक्रिय थिएन । श्री लंकामा सन् १८६९मा भिक्षु श्री पियरतन तिस्स महानायक थेरबाट पहिलो बौद्ध स्कुलको रूपमा जीनालब्धि विशोधक स्थापना भएको थियो ।

सन् १८८० मा अमेरिकाबाट थियोसोफिकल सोसाइटी अन्तर्गतका हेनरी स्टिल अल्कोट र म्याडम ब्लाभात्स्की पाण्डुरामा भएको श्रामणेर मिगुवत्ते गुणानन्दको ईसाइ पादरीसँगको सम्बादबाट उत्साहित भएर आउनुभएको थियो । भिक्षु सुमंगलबाट उहाँहरूले धर्मको बारेमा जानकारी प्राप्त गरेपछि उहाँहरू बुद्धधर्ममा दिक्षित भएका थिए । उहाँहरूकै उपस्थितिमा श्री लंकामा बुद्धिस्ट थियोसोफिकल सोसाईटी गठन भएको थियो । जसको उद्देश्य श्री लंकामा बौद्ध शिक्षा प्रवर्द्धन गर्नु थियो । अल्कोटले कोलोम्बोको आनन्द कलेज तथा कैण्डीको धर्मराजा कलेजलाई आर्थिक सहयोग प्रदान गर्नुभएको थियो । उहाँले बुद्ध शिक्षामा आधारित भएर सन् १८८१ मा बुद्धिस्ट क्याचेसिज्म भन्ने पुस्तक लेख्नुभएको थियो, जसमा बुद्धको शिक्षालाई वैज्ञानिक शिक्षाको रूपमा विश्लेषण गरिएको थियो । यस पुस्तक विद्यालयको पाठ्यक्रममा बीसौं शताब्दी सम्मपनि पढाइने गर्दथ्यो । अल्कोटले बौद्ध पत्रिका पनि निकाल्नुभएको थियो । त्यस पत्रिका मार्फत बैशाक पूर्णिमाको महत्वकोबारेमा कुरा अगाडि राख्दै उक्तदिन सार्वजनिक बिदा दिलाउन पनि सफल हुनुभएको थियो । उहाँबाट नै बौद्ध एकताको प्रतीकको रूपमा रहेको छ वर्णको बौद्ध झण्डा पनि निर्माण गर्नुभएको थियो ।

**अनागारिक धर्मपाल**

अनागारिक धर्मपाल पनि श्री लंकामा बुद्धधर्मको पुनर्जागरणकालका महत्वपूर्ण पात्र हुन् । उहाँ पहिला हेनरी स्टिल अल्कटको थियोसोफिकल सोसाईटीको सदस्य थियो । पछि उहाँले सन् १८९१ मा आफ्नै तवरले महाबोधि सोसाईटी स्थापना गर्नुभयो । यस संस्थाको मूल उद्देश्य भारतमा बुद्धधर्मको पुनर्जागरण गराउनु थियो । यसै संस्थाको माध्यमबाट बुद्धगया,



https://dhamma.digital

सारनाथ र कुशीनारालाई बौद्धहरूको स्थलको रूपमा पहिचान दिन सफल भएको थियो । उहाँ धर्मको कुशल व्याख्याता थियो । संसारका विभिन्न प्रभावशाली व्यक्तिहरू उहाँको धर्मव्याख्यानबाट प्रभावित भएका थिए । उहाँकै पहलमा स्कूल, अस्पतालहरू पनि स्थापना भएको थियो । सिंहलबुद्धाय भन्ने पत्रिकामा उहाँ धेरै समयसम्म स्तम्भकार हुनुभएको थियो । सिकागोमा भएको विश्व धर्मसंसदमा सन् १८९३ मा दिनुभएको उहाँको भाषणले पश्चिमेलीहरूलाई धेरै प्रभावित गरेको थियो ।

**पश्चिममा धर्म प्रचारमा श्री लंकाको योगदान**

श्री लंकामा बुद्धधर्मको पुनर्जागरण पश्चात पश्चिमेली देशहरूमा पनि बुद्धधर्म प्रचार हुन गएको हुने महत्वपूर्ण अवसर हुन गएको छ । युरोपमा बौद्ध विहारहरू स्थापनामा विशेषगरी अनागारीक धर्मपाल र अशोक वीररत्नले यसको नेतृत्व लिनुभएको थियो । अनागारिक धर्मपालले लण्डन बुद्धिस्ट विहार सन् १९२६ मा तथा अशोकावीररत्नले जर्मनमा डा. पौल ढाल्केको सहयोगमा सन् १९५७ मा विहार निर्माण गर्नुभएको थियो । उहाँकै प्रयासमा जर्मन धर्मदूत सोसाईटीको पनि स्थापना भएको थियो । श्री लंकाबाट बौद्ध भिक्षुहरू पनि जर्मनमा गएर बुद्धधर्म प्रचारको क्रम शुरु भएको थियो । अशोक वीररत्नबाट जर्मनमा ध्यानकेन्द्रको पनि स्थापना भएको थियो । पश्चिमका प्रथम थेरवादी भिक्षु जर्मनका ञाणातिलोक महाथेर श्री लंकामा अध्ययन गर्नुभएको थियो । उहाँबाट जर्मनमा आइलैण्ड हर्मिटाज भन्ने विहार निर्माण गर्नुभएको थियो । यस विहारमा उपसम्पन्न भएका भिक्षुहरूमध्ये ञाणमोलि, ञाणपुण्णिक, भिक्षु बोधिको योगदानको रूपमा पालि साहित्यका महत्वपूर्ण ग्रन्थहरू अंग्रेजी तथा जर्मन भाषामा अनुवाद भएको थियो ।

**आरण्य अभियान :**

सन् १९५० पछि श्री लंकामा भिक्षु भएर जंगलमा जीवन बिताउने पद्धतिको रूपमा एउटा अभियान शुरुभएको थियो । विशेष गरेर नैष्क्रम्य र ध्यानको अभिवृद्धिको लागि यस अभियानको शुरुवात गरिएको थियो । सामान्यत १९५० पश्चात यसले गति लिएता पनि



https://dhamma.digital

यसको शुरुवाट गर्ने श्रेय भिक्षु पूवकदण्डभये (सन् १८१७ (१८८७) लाई जान्छ । उहाँले स्थापना गर्नुभएको जंगल आश्रममा अहिले पनि भिक्षुहरू रहने गर्दछ। सन् १९७३ सम्म जंगलमा यसप्रकारका १५० वटा आश्रम बनाएर ६००० भिक्षुहरूले गुणधर्म पालनको अभ्यास गरिरहेको थिए। २० औं शताब्दीमा यस प्रकारको अभियानलाई विशेष महत्व दिने भिक्षुहरूमा भिक्षु कण्डदुभेजीववंश, भतुरभिलात्राणनन्दर र कुकुलनपे देवरक्षित हुनु हुन्छ। ती भिक्षुहरूले विनयलाई गम्भिरतापूर्वक पालन गर्न यस प्रकारको जीवन आवश्यकता रहेको कुरा उल्लेख गर्नुभएको छ। यसरी जंगलमा बसेर भिक्षु जीवन बिताउने यस अभियानबाट विशिष्ट भिक्षुहरू पनि उत्पादन हुन गएको छ। उदाहरूणको लागि जंगलमा जीवन बिताएर पनि विद्वता हासिल गर्न सक्ने भिक्षुको रूपमा कतुकुरुण्डे त्रानानन्दलाई लिन सकिन्छ।

**भिक्षुणी उपसम्पदा**

श्री लंकामा अशोकको छोरा महेन्द्र स्थविरपछि उहाँकै छोरी संघमित्रा भिक्षुणीको रूपमा आगमन भएको थियो र भिक्षुणी परम्परा शुरु भएको थियो। तर कालान्तरमा यस भिक्षुणी शासन लोप हुनपुग्यो। तर हाल आएर महिलाहरू भिक्षु परम्परालाई ब्युँताउन सफल भएको छ। शाक्यधिता अभियान अन्तर्गत ११ जना श्रीलंकाकी महाबोधि सोसाईटी अन्तर्गत महिलाहरूलाई थेरवादी परम्परा अन्तर्गत भिक्षु दोदनगोडा रेवत महास्थविर तथा स्व. भिक्षु मपालगमा विपुलसार महाथेरको सान्निध्यमा कोरियाको चोग्यो परम्परा अनुसार भिक्षुणी प्रवज्या लिन सफल भएको छ। यसरी श्री लंकामा भिक्षुणी शासनको शुरुवाट भएको छ। तर यस शासनप्रति श्री लंकाका सम्पूर्ण निकायहरूबाट पूर्ण समर्थन प्राप्त हुन बाकी नै रहेको छ। सन् २००५ बाट भिक्षुणी हुने परम्परा शुरु भएको थियो।

**श्री लंकाका बौद्ध निकायहरू**

श्याम निकाय : १८ औं शताब्दीमा स्थापित यस निकायमा



https://dhamma.digital

राडाला र गोभिगामा जातका मानिसहरू उपसम्पन्न भिक्षुको रूपमा रहेको पाइन्छ । दन्तधातु मन्दिरप्रति यस निकायले ठूलो श्रद्धा राख्ने गर्दछ ।

अमरापुर निकाय : सन् १८०० मा स्थापित बर्माबाट आएको निकाय ।

रामञ्ञ निकायः सन् १८६४ मा स्थापित सबभन्दा ठुलो निकाय ।

अमरापुर रामञ्ञ निकाय : २०१९ मा अमरापुर र रामञ्ञ निकाय बीच समन्वय भएर एक भएको र जोसुकै जातकालाई पनि उपसम्पदा गर्ने कार्य यस निकायबाट गर्दथे ।

श्री लंकामा बौद्ध निकायका साथै विभिन्न संघ संस्थाहरू पनि विद्यमान रहेको छ । हाल सक्रिय रूपमा कार्यरत विभिन्न बौद्ध संस्थाहरूमा युवक बौद्ध मण्डल, महाबोधि सोसाईटी, बौद्ध प्रकाशन संस्था, बुद्धिस्ट टी.भी, सर्वोदय श्रमदान अभियान, सर्वोदय शान्ति सेना सन्दसय, जथिक हेला उरुमय आदि रहेका छन् ।



https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

Dhamma.Digital

## एकाइ २ : म्यानमारमा बुद्धधर्म

लेखक :

भिक्षु ञाणवुध महास्थविर

अनागारिका कुसलञ्ञाणी

https://dhamma.digital

## एकाइ २

# म्यानमारमा बुद्धधर्म

## (क) म्यानमारको बौद्ध इतिहास

म्यानमार (बर्मा) देश भन्ने बित्तिकै हाम्रो मन मष्तिष्कमा सर्वप्रथम बौद्ध देश भनी आउँछ । अझ म्यानमारमा पुगिसकेका, घुमिसकेकाहरूको मनमा त ठुल्ठुला, विचित्र चैत्यहरूसँगै, भिक्षाटनको लागि पात्र बोकेर हिँडिरहेका भिक्षुहरू र अनागारिकाहरूको लाइनको झ–झल्को आउँछ । आजको यो कलियुग र अत्याधुनिक युगमा पनि बुद्ध सासनलाई जीवन्तता दिइराखेको देश, त्यसमा पनि थेरवाद बुद्धसासनको अद्वितीय उदाहरणको रूपमा प्रतिस्थित भइरहेको देश । त्यसैले जब जब बुद्धधर्म, बुद्धधर्मको इतिहास अनि इतिहास बोकेका देशहरूको कुरा आउँछ, .........म्यानमार (बर्मा) देशको चर्चा हुन्छ नै । त्यसै पनि बुद्धसासनको लामो इतिहास बोकेको देश हो, म्यानमार ।

म्यानमार देश, थेरवाद बुद्ध सासनको जग राम्रोसँग बलियोसँग गडेको देश हो । तैपनि थेरवाद बुद्धसासनको जग कहाँ र कहिलेबाट शुरु भयो भन्ने कुरा कसैले यकिन गरी भन्न सकेको छैन । बुद्धसासनको हिसाबले भन्ने हो भने चाहिँ रामञ्ञ –प्रदेश उक्कल्लाप जनपदवासी तपस्सु र भल्लिक नाम भएका दुईजना व्यापारीहरूलाई भगवान् बुद्धले आफ्नो शिरको आठवटा कपाल दिनुभएको अनि ती दुईजना व्यापारीहरूले तम्पगुत नाम भएको डाँडामाथि चैत्य निर्माण गरी भगवान् बुद्धको धातुलाई प्रतिस्थापन गरेको कुरा बौद्ध इतिहासमा उल्लेख छ । जुन चैत्यलाई आजकल अति प्रसिद्ध स्वेतिगौं (Shwe Ti Gon) चैत्यको रूपमा चिनिन्छ । यस अर्थमा भने म्यानमारमा बुद्धसासन पुगेको त भगवान् बुद्धको पालामा नै हो ।



https://dhamma.digital

धम्मचेति राजाको 'म्वँ – शिलालेख', स्वेतिगौं चैत्यको शिलालेख र 'तथौं' जिल्ला अन्तर्गत 'ताँउ स्वँ' स्थित कैलास पर्वत शिलालेखहरू अनुसार दोश्रोपल्ट म्यानमारमा बुद्धसासन रामञ्ञ राजाको पालामा पुगेको कुरा उल्लेख छ जस अनुसार भगवान बुद्ध श्रावकहरूसँगै तथौं सुधम्मापुरमा आउनुभई मानिसहरूलाई धर्मदेशना गर्नुहुँदा धेरै मानिसहरू बौद्ध धर्मावलम्बीहरू बनेका थिए ।

तेश्रोपल्ट, पुण्ण महास्थविरको प्रार्थनामा ५०० जना भिक्षुहरू सहित सुनापरन्त गाउँमा जानुभएको थियो र त्यो गाउँ म्यानमारमा पर्छ पनि भनिन्छ । त्यसैगरी यखाँइ (रखाँइ) Rakhine इतिहासमा पनि भगवान बुद्ध म्यानमारको धञ्ञवतीमा आउनुभएको कुरा उल्लेख छ । जस अनुसार चन्दसुरिय नाम भएको धञ्ञवती राजा भगवान बुद्धले दिनुभएको उपदेशलाई सुनेर बौद्धधर्मालम्बी भएको र जनताहरू पनि बुद्धधर्म मान्ने भएको कुरा उल्लेख छ ।

तृतिय संगायना पश्चात सोण महास्थवीर र उत्तर महास्थवीरहरू सुवण्ण भूमिमा जानु भई बुद्धसासन फैलाउनु भएको कुरा अर्थकथाहरूमा उल्लेख छ । जुन सुवण्णभूमिमा म्यानमार देश पनि समावेश छ भन्ने एउटा विश्वास छ भने, म्यानमारको सुवण्णभूमि (हालको तथौं भनेर चिनिने ठाउँ) नै उहिलेको सुवण्ण भूमि हो भन्ने अर्को विश्वास छ । म्यानमारको बौद्ध इतिहास हेर्‍यौं भने म्यानमारको सुवण्णभूमिलाई नै उहिलेको सुवण्णभूमि लिएको बढी पाइन्छ ।

सोण महास्थवीर, उत्तर महास्थवीरहरूको बुद्धसासन प्रचार–प्रसार पछि भने बुद्धसासन कति राम्रोसँग टिक्यो ? कति टिक्यो ? के भयो ? भन्ने कुरा प्रष्ट उल्लेख भएको पाईंदैन । तर अनोरथा राजाको पालासम्म आइपुग्दाखेरी नक्कली श्रमणहरूको वर्चश्व रहेको कुरालाई मनन गर्ने हो भनेचाहिँ बुद्धसासनमा ह्रास आएकै बुझ्न सकिन्छ ।

म्यानमारमा अहिलेसम्म जीवन्त भइरहेको बुद्धसासनको कुरा गर्दा, त्योभन्दा पनि बुद्धसासन समृद्ध बनाउन प्रयास गर्ने राजाहरूको कुरा गर्दा, अझ भन्नुपर्दा बुद्धसासन राम्रोसँग प्रचार–प्रसार हुन शुरु



https://dhamma.digital

भएको विषयमा कुरा गर्दा बगाँ (पुगाम) कालीन अनोरथा नामले प्रसिद्ध अनिरुद्ध राजाको नाम आउँछ । राजा अनोरथा बगाँकालीन राजवंशको ४७ औं राजा हो । राजा हुनु अगावै राज्यमा श्रमण भनाउँदा नील इत्यादि रंगको वस्त्र लगाउने नक्कली श्रमणहरूको "अयीजीवाद" को वर्चश्व थियो । उनीहरूको वर्चश्व यति थियो कि राजाहरूले सम्म उनीहरूलाई आदर – सम्मान गर्ने, उनीहरूले भनेको मान्ने अवस्थासम्म पुगेको थियो । म्यानमार राजवंश इतिहास अनुसार बुद्ध संवत १००० देखि नै अयीजीवाद म्यानमारमा भएको मानिन्छ । ती राजवंश इतिहासहरूलाई हेर्ने हो भने बुद्धवाद र तन्त्र–मन्त्रवाद दुईवटा मिसावट गरी "बुद्धवाद छुट्टै हो" वा "ब्राह्मणवाद छुट्टै हो " भनी भन्न नसक्ने गरी (बर्मीज भाषा अनुसार) अयीजीवाद भन्ने वाद विकसित हुन पुग्यो । जुन वादले इतिहास अनुसार ५०० वर्ष राज गऱ्यो ।

४७ औं राजा अनोरथाचाहिँ पहिलेको जन्ममा गरी आएको पारमी सम्भार र ज्ञान बुद्धिले भरिएको हुँदो हो त राजकुमार हुँदै देखि अयीजीवादीहरूको आचरणलाई मन पराउँदैनथे भने राजा भएपछि त झनै त्यो वाद र आचरणलाई घृणा गर्न थाल्यो । त्यसो हुँदा राजालाई आफूहरूप्रति श्रद्धा जगाउनको लागि उनीहरूले 'तये खेत्तरा' राज्यको पुरानो राज्यस्थित एउटा वसन्त रानी रुखको बीचमा प्वाल पारी, त्यस रुखमा आफ्नो ग्रन्थहरूलाई राखी, त्यसपछि केही वर्ष पश्चात रुखको बोक्रा पलाएर प्वाल पारिएको ठाउँ नदेख्ने भएपछि, देवताहरूले आफुहरूलाई सपनामा भन्न आएको झैं गरी "तये खेत्तरा राज्यस्थित वसन्तरानी रुखको बीचमा सत्य र श्रेष्ठ ग्रन्थहरू छन् रे" भनी प्रार्थना गरे ।

राजा सेनासहित गएर त्यो रुखलाई फुटाएर हेर्दा ती ग्रन्थहरू भेटिएपछि बुद्धिविवेक भएका ती राजाले उनीहरूकै चाल हो भनी बुझी उनीहरूकै ग्रन्थ भएको ठहर गरी ती ग्रन्थहरू जलाउन लगाउनु भयो ।

यसरी श्री अनिरुद्ध –अनोरथा राजा सत्य धर्मको खोजी गरिरहेकै बेला अनि 'तये खेत्तरा' राज्यमा पुगिरहेकै बेला सुवण्णभूमिमा प्रख्यात



https://dhamma.digital

भिक्षु महाकाल र भिक्षु सीलबुद्धि महास्थवीरका चेला भिक्षु धम्मदस्सी नाम भएको अरहन्त 'तये खेत्तरा' राज्यमा आउनुभई एक जंगलमा बसिराख्नुभएको थियो । जुन भिक्षु पछि र अहिलेसम्म पनि " अस्यें (आयुष्मान)" अरहंको नामले म्यानमार भरि प्रख्यात हुनुहुन्छ ।

आयुष्मान अरहं जंगलमा बसिराख्नु भएको बेला राजा र आयुष्मानको भेट होस् भनी देवताहरूले आनुभावद्वारा एकजना शिकारीलाई आयुष्मान भएको ठाउँसम्म पुग्ने गराए । जब शिकारीले आयुष्मानलाई देख्यो – "यो त अर्कै देशको मान्छे हुनुपर्छ" भनी सम्झ्यो । कारण, त्यतिबेला मानिसहरूले अयीजीवाद भएका, जो विभिन्न रंगका वस्त्रहरू लगाउँथे अनि कपाल पाल्थे, त्यस्ता व्यक्तिहरू मात्र देखेका गेरुवावस्त्र पात्रधारी र मुण्डन गरेका व्यक्ति कहिल्यै नदेखेको कारणले हो । त्यसरी सम्झी "राजाकहाँ लैजानुप¥of]" भनी विचार गरी बोलाएर लग्यो । आयुष्मान पनि राजालाई भेट्नको निम्ति नै आएको हुनाले जानुभयो । अनि जब राजासँग भेट भयो, आयुष्मानलाई देख्ने बित्तिकै आफुमा भएको पारमी सम्भार र बुद्धिविवेकको कारण आयुष्मानको चक्षुइन्द्रिय इत्यादि इन्द्रियहरू हेरी "पक्कै पनि आयुष्मानको चित्त सन्ततिमा उत्तम धर्म हुनुपर्दछ" भनी सोची "आयुष्मान अनुकूल स्थानमा बस्नुस्" भनी प्रार्थना गर्नुभयो । राजाको प्रार्थनालाई सुनेर आयुष्मान् अरहं राजाको दाँयापट्टि राजाभन्दा अलि अग्लो स्थानमा चर्मखण्ड बिछ्याएर बस्नुभयो ।

त्यतिबेला राजा अति नै प्रसन्न हुनुभई "अब चाहिँ मेरो राज्य र राजदरबारलाई अनुशासित गर्नुहुने श्रमण आउनुभयो, अबबाट उत्तम र श्रेष्ठ धर्मलाई सुन्न पाउने भएँ, सत्पुरुषहरूलाई पूजा गर्न पाउने भएँ" भनी मनमनै हर्षित हुनुभयो । त्यसपछि आयुष्मानसँग अल्लापसल्लाप कुरा गरी राजाले आयुष्मानलाई "आयुष्मान ! तपाइँहरूले परम्परागत रूपमा आचरण गर्दै आउनुभएको धर्म कुन हो ?" भनी सोध्नुभयो । आयुष्मानले आफूहरू लोकग्र, सम्पूर्ण धर्मलाई गुरुबिना आफैले प्रतिवेध गरी जान्नुभएको सम्यकसम्बुद्धका चेलाहरू भएको र उहाँले देशना गर्नुभएको ८४ हजार धर्मस्खन्ध भएको धर्मलाई आचरण गर्ने कुरालाई



https://dhamma.digital

आज्ञा हुनुभयो । राजा अझ बढि प्रसन्न हुनुभई "त्यसो भए आयुष्मान ! मलाई त्यो धर्मलाई अलिकति देशना गर्नुहोस्" भनी प्रार्थना गर्नुभयो । त्यतिबेला आयुष्मानले धर्माशोकलाई निग्रोध श्रामणेरले दिनुभए झैं "कुशलकर्ममा अप्रमादी हुनुपर्दछ" इत्यादि धम्मपद, अप्पमाद वर्ग अन्तर्गत अप्रमाद धर्मलाई देशना गर्नुभयो । धर्मदेशना सुनेर अति प्रसन्न हुनुभएको राजाले "आयुष्मान यस धर्मलाई देशना गर्नुहुने सम्यकसम्बुद्ध यतिबेला कहाँ हुनुहुन्छ ?" भनी सोध्नुभयो । आयुष्मानले "महाराज सम्यकसम्बुद्ध महापरिनिर्वाण हुनुभएको १००० वर्ष जति भइसक्यो । तर भगवानका श्रावकसंघहरू अहिले पनि विभिन्न ठाउँमा अनगिन्ति संख्यामा हुनुहुन्छ । भगवान बुद्धले दिनुभएको शिक्षालाई भगवान बुद्धको पालामा आचरण गरेजस्तै आचरण गरिराख्नु भएका छन्" भनी भन्नुभयो ।

राजा भगवान बुद्धप्रति, धर्मप्रति र आयुष्मान अरहं सहित उहाँले भन्नुभएका संघहरूप्रति श्रद्धा उत्पन्न भई त्यही समयमा आफूहरू नजिक भइरहेका अयीजीहरूलाई लक्ष्यित गरेर "यिनीहरू भगवानका शिष्यहरू हुन् ?" भनी सोध्नुभयो । आयुष्मानले यिनीहरू भगवान बुद्धका शिष्यहरू नभएको, भगवान बुद्धको शिक्षालाई शुद्धरूपमा आचरण गर्ने शिष्यहरू यस्ता नभएको कुरा बताउनुभयो ।

राजाले लगत्तै "आयुष्मान आजबाट मलाई निर्देशन दिनुहोस् । तपाइँको निर्देशनलाई म लगायत दरबारभित्र र बाहिरका सबैले आचरण गर्नेछौं" भनी गुरुको रूपमा प्रार्थना गरी आफ्नो राज्यमा नै बस्नको लागि प्रार्थना गरी राज्यको पूर्वपट्टि रहेको जंगलमा विहार बनाई दान गरी आयुष्मानको आज्ञा अनुसार जेतवन विहार नाम राख्नुभयो ।

आयुष्मान अरहं त्यो विहारमा विहार गरी राख्नुहुँदा भिक्षुहरूको लागि महारानी आफैले भोजन पकाउने, राजा आफैले पानी बोक्ने जस्ता सासनिक कामहरूमा संलग्न हुने देखि लिएर अयीजीवाद भएकाहरूबाट उहाँहरूलाई अन्तराय नहोस् भनी विहारमा बरोबर जानुहुने र विहारको संरक्षण गर्ने संरक्षक कुरुवाहरू राख्नुभएको कुरा पनि उल्लेख छ । पछि ती कुरुवाहरूलाई नै आफ्नो अगुवाइमा प्रव्रजित गराई पछि अरू पनि



https://dhamma.digital

भिक्षुहरू निमन्त्रणा गरी उपसम्पदा गराई दिनुभयो । यसै क्रममा भिक्षु हुने संख्या र बुद्धधर्म मान्नेहरूको संख्या बढ्दै गई बुद्धसासन वृद्धि एवं विकास हुँदै गयो । अनि बुबा हजुरबुबाहरूको पालादेखि मान्दै आएका नक्कली श्रमणहरूलाई विस्तारै हटाउँदै शुद्ध गर्दै जानुभयो ।

श्रमणहरूसँगको संगत र उहाँहरूको उपदेशहरूलाई सुन्दै गएपछि राजाको श्रद्धा दिनप्रति बढ्दै गयो । जुन भइरहेको सासनिक कार्यबाट पनि सन्तुष्ट भएन । फलस्वरूप आयुष्मान अरहंलाई प्रार्थना गर्दा "बुद्धसासनलाई जरैदेखि गाड्नको लागि परियत्ति सासन, प्रतिपत्ति सासन र प्रतिवेध सासन भनिने तीनैवटा सासनको आवश्यकता पर्दछ । त्यसमध्ये पनि सासनको जग परियत्ति सासन हो " भन्ने कुरा सुनेर उहाँकै निर्देशनमा सुवण्णभूमि – सुधम्मापूर – तथौं राज्यमा भएका त्रिपिटक ग्रन्थहरूलाई लिएर आउन जानी–ज्ञानीहरूलाई धेरै अमूल्य उपहारहरू सहित पठाउनुभयो । तर तथौं राजाले अस्वीकार मात्र नगरी बद्नाम पनि गरेर पठाएपछि विशाल सैन्य शक्तिद्वारा नै तथौं राजालाई पराजित गरी ३२ जना हात्तीरत्नहरू माथि राखेर बगान राज्यमा ल्याई रत्नमय प्रासादमा राख्नुभयो । त्रिपिटक ग्रन्थहरू लिएर आएजस्तै आर्य पुद्गलहरूलाई पनि निमन्त्रणा गरी ल्याई आफ्नो राज्यमा बुद्धसासनलाई अतुल्य रूपमा प्रतिस्थापित गर्नुभयो ।

यसरी लोकुत्तर रत्नबाट पनि परिपूर्ण भएको र लौकिक रत्नहरूले पनि पूर्ण भएको कारणले नै राज्यको नाम पुण्णगाम (पूर्णगाउँ) र ताकाल पछि पुगाम अनि त्यसबाट पुगाँ (लेख्दा पुगाँ भन्दा बगाँ) हुन गयो ।

त्यतिबेला राज्यमा बुद्धसासनको जग भर्खर–भर्खर राम्रोसँग गड्न लागेको समय भएर राजा, राजपरिवार सहित जनताहरू पनि सबै भने जस्तै राज्यको काम भन्दा विहार, चैत्य –स्तुपहरू, भगवानको मूर्तिहरू बनाउने इत्यादि सासनिक काममा नै धेरै प्राथमिकता दिइ काम गर्ने गर्थे । जसले गर्दा त्यतिबेला बुद्धसासनको व्यापक प्रचार प्रसार भयो । त्यसो हुनाले नै म्यानमारमा बुद्धसासनको उत्थान – विकासको लागि काम भएको, गरेको बारेमा जब इतिहास पल्टाइन्छ,



https://dhamma.digital

तब बगाँ–राजा अनोरथा (उहिलेको अनिरुद्ध राजा) अनि उहाँको मनमा श्रद्धा जगाउनु हुने र बुद्धसासनको जग राम्रोसँग गाड्ने, आयुष्मान अरहं (आयुष्मान महाधम्मदस्सी) को नाम सुनौलो अक्षरले लेखेको पाइन्छ ।

यी सब यावत कार्यको अलावा अर्को महत्वपूर्ण कुरा थियो, त्यो हो तथौं राज्यबाट ल्याइएको त्रिपिटक र त्यतिबेला बुद्धसासन अति नै चम्किरहेको श्रीलंका देशमा भएको त्रिपिटक बीच तुलना गर्नलाई ४ जना जानी – ज्ञानी सेनापतिहरू, प्रमुख राजदूतहरूलाई धेरै उपहार सहित श्रीलंका पठाउनुभयो । त्यतिबेला श्रीलंकामा विजयबाहु राजाले राज गरिरहेको थियो । दुई देशका त्रिपिटकमा कुनै भिन्नता भेटिएन । यसबाट राजा अझै प्रसन्न हुनुभई त्यो काल, त्यो समयअनुसार त्रिपिटक प्रतिलिपिहरू बनाई राज्यका विभिन्न ठाउँहरूमा त्रिपिटकको अध्ययन एवं अध्यापनको व्यवस्था गर्नुभयो ।

उहाँ परलोक भएपछि उहाँको छोराले राज गर्दा राज्य र राजनीति अति खलबलिएको हुँदा सासनिक काम उल्लेख्य भएको पाइँदैन । तर  उहाँ पछिको “च्याँसे” राजाले भने आफ्नै बुबाहजूर अनोरथाले जस्तै सासनिक कामहरू धेरै गर्नुभयो । भनिन्छ, उहाँको श्रद्धा र पुण्यसम्भारले गर्दा इन्दमूल गुफाबाट ८ जना अरहन्तहरू आउनुभई उहाँको दरबारमा भिक्षा ग्रहण गर्नुभएको, उहाँको अनुरोधमा राज्यमा नै वर्षाबास बस्नुभएको र राजाको इच्छा अनुसार गन्धमादन पर्वत र इन्दमूल गुफालाई ऋद्धिद्वारा देखाउनुभएको थियो । यसरी बुद्धसंवत १६५० सम्मपनि बर्मामा अरहन्तहरू विद्यमान भएको कुरा उल्लेख छ । त्योभन्दा पनि त्यतिबेला म्यानमारमा परियत्ति सासनको व्यापक रूपले उत्थान भएको पाइन्छ । कतिसम्म त भन्दा, भिक्षुहरू मात्र नभई गृहस्थ उपासक – उपासिकाहरू नै पालि भाषा बोल्ने, पालि व्याकरण सिक्ने, आफ्ना कामहरू गर्दा पट्ठान–प्रत्यय अनुसार चित्त चेतसिकहरूको स्वरूप बनाउने गर्थे रे ।

एउटा कथन यस्तो छ : एक समयमा एकजना श्रामणेर किताबहरू बोकी गाउँको बाटो हिँडिरहेको थियो । त्यतिबेला बाटोमा



https://dhamma.digital

केही महिलाहरूले श्रामणेरहरूलाई सोध्छन् कि "भन्ते ! के बोकेर गइरहनु भएको ?" श्रामणेरले "किताबहरू" भनी जवाफ दिन्छ । अनि महिलाहरूले "ती किताबहरूमा अक्षरहरू कतिवटा छन् ?" भनी सोध्दछन् । श्रामणेरले "कहाँ गन्न सकिन्छ र धेरै छन्" भनी जवाफ दिन्छ । त्यतिबेला महिलाहरूले "भन्ते ! अक्खरापादयो एकचत्तालिसं (कच्चायन व्याकरणको सूत्र, जसअनुसार पालिमा अक्षरहरू ४१ वटा छन्) होइन र ?" भन्दा श्रामणेरले "ए हो त" भनी लजाउँदै गयो रे ।

यसरी गाउँका महिला – बच्चाहरू समेत पालि व्याकरण जान्थे रे ।

त्योभन्दा बढी च्याँसे राजाको नातिको पालामा परियत्ति उत्थान भएको पाइन्छ। उहाँको पालामा धेरै त्रिपिटक पारङ्गतहरू थिए। त्यसमध्ये एक ज्वलन्त उदाहरणको रूपमा अहिलेसम्म पनि प्रयोगमा आइरहेको सद्दनीति (व्याकरण) ग्रन्थ, जुन त्यतिबेला अग्गवंस महास्थविरले बुद्धसंवत् १६९७ मा रचना गर्नुभएको थियो । त्यस्तै भिक्षु विमलबुद्धिद्वारा रचित "न्यास" व्याकरण, त्यस्तै अर्को सोही नाम भएको महास्थवीरले रचना गर्नुभएको "छन्द टिका" ग्रन्थ, जुन अहिलेसम्म प्रयोगमा छन् ।

त्यसपछि राजा नरपतिसीतूको पालामा पनि परियत्ति सासनको उत्थान भएको पाइएता पनि उहाँको पालादेखि भिक्षु संघमा समूह विभाजन हुन थाले ।

१. भिक्षु अरहं गण (पुरिम भिक्षु संघगण)

२. भिक्षु आनन्द गण (पच्छिम भिक्षु गण)

३. भिक्षु सीवली गण (पच्छिम भिक्षु गण)

४. भिक्षु तामलिन्द गण (पच्छिम भिक्षु गण) इत्यादि रूपमा विभाजन हुन थाले ।

त्यसपछि बुद्धसंवत १७७८ मा आइपुग्दा बगाँ राज्यमा राज गरेको "च्या स्वा" राजाको नाम इतिहासमा आउँछ । यस्तो भनिन्छ कि उहाँले त्रिपिटकलाई नौ पटकसम्म पूरा हुने गरी अध्ययन गर्नुभएको छ । उहाँको परियत्ति सासनप्रतिको झुकाव यति थियो कि राज्यको



https://dhamma.digital

कामलाई आफ्नो छोरालाई सुम्पी दिनको ७ वटा कक्षाहरू लिनु हुन्थ्यो रे । उहाँ आफैले पनि पालि व्याकरण "सद्दविन्दु" ग्रन्थ र अभिधर्मको "परमत्थविन्दु" ग्रन्थ लेख्नुभएको थियो । उहाँको पालामा परियत्ति सासन यति बलियो भएको थियो कि, दरबारमा शुद्ध पालि भाषामा मात्र कुराकानी हुन्थ्यो रे ।

म्यानमार देशको "प्यू" कालीन समय पछिको दोश्रो "बगाँ" कालदेखि नै बुद्धसासनको, त्यसमा पनि थेरवाद सासनको उत्थान भएको पाइन्छ भने, कतै कतै राज्यको राजनीतिक परिस्थितिको कारण अनि उतिखेरदेखिको गण विभाजनको कारणले भने कतै कतै अधिकरणहरू भई केही ह्रास पनि भएको पाइन्छ ।

"बगाँ" कालपछिको "अेंव" काल "हंसावती" काल, "न्याउँयाङ" काल, "कौं भाउँ" कालसम्म आउँदा पनि थेरवाद बुद्धसासन उत्थान भएकै पाइन्छ । अझ "कौं भाउँ" कालमा "मेन् तौं" राजाले पहिले पहिलेका धर्मराजाहरूले सासन चिरस्थायीको लागि संगायना गर्नुभए जस्तै सद्धर्म चिरस्थायीको लागि बुद्धसंवत २४१५ मा परियत्तिछेक पिटकत्तयकोविद भिक्षुहरूलाई निमन्त्रणा गर्नुभई पञ्चम संगायन गर्नुभयो । अक्षरहरूलाई एक– एक अक्षर गल्ती नहुने गरी शुद्धिकरण गरी लेखनीद्वारा सुवर्ण रंगले तालपत्रमा ८–८ वर्ष लगाई लेख्न लगाउनु भयो । त्यतिले सन्तुष्ट हुनु नभई बुद्धसासन चिरस्थायी होस् भन्ने हेतुले शिलापत्र विसुकाहरूलाई बोलाई त्रिपिटक पारङ्गत भिक्षुहरको निर्देशन र निग्रानीमा ५/६ वर्ष लगाई शिलापत्रमा त्रिपिटक कुड्न लगाउनु भयो ।

जसमा :

विनय पालि शिलापत्र संख्या – १११

सुत्तन्त शिलापत्र संख्या – ४१०

अभिधम्म शिलापत्र संख्या – २०८ गरी जम्मा ७२९ छन् । जुन अहिलेसम्म मण्डले शहरमा छ । तर त्यही " को भाउँ" कालबाट नै शुरु भई अहिलेसम्म विद्यमान भएको "स्वे च्यें" गण र "सुधम्मा" गण भनी



https://dhamma.digital

भिक्षु संघमा गण (समूह) विभाजन हुन थाल्यो । त्यहाँबाट शुरु भएको गण विभाजन आजसम्मको दिनमा आउँदा

१. सुधम्मा गण

२. स्वेच्यैँ गण

३. धम्मानुधम्म महाद्वारनिकाय गण

४. धम्मविनयानुलोम (मूलद्वार) गण

५. अनाउछ्याउँद्वार गण

६. वेलुवननिकाय गण

७. चतुभुम्मिक महासतिपट्ठान गण

८. गणविमुक्त गण

९. धम्मयुक्तिनिकाय गण

गरी नौ वटा गण विभाजन भएको पाइन्छ ।

तर त्यसरी गण विभाजन उहिलेदेखि नै भएतापनि आचरियवादलाई अँगाल्दै अभ्यास एवं आचरण गरिआएको हुनाले 'तये' (लेख्दा सये) कालमा अभिज्ञा प्राप्त उत्तमसिरी, 'तथौं' काल ध्यान अभिज्ञा प्राप्त प्राणदस्सी, 'बगाँ' काल अरहं नामले प्रख्यात महाधम्मदस्सी, ' अंेव काल ' ताउँ फीला सयादो, ' को भाउँ' काल ध्यान लाभी मुनिन्दघोस देखि लिएर आजको समयमा परियत्तिमा विश्वमा चिनिने जनकाभिवंस सयादो, प्रतिपत्तिमा लेडी सयादो, महाशी सयादो अनि उहाँका चेलाहरू विश्वविख्यात नै छन् ।

यसप्रकार परियत्ति प्रतिपत्ति दुवै क्षेत्रमा पारङ्गत भिक्षुहरू भएको कारणले गर्दा नै बुद्धसंवत २४९८ मा रंगुनको 'घब्भाए' चैत्य नजिक महापासाण गुफामा आजभन्दा ६९ वर्ष अगाडि (सन् १९५४ मे महिना देखि १९५६ मे महिनासम्म) छैठौं संगायना भयो । जसमा पुच्छकको रूपमा विश्वविख्यात महाशी सयादो (भद्दन्त सोभन महास्थविर) हुनुहुन्थ्यो भने, विसज्जकको रूपमा त्रिपिटकधर सयादो भद्दन्त विचित्तासारभिवंस



https://dhamma.digital

हुनुहुन्थ्यो । हामीलाई विदितै छ अहिले विश्वभरि अभ्यास गरिने पेट फुलेको – सुकेकोलाई मूल विषयवस्तु बनाएर अभ्यास गरिने विपश्यना पद्धति उहाँ महाशी सयादोकै प्रतिपादित पद्धति हो । यसको अलावा वर्तमान समयमा अभ्यास गरिने गराउने जति पनि ध्यानका अभ्यासहरू छन्, विशेष गरिकन समथ, विपश्यना ध्यानहरू, उहाँ म्यानमारका महान् प्रख्यात गुरुहरूबाट प्रतिपादित भएका ध्यान अभ्यासहरू नै बढि मात्रामा छन् ।

उहाँ महास्थवीरहरूले रक्षा गर्नुभएको बुद्धसासनलाई चिरस्थायी गर्न भनी सरकारी र निजी तवरमा देशभरि नै विभिन्न बुद्धसासनिक परियत्ति कक्षा एवं परीक्षाहरू अहिलेसम्म पनि सञ्चालनमा छन् । धम्माचरिय, अभिवंस, त्रिपिटक कोविद, त्रिपिटक निकाय, सामणेच्चो, मामक केही उदाहरणहरू हुन् । प्रव्रजितहरूको लागि मात्र नभई गृहस्थहरूलाई पनि व्यवस्था गरिएको पाइन्छ । आजको समयमा अभिधर्मलाई विस्तृत रूपमा सिक्ने सिकाउने देशहरूमध्येमा म्यानमार देश एक नम्बर मानिन्छ ।

परियत्ति कक्षा र परीक्षाहरूसँगै परियत्तिमा उतीर्ण हुनेहरूलाई प्रोत्साहन स्वरूप दिइने र विभिन्न क्षेत्रबाट सासनिक कार्य गर्ने देश–विदेशका व्यक्तिहरूलाई दिइने पद–पदक, सम्मानहरू पनि धेरै छन् । अभिवंस, सासनधजधम्माचरिय, अलङ्कार, सद्धम्मजोतिक धज, अग्गमहापण्डित केही उदाहरणहरू हुन् ।

इस्वी सम्वत २०२० को तथ्याङ्क अनुसार म्यानमारमा
भिक्षुहरू – २८९५८९ जना
श्रामणेरहरू –२३०८५५ जना
अनागारिका गुरुमांहरू – ६८३२० जना
भिक्षुहरूको विहार संख्या – ६८०८७
अनागारिका गुरुमांहरूको विहार संख्या – ४४८१
रहेको छ ।

८५ प्रतिशत भन्दा बढि बुद्धधर्म मान्ने जनसंख्या भएको देश



https://dhamma.digital

म्यानमारमा आज पनि छोराहरूलाई सानै उमेरमा श्रामणेर लगाइदिने रीति चलन छ, जस्तो कि नेपालमा व्रतवन्ध गरिने चलन छ। भिक्षाटनमा आउनुहुने भिक्षु, श्रामणेर र अनागारिकाहरूलाई आज पनि गरिब–धनि सबैले भिक्षादान गर्छन् । चाडपर्व उत्सवको रूपमा नै बुद्ध पूर्णिमाको दिनमा पीपलमा पानी चढाउने पर्व, असोज पूर्णिमाको दिनमा दीप प्रज्वलन गर्ने पर्व जस्ता बुद्धसासनिक पर्वहरू नै देशव्यापी रूपमा मनाउँछन् । यस्तो हिसाबले आजको युगमा पनि म्यानमारमा भगवान बुद्धको सासन बेजोडसँग चम्किरहेको छ । त्यसैले नै विश्वभरबाट परियत्ति एवं प्रतिपत्ति सिक्नको लागि हजारौं विदेशीहरू म्यानमारमा आउँछन् । आएर सिक्छन्, सिकेको अनुसार अभ्यास गर्छन् अनि आ आफ्ना देशमा फर्की बुद्धधर्म सिकाउने, प्रचार प्रसार गर्ने गरी बुद्धधर्म फैलाउने कार्य गर्छन् । यस प्रकार विश्वभर बुद्धधर्म फैलाउने थलोको रूपमा म्यानमार देश स्थापित भएको छ । एवं प्रकारले बुद्धसासन चिरस्थायीको लागि सिक्ने, सिकाउने, अभ्यास गर्ने, गराउने देशको रूपमा म्यानमार देश ताकालसम्म स्थीर रहोस् तथा म्यानमार लगायत अरू देशहरूमा पनि बुद्धको सद्धर्म पुगिरहोस, फैलिरहोस् ।

सद्धर्म चिरस्थायी होस् ।

## (ख) म्यानमारका बौद्ध स्मारकहरू

### स्वेतिगौं चैत्य

त्यति मात्र नभई विभिन्न विश्वविख्यात विशाल चैत्य, स्तूप, भगवानका मूर्तिहरू, धार्मिक स्थलहरू, स्मारकहरूले भरिभराउ देश हो । काठमाडौंलाई मन्दिरै मन्दिरको शहर भने जस्तै म्यानमारलाई पनि स्तूपै स्तूपको देश भन्दा फरक नपर्ला । ती विभिन्न स्तुपहरू मध्ये केही स्तूपहरूको चर्चा गर्नुपर्दा सर्वप्रथम माथि उल्लेख गरेर आएको स्वेतिगौं (SHWE TI GON) चैत्यको बारेमा नै चर्चा गर्नुपर्ने हुन्छ । B.C. ५८८ बुद्धकालीन समयमा दक्षिणी म्यानमारमा रंगून नजिक स्थापित उक्कलाप



https://dhamma.digital

राजाको राज्यमा अवस्थित असिञ्चन शहरमा सुवर्ण नाम भएको सेठ थियो। उसका तपस्सु र भल्लिक गरी दुईजना छोराहरू थिए र उनीहरू व्यापारीहरू थिए। उनीहरू एक समयमा जम्बुद्वीपमा व्यापार गर्न जाने क्रममा बोधिवृक्ष नजिक पुगे, जुनबेला भगवान राजयतन सप्ताहमा हुनुहुन्थ्यो। त्यतिबेला पहिलेको जन्मको ज्ञाति एकजना देवताको प्रेरणामा उनीहरूले भगवानलाई दर्शन एवं दान गरी द्वेवाचिक उपासक भए। अनि भगवानबाट प्राप्त आठवटा केश धातुहरूलाई भव्यताका साथ आफ्नो देशमा ल्याई ती आठवटा मध्ये चारवटा धातुलाई भित्र राखेर स्वेतिगौं चैत्य प्रतिस्थापन गरे। बाँकी चारवटा पनि अर्कै स्थानमा चैत्य बनाई प्रतिस्थापन गरे। त्यो चैत्यलाई चाहिँ नाउँदोजी चैत्य भनिन्छ। भनिन्छ, त्यो स्वेतिगौं चैत्यमा चारजना बुद्धहरूको धातुहरू रहेका छन्। जसमा (१) ककुसन्ध भगवानको लौरो (२) कोणागमन भगवानको पानी चालनी (३) काश्यप भगवानको नहानसाटिक (नुहाउने बेला लगाउने चीवर) (४) गौतम बुद्धको केश धातु।

ती धातुहरूलाई शत्रुहरूले बिगार्न नसक्ने गरी सिंगुत्तर डाँडाको ठीक बीचमा ४०४ हात गहिरो र ४४ हात चौडाई भएको सुरुंग (खाल्डो) खनी त्यसभित्र धातुहरू राखी चैत्य प्रतिस्थापन गरिएको थियो। शुरुमा प्रतिस्थापन गर्दा चैत्यको उचाई ४४ हात मात्र अग्लो थियो भने चैत्यको नाम तिगुम्ब चैत्य थियो। त्यो तिगुम्ब चैत्य गौतम बुद्धको सासनमा पहिलो चैत्यको रूपमा लिएकोले म्यानमारमा "सासनको शुरु, स्वेतिगौंबाट" भन्ने चलन छ। म्येदू राजाको पालामा भूकम्पको कारणले भत्किएको उक्त चैत्यलाई सन् १७६८ मा सेंफ्यूस्यें राजाले भग्नावशेष चैत्यलाई भित्रै राखी ३३६ फीट अग्लो चैत्य बनायो। हुन त त्योभन्दा अघि पनि विभिन्न समयमा भत्कियो र मर्मत गरियो। तर १७६८ मा बनाइएको त्यो चैत्य जुन हालको स्वरूपमा छ, त्यो नै अन्तिम हो। त्यस चैत्यमा जम्म ३३६०० स्वर्ण पत्रहरू टाँसिएका छन्। त्यति मात्र नभएर चैत्यको टुप्पोमा अनगिन्ति बहूमूल्य रत्नहरू छन्। त्यसैले यसलाई न्यमिभल एबनयमब को  रूपमा चिनिन्छ। सन् १४८८ मा म्वँ राजाले



https://dhamma.digital

बनाएको करिब २,९३,९४० किलोको पित्तलको घण्टी लगायत मुख्य चैत्यको वरिपरि सयौं सानाठूला चैत्यहरूदेखि लिएर पाटीहरू, संग्रहालय, धर्मदेशना एवं कार्यक्रमहरू सञ्चालन गर्ने हलहरू पनि रहेका छन् ।

## च्याइथीयो चैत्य

च्याइथीयो चैत्य म्यानमारको म्वँ प्रदेशको च्याइथो शहरमा अवस्थित एक अचम्मको चैत्य हो । समुद्रि सतहबाट ३६१२ फीट अग्लो स्थानमा यो चैत्य अवस्थित छ । डाँडाको माथि अति विशाल ढुंगाको किनारमा ५० वर्ग फीट क्षेत्रफल भएको टाउको आकारको अर्को ढुंगामा बनाइएको चैत्य हो । त्यति मात्र नभई, भनिन्छ अहिले पनि त्यो दुई ढुंगाको बीचबाट धागो वारपार हुन्छ । पहिले त आँखाले देखिने गरि नै दुई ढुंगाहरू आपसमा नछोएको देखिन्छ भनी भनिन्छ । यसरी हावामा नै अडिरहेको चैत्य भनी विश्वास गरिएको यसको इतिहास हेर्दा ५९६ बि.सि. तिर हेमन्त ऋतुमा भगवान सुवण्णभूमि (तथौं) आउनु हुँदा तथौं राजा तिस्सधर्मसिंह र अमात्यहरूले गन्धकुटी बनाएर दान गरे । त्यसबखत गच्छगिरि पर्वतको तिस्सकुमार ऋषि, बन्धवगिरि पर्वतको सिंहकुमार ऋषि, कुशिनगर पर्वतको ऋषि, दोगमोखत्वंगलाँई पर्वतको बुद्धगुण ऋषि, दोखल्वँ पर्वतको ऋषि, मेलपर्वतको ऋषि गरी जम्मा ६ जना ऋषिहरू भगवानलाई दर्शन गर्न आएका थिए र उनीलाई भगवानले प्रत्येकलाई १ / १ वटा केशधातु दिनुभएको भनिन्छ । अरू अरू पर्वत र स्थानबाट पनि ७ जना ऋषि आएको र उनीहरूले धातु प्राप्त गरेको भनी भनिन्छ । ती ऋषिहरूमध्ये बुद्धगुण ऋषि, दोखल्वँ पर्वतको ऋषि र कुशिनगर पर्वतको ऋषिले आफूहरूले प्राप्त गरेको ती धातुहरूलाई चैत्य स्थापना गरी राखेनन् । पछि रोगी, वृद्ध भई मरणासन्न अवस्थामा पुग्दा दोखल्वँ पर्वतको ऋषि र कुशिनगर पर्वतको ऋषिहरूले धातुलाई बुद्धगुण ऋषिलाई दिएर गए । अनि बुद्धगुण ऋषिले ती तीनवटा धातुहरूलाई नहराओस्, नष्ट नहोस् भनी आफ्नो टाउकोको जटामा राखिराख्यो । तर समय बित्दै जाँदा आफू पनि रोगी वृद्ध हुँदा ती धातुहरूलाई के गरुँ के गरुँ भयो । त्यसबेला देवराज इन्द्र पृथ्वीमा आई ऋषिको इच्छा अनुसार



https://dhamma.digital

ऋषिको टाउको जस्तो ढुंगा खोजी, केशधातु राखी चैत्य प्रतिस्थापन गरेको भनी इतिहासमा उल्लेख छ। ढुंगामाथि बनाइएको चैत्यको उचाई करिब १५ फीट छ। हेर्दै खस्ला झैं लाग्ने त्यो चैत्य अहिलेसम्म अचल, स्थिर भई रहिरहनु आफैमा अद्भूत छ।

## बगां

त्यसपछि आउँछ विश्वसम्पदा सूचिमा परेको बगां, जसलाई पहिले तम्बदीप भनिन्थ्यो। यो ठाउँ म्यानमार देशको सम्राटद्वारा स्थापित पहिलो राजधानी पनि हो। यो ठाउँ हाल मन्तले (मन्दले) प्रदेशमा अवस्थित छ। मन्दले शहरबाट करिब २९० कि.मि. पश्चिममा अवस्थित छ भने रंगून शहरबाट ७०० कि.मि. उत्तरमा अवस्थित छ। यो स्थान विशेष गरिकन म्यानमारको धर्म, ऐतिहासिक सभ्यता, संस्कृति, कला बोकेको ठाउँ हो। भनिन्छ, यहाँ पहिले साना ठूला सबैगरी ४४,४६,७३३ चैत्य, स्तूप, विहार, भगवानका मन्दिरहरू थिए रे। तर सन् २००० को तथ्यांक अनुसार

भगवानका मन्दिरहरू – ३१२२

चैत्य /स्तूप – १७४५

विहारहरू – ४३१

सुरुंग, सीमा – ५४

भग्नावशेष मन्दिरहरू – ८९२ छन्।

अहिलेसम्म पनि यति धेरै चैत्य, भगवानका मूर्तिहरू स्तूपहरू, विहारहरू भइरहेको हुनाले नै बुद्धधर्म अनुयायीहरूको लागि महत्वपूर्ण गन्तव्य भएको छ। हाल ५००५.४९ हेक्टर र मध्यवर्ती क्षेत्र १८१४६.८३ हेक्टरमा फैलिएको छ। यस क्षेत्रको प्रारम्भिक इतिहास हेर्‍यौं भने सन् १०७ समुद्रराज सम्राटको पालादेखि भएको मानिन्छ। सन् १०७ मा समुद्रराज सम्राटले १९ वटा 'प्यू' गाउँलाई एकिकृत गरी बगांलाई स्थापित गरेको थियो।

त्यो समुद्रराज सम्राटबाट शुरु भएको यस क्षेत्रमा ५५ जना



https://dhamma.digital

राजाहरूले राज गरे । तर वास्तविक सभ्य बगाँको स्थापना चाहिं माथि इतिहासमा उल्लेख भए अनुरूप अनोरथ राजाको पालाबाट हो । उनै राजा महाराजाहरू, अमात्यहरू, रानी महारानीहरूले आ आफ्नो पालामा बनाइएको चैत्य, स्तूप, विहार, मूर्तिहरूको समग्र स्वरूप नै बगां हो । इतिहासमा उल्लेख भएका केही राजाहरूले प्रतिस्थापन गरेका केही प्रसिद्ध चैत्यहरू उल्लेख गर्नुपर्दा अनोरथा राजाको “स्वे सी खौं”, “लोकानन्द” । च्याँसेता राजाको “आनन्द चैत्य” । अलाउँसीतू राजाको “सब्बञ्ञू चैत्य” । नरपतिसीतू राजाको “चूलामणि चैत्य” । यसरी सयौं हजारौं चैत्यहरू, जुन चैत्यहरू एक आपसमा भिन्न मात्र नभई आफ्नै विचित्र कला, अद्भूतताले भरिभराउ छन्, ती चैत्यहरूको माझमा पुग्दा अवश्य पनि एउटा विचित्र संसारमा पुगेको भान हुन्छ ।

## ग) म्यानमारमा त्रिपिटक अध्ययन प्रणाली

बुद्धको अनुपम मौलिक शिक्षालाई बुद्धकालीन अवस्थामा पालिभाषाबाट नै कण्ठष्ट गर्ने परम्परा थियो । उहाँ महापरिनिर्वाण हुनुभएको २३६ वर्षपछि तेस्रो संगायनासम्म पनि यो परम्परा रहिरह्यो । उक्त संगायनबाट मात्र पूर्णरूपमा मूलपालि त्रिपिटकको स्वरूप तयार भएको थियो । त्यस्तै प्रथम शताब्दीमा श्रीलंकाका राजा वट्टगामिनी अभयको पालामा त्रिपिटकलाई ताडपत्रमा लिपिवद्ध गरी चौथो संगायन भएको थियो । सन् १८७१ मा पाँचौं संगायना म्यानमारका राजा मेण्डौँको पालामा त्रिपिटक सम्पादन र पाठ संशोधन गरी ७२९ वटा सिङ्गमरमर ढुङ्गाहरूमा त्रिपिटक कुडिएको थियो । छैठौं संगायना पनि सन् १९५४–१९५६ मा म्यानमारमा नै भएको थियो ।

थेरवाद बुद्धशिक्षा अध्ययन र अभ्यासको लागि म्यानमार उत्कृष्ट गन्तव्यको रूपमा लिइन्छ । म्यानमार देशमा अझै पनि त्रिपिटकलाई कण्ठष्ट गर्ने परम्परा कायमै छ । अध्ययनमात्र नभई सरकारीस्तरमा मौखिक र लिखित परीक्षा व्यवस्था गरी वर्षेनी परीक्षा सञ्चालन भई रहेको छ । उत्तीर्ण भएकाहरूलाई विभिन्न उपाधि एवं सुविधाहरूको



https://dhamma.digital

व्यवस्था गरी त्रिपिटक अध्ययन गर्न प्रोत्साहन दिएका छन् । वर्तमान समयमा सूचना र प्रविधिको विकास एवं त्रिपिटकमा सुलभ पहूँचको कारणले कण्ठष्ट गर्ने परम्परामा ह्रास आइरहेको छ ।

म्यानमारमा **तिपिटकधर** र **तिपिटकधर तिपिटककोविद** विश्वकै लामो परीक्षा हो । जसमा ३३ दिनसम्म परीक्षामा सहभागी हुनुपर्ने हुन्छ । तिपिटकधरमा त्रिपिटकलाई मौखिक रूपमा पाठ गरी परीक्षा दिनुपर्ने हुन्छ । त्यस्तै तिपिटकधर तिपिटककोविदमा त्रिपिटकलाई मौखिक र लिखित दुबै तरिकाले परीक्षा दिनुपर्ने हुन्छ । म्यानमारमा चारलाखभन्दा बढि भिक्षुसंघमध्ये परीक्षामा सहभागी भएका परीक्षार्थीले मूलत्रिपिटकपालि ग्रन्थको ८,०२६ पेज (अर्थात् २ करोड ४ लाखभन्दा बढि म्यानमार पालि शब्दहरू) र लिखित पाटोमा २०० भन्दा बढि पालि ग्रन्थहरू, अर्थकथा र टीकाहरूको अध्ययन गर्नुपर्ने हुन्छ ।

यी परिक्षा बाहेक पनि म्यानमारमा वर्षेनी नियमित रूपमा परियत्ति शासनलाई संरक्षण र प्रर्वद्धनका लागि विश्वभरी नै विशेष गरी बुद्ध शासनलाई विशुद्ध, चिरस्थायी र प्रचारप्रसार गर्न परीक्षाहरू सञ्चालन भई रहेका छन् । जसमा **धम्माचरिय परीक्षा, पठमची परीक्षा (उच्चस्तरी परीक्षा), पठमल परीक्षा (माध्यामिकस्तरीय परीक्षा), पठमङे परीक्षा (निम्नस्तरीय परीक्षा), मुलदाँ (आधारभूतस्तरीय परीक्षा), अभिधम्म/विसुद्धिमग्ग परीक्षा** (अनगारिका र उपासक/उपासिकाहरूलाई मात्र) **र पाँच निकाय परीक्षा** आदि पर्दछन् ।

## तिपिटकधर तिपिटककोविद छनौट परीक्षा

बु.सं. २५०० मा छैठौं संगायन हुनुभन्दा अगाडि पाँचवटा थेरवाद बुद्धधर्म अपनाउने देशहरूले म्यानमारमा त्रिपिटक पाठ गर्ने व्यक्ति छ भनी प्रश्न गरेका थिए । म्यानमार सरकारले नै सन् १९४९ मा तिपिटकधर तिपिटककोविद छनौट परीक्षा सञ्चालन गरेको थियो । यो परीक्षा धेरै गाह्रो भएकोले सन् १९५३ सम्म कसैले सफलता हासिल गर्न सकेन । सन् १९५३ मा धम्मनाद विहार, मिन्गुनबाट तिपिटकधर तिपिटककोविद



https://dhamma.digital

छनौट परीक्षामा **भिक्षु ऊ विचित्तसारभिवंस (मिन्गुन सयादो)** उत्तीर्ण भई प्रथम हुन सफल भएको थियो । त्यसैले उहाँलाई छट्ठसंगायनमा छट्ठसङ्गीतिविसज्जक (मुख्य उत्तरकर्ता) को रूपमा नियुक्त गरेको थियो । उक्त संगायनमा छट्ठसङ्गीतिपुच्छकको रूपमा अग्गमहापण्डित भिक्षु ऊ सोभन (महाशी सयादो) ले प्रश्न गर्नुभएको थियो ।

म्यानमारमा तिपिटकधर तिपिटककोविद छनौट परीक्षा धेरै नै व्यापक, गाह्रो, गम्भीर र उच्चस्तरको परीक्षा हो । परीक्षाको शुरुवात सन् १९४९ साल (अर्थात् १३१० म्यानमार वर्ष) मा ब्रिटिस् सरकारबाट स्वतन्त्र भएपछि पहिलो राष्ट्रपति उनको पालामा भएको थियो । परीक्षामा सहभागी हुन इच्छुक श्रामणेर र भिक्षुहरूले  कम्तीमा **पठमची परीक्षा (उच्चस्तरिय परिक्षा), विनयविदू तह, तामणेच्योको तेस्रो तह** उत्तीर्ण हुनुपर्ने नियम रहेको छ ।

यस परीक्षाको उद्देश्य म्यानमारमा प्रज्ञावान् भिक्षुहरूको उत्पादन गर्नु, परियत्ति शासनमा उच्चस्तरीय रूपमा सहयोग गर्नु र तिपिटकधर तिपिटकधरकोविद म्यानमारमा पनि उत्पादन गर्नु रहेको छ । त्यस्तै नै सम्पूर्ण त्रिपिटक कण्ठष्टरूपले सम्झेर पाठ गर्न सक्ने विशिष्ट व्यक्तित्वहरूको सम्वर्द्धन गर्नु पनि रहेको छ । हाल तिपिटकधर तिपिटककोविद परीक्षा महापासाण गुहा यान्गुनमा हुने गरेको छ ।

## तिपिटकधर तिपिटककोविद परीक्षाको व्यवस्था

वास्तवमा तिपिटकधर तिपिटककोविद छनौट परीक्षा अरू धार्मिक परीक्षाभन्दा बिल्कुलै भिन्न छ । परीक्षामा सम्मेलित भिक्षु एवं श्रामणेरले ३३ दिनसम्म परीक्षा दिनुपर्ने हुन्छ । यो परीक्षा प्रत्येक वर्ष डिसिम्बरको अन्तिम हप्तादेखि जनवरीको तेस्रो हप्तासम्म हुने गर्दछ । शासन मन्त्रालयले सिफारिस गरिएका भागहरू मौखिक र लिखित दुबै परीक्षा दिनुपर्ने हुन्छ । यसमा बुद्धका उपदेशहरू सम्झनु पर्ने, ग्रान्थिक विभेद, ग्रन्थको वर्गीकरण र तुलनात्मक विश्लेषणमा अद्‌भुत ज्ञान हुनु आवश्यक हुन्छ । जसले सबै तहको परीक्षामा उत्तीर्ण गर्नुहुन्छ, उसलाई



https://dhamma.digital

"सुतबुद्ध" (अर्थात् बुद्धको ज्ञान सुनेको) भन्ने प्रचलन रहेको छ ।

यस परीक्षा व्यवस्थाको लागि ९ जना ओवादाचरियहरू र १० जना बुद्धसासनानुग्गह गरी १९ जनाको समिति हुन्छ । त्यस्तै सासन मन्त्रालयमा त्रिपिटकप्रमुखको भूमिका मूख्य रहन्छ । जसअन्तर्गत देशको ४७ जना संघनायक भिक्षुहरू, सासनमन्त्रालयको मन्त्री, उपमन्त्री तथा सचिव, सासन मन्त्रालयको निर्देशक र सासन मन्त्रालयको प्रचारप्रसार मन्त्रालयको निर्देशकहरू पर्दछन् । त्यस्तै सासन मन्त्रालयमा त्रिपिटकप्रमुख समूह, त्रिपिटक ओवादाचार्य समूह, त्रिपिटक परीक्षाको लागि गृहस्थहरूको समूह, व्यवस्था वा प्रबन्ध गर्नेको समूह र वेय्यावच्च समूह पर्दछन् । ओवादाचार्य भिक्षुहरूले प्रश्न बनाउन, निर्देशन एवं व्यवस्था सम्बन्धी कार्यहरूको जिम्मेवारी लिएका हुन्छन् ।

मौखिक पाठ दिनुपर्ने **त्रिपिटकको विषयवस्तु ८०२६ पेज** रहेका छन् । यस अन्तर्गत ८५१ पेज विनयपिटकको पहिलो र दोस्रो ग्रन्थहरूबाट लिइन्छ। विनयपिटकबाट नै १४०९ पेज बाँकी तीनवटा ग्रन्थका विषयवस्तु रहेका छन् । त्यस्तै सुत्तपिटक अन्तर्गतको दीघनिकायका ७७९ पेज पाठ दिनुपर्ने हुन्छ । त्यस्तै नै अभिधम्मपिटक अन्तर्गत अभिधर्मका पहिलो पाँचवटा ग्रन्थहरूबाट १३९० पेज लिइन्छ । यसरी नै अधिधम्मपिटकका बाँकी दुईटा ग्रन्थबाट ३५९७ पेज पाठ गर्नुपर्ने हुन्छ ।

यो परीक्षा विश्वमा सबैभन्दा लामो परीक्षा हो र सम्पूर्ण परीक्षा पाँचवर्षसम्म सञ्चालन हुन्छ । परीक्षाको पहिलो र दोस्रोवर्षमा परीक्षामा सम्मेलित भिक्षुहरूले विनयपिटकको (२२६० पेज) जम्मा २० दिनमा मौखिक परीक्षा दिनुपर्ने हुन्छ । २० दिन अन्तर्गत पाराजिकापालि, पाचित्तियपालि, महावग्गपालि, चूलवग्गपालि र परिवारपालि परीक्षा हुन्छ । प्रत्येकलाई ३ दिनको हिसाबले १५ दिनसम्म मौखिक परीक्षाहुन्छ र बाँकी पाँच दिन यसका अर्थकथा र टीकाका सम्बन्धमा लिखित परीक्षा हुन्छ । तेस्रोवर्षमा परीक्षामा सम्मेलित भिक्षुहरूले सुत्तपिटकका ३ वटा भाग (७७९ पेज) को परीक्षा दिनुपर्ने हुन्छ । चौथौँ र पाँचौँ वर्षमा पहिलो वर्षको पाँचवटा ग्रन्थहरू (१३९० पेज) र अन्तिम दुईटा (३५९७ पेज)



https://dhamma.digital

अभिधर्मका सात वटा प्रकरणहरू जोडिएका हुन्छन् ।

३३ दिनको लामो परीक्षामा सम्मेलित परीक्षार्थीहरूले एउटा ग्रन्थलाई तीन दिन मौखिक परीक्षा दिनुपर्दछ । दिनको नौचोटी (बिहान चारचोटी र भोजन पछि दिउँसो पाँचचोटी) परीक्षा दिनुपर्दछ । एउटा पाठ २५ मिनेटको हुन्छ र एउटा पाठ सकेपछि १० मिनेटको विश्राम हुन्छ । २५ मिनेटमा १२ पेज मौखिक परीक्षा दिनुपर्ने हुन्छ । यसरी गणना गर्दा एकदिनमा कम्तीमा १०० देखि १५० पेज हुन्छन् । त्यस्तै लिखित परीक्षामा २ वटा प्रश्न अतिरिक्त प्रश्न सहित १२ वटा प्रश्नहरू सोधिएका हुन्छन् । एउटा प्रश्नको १० अङ्क हुन्छ । यस लिखित परीक्षा ७५ अङ्क ल्याएमा मात्र पास हुन्छ । त्यस्तै ८५ अंक हासिल गरेमा उत्कृष्ट हुने गर्दछ ।

**विभिन्न उपाधिहरू :**

१. **उभतो विभङ्गधर** (मौखिक पाराजिक र पाचित्तियपालि परीक्षामा उर्त्तीण)

२. **उभतो विभङ्गकोविद** (लिखित पाराजिक र पाचित्तियपालि परीक्षामा उर्त्तीण)

३. **विनयधर** (मौखिक विनयपिटक परीक्षामा उर्त्तीण)

४. **विनयकोविद** (लिखित विनयपिटक परीक्षामा उर्त्तीण)

५. **द्विपिटकधर/दीघभाणक** (मौखिक विनय र सुत्तपिटक परीक्षामा उर्त्तीण)

६. **द्विपिटककोविद** /दीघनिकायकोविद (लिखित विनय र सुत्तपिटक परीक्षामा उर्त्तीण)

७. **मूलआभिधम्मिक** (मौखिक अभिधम्मपिटकको पाँचवटा प्रकरणहरूको परीक्षामा उर्त्तीण)

८. **अभिधम्मकोविद** (लिखित अभिधम्मपिटकको पाँचवटा प्रकरणहरूको परीक्षामा उर्त्तीण)



https://dhamma.digital

९. **तिपिटकधर** (मौखिक यमक र पट्ठान प्रकरणहरूको परीक्षामा उर्त्तीण)

१०. **तिपिटककोविद** (लिखित यमक र पट्ठान प्रकरणहरूको परीक्षामा उर्त्तीण)

तिपिटकधर तिपिटककोविदको दुबै मौखिक र लिखित परीक्षामा विशिष्ठश्रेणीमा उत्तीर्ण हुँदा **महा तिपिटककोविद** उपाधि प्राप्त गरिन्छ । त्यस्तै नै **धम्मभण्डागारिक** उपाधि पनि हासिल गरिन्छ । तिपिटकधर तिपिटककोविद छनौट परीक्षामा मौखिक र लिखित दुबै माध्यममा परीक्षामा सम्मेलित भएर उत्तीर्ण भएको भिक्षुलाई तिपिटकधर तिपिटककोविद उपाधि प्राप्त हुनेछ । त्यस्तै मौखिक माध्यमबाट मात्र परीक्षामा सम्मेलित भिक्षुलाई तिपिटकधर उपाधि मात्र प्राप्त हुनेछ। सन् १९४९ देखि सन् २०२४ सम्ममा हजारौं भिक्षुहरू सम्मेलित भएको ७६ वर्षको समय अन्तरालमा जम्मा १६ जना भिक्षुहरूले मात्र उपाधि हासिल गर्न सफल भएका थिए । तिपिटकधर तिपिटककोविद छनौट परीक्षाको पहिलो वर्षमा कुनै उपाधिमा कोही पनि उर्त्तीण हुन सकेन । जुन हालको यांगुन शहरमा भएको थियो ।

## अद्भुत महान् तिपिटकधर भिक्षुहरू :

| क्र. सं. | नाम | उपनाम | उत्तीर्ण वर्ष (सन्) | अध्ययन स्थल |
|---|---|---|---|---|
| १. | भद्दन्त विचित्तसाराभिवंस (१९११ - १९९३) | मिन्गुन सयादो | १९५३ | धम्मनाद विहार, मिन्गुन |
| २. | भद्दन्त नेमिन्द (१९२८ - १९९१) | पक्खुकू सयादो | १९५९ | महाविसुताराम विहार, मोलमिन |
| ३. | भद्दन्त कोसल्ल (१९२१ - १९९५) | पी सयादो | १९६३ | पञ्चनिकाय विहार, यांकिन |
| ४. | भद्दन्त सुमङ्गलालङ्कार (१९४६ - २००६) | गन्धाराम सयादो | १९७३ | महागन्धाराम विहार, मयांगून |



https://dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| ५. | भद्दन्त सीरिन्दाभिवंस (१९४३) | यो सयादो | १९८३ | महाविसुद्धाराम विहार, बाहान |
| ६. | भद्दन्त वायामिन्दाभिवंस (१९५५) | येजज्यू सयादो | १९९५ | तिपिटक विहार, दगुन |
| ७. | भद्दन्त सीलक्खन्धाभिवंस (१९६४) | मोच्यों सयादो | १९९९ | तिपिटकनिकाय विहार, मिन्गुन |
| ८. | भद्दन्त वंसपालालङ्कार (१९६५) | म्येमू सयादो | १९९९ | तिपिटकनिकाय विहार, मिन्गुन |
| ९. | भद्दन्त गन्धमालालङ्कार (१९६८) | म्येछ्याँउ सयादो | २००० | धम्मनाद विहार, मिन्गुन |
| १०. | भद्दन्त सुनन्द (१९५५) | तिपिटकधर स्वंल्वं सयादो | २००४ | स्वंल्वं विपस्सना विहार, तँगानच्वँ |
| ११. | भद्दन्त इन्दपाल (१९६०) | रम्मवती सयादो | २००४ | तिपिटक विहार, दगुन |
| १२. | भद्दन्त अभिजाताभिवंस (१९६८) | झकाई ति( पिटक सयादो | २०१० | महासुबोधाराम विहार, झकाई |
| १३. | भद्दन्त इन्दाचरिया (१९६४) | भुतलेन् सयादो | २०१२ | तिपिटकनिकाय विहार, मिन्गुन |
| १४. | भद्दन्त वीरियानन्द | कम्बोज सयादो | २०१७ | तिपिटकनिकाय विहार, दगुन |
| १५. | भद्दन्त पञ्ञावंसाभिवंस | च्याउपताउ सयादो | २०२० | महागन्धविनयनिकाय विहार, दगुन म्योते (पूर्व) |
| १६. | भद्दन्त पञ्ञासिरीलङ्कार | | २०२४ | तिपिटकनिकाय विहार, दगुन |

यस तिपिटकधर तिपिटककोविदको परीक्षामा पहिलो उत्तीर्ण हुने श्रद्धेय भिक्षु ऊ विचित्तसारभिवंस हुनुहुन्छ । उहाँलाई **मिन्गुन सयादो** पनि भनिन्छ । उहाँले सन् १९५० मा विनयपिटक परीक्षा उत्तीर्ण गर्नु भएको थियो । त्यस्तै उहाँले सन् १९५३ मा अन्तिमभाग सुत्तपिटक अन्तर्गतको पाथिकवग्ग उत्तीर्ण गर्नु हुँदा ४२ वर्षको हुनुहुन्थ्यो ।



https://dhamma.digital

उहाँले नै म्यानमारमा प्रथम तिपिटकधर तिपिटककोविद उपाधि प्राप्त गर्नुभएको थियो । उहाँ विशिष्टश्रेणीमा उत्तीण हुनु भएकोले **विशिष्ट तिपिटकधर तिपिटकमहाकोविद** उपाधि प्राप्त गर्नु भएको थियो । उहाँको यस उपलब्धीलाई गिनिज बुक वर्ल्ड रेकर्डमा पनि दर्ता गरिएको छ । त्यस्तै सन् १९७३ मा भिक्षु भद्दन्त सुमङ्गलालङ्कार (गन्धाराम सयादो) ले सबैभन्दा कम उमेर (२७ वर्ष) मा तिपिटकधर तिपिटककोविद परीक्षा उत्तीर्ण गर्नुभएको थियो । सन् १९९९ मा दुईजना भद्दन्त सीलक्खन्धाभिवंस (मोच्यों सयादो) र भद्दन्त वंसपालालङ्कार (म्येमू सयादो) हरूले तिपिटकधर उपाधि हासिल गर्न सफल भएका थिए । त्यसरी नै सन् २००४ मा भद्दन्त सुनन्द (तिपिटकधर स्वंल्वं सयादो) र भद्दन्त इन्दपाल (रम्मवती सयादो) तिपिटकधर उपाधि हासिल गर्न सफल भएका थिए । यसरी धेरै भन्दा धेरै भिक्षुहरूले उत्कृष्ट स्मरण शक्तिको आधारमा उपाधि हासिल गर्न सफल भएका छन् ।

म्यानमारमा त्रिपिटक कण्ठष्ट अध्ययन गर्न प्रोत्साहन स्वरूप त्रिपिटकधर त्रिपिटककोविद परीक्षामा उत्त्तीण हुने भिक्षुहरूलाई भोजनको व्यवस्था, म्यानमार देशभित्र रेल, जहाज एवं हवाई (सरकारी) टिकट निशुल्क  र कप्पिय (सेवक) व्यवस्थाको सुविधा प्रदान गरेको हुन्छ । त्यस्तै गाडीमा झण्डा फहराउन पनि पाउने हुन्छ । यदि एउटा पिटक परीक्षामा उत्तीर्ण भयो भने एउटा सेतो कनकदण्ड छाताको पहेंलो छड्डी भएको धारण गर्न दिइन्छ । त्यस्तै नै दुई र तीनवटा पिटक परीक्षामा उत्तीर्ण हुने भिक्षुलाई क्रमशः दुई र तीनवटा सेतो कनकदण्ड छाता धारण गर्न दिइन्छ । यसरी तिपिटकधर तिपिटककोविद उपाधि हासिल गरेको भिक्षुले उपाधि हासिल गरेको ५ वर्षपछि म्यानमार सरकारले **तिपिटकधर धम्मभण्डागारिक** उपाधिबाट पनि विभूषित गरिन्छ ।

*नोट : 'म्यानमारमा बुद्धधर्म' यस पाठ्यसामग्रीमा क) 'म्यानमारको इतिहास' ख) 'म्यानमारका बौद्ध स्मारकहरू' भिक्षु ञाणवुध स्थविरले लेख्नुभएको हो ग) 'म्यानमारमा त्रिपिटक अध्ययन प्रणाली' अनागारिका कुसलञ्ञाणीले लेख्नुभएको हो ।*



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

Dhamma.Digital

## एकाइ ३ : थाइल्याणडमा बुद्धधर्म

लेखक : भिक्षु निग्रोध महास्थविर

https://dhamma.digital

## एकाइ ३

# थाइल्याण्डमा बुद्धधर्म

थाइल्याण्डको बुद्धधर्म मुख्यतयाः थेरवाद परम्परा अनुसार चलेको मानिन्छ। यो भनेको कुल जनसंख्याको लगभग ९३.४ प्रतिशत हो। थाइल्याण्ड चीनपछि विश्वको दोस्रो ठूलो बौद्ध जनसंख्या भएको देश हो, जहाँ लगभग ६ करोड ४० लाख बौद्ध धर्मावलम्बीहरू छन्। थाइल्याण्डमा बुद्धधर्मलाई राजधर्मको रूपमा मानिन्छ। अग्ला आकर्षक बौद्ध विहार, स्तुपा, ठूला ठूला चैत्यहरू देशभरि हुनु त्यहाँको विशेषता हो। थाइल्याण्डको बौद्ध वास्तुकला हेर्दा विशेषगरी कम्बोडिया र लाओसको जस्तै कलात्मक देखिन्छ। थाइल्याण्ड, कम्बोडिया, म्यानमार, श्रीलङ्का र लाओसमा थेरवादी बौद्धहरूको बहुलता देखिन्छ।

बुद्धधर्म भारतीय सम्राट अशोकको समयमा ईसापूर्व तेस्रो शताब्दीको शुरुतिर थाइल्याण्डमा आएको मानिन्छ। विशेषतः अशोकको धर्मदूत भएर सुवर्णभूमि क्षेत्रमा प्रचारप्रसार गर्न गएका सोण र उत्तरले यस क्षेत्रमा बुद्धधर्मलाई प्रतिस्थापित गरेको मानिन्छ। ऐतिहासिक रूपमा पहिला बुद्धवचन त्रिपिटक लिएर जाने मोनहरूले नै बौद्ध परम्परा र सभ्यताको विकास सँगसँगै प्राचीन म्यानमार र थाइल्याण्डमा बुद्धधर्मको विकास गरेको देखिन्छ। पहिला थाइल्याण्डलाई स्याम नामले चिनिन्थ्यो। त्यसपछि बुद्धधर्मले थाई संस्कृति र समाजमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। बुद्धधर्म र थाई राजसंस्था अक्सर आपसमा गाँसिएका छन्। थाई राजाहरूलाई ऐतिहासिक रूपमा थाइल्याण्डमा बुद्धधर्मको मुख्य संरक्षकको रूपमा हेरिएको छ।

त्यहाँका जनता, राज्य र राजपरिवारलाई बुद्धधर्म र संस्कृतिले गहिरो प्रभाव पारेको देखिन्छ। अहिले थाई बौद्ध परम्परामा दुई आधिकारिक शाखाहरू देखिन्छन्।



https://dhamma.digital

क) धम्मयुत्त निकाय   ख) महानिकाय हुन् ।

## प्राचीन थाई राज्यहरूमा बौद्ध धर्म

अशोकको शासनकाल ईसापूर्व २६८ देखि २३२ सम्म भिक्षुहरूलाई दक्षिणपूर्व एसियामा रहेको सुवण्णभूमिमा बुद्धधर्म फैलाउन पठाइएको श्रीलङ्काको ऐतिहासिक महावंशमा उल्लेख भएको देखिन्छ। इस्वी संवत ६ देखि ११ औं शताब्दीमा द्वारावतीको मोन राज्यमा थप धर्मप्रचारक हरू आइपुगेको थाइल्याण्डका इतिहासकारहरूको धारणा रहेको छ ।

बौद्ध सम्पदाको विकासको श्रेय त्यहाँको (प्रथम चैत्य) नक्खन पथोमलाई जान्छ । त्यस समयमा प्राचीन द्वारावती शहरहरूमा थुप्रै पुरातात्विक खोजहरू भएको देखिन्छ । यी खोजहरूमा धर्मचक्रहरू, बुद्धपदचिन्हहरू, झुकेका मृगहरू र पालि शिलालेखहरू समावेश भएको देखिन्छ ।

### पहिलो थाई राज्य सुखोथाई र लन्ना

१३ औं र १५ औं शताब्दीतिर थाईहरूले चीनबाट दक्षिणपूर्व एसियामा बसाइँ सरी सुखोथाई र लन्ना राज्यको स्थापना गरेको देखिन्छ। त्यसपश्चात थाई संस्कृति, कला, भाषा र साहित्यको क्रमबद्ध विकास भएको देखिन्छ । बौद्ध वास्तुकला अनुरूप थुप्रै बुद्धमूर्ति, विहार तथा चैत्यहरू पनि निर्माण भएको देखिन्छ। श्रीलंकाको सहयोग लिई १३ औं शताब्दीका राजा राम खम्हेङले थाइल्याण्डमा थेरवाद बुद्धधर्मको थप विस्तार गरेको देखिन्छ ।

## अयोध्या काल

चौधौं शताब्दीतिर थाई राजा उथंगले बौद्ध संस्कृति अर्न्तगत सुखोथाई र खमेर दुवै सभ्यता अपनाएको देखिन्छ। राजा बोरोमत्रैलोककानट (१४३१ देखि १४८८) को शासनकाल थाई बुद्धधर्मको लागि स्वर्णिम युग मानिन्छ । उनले कला र साहित्यलाई प्रोत्साहित गर्नुका साथै अयोध्यामा धेरै विहार स्तुपाहरू निर्माण गरी उनी आफै पनि चुलामनी



https://dhamma.digital

बौद्ध विहारमा आठ महिनासम्म भिक्षुको रूपमा बसेको उल्लेख छ । १६ औं देखि १९ औं शताब्दीसम्म थाइल्याण्ड र बर्मा बीच धेरै युद्धहरू भए । त्यस युद्धमा थाई राजधानी नष्ट भएको थियो, जसको कारण धेरै ऐतिहासिक दस्तावेजहरू, साहित्यिक र धार्मिक ग्रन्थहरू हराएको थियो र त्यसताका अयोध्या राज्यको पनि पतन भएको मानिन्छ ।

## आधुनिक इतिहास

### रतनकोसिन अवधि

थाइल्याण्डको वर्तमान राजपरिवार चक्री राजवंश भएको मानिन्छ । त्यसबेलाका पहिलो राजा रामा प्रथमले रतनाकोसिन साम्राज्यको स्थापना गरेको मानिन्छ । उनले आफ्नो शासनकालमा थुप्रै नयाँ बौद्ध विहारहरू स्थापना गरी आधुनिक बैंककलाई नयाँ राजधानीका रूपमा विकास गरेको मानिन्छ । उहाँकै शासनकालमा नै धेरै राजकीय वाट (विहार) मध्ये विश्व प्रसिद्ध वाट फ्रा कयाउ (पन्नाको बुद्ध मूर्ति) स्थापित भएको मानिन्छ । त्यसै गरी रामा द्वितीयले पनि थेरवाद सिद्धान्त र पालि भाषाको अध्ययनको लागि एक नयाँ आधुनिक धार्मिक शिक्षा प्रणाली को शुरुवात गरेको मानिन्छ । त्यस्तै रामा तृतीयले आफ्नो शासनकाल सन १८२४ देखि १८५१ मा ५० भन्दा बढी विहारहरू निर्माण र मर्मत गरेको देखिन्छ ।

### २० औं शताब्दीको सुरूवात

सन् १८५१ मा राजा मोङकुट सिंहासनमा आसीन भए । उनले राजपाट त्याग गरेपछि २७ वर्ष सम्म स्वयं भिक्षु भई बौद्ध विद्वान तथा पालि भाषामा विज्ञ कहलाए । राजाको रूपमा मोङकुटले नयाँ बौद्ध व्यवस्था र राज्यसत्ताको माध्यमबाट आफ्नो धार्मिक सुधारलाई बढावा दिए । उनले धम्मयुत्त निकायलाई विकास गरी बढावा दिने कार्य गरे ।

उनले सुरु गरेको प्रशासनिक र संघ सुधारलाई उनका उत्तराधिकारी राजा चुलालोङकोर्न रामा पाँचौंले पनि निरन्तरता दिए ।

राजा रामा छैठौंको शासनकालमा बौद्ध युग सम्वत् प्रणालीको



https://dhamma.digital

आधिकारिक प्रयोग शुरू भएको मानिन्छ । राजा रामा सप्तमको शासनकालमा बैंककमा अर्को बौद्ध परिषद्को आयोजना गरी पालि वाङ्मयको नयाँ संस्करण प्रकाशित गरी देशभरि वितरण गरिएको देखिन्छ ।

राजा रामा आठौं 1935-1946 को शासनकालमा थाई भाषामा सम्पूर्ण पालि त्रिपिटकको अनुवाद भएको देखिन्छ। सन् १९४६ मा राजा रामा नवौं भूमिबोल अदुल्यादेज 1946-2016 को लामो शासनकाल सुरु गरी उनैले २,५०० औं बुद्ध जयन्ती वर्षगाँठ समारोहको उपलक्ष्यमा बुद्ध शासनको अभिवृद्धिमा ठूलै योगदान दिए र उनैको पालामा सन् १९६६ देखि १९७० सम्ममा राज्य तवरबाट महाचूलालंकार तथा महामुकूट जस्ता बौद्ध विश्व विद्यालय स्थापना भएको देखिन्छ ।

**वन्य (अरण्य) बौद्ध परम्पराको विकास**

२० औं शताब्दीको शुरुवातमा थाई (अरण्य) वन्य परम्परा वृद्धि हुँदै संसारभर फैलियो । यो विशुद्ध ध्यान परम्परा विशेष गरी जंगलमा बसी गरिने कठोर भिक्षु साधना हो । यो परम्परालाई आचार्य मुनले स्थापित गरि उनका शिष्यहरू, आचार्य महा बुआ, आचार्य चाह, आचार्य थाट र आचार्य ली ले विकास गरेको देखिन्छ ।

**थाई बौद्ध अभ्यासहरू**

सामान्य थाई समाजमा बौद्ध अभ्यास भन्नु नै दिन दिनै संघलाई भिक्षा दान गर्नु हो, यसबाट ठूलो दानपारमी पूरा भई पूण्य प्राप्त हुन्छ भन्ने मान्यता रहेको पाइन्छ। साथै भिक्षु संघबाट परित्राण पाठ आर्शिवाद श्रवण गरी ध्यान अभ्यासको समाधि वृद्धि गर्ने प्रचलन रहेको देखिन्छ ।

थाई बौद्ध परम्परामा विवाह अगाडि अनिवार्य अस्थायी भिक्षु बन्ने परम्परा रहेको देखिन्छ । विद्यमान समाजमा प्रचलित संस्कारहरू मध्ये बच्चाको नामाकरण, पास्नि मंगल, विवाह मंगल तथा अत्येष्टि जस्ता संस्कारहरूमा बौद्ध विहार तथा भिक्षु संघको महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।



https://dhamma.digital

### भिक्षु संघ र थाई बौद्ध समाज

बीसौं शताब्दीको उत्तरार्धमा थाइल्याण्डका अधिकांश भिक्षुहरूले शुरुमा विहारका (टेम्पल ब्वाय) कप्पियाकार सेवकका रूपमा सेवा गरेर आफ्नो क्यारियर सुरु गर्दछन् । उनीहरू ८ वर्ष पुग्दासम्म घरको सानो तिनो काम गरी विहारको सेवा गर्छन् । त्यही आधारभूत शिक्षा प्राप्त गरी बुद्धवचन तथा पूजा अनुष्ठान सिक्दछन् । थाइल्याण्डमा राज्यद्वारा सञ्चालित प्राथमिक विद्यालयहरूको निर्माण हुनुभन्दा पहिले, गाउँका विहारहरूमा अधिकांश थाई केटाहरूको लागि प्राथमिक शिक्षा विहार हरूमा नै उपलब्ध हुन्थ्यो ।

अधिकांश थेरवाद राष्ट्रहरूमा जस्तै, थाइल्याण्डको समाजमा पनि मुख्यतया बौद्ध भिक्षुहरूको महत्वपूर्ण उपस्थिति रहन्छ, उनीहरू नै राज्यकै महत्वपूर्ण धार्मिक पदहरूमा बसेर बुद्धका शिक्षाहरूको संरक्षण र सम्प्रेषणको लागि जिम्मेवार हुन्छन् ।

### प्रमुख धार्मिक स्थलहरू

#### वाट फ्रा काउ

वाट फ्रा काउ थाइल्याण्डको सबैभन्दा प्रसिद्ध बौद्ध वैभवशाली विहारको रूपमा चिनिन्छ। यो बौद्ध विहार बैंकको ऐतिहासिक केन्द्रमा ग्रान्ड प्यालेसको परिसरभित्र धेरै भवनहरूको बीचमा फैलिएको छ । यसमा इमरेल (पन्ना)को बुद्धमूर्ति छ, जुन देशको मुख्य आकर्षक केन्द्रको रूपमा रहेको छ। चक्री वंशका प्रथम राजा रामा प्रथमको पालामा सन् १७८३ मा यस राजकीय विहारको निर्माण कार्य सुरु भएको थियो । त्यसबेलादेखि नै प्रत्येक राजाले आफ्नो शासनकालमा यस राजकीय विहार धार्मिक आस्थाको केन्द्र मान्दै आए । त्यसताका देखि नै राजवंशको महिमा वृद्धि हुने गरि त्यसको थप विस्तार र जीर्णोद्धार गर्ने, सुशोभित गर्ने कम निरन्तर हुँदै आएको छ ।

यस वाट फ्रा काउ विहारले थाई संस्कृति सम्पदा धरोहरको रूपमा रही पर्यटकहरूका लागि प्रमुख गन्तव्य स्थलको रूपमा आफ्नो



https://dhamma.digital

पहिचान स्थापित गरेको छ । त्यस पछि राष्ट्रको प्रमुख पूजास्थल र राजसंस्था र राज्यको लागि राष्ट्रिय विहारको रूपमा यसले भव्यता पाएको छ ।

विहार परिसरमा विभिन्न प्रकारका थाई वास्तुकला शैलीहरूमा निर्मित विशिष्ट धार्मिक उद्देश्यका लागि विभिन्न भवनहरू समावेश गरिएको छ। भगवान बुद्धको बेजोड प्रतिमा सहित स्तूपा चैत्य, सजिएका बहुमूल्य रत्नहरू, वास्तुकला, चित्रकला अनुपम नमुनाबाट सजिएको यो राजकीय विहार थाइल्याण्डकै प्रमुख आकर्षण स्थल मान्न सकिन्छ।

## वाट फो

वाट फो थाइल्याण्डको बैंकक राज्यको फ्रा नखोन जिल्लामा अवस्थित एक बौद्ध विहार हो। यो ग्रान्ड प्यालेसको सीधा दक्षिणमा पर्ने रतनाकोसिन टापुमा अवस्थित छ। यसको आधिकारिक नाम वाट फ्रा चेतुफोन विमोन मंगखालराम राजवाराम महाविहार हो। यसको पुरानो नाम वाट फोताराम भएता पनि वाट फो नामबाट प्रसिद्ध छ।

यो विहार थाइल्याण्डका छ वटा प्रसिद्ध विहारको सूचीमा पहिलो स्थानमा रहेको छ । जसलाई प्रथम श्रेणीको राजकीय विहारहरूको उच्चतम श्रेणीको रूपमा वर्गीकृत गरिएको छ। यो राजा रामा प्रथमसँग सम्बन्धित छ जसले विहार परिसरलाई पहिलेको विहार स्थलमा पुनर्निर्माण गरेका थिए । यो विहार परिसरमा थाइल्याण्डमा बुद्धका मूर्तिहरूको सबैभन्दा ठूलो संग्रह छ, जसमा ४६ मिटर लामो बुद्ध पनि समावेश छ । यस विहारलाई थाइल्याण्डको सार्वजनिक शिक्षाको सबैभन्दा पुरानो केन्द्र मानिन्छ र सार्वजनिक निर्देशनका लागि विहारमा राखिएका संगमरमरका चित्रहरू र शिलालेखहरूलाई युनेस्कोले आफ्नो मेमोरी अफ द वर्ल्ड प्रोग्राममा मान्यता दिएको छ । यसमा थाई चिकित्साको एक स्कूल छ, र यसलाई परम्परागत थाई उपचार विधि, मालिशको (मसाज) जन्मस्थानको रूपमा पनि चिनिन्छ जुन अझै पनि विहारमा सिकाइन्छ र अभ्यास गराइन्छ।



https://dhamma.digital

**वाट बोवोन्निवेत विहार**

वाट बोवोन्निवेत विहार थाइल्याण्डको बैंकक राज्यको फ्रा नाखोन जिल्लामा अवस्थित एक प्रमुख बौद्ध विहार हो । यस विहारलाई राजगुरु सोमदेच फ्रा ञाणसंवरको निवास स्थानको रूपमा पूजिन्छ। यो चक्री राजवंशका दुई पूर्व राजाहरूको अत्येष्टि गरिएको स्थल पनि हो ।

यो विहार थाई थेरवाद बौद्ध धर्मको धम्मयुत निकाय मध्येको एक प्रमुख केन्द्र हो, यो फ्रा फुट्था चिन्नासीको पालामा निर्माण भएको मानिन्छ । वाट बोवोनिवेट विहार चक्री वंशको संरक्षणको एक प्रमुख राजकीय विहार मानिन्छ । यस विहारमा धेरै शाही राजकुमारहरू र राजाहरूले अध्ययन गरे र उनीहरूले भिक्षुसंघको सेवा गरे, जसमा राजा भूमिबोल र उनका छोरा वर्तमान राजा वजिरालोङकोर्न पनि समावेश भएको देखिन्छ ।

**वाट साकेत**

वाट साकेत एक बौद्ध विहार अयोध्या युगको हो, यसलाई वात साकेत नामले चिनिन्छ । जब बैंकक राजधानी बन्यो, तब राजा रामा प्रथमले विहारको जीर्णोद्धार गरेर यसलाई यसको वर्तमान नाम दिए । त्यहाँको स्थानीय भाषा फु खाओ थोङ्ग नामले प्रसिद्ध यस विहार परिसरमा डाँडा माथि गोल्डेन माउन्टेन नामको ठूलो स्तूपा रहेको छ जहाँबाट आधुनिक बैंकक शहरको दृश्यावलोकन गर्न सकिन्छ ।

**वाट अरुण**

वाट अरूण छाउफया नदीको पश्चिम तटमा अवस्थित छ । यस विहारको नाम उदाउँदो सूर्य (Temple of Dawn) भनी राखिएको छ । यो बैंकक शहरको बीचबाट बग्ने नदीको किनारमा रहेको हुनाले पर्यटकहरूका लागि एक प्रमुख आकर्षणको केन्द्र मानिन्छ ।

**फ्रा पाथोम्माचेडी**

फ्रा पाथोम छेदी थाइल्याण्डको नखोन पाथोम प्रान्तको रात्चा वोरा महाविहारमा अवस्थित एक बौद्ध स्तूप हो । यसलाई देशकै सबैभन्दा



https://dhamma.digital

अग्लो स्तूप मानिन्छ। फ्रा पाथोमाछेडी नामको अर्थ पहिलो पवित्र स्तूप हो, जुन राजा मोङकुटले बनाएका थिए। आधुनिक इतिहासकारहरूका अनुसार यो स्तूप छैठौं देखि आठौं शताब्दीको दौडानमा नखोन पाथोम क्षेत्रको मोन राज्यको सबैभन्दा ठूलो शहर र प्राचीन नखोन पाथोमको प्रमुख स्तूपमध्ये एक थियो।

**वाट् फ्रा धम्मकाया**

वाट् फ्रा धम्मकाया थाइल्याण्डको बैंककको उत्तरमा रहेको पाथुम थानी प्रान्तको खलोङ लुआङ जिल्लामा अवस्थित एक बौद्ध विहार हो। यसको स्थापना सन् १९७० मा मेची नन. चन्द्र खोनोक्योङ र लुआङ फो धम्मजायोले गरेका थिए। यो धम्मकाया परम्पराको सबैभन्दा प्रसिद्ध र सबैभन्दा छिटो विकसित भएको विहार हो। धम्मकाया ध्यान विज्जा धम्मकाया सिकाउने यो परम्परा २० औं शताब्दीको प्रारम्भमा ध्यान गुरु लुआङ पु सोध क्यान्डासारोले शुरु गरेका थिए। वाट् फ्रा धम्मकाया यस परम्पराबाट उदाएका विहारहरू मध्ये एक हो र यो महानिकाया परम्पराको एक भाग हो। यस विहारको कानूनी प्रतिनिधित्व धम्मकाया फाउण्डेसनले गरेको छ। यसको उद्देष्य आधुनिक समाजमा परम्परागत बौद्ध मूल्यहरू प्रचार प्रसार गर्नु हो। विहारमा आधुनिक स्याटेलाइट टेलिभिजन स्टेशनको विकास गरी दूरशिक्षा विश्वविद्यालयको समेत प्रारम्भ गरेको छ। यस विहारले सन् २०१७ सम्ममा विश्वभर अनुयायीहरूको नयाँ ढंगले संजाल वृद्धि गरी ३० लाखको संख्या विस्तार गरेको छ।

**बुद्धमन्थन (बुद्धमण्डल पार्क)**

बुद्ध शासनको वर्ष २५०० वर्ष पुगेको उपलक्ष्यमा थाइल्याण्ड सरकारले सालाया जिल्लाको नक्खमपथम अञ्चलमा विशेष बुद्ध शासनिक पार्क निर्माण गरिएको थियो। सरकारी तवरले बुद्ध शासनिक धार्मिक मन्त्रालय स्थापना गरी यस स्थानको विकास गरिएको छ। यस बुद्धमण्डल पार्क लगभग ४०० हेक्टर क्षेत्रमा फेलिएको छ भने



https://dhamma.digital

पार्कको मध्येभागमा उभिएर आर्शीवाद मुद्रामा रहेको भगवान बुद्धको ठूलो ढलौटको प्रतिमा स्थापित गरिएको छ । यस बुद्ध प्रतिमा १५.८७ मीटरको उचाइमा रहेको छ भने पार्क निकै हरियाली सुन्दर वातावरणमा सुसज्जित  रहेको छ। पार्क भित्रै भगवान बुद्धको जीवनीसँग सम्बन्धित चार धामलाई पनि प्रदर्शित गरिएको छ। साथै अर्को यस पवित्र स्थानको विशेषता भन्नु मार्वल विहार हो । यस विहारमा बुद्ध वचन त्रिपिटक संगमरमर स्लेत १४१८ संख्या मा लिपिबद्ध गरी प्रर्दशनमा राखिएको छ ।

Dhamma.Digital



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## एकाइ ४ :

## (क) कम्बोडियामा बुद्धघर्म

## (ख) लाओसमा बुद्धधर्म

## (ग) भियतनाममा बुद्धधर्म

Dhamma.Digital

लेखक : अनागारिका सुमना

लेखक : राजेन मानन्धर

पृष्ठभूमि अंशको लेखक : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

## एकाइ ४
# कम्बोडियामा बुद्धधर्म

## (क) पृष्ठभूमि

आजभोलि स्थविरवादी बुद्धधर्म प्रचार प्रसार भइराखेको देशहरूमा कम्बोडिया पनि एउटा हो । आज कम्बोडियामा जहाँ हेरे पनि भइरहेको बौद्ध विहार र यहाँ देखिने सयौं बौद्ध भिक्षुहरूको उपस्थितिले कम्बोडियाको र बुद्धधर्मको इतिहास अनुमान गर्न नै गाऱ्हो हुनेछ, जुन वास्तवमा कम्बोडियाको माटोमा घुलमिल भैसकेको छ । ढुंगामा रेखा र चित्रको रूपमा अंकित भैसकेको छ र सांस्कृतिक सौन्दर्यमा सुगन्ध भइरहेको छ ।

कम्बोडियालाई कम्बुज पनि भन्छन् । यो देश यहाँको जातीय भाषामा खमेर देश हो । धार्मिक सहअस्तित्वको प्रतीक तर मानव जीवनको निम्ति उपयुक्त भएपछि परिवर्तन र परिवर्द्धन सजिलै र सहर्ष स्वीकार गर्न सक्ने क्षमताको उदाहरण भएको देश कम्बोजको नाउँ कम्बोज राजाको नामले रहेको कसैले भन्छन् भने ९४७ ईस्वीको अभिलेखले कंबु ऋषि र अप्सरा मेराबाट कंबुज राजवंशको उत्पति भएको कुरा बताउँछ । अझ स्वर्गीय राहुलज्यूको भनाई अनुसार कम्बोज नाउँ पनि चंपा जस्तै भारतीय प्रदेशको नै नाउँ हो ।

पुरातात्विक तथ्य अनुसार र चिनियाँ प्रागइतिहासिक कथन अनुसार कम्बोडियामा बुद्धधर्म आउनु अगाडि वर्णाश्रमधर्मको प्रभाव रहेको देखिन्छ । यहाँ महेन्द्रबर्मा जस्ता राजाहरू सिंहासनमा बस्दा ब्रम्हदत्त र ब्रम्हसिंहजस्ता ब्राम्हणहरूले मद्दत गरेको र ब्राम्हणधर्मको प्रभाव गरेको थियो । दास, पशु, भूमि र सुवर्ण सारा सम्पत्ति देवसम्पत्ति



https://dhamma.digital

भन्ने अनि त्यसमा देवताका विरागी सेवकहरूको अधिकार भन्ने त्यतिबेलाको साधारण कुरा हो । किन्तु जुनबेला कम्बोडियामा बुद्धधर्म प्रवेश भयो, वर्णाश्रमधर्म शोषक शोषणमा निर्भर धर्म आस्थामा कमजोर हुँदै गयो । फेरि यसको निम्ति बुद्धधर्मको कम मेहेनत लागेन भन्ने कुरा यहाँको इतिहास पढे थाहा हुन्छ । अझ भनौं कति समयसम्म बुद्धधर्मले खुल्ला परिस्थितिको लागि आफू पनि संकीर्ण परिधिमा थुनिन पर्‍यो । बिहान सबेरै भिक्षाटन हुने आजको बुद्धधर्म आउनुभन्दा अगाडि यहाँका भिक्षुहरूले दतिवन, दाउरा, चामल, पान र दास दासीको सेवा, श्रम, सिरालिने परिस्थितिले थामेको बुद्धधर्मको केही समय पनि देखिन्छ ।

कम्बोडियामा सर्वप्रथम पाँचौं शताब्दीमा बुद्धधर्म प्रवेश भएको मानेको छ । अहिलेसम्म भेट्टाइए अनुसार जयबर्मा प्रथम (६६५ ई.) को अभिलेखमा नै सबभन्दा पहिलेको बुद्धधर्मको उल्लेख भइरहेको देखिन्छ । यो अभिलेखमा लेखिएको छ, उनको राज्यमा एउटै आमाका दुईजना श्रेष्ठ पुत्रहरू भिक्षु भएका थिए । दुवै नै शील, श्रुत, दया, संयमका निधि हुन् । तिनीहरूको नाउँ रत्नभद्र र रत्नशेन हो । यस वर्णनको आफ्नै महत्व छ । एक दृष्टिबाट यतिबेला दुई दाज्यूभाई पनि भिक्षु बनेको अभिलेखले पाँचौं शताब्दीमा बुद्धधर्म कम्बोडियामा भित्रिसकेको देखाइराखेको छ भने अर्कोतिर सुन चाँदी गाउँ दास दासी संग्रह प्रवृत्तिको धर्मको प्रतिक्रिया देखाउँछ ।

यसपछि कम्बोडियामा शैलेन्द्रहरूको प्रभाव बढ्दै आयो । उनी विजयी राजाहरू जवाका बोरोबदुर जस्ता विशाल र अद्भूत बौद्धचैत्य तथा बौद्ध विहारका संस्कारले परिचित थिए । यसले गर्दा जयदेव द्वितीय स्वयं जावाबाट आएर प्रशासनिक काम गर्दै स्वतन्त्र राज्य स्थापना गर्ने भएता पनि बुद्धधर्म विकास गर्नुमा अघि सरेको थियो । जयदेव द्वितीय वायोले बौद्धविहार निर्माण गर्‍यो, जुन पछि शैव देवालयमा परिणत हुन गयो । उनले जावाबाट आउने बित्तिकै एकपटक बौद्ध विहार र बुद्धमूर्तिको निर्माणमा निकै ध्यान दिनुभयो । परन्तु पछि विस्तार विस्तार शिवालयको निर्माणमा प्रयास गर्‍यो । यसको कारण



https://dhamma.digital

सायद त्यतिबेलाको वर्णाश्रमधर्म र शैवीधर्मको प्रभाव हो, जेहोस् उहाँको पालामा कम्बोडियाको संस्कृति निकै उन्नति भयो । अंकोर थोमको ते प्रमाण (विहार) प्राहविथू (विद्यापीठ) र बौद्धचोक विशेषतः वायोन यसको प्रमाण हो । वायोन एलोरा जस्तो किन्तु जोडिएको ढुंगाको वास्तुकला र स्थापत्यकलाको अद्‌भूत कृति हो । यहाँ प्रशस्त शिवालयहरू छन् परन्तु तेश्रो पंक्तिमा अवलोकितेश्वर छ, जुन कमलको फूलमा उभिएको छ । अवलोकितेश्वरको मुकुटमा अमिताभ र हातमा कमल, पुस्तक, जपमाला र एक प्रकारको ऐना (ज्वला न्हाय्‌कँ) छ । यसलाई हेरेर नै फ्रेन्च विद्वान फिनोले यो पहिले महायानी विहार हो भनी अनुमान गर्नु भएको थियो ।

जयदेव द्वितीयबाट निर्माण भएको पुरवानपुरी राजधानीमा नै पुरानो ढाँचाको बुद्धको शिर र नागमा आसीन भगवान बुद्धको मूर्ति पाइएको छ । अर्को राजधानी अमरेन्द्रपुरमा पाइएको देव देवीहरूको मूर्तिमा मुकुटमा बुद्धको मूर्ति राखिएको छ । जयदेव द्वितीय एउटा पराक्रमी राजा थियो, त्यसैले उहाँको खड्‌गलाई अहिलेसम्म पवित्र भनी सम्मान गरिरहेको छ ।

जयदेवपछि अर्को बुद्धधर्मको इतिहास अनुसार मान्नुपर्ने कम्बोडियाका राजा हुन् यशोबर्मा (८८९-९०९ ई.) । उहाँको पालामा बुद्धधर्मको एउटा राम्रो रूपरेखा बन्यो । उनको शिलालेखमा उल्लेख भएको छ कि "जसले स्वयं जानेर यो भव बन्धनबाट मुक्त हुने उपाय तीनैलोकलाई बताउनुभयो, जसले निर्वाणको बाटो प्रदान गर्नुभयो, उनी बन्धचरण, करूणहृदय बुद्धलाई नमस्कार" । अझ अर्को एउटा अभिलेखमा लेखिएको छ कि "राजाधिराज कम्बु भूमिपति राजा यशोबर्माले बौद्धहरूको हितको निम्ति यो सौगताश्रम बनाएको हो" । साथै "विद्यासम्पन्न आचार्य जसले बौद्धशास्त्र र व्याकरण पढेका हुन्छन् उसको सम्मान हुनुपर्छ" ।

जयबर्मा पञ्चमको दोश्रो उत्तराधिकारी सूर्यबर्मा पनि बौद्ध थियो । तैपनि स्थविरवाद र महायानी भिक्षुहरूको पुण्य बाँडेर लिने ईच्छाका साथै वर्णाश्रमधर्मको रक्षक भन्न पनि मनपराउनु हुन्थ्यो । परन्तु इतिहासबाट यस्तो स्पष्ट हुन्छ यतिबेलासम्ममा बर्णाश्रमधर्मप्रति



https://dhamma.digital

जनप्रेम भने निकै ऱ्हास भइसकेको थियो । यतिबेलाको शिलालेखबाट स्पष्ट हुन्छ राजाश्रयको कारणबाट ब्राम्हण सामान्य भइरहनसक्यो न कि जनताको स्वेच्छाले ।

यसपछि ई. ११८२ देखि १२०२ सम्मका शासक जयबर्मा सप्तम् हाम्रो अगाडि आउँछ । उनलाई नै मृत्युपछि महापरमसौगत शब्दबाट सम्मान गरियो । कम्बोडिया राज्यको विस्तारमा र बुद्धधर्म प्रचारको दृष्टिले उहाँ साँच्चै नै कम्बोडियाका सम्राट् अशोक हुन् । उनले राज्यविभाग भन्ने नयाँ नगर स्थापना गरेर ठूलो राजविहार (ता प्रोंग) बनायो । अनि यो नगर मुनिन्द्रमाला (प्रज्ञापारमिता) लाई अर्पण गऱ्यो । यो विशाल विहारमा ४३९ आचार्यहरूका साथै पढ्नेहरू पनि हजारौं थिए । यो विहार ३४०० गाउँको आयबाट चल्ने गरेको थियो ।

जयबर्मा सप्तम्को पालामा निकै बौद्धविहार निर्माण हुनुको साथै लोक कल्याणकारी आदर्शको प्रचार भयो । यतिबेला ७९८ विहारहरू र ११७ आरोग्यशालाहरू छन् भनी उल्लेख छ । प्रत्येक आरोग्यशालाको चारैतिर भैषज्य गुरूको मन्दिरहरू हुन्थे । यिनको निर्माणमा जयबर्मालाई सायद मातृभक्तिले प्रेरित गरेको थियो । त्यसैले आफ्नो अभिलेखमा "यो मेरो पुण्य कार्यबाट मेरी मुमालाई भवसागरबाट मुक्त भई बुद्धपद प्राप्त होओस्" भनी उल्लेख गरिराखेको छ ।

बुद्धधर्मको यो विकासक्रममा श्रीलंकाको प्रभावले केही काम गरेको भए केही आश्चर्य मान्नु पर्दैन । कारण श्रीलंकाका राजा पराक्रमबाहुको कम्बोडियन राजा धरणीधर द्वितीयसँग दरिलो मैत्री सम्बन्ध थियो । त्यति बेला श्रीलंकामा बुद्धधर्म विकास भैरहेको थियो । जेहोस् बाऱ्हौं शताब्दी पुग्दा भिक्षुहरूबाट राजाले सल्लाह लिने र उपदेश सुन्ने हुने गर्थ्यो । यो कुरा चिनियाँ यात्री शूता-कुवानको यात्रा वर्णनबाट स्पष्ट हुन्छ ।

कम्बोडियाको अतीतको इतिहासको चर्चा अंकोरवाटको वर्णन विना अधुरो हुनेछ । अंकोरवाटको अर्थ नगर देवालय हो । धेरै वर्षसम्म निर्जन भएर लुकिराखेको यो विस्तृत व्यापक नगर अंकोरबाट १८६० मा



https://dhamma.digital

एक फ्रेन्च प्रकृतिशास्त्री आंटीमुबोले पुनः पत्ता लगाएको हो। आंटीमुबोले यो हेर्दै आश्चर्य लाग्ने दुनियाँको एक अद्भूततम् स्मारक नगर हो जुन् जस्तो स्मारकनगर युनान र रोममा समेत बनेको छैन ।

अंकोरबाट कसले र कसको निम्ति बनाइएको हो यो विषयमा अहिलेसम्म स्पष्ट प्रमाण पाइएको छैन । अनुमान अनुसार सूर्यबर्मा द्वितीय र तिनका गुरू दिवाकर पण्डितले बनाएको हो, जुन आज स्थविरवादी विहार हो । शिलालेखमा परम विष्णुलोक लेखिराखेको भए तापनि यो स्थविरवादी हो । अर्थात् बाओन विहार पछि शिवालय हुन गएजस्तै शिवालयबाट बौद्ध विहारमा विकास भएको अनुमान गरिएको छ । अंकोरवाट कलात्मक दृष्टिले अंकोरथोम भन्दा पछिको निर्माण हो । फेरि अंकोरवाटको पूर्ण निर्माण एक पुस्ताबाट भएको पनि होइन । यहाँ महाभारतको चित्रका साथै बुद्धको जीवनी पनि ढुंगामा कुँडी राखेको छ। यहाँको मूर्तिकला निकै नै उत्कृष्ट छ । मुख्य स्मारक २१३ फीट अग्लो छ । परन्तु यस केन्द्रगर्भ भित्र मूर्ति नै छैन । भित्तामा फूलको बुत्ता र देवकन्याहरू सूक्ष्म रूपमा राम्रोसँग कुँडिएका छन् ।

अंकोरवाट सातसय फीट चौडाइ भएको नदीको पर्खालबाट घेरिएको छ। त्यसको पुल नै ३८ फीट चौडाइको छ। पर्खाल एक माइल जतिको र उत्तर दक्षिण आधा माइलको छ। मुख्य प्रवेश द्वार पश्चिमतिर पर्छ। ढोकामा दुवैतिर दुईवटा पुस्तकालयहरू छन् ।

कम्बोडियामा आजभोलि सयमा ९९ प्रतिशत बौद्ध छन् । बाँकी मुस्लिम र क्रिश्चियन हुन् । चारसय वर्ष अगाडि आएका मलेहरू र चामहरूले इस्लामधर्म भित्र्याइएको थियो । केही शताब्दी अघि आएका हजार पश्चिमी मानिसहरूले क्रिश्चियनधर्म मानेका छन् । तैपनि मस्जिद, चर्च र बौद्धविहार सँगसँगै सजिलैसँग रहेका छन् । कम्बोडियामा ४५,००,००० खेमर, ३,५०,००० भियतनामी, २,००,००० चिनियाँ, १,००,००० चाम र मले, २०,००० लाओस, २,००० बर्मी र अलिकति युरोपी, फ्रेन्च जातिका मानिसहरू छन् । (यो तथ्यांक अप्डेत होइन : सं)



https://dhamma.digital

कम्बोडियामा स्थविरवादका महानिकाय र धम्मयुत्तिय निकाय भन्ने दुई शाखाहरू छन् । यहाँ जम्मा २००० विहार र ८२,००० भिक्षु श्रामणेरहरू छन् । विहार र भिक्षु श्रामणेरहरू सबै राजकीय संरक्षणमा सुसंगठित भएका छन् । नोमपेन्हमा १९१४ मा पालिको हाईस्कुल खोल्यो । अनि प्रमेसुस्मरित बौद्ध महाविद्यालय स्थापना गऱ्यो । १९२५ ईस्वीमा सुसंगठित गरिएको राजकीय पुस्तकालयले बुद्धधर्मका पुस्तकहरू राम्रोसँग सुरक्षित गऱ्यो । १९३० मा बौद्ध अध्ययन संस्थान बनाई केही वर्षपछि त्रिपिटक बोर्ड निर्माण गऱ्यो । फेरि यो बोर्डले ११० वटा अमूल्य पुस्तकहरू सम्पादित गर्दै ५५ वटा प्रकाशित पनि गऱ्यो । हेर्दाहेर्दै १९३० सम्ममा अर्थात् छब्बीस सत्ताईस वर्षमा ४०० वटा स्कुलहरू खुलेका छन् । अनि प्रिंस सिंहनुराजाकावे स्मृतिमा १९५५ मा बौद्ध विश्वविद्यालय पनि स्थापना भयो ।

कम्बोडिया एउटा बुद्धधर्मको जीवित परम्परा भएको देश हो । यहाँको थितिरीति आज सम्पूर्ण बौद्ध परम्परा अनुसार भइसक्यो । तसर्थ यहाँको सात प्रमुख उत्सव चाडको उल्लेख गर्न उचित सम्झन्छु ।

१. **चुलामुनि चेतिय उत्सव :** अप्रैलको १३, १४ र १५ तारिखको दिन तीनदिन लगातार यहाँ एउटा ठूलो उत्सव हुन्छ, यसलाई चुलामुनि चेतिय (चुला-मुनि-चेतिय) उत्सव भन्छन् । सिद्धार्थ कुमारले जुन कपाल अनोमानदीको तीरमा काट्नु भएको थियो त्यो कपाल भएको चैत्यको उत्सवले हामीलाई सिद्धार्थको महाभिनिष्क्रमणको पूर्णत्वको सम्मान भएको कुरा बोध हुन्छ । यो दिन सबै उपासक उपासिकाहरू सुगन्ध धूप लिएर विहारमा आउँछन् र बुद्धपूजा गर्छन् ।

२. **बुद्धजयन्ती :** बुद्धजयन्ती यहाँको दोश्रो किन्तु महत्त्वपूर्ण राष्ट्रिय पर्व हो । सिद्धार्थको जन्म, सम्बोधि, लाभ, महापरिनिर्वाण भएको । यो बुद्धजयन्ती अनेक यात्रा उत्सव पूजादिद्वारा धुमधामसँग मनाउँछन् ।

३. **राजकीय कृषिकर्म दिवस :** कम्बोडियाको तेश्रो उत्सव राजकीय कृषिकर्म उत्सव हो । शुद्धोदन महाराजाले खेती गरेको र सिद्धार्थको एक्लै त्यसबेला रूखमुनि ध्यान गरेको स्मृतिमा खेती काम शुरू



https://dhamma.digital

गर्ने यो उत्सवको लक्ष्य हो । झण्डै नेपालको आषाढ १५ गतेको खेतीजस्तै यो उत्सव कम्बोडियामा बैशाख कृष्णपक्ष चौथीको दिन मान्छन् ।

४. **प्रव्रज्या उत्सव :** कम्बोडियाका प्रत्येक बौद्ध पुरूषहरूको निम्ति जीवनमा एकपटक प्रव्रज्या हुनु अनिवार्य छ। यो प्रव्रज्या नेपालको चूडाकर्म जस्तै भने पनि हुन्छ। प्रव्रज्या हुनु अगाडी भिक्षुहरू घरमा निम्त्याई पालिसूत्र पाठ गराउँछन् । अनि प्रव्रज्या हुने अघिल्लो दिन विहारमा गएर त्यो व्यक्ति नाग हुन्छन् । यो प्रव्रज्या संस्कार हुनु अगाडी विहारमा जाँदा धुमधामसाथ सांस्कृतिक बाजागाजा सहित प्रव्रज्या हुने व्यक्ति घोडामा चढेर जान्छन् । उनको वस्त्र पनि राजकीय वस्त्र हुन्छ । यस प्रथाबाट सिद्धार्थले गृहत्याग गरेको स्मरण गराउँछ, साथै जस्तै सम्पन्न व्यक्ति पनि भिक्षु बन्न योग्य भनी देखाएको हुन्छ । अरू अरू प्रव्रज्या हुँदा एकाध महिना आफूखुसी हुन्छन् । परन्तु वर्षावासको बीचमा छोड्नुपर्ने किसिमले हुँदैन । राजपरिवारका प्रव्रज्या बाह्र दिन हुन्छ । तिनीहरू पनि यस्तै यात्रा सहित विहारमा जान्छन् । नेपालमा चूडाकर्म गरिसकेपछि प्रदर्शन गरी देशान्तर घुमाउने भन्दा यो केही अर्थपूर्ण पनि छ ।

५. **वर्षावास :** भिक्षुहरूको वर्षावास बस्ने उत्सवमा भाग लिने कम्बोडियाका बौद्धहरूको एक अनिवार्य रीतिथिति हो । पुष्प धूप लिएर विषेशतः मैनबत्ति लिएर आआफ्नो श्रद्धा भएको विहारमा जान्छन् । फेरि वर्षावासको निम्ति उत्सव गर्छन् । यो वर्षावास बस्ने दिनमा राजदरबारबाट पनि राजाले वा राजप्रतिनिधिले मैनबत्ति बाल्न जान पर्छ । यसरी बाल्न जान पर्ने मैनबत्ति १९ वटा हुन्छन् । त्यसमध्ये सिलभर पगोडामा एउटा, बुद्धको अगाडी एउटा, राजपरिवारको अवशेष राखिएको ठाउँमा एउटा र पवित्र तलवारमा एउटा बाल्नुपर्ने कुरा विशेष उल्लेखनीय छ । यो उत्सवलाई त्यसकारण मैनबत्ति उत्सव पनि भन्छन् । यस उत्सवमा साटकवस्त्र नुहाउने वस्त्र लगेर भिक्षुहरूलाई दान दिन्छन् ।



https://dhamma.digital

६. **शान्ति कामना दिवस :** सेप्तेम्बरको कृष्णपक्षको औंशीको दिन देशको निम्ति युद्ध क्षेत्रमा मर्ने शहीदहरूको नाउँमा विशेष पूजा र दान गरी गर्ने उत्सव नै शान्ति कामना दिवस हो । यशोबर्माको अभिलेख अनुसार यो पहिलेदेखि नै एक परम्परागत शान्ति दिवस भएको देखिन्छ ।

यसको अतिरिक्त वर्षावास समाप्तिको दिन कथिन उत्सव आदि पनि कम्बोडियामा राम्रोसँग मनाउँछन् । देशका ९९ प्रतिशत जनता बौद्ध हुनाले यहाँको जुनसुकै बौद्धचारित्रिक उत्सवमा राष्ट्रियता आउनु स्वाभाविक कुरा नै हो । यसको राम्रो उदाहरण १९५४ अक्टुबर महिनाको भगवान बुद्ध, सारिपुत्र र मौद्गल्यायनको पवित्र अस्तिधातुको अद्भुत र भव्यतम यात्रा हो ।

आज कम्बोडियामा बिहान सबेरै जहाँतहिँ पहेँलो चीवर वस्त्र मात्र देखिरहन्छ । कम्बोडियाको प्रत्येक टोलमा र गाउँमा बौद्ध विहारको गजुर देखिरहन्छ । प्रत्येक व्यक्तिको मुखबाट बुद्धं शरणं गच्छामि भनेको सुन्न पाई रहन्छ । विशेषताः यी सबै बौद्ध अस्तित्वले, बौद्ध संस्कृतिले, बौद्ध हृदयको ढुकढुकीले आज कम्बोडियामा शान्तिको माग गर्दैछ, आन्तरिक संघर्षको अन्तको आशा गरिरहेको छ ।

(यो रचना बौद्ध संस्कृति 2500 Buddha Jayanti Souvenir, 2500 th years of Buddhism, र धर्मदूतको आधारमा रचित र सम्पादित हो : भिक्षु सुद्धर्शन ।)

## (ख) वर्तमान कम्बोडियामा बुद्धधर्म

विश्वका विभिन्न बौद्ध देशहरूमध्ये कम्बोडिया पनि एक प्राचीन इतिहास भएको बौद्ध देश हो । कम्बोडियालाई कम्बुज पनि भनिन्छ । यो देश दक्षिणपूर्वी एसियामा अवस्थित रहेको छ । यस देशको सिमानामा उत्तर पूर्वमा लाओस, उत्तर पश्चिममा थाइल्याण्ड, पूर्वमा भियतनाम र दक्षिण पश्चिममा थाइल्याण्डको खाडि क्षेत्र रहेको छ । यस देशको कुल क्षेत्रफल १,८१,०३५ वर्ग किलोमिटर रहेको छ । कम्बोडियामा



https://dhamma.digital

बुद्धधर्मलाई राज्य धर्मको रूपमा मानिन्छ। यहाँ ९५ प्रतिशत जनसंख्याले बुद्धधर्म मान्ने गर्छन । यहाँको आधिकारिक भाषा खमेर हो । यहाँ अधिकांश मानिसहरू खमेर जातिका रहेका छन् भने बाँकी चीनियाँ, भियतनामी र मलायका मुश्लिमहरू रहेका छन्। वर्तमान समयमा पनि देशका विभिन्न स्थानका विहारहरूमा धेरै भिक्षुहरूले बुद्धधर्मको अध्ययन र अभ्यास गरिरहेका छन् । ध्यान अभ्यासका लागि ध्यान केन्द्रहरूको पनि स्थापना गरिएको छ । कम्बोडियामा स्थविरवादका महानिकाय र धम्मयुतिय निकाय भन्ने दुई शाखाहरू छन् । यहाँ दुई हजार विहारहरू र ८२००० भिक्षु श्रामणेरहरू छन् । विहार तथा भिक्षु श्रामणेरहरू सबै राजकीय संरक्षणमा सुसंगठित भएका छन् ।

## इतिहास

कम्बोडियामा ई.पू. २५० तिर अशोककालमा बुद्धधर्मको प्रवेश भएको मान्यता रहेको छ। सम्राट अशोकले धर्मप्रचार गर्ने क्रममा सोण र उत्तरलाई सूर्वणभूमि पठाएका थिए। त्यस सूर्वणभूमि भनेको फुनान हो भन्ने उनीहरूको मान्यता रहेको छ। भिक्षु सोण र उत्तरले ब्रम्हाजालसूत्र देशना गर्दा त्यस उपदेशबाट ६०,००० साठी हजार मानिसहरू प्रभावित भएका थिए । त्यस समयमा २५०० पुरुषहरू र १५०० महिलाहरू प्रवजित भएका थिए। यसरी त्यस समयदेखि फुनान राज्य बौद्ध केन्द्रको रूपमा विकास भएको मानिन्छ।

कम्बोडियामा सर्वप्रथम पाँचौं शताब्दीमा बुद्धधर्म प्रवेश भएको हो । अहिलेसम्म भेट्टाइएका अभिलेख अनुसार ई.पू. ६६५ जयवर्मन प्रथमको अभिलेखमा बुद्धधर्मको उल्लेख भएको र त्यसमा उनको राज्यमा एउटै आमाका दुईजना जेष्ठ पुत्रहरू भिक्षु भएका थिए । दुवै नै शील सदाचार, ज्ञान, दया र संयमका निधि थिए। यसरी पाँचौं शताब्दीमा नै बुद्धधर्मको प्रवेश भइसकेको थियो ।

## राजा जयवर्मनको शासन काल (इ.पू.४७८-५१४)

यसकालमा फनान राज्यको वंशज राजा कौण्डन्य जयवर्मनले



https://dhamma.digital

शासन गरेका थिए । जयवर्मनले भारतका भिक्षु नागसेनको नेतृत्वमा एक धम्मदूत टोली चीनमा बुद्धधर्म विस्तारको लागि पठाएको कुरा उल्लेख भएको पाइन्छ ।

## राजा रूद्रवर्मनको शासन काल (इ.पू.५१४-५३९)

राजा रुद्रवर्मनलाई फुनान कालका अन्तिम राजाको रूपमा लिइन्छ । यी राजाले १२ फिट लामो केशधातु पालेका थिए । र देशका जनताहरूलाई त्यस केशधातूको पूजा गर्न आह्वान गरेका थिए । त्यस समयमा संस्कृत र पालि भाषामा बौद्ध साहित्य प्रचलनमा थियो । कम्बोडियामा त्यस समयमा प्रशस्त बौद्ध आचार्य तथा बौद्ध विद्वानहरू थिए । कम्बोडियाका बौद्ध विद्वानहरू धर्मप्रचारार्थ चीन प्रवेश गरेको थिए । ई.पू. ५३५-५४५ को बीच झण्डै २४० बन्डल बौद्ध धर्म ग्रन्थहरू कम्बोडियाबाट चीन पठाइएको थियो । त्यस समयमा कम्बोडियामा थेरवादी बौद्धधर्मको व्यापक प्रभाव परेको थियो ।

छैठौं शताब्दीको प्रारम्भमा कम्बोडियाका राजाले चीनका सम्राटलाई बुद्धधर्मको ध्यानको शिक्षा दिनको लागि मुगाको बुद्धमूर्ति पठाएका थिए । र साथै फुनानका दुई खमेर बौद्ध विद्वान भिक्षुहरू संघपालथेर र मन्दासेनथेर (मंग) लाई चीन पठाइएको कुरा उल्लेख रहेको पाइन्छ ।

७औं र ८औं शताब्दीमा पुगेपछि कम्बोडियामा महायान तथा वैदिक धर्मको प्रवेश भएको देखिन्छ । केहि विद्वानहरूले कम्बोडियामा







https://dhamma.digital

बुद्धधर्म भन्दा पहिले वैदिक धर्म प्रवेश गरेको तर्क अघि सार्दछन् । तर कम्बोडियाका बासिन्दाहरू भने अशोककालमा नै बुद्धधर्मको प्रवेश भएको हो भन्ने मान्यता राख्छन् ।

८८९-९०० ई.सं मा राजा यशोवर्मनको समयमा महायान र वैदिक धर्मको व्यापक विस्तार भएको मानिन्छ । यस समयमा प्रशस्त विहार, आश्रम तथा मन्दिरहरू बनाएर आफैले व्यापक रूपमा दान गरेको पाइन्छ । उनको एउटा अभिलेख छ त्यस अभिलेखको पछिल्लो दुईवटा वाक्यको भावार्थ यस प्रकार छ ।

(कम्बोज देशको स्वामी नृपेन्द्र राजा श्री यशोवर्मनले सौगात बुद्धहरूको अभ्युदयका लागि सौगात आश्रम निर्माण गरे । (**यहाँ सौगातले बुद्ध वा भिक्षु भन्न खोजिएको जस्तो देखिन्छ ।**)

उहाँले शिलालेखमा यसो पनि भनेका छन् "जसले स्वयं जानेर यो भव बन्धनबाट मुक्त हुने उपाय बताउनुभयो, वहाँ तीनै लोक ज्ञाता जसले निर्वाणको बाटो प्रदान गर्नुभयो ।" भनेर करुणहृदयले बुद्धलाई नमस्कार भनि उल्लेख भएको पाइन्छ ।



ई.सं.११८२ देखि १२०२ सम्मका शासक जयवर्मन सातौं हुन् । उनलाई नै मृत्युपछि "**महापरमसौगत**" शब्दबाट सम्मान गरियो । कम्बोडिया राज्यको विस्तारमा र बुद्धधर्म प्रचारको दृष्टिले उहाँको ठूलो योगदान रहेको छ । उहाँलाई कम्बोडियाका सम्राट अशोक भनेर



https://dhamma.digital

चिनिन्छ । उनले राज्यविभाग भन्ने नयाँ नगर स्थापना गरेर ठूलो राजविहार बनाएका थिए । त्यस नगरलाई मुनिन्द्रमाला (प्रज्ञापारमिता) लाई अर्पण गरे । यो विशाल विहार ४३९ आचार्यहरूका साथमा पढ्नेहरू हजारौं थिए । यो विहार ३४०० गाउँको आयबाट चल्ने गरेको थियो । उनको पालामा धेरै बौद्धविहार निर्माण हुनुको साथै कल्याणकारी आदर्शको प्रचार प्रसार भएको थियो । त्यस समयमा ७९८ वटा विहार र ११७ आरोग्य शालाहरू बनेका थिए । उनी मातृभक्त र माताप्रति कृतज्ञ थिए तसर्थ उनको अभिलेखमा "यो मेरो पुण्यकार्यबाट मेरी मुमालाई भवसागरबाट मुक्त भई बुद्धपद प्राप्त होओस्" भनि उल्लेख गरिएको छ ।

## अंकोरवाट



कम्बोडियाको इतिहासको चर्चा गर्दा अंकोरवाटको वर्णन गर्नै पर्छ । नत्र भने इतिहास अधुरो हुन्छ । अंकोरवाटको अर्थ नगर वा देवालय हो । धेरै वर्षसम्म निर्जन भएर लुकी राखेको यो विस्तृत व्यापक नगर अंकोरवाट एक फ्रेञ्च प्रकृति शास्त्री आटीमुबोले पुनः पत्ता लगाएका हुन् । यो हेर्दै आश्चर्य लाग्ने दुनियाँको एक अद्भूत स्मारक नगर हो । यस्तो स्मारकनगर युनान तथा रोममा समेत बनेका छैनन् । अंकोरवाट कसले र कसको निम्ति बनाइएको हो भन्ने विषयमा अहिलेसम्म स्पष्ट प्रमाण भेटिएको छैन । भनिन्छ सूर्यबर्मी द्वितीय र तिनका गुरु दिवाकर पण्डितले बनाएका हुन् । जुन आज स्थविरावादी विहारको रूपमा रहेको



https://dhamma.digital

छ। शीलालेखमा परम विष्णुलोक लेखिराखेको भए तापनि यो स्थविरवादी हो अर्थात बाओन विहार पछि शिवालय हुन गए जस्तै शिवालयबाट बौद्ध विहारमा विकास भएको अनुमान गरिएको छ। यहाँ महाभारतको चित्रका साथै बुद्धको जीवनी पनि ढुँगामा कुंडिराखेको छ। यहाँको मूर्तिकला निकै नै उत्कृष्ठ छ। मुख्य स्मारक २१३ फिट अग्लो छ। परन्तु यस केन्द्रगर्भ भित्र मूर्ति नै छैन। भित्तामा फूलको बुट्टा र देवकन्याहरू शुक्ष्म रूपमा राम्रोसँग कूँदिएका छन्।

अंकोरवाट सातशय फिट चौडाइ भएको नदीको पर्खालबाट घेरिएको छ। त्यसको पुल नै ३८ फिट चौडाइको र पर्खाल एक माइल जतिको रहेको छ। मुख्य प्रवेशद्वार पश्चिमतिर पर्छ र ढोकामा दुवैतिर दुईवटा पुस्तकालयहरू छन्।

## बायोन मन्दिर

बायोन मन्दिर कम्बोडियाको अंकोरमा भएको एक प्रसिद्ध र समृद्धसँग सजाइएको खमेर मन्दिर हो। १२ औं शताब्दीको अन्तमा र १३ औं शताब्दीको प्रारम्भमा बौद्ध राजा जयवर्मन ७औं को शासनकालमा निर्माण गरिएको थियो। यस मन्दिरको स्तम्भहरूमा सयौं ढुङ्गामा मुस्कुराउने बुद्धका अनुहारहरू कोरिएका छन्। यो पहाडलाई जयगिरफ अर्थात विजय पर्वत भनिन्थ्यो। यो मन्दिर पूर्ण रूपमा बुद्धलाई सर्मपित छ।





https://dhamma.digital

जयदेव द्वितीयले धेरै बौद्धविहारहरूको निर्माण गरे जुन पछि शैव देवालयमा परिणत हुन गयो । उनले जावामा आउने बित्तिकै एकपटक बौद्ध विहार र बुद्धमूर्तिको निर्माणमा निकै ध्यान दिनुभयो । तर पछि विस्तारै विस्तारै शिवालयको निर्माण गर्न तिर लागे सायद यसको कारण त्यतिबेलाको वर्णाश्रम धर्म र शैव धर्मको प्रभाव हो । तर उनको समयमा कम्बोडियाको संस्कृतिको निकै उन्नति भएको थियो । अंकोर थोम विहार, प्राहविथू (विद्यापीठ), बौद्धचोक, विशेषत बायोन यसको प्रमाण हुन् । बायोन एलोरा जस्तो किन्तु जोडिएको ढुङ्गाको बास्तुकलाको अद्भुत कृति हो ।

## बौद्ध संस्कृति र परम्परा

कम्बोडिया एक बुद्धधर्मको जीवित परम्परा भएको देश हो । यहाँको रीतिथिति आज पनि सम्पूर्ण बौद्ध परम्परा अनुसार गरिन्छ । तसर्थ यहाँको सात प्रमुख उत्सवहरू निम्न छन् ।



### १. चूलामुनि चेतिय उत्सव

अप्रिल १३, १४ र १५ तारिखको दिन तीन दिन लगातार यहाँ एउटा ठूलो उत्सव हुन्छ । त्यस उत्सवलाई चुलामुनि चेतिय उत्सव भनिन्छ । सिद्धार्थ कुमारले अनोमानदीको तीरमा काट्नुभएको कपालको स्वरूप राखिएको चैत्यलाई उपासक उपासिकाहरूले यी दिनहरूमा



https://dhamma.digital

धुप, दीप आदिले पूजा गरेर बुद्ध पूजा गर्छन् । सिद्धार्थ कुमारको महाभिनिष्क्रमणको सम्मान स्वरूप यो उत्सव मनाउने गर्छन् । यस पर्वलाई कम्बोडियाको नयाँ वर्षको उत्सवको रूपमा पनि धूमधामसँग मनाउने गरिन्छ ।



२. **बुद्धजयन्ती**

बुद्धजयन्ती यहाँको दोश्रो तर महत्वपूर्ण राष्ट्रिय पर्वको रूपमा मनाउने गरिन्छ । सिद्धार्थको जन्म, सम्बोधि लाभ, महापरिनिर्वाण भएको दिनको रूपमा अनेक यात्रा, उत्सव पूजादिद्वारा धुमधामसँग मनाउँछन् ।

३. **राजकीय कृषिकर्म दिवस**



कम्बोडियामा तेस्रो उत्सव राजकीय कृषिकर्म उत्सव हो । यस



https://dhamma.digital

दिन राजा शुद्धोदनले सर्वप्रथम हलो जोती खेती गरेको सम्झना स्वरूप यो उत्सव मनाउने गरिन्छ । त्यस बेला बालक सिद्धार्थ कुमार एक्लै रुखमुनि आनापानसति ध्यान गरेको स्मृतिमा पनि यो उत्सव मनाउने गरिएको छ । नेपालमा असार १५ गतेको दिन धान रोपाइँ गरे जस्तै कम्बोडियामा यो उत्सव बैशाख कृष्णपक्ष चौथी तिथिको दिन मनाउने गरिन्छ ।

### ४. प्रवज्या उत्सव

कम्बोडियाका प्रत्येक बौद्ध पुरुषहरूको निम्ति जीवनमा एक पटक प्रवज्या हुनु अनिवार्य छ । प्रवज्या हुनु अगाडि भिक्षुहरू घरमा निमन्त्रणा गरी पालिसूत्र पाठ गराउँछन् । प्रवज्या संस्कार हुनु अगाडि विहारमा जाँदा धुमधामका साथ सांस्कृतिक बाजागाजा सहित प्रवज्या हुने व्यक्ति घोडामा चढेर जान्छन् । उनको वस्त्र पनि राजकीय वस्त्र हुन्छ । यस प्रथाबाट सिद्धार्थले गृहत्याग गरेको स्मरण गराउँछ । साथै सम्पन्न व्यक्ति पनि भिक्षु बन्न योग्य भनि देखाएको हुन्छ । अरू अरू प्रवज्या हुँदा एकाध महिना आफु खुसी हुन्छन् । तर बर्षावासको बीचमा छोड्न् हुँदैन । राजपरिवारमा प्रवज्या हुने बेलामा भने बाह्र दिन हुने गर्छन् । तिनीहरू पनि यस्तै यात्रा सहित विहारमा जान्छन् ।

### ५. वर्षावास

भिक्षुहरूको वर्षावास बस्ने उत्सवमा भाग लिने कम्बोडियाका बौद्धहरूको एक अनिवार्य रीतिथिति हो । पुष्प धूप लिएर विषेशतः मैनबत्ती लिएर आ-आफ्नो श्रद्धा भएको विहारमा जान्छन् । फेरि वर्षावासको निम्ति उत्सव गर्छन् ।

यो वर्षावास बस्ने दिनमा राजदवारबाट पनि राजाले वा राजप्रतिनिधिले मैनबत्ती बाल्न जानु पर्छ । यसरी बाल्न जानु पर्ने मैनबत्ती १९ वटा हुन्छन् । त्यसमध्ये सिल्भर पगोडामा एउटा, बुद्धको अगाडि एउटा, राजपरिवारको अवशेष राखिएको ठाउँमा एउटा र पवित्र तलवारमा एउटा बाल्नुपर्ने कुरा विशेष उल्लेखनिय छ । यो उत्सवलाई



https://dhamma.digital

त्यसकारण मैनबत्ती उत्सव पनि भन्ने गरिन्छ। यस उत्सवमा साटकवस्त्र नुहाउने वस्त्र लगेर भिक्षुहरूलाई दान दिन्छन् ।

### ६. शान्तिकामना दिवस

सेप्तेम्बरको कृष्णपक्षको औंसी तिथिको दिन देशका निम्ति युद्ध क्षेत्रमा मर्ने शहिदहरूको नाउँमा विशेष पूजा र दान गरी शान्ति कामना दिवस मनाउने गरिन्छ। यशोवर्माको अभिलेख अनुसार यो पहिले देखिनै एक परम्परागत शान्ति दिवस भएको पाइन्छ।

### ७. कथिन उत्सव

कम्बोडियामा वर्षावासको समाप्तिको दिन कथिन उत्सव पनि भव्यताका साथ मनाउँछन् । देशका बहुसंख्यक जनताहरू बौद्ध भएको हुनाले यहाँ जुनसुकै बौद्ध चारित्रिक उत्सवमा राष्ट्रियता आउनु स्वाभाविक नै हो ।

आजसम्म पनि कम्बोडियामा बिहान सबेरै जहाँतहिँ पहेँलो चीवर वस्त्र मात्र देखिन्छ। कम्बोडियाको प्रत्येक टोलमा र गाउँमा बौद्ध बिहारको गजुर देखिन्छ। प्रत्येक व्यक्तिको मुखबाट बुद्धं शरणं गच्छामि ध्वनि सुन्न पाइन्छ ।




*नोट : 'कम्बोडियाको बुद्धधर्म 'सम्बन्धी यो पाठ्यसामग्री भिक्षु सुद्धर्शनको श्रोत र लेखक अनागारिका सुमनाले लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल ।*



https://dhamma.digital

# एकाइ ४ : (ख) लाओसमा बुद्धधर्म



## परिचय

लाओस एक थेरवादी बौद्ध देश हो । लगभग ६६% जनसंख्याले बुद्धधर्मको थेरवाद परम्परालाई अनुसरण गर्दछन् । लाओस एक भू-परिवेष्ठित राष्ट्र हो । यसको क्षेत्रफल २३६,८०० वर्ग किलो मिटर छ । लाओसको उत्तरमा चीन, दक्षिणमा कम्बोडिया, पूर्वमा भियतनाम र पश्चिममा थाइलैण्ड तथा उत्तर-पश्चिममा म्यानमारसँग सीमाना जोडिएको छ। लाओसमा सर्वप्रथम बुद्धधर्म प्रवेशको श्रेय सम्राट अशोकले पठाएका धर्मदूत मण्डललाई जान्छ। त्यति बेला सम्राट अशोकले धर्मदूत मण्डल सुवर्णभूमिमा पठाएका थिए । अशोककालको सुवर्ण द्वीपको भौगोलिक अवस्था आजको दक्षिण-पूर्वी एसिया महाद्वीपको कहाँसम्म फैलिएको थियो भन्ने कुरा एकिन गर्न गाह्रो छ । लाओसमा बुद्धधर्मले मानिसहरूको संस्कृति र दैनिक जीवनमा महत्वपूर्ण प्रभाव पारेको छ । लाओसमा बुद्धधर्म दुई हजार वर्षभन्दा पहिलेदेखि रहेको छ । यसले देशको इतिहास र विकासमा गहिरो प्रभाव पारेको छ ।



https://dhamma.digital

## इतिहास

लाओसको इतिहास समृद्ध र जटिल छ । बाह्य संस्कृति र साम्राज्यहरूबाट प्रभावित छ । लाओसमा बुद्धधर्म ७ औं शताब्दीको वरिपरि भारतीय व्यापारीहरू र अशोकको धर्मदूतको प्रभावबाट सुरु भएको थियो। शताब्दीयौंदेखि बुद्धधर्म लाओ संस्कृति र समाजको अभिन्न अंग बनेको छ । थेरवाद बुद्धधर्म सातौँदेखि आठौँ शताब्दी ईस्वीको समयमा द्वारावती राज्यको माध्यमबाट लाओसमा पहिलो पटक पुगेको मानिन्छ। यस समयमा तान्त्रिक बौद्ध धर्म लाओसमा पनि नान-चाओ राज्यबाट पेश गरिएको थियो । जुन आधुनिक समयको युनान, चीनमा केन्द्रित जातीय ताई राज्य थियो। नान-चाओ राज्यले सम्भावित रूपमा राजाको राजनीतिक विचार धारालाई बौद्ध धर्मको रक्षक र संरक्षकको रूपमा परिचय गराएको थियो । जुन दक्षिणपूर्वी एशियाको धेरै भागमा राजतन्त्र र संघबीचको महत्वपूर्ण वैचारिक सम्बन्ध रहेको पाइन्छ ।

लाओसमा १४औं शताब्दीलाई बुद्धधर्मको स्वर्णिम युग भनिन्छ। ल्यान जाङको राज्य स्थापना गर्ने राजा फ्रानुमको विवाह कम्बोडियाकी राजकुमारीसँग भयो । उनले बुद्धधर्मको व्यापक प्रचार गर्नुको साथै बौद्धकला र संस्कृतिको विस्तार पनि गरिन्। महारानीकै योजना अनुसार श्रीलंकाबाट महाबोधिको शाखा ल्याएर सम्मानपूर्वक स्मारक स्थलको निर्माण गरि बोधिवृक्ष रोप्ने काम भएको थियो। उनको शासनकालमा बुद्धधर्म राज धर्म बन्यो। दक्षिणपूर्वी एसियामा ल्यान जाङको राज्य बौद्ध शिक्षाको प्रमुख केन्द्र थियो ।

राजा ययजेट्ठले आफ्नो राजधानी भेयनचिनमा बनाए त्यहाँ सर्वज्ञ धातु निधान गरी थात लुओंग चैत्य निर्माण गरेर दश पारमिता, दश उपपारमिता र दश परमत्थपारमिता यी तीस पारमिताको प्रतीक चैत्यको निर्माण गरिएको थियो । यो चैत्य जुनसुकै महान कार्य गर्न पनि ऐतिहासिक स्थल बन्यो । राजाले चैत्य स्थापना गरेको प्रांगणमा सम्पूर्ण राजकीय शुभकार्य गर्ने परम्परा नै बसाल्नुभएको थियो । यस राजधानीको नाम नै आफूले साथमा ल्याएको बुद्धमूर्ति प्रवांग नामले



https://dhamma.digital

राजधानीको नाम नै लुआंग प्रवांग भनी नामाकरण गरेका थिए ।

राजा ययजेट्ठसंग ऐतिहासिक सम्बन्ध भएको पन्नाको बुद्धमूर्ति पनि एक हो । आजभोलि थाइलैण्डको बैंकक् राजधानीमा पूजित भैरहेको मूर्ति राजा ययजेट्ठको समयमा यो मूर्ति लाओसको संरक्षकत्वमा रहेको र यसलाई सर्वस्व थानेर रक्षा गरिएको थियो । यस सम्बन्धि कथाहरू लाओसमा धैरै प्रचलित छन् । जनविश्वास र इतिहास अनुसार पनि यस्तै कुरा पाइन्छ ।

लाओसमा जातक कथालाई विशेष महत्वका साथ लिने गरेको पाइन्छ । यहाँ पालि भाषाका ५४७ जातक कथामा नभएका २७ वटा कथा पनि रहेको छ । १. सुधन कुमार, २. सिरसा कुमार, ३. सुभत्तिरान, ४. सुवण्णसंख, ५.छन्दघाटक, ६. सेतमूसिक, ७.तुलकमण्डित, ८. रतनपज्जोत, ९. सुनन्दकुमार, १०. दुक्कम्म पण्डित, ११. सब्बसिद्धि कुमार, १२. पञ्ञाबल कुमार, १३. कपिल, १४. नरजीव कुमार, १५ सिद्धिसार कुमार, १६. जेट्ठ कुमार, १७. दुट्ठ राजकुमार, १८. नारद, १९. महाबलराजा, २०. ब्रम्हघोषराजा, २१. सादिराजा, २२. विमलराजा, २३.अरिन्द्रमराजा, २४. विरियपण्डित, २५. सुरूपराजा, २६. सूरसेनराजा, २७. सिरिचुन्दमणिराजा । कथा साहित्यको रूपमा २७ वटा यी कथाहरू पनि लाओसमा पाइन्छ ।

सन् १९६४ देखि १९७३ सम्मको गृहयुद्धको अवधिमा पाथेट लाओले बुद्धधर्मलाई समर्थन गरेको र समयसँगै बौद्ध र भिक्षुहरूको समर्थन जितेको भन्दै विज्ञप्ति जारी गर्‍यो ।  सन् १९७५ मा पाथेट लाओ सत्तामा आएपछि परिस्थिति परिवर्तन भयो । प्रारम्भमा बुद्धधर्मलाई विद्यालयहरूमा प्रतिबन्ध लगाइएको थियो । मानिसहरूलाई मन्दिरहरूमा भेटी दिन र भिक्षुहरूलाई दान दिन निषेध गरिएको थियो । भिक्षुहरूलाई खेतमा काम गर्न लगाइयो र भिक्षु भाव उल्लङ्घन गरी पशुपालन गर्न बाध्य पारियो । यी नियमहरूप्रति असन्तुष्टिको कारण सरकारले खुकुलो बनाउन बाध्य भयो । सन् १९७६ मा भिक्षुहरूलाई भिक्षा दिन अनुमति दिइएको थियो । तर चामल मात्र दिन अनुमति दिइएको थियो । समयसँगै



https://dhamma.digital

अन्य प्रतिबन्धहरू पनि खुकुलो पारियो ।

लाओसमा बुद्धधर्मको सबैभन्दा महत्वपूर्ण विशेषताहरू मध्ये एक बुद्धधर्म र लाओ राजतन्त्र बीचको बलियो सम्बन्ध हो । लाओसमा बुद्धधर्मको प्रवर्द्धन र संरक्षणमा राजतन्त्रले ऐतिहासिक भूमिका खेलेको छ । लाओसका राजाहरूलाई बुद्धधर्मको संरक्षकको रूपमा लिने गरिन्छ । उनीहरूले देशभरका बौद्ध संस्थाहरू र मठहरूलाई विशेष महत्व प्रदान गरेका थिए ।

लाओसमा बुद्धधर्म मुख्यतया थेरवाद परम्पराबाट प्रभावित छ । जुन पालि वाङमयमा आधारित छ । थेरवाद बुद्धधर्मको शिक्षाले चार आर्य सत्य, आर्य अष्ठाङ्गिक मार्ग, कर्म र कर्मफलको अवधारणाको महत्वलाई जोड दिन्छ । लाओसमा बुद्धधर्मको अभ्यासमा भिक्षुहरूले मुख्य भूमिका खेल्छन् । लाओसको सबै भन्दा महत्वपूर्ण बौद्ध धरोहरहरू मध्ये एक प्राचीन शहर लुआंग प्राबाङ हो । लुआंग प्राबाङ ल्यान जाङ राज्यको राजधानी थियो । धेरै बौद्ध विहार र मन्दिरहरूको शहर थियो । परम्परागत लाओ र फ्रान्सेली औपनिवेशिक वास्तुकलाका साथै यसको समृद्ध सांस्कृतिक र धार्मिक सम्पदाको अद्वितीय मिश्रणको कारण यस शहरलाई युनेस्कोले विश्व सम्पदा स्थलको रूपमा सुचीकृत गरेको छ ।

लाओसमा शताब्दी पुराना असंख्य बौद्ध मन्दिर र मठहरू रहेका छन् । यसलाई राष्ट्रिय धरोहरको रूपमा मानिन्छ । मन्दिर र गुम्बा धार्मिक संस्था मात्र नभई शिक्षा, कला र संस्कृतिको महत्वपूर्ण केन्द्र पनि रहेको छ । भिक्षुहरूलाई बुद्धधर्मको अध्ययन र अभ्यास गर्नका लागि विहार दान गर्छन् । समुदायले धार्मिक र सांस्कृतिक कार्यक्रमहरूको आयोजना पनि गर्दछन् ।

## सोह्रौं शताब्दीका मन्दिरहरू

देशका धेरैजसो भव्य मन्दिरहरू १६औं शताब्दीमा बनेका थिए । देशको सबैभन्दा महत्वपूर्ण र सबैभन्दा राम्रो मठहरू भेन्टियान र लुआंग प्राबांग सहरहरूमा अवस्थित छन् । दुवै सहरका अधिकांश मन्दिरहरू



https://dhamma.digital

कम्तीमा एकपटक सशस्त्र द्वन्द्वमा ध्वस्त भएका थिए । धेरैलाई पुनः निर्माण गरिएको छ, प्रायः मूल स्वरूपलाई पछ्याउँदै पुनः निर्माण गरिएको छ ।

लाओसको सबैभन्दा महत्वपूर्ण बौद्ध स्मारक भेन्टियानमा रहेको फाथाट लुआंग हो । जसमा सुनको स्तूपभित्र बुद्धको अवशेष राखिएको छ ।

अधिकांश बौद्ध मन्दिरहरू आगन्तुकहरूको लागि खुला छन् । यो बौद्धहरूका लागि पवित्र स्थानहरू भएकाले भवनमा प्रवेश गर्नु अघि आदरपूर्वक लुगा लगाउनुहोस् र आफ्नो जुत्ता फुकाल्नुहोस् भनी अनुरोध गरिएको पाइन्छ ।

## लाओसमा खमेर मन्दिरहरू

खमेर साम्राज्यको समयमा लाओसको दक्षिणमा धेरै मन्दिरहरू निर्माण भए, जुन शिव वा विष्णुमा समर्पित हिन्दू मन्दिरको रूपमा निर्माण गरिएको वाट फउ र उओ मोङ जस्ता मन्दिरहरू पछि बौद्ध स्मारकहरूका रूपमा परिणत भए ।

लुआंग प्राबाङको सबैभन्दा महत्वपूर्ण मन्दिर वाट जिएङ थोङ सहरको प्रायःद्वीपको टुप्पोमा पाइन्छ । यसको बाहिरी र भित्री भागलाई कालो र रातो लाहमा सुनको स्टेन्सिलिङले धेरै व्यापक रूपमा सजाइएको छ । यसका तीनवटा भवनहरू र पुस्तकालयमा यसको बाहिरी भित्ताहरूमा सिम, रातो रंगीन मोज़ाइकहरू छन् । रोयल प्यालेस म्युजियमको मैदानमा अवस्थित हालै निर्माण गरिएको हाउ फा बाङलाई सबैभन्दा उच्च सम्मानित बुद्धमूर्तिलाई १४औं शताब्दीको फ्रा बाङलाई अहिले रोयल प्यालेस संग्रहालयमा राखिएको छ ।

फौसी पहाडको शीर्षमा सुनौलो प्यागोडा भएको वाट थाम फौसी मन्दिर छ । वाट थाम आफैंमा सानो र एकदम समतल छ । यसको मुख्य आकर्षण पहाडको शीर्षमा रहेको स्थान हो । जहाँबाट लुआंग प्राबाङ, मेकोङ नदी र पहाडहरूको भव्य दृश्यहरू हेर्न सकिन्छ ।



https://dhamma.digital

## प्राचीन आत्मा पूजा

पुरातन आत्मा उपासना को अवशेष सानो Wat Aham मा पाउन सकिन्छ । शताब्दीयौं अघि यस मन्दिरमा लुआंग प्राबाङका संरक्षक आत्माहरूको लागि यो मन्दिर थियो । जुन अहिले मन्दिरको मैदानमा रहेको ठूलो बोधिवृक्षमा बसोबास गर्ने विश्वास गरिन्छ । आज पनि मन्दिरमा काठको मास्कहरू राखिन्छन्, जुन नयाँ वर्षको उत्सवमा "मास्कको नृत्य" को लागि प्रयोग गरिन्छ ।

लाओस नयाँ वर्ष मनाउने क्रममा लुआंग प्राबाङका धेरै विहारहरूका भिक्षुहरू वाट महाथट विहारतर्फ हिंड्छन् जहाँ शहरका अभिभावक आत्माहरूका लागि नृत्य गर्छन ।

## लुआंग प्राबाङ शैलीको मन्दिर वास्तुकला

लुआंग प्राबाङ शैलीका मन्दिरहरू एक विस्तृत अगाडिको अनुहार ठूला र व्यापक छानाहरूद्वारा विशेष छन् जुन लगभग जमिनसम्म फैलिएको छन् । छतका टुक्राहरू नाग जस्ता आकारले सजाइएका छन् । पौराणिक सर्पले बौद्ध धर्मको रक्षा गर्ने विश्वास गरिन्छ ।

लाओसको राजधानी भेन्टियानमा धेरै मन्दिरहरू छन् । धेरैजसो १६औं शताब्दीमा निर्माण गरिएका थिए । जब राजा सेथाथिरले शहरलाई लान ह्वलन राज्यको नयाँ राजधानी बनाएको थियो, दुर्भाग्यवश सियाम (वर्तमान थाइल्याण्ड) का आक्रमणकारीहरूले सन् १८२७ मा तिनीहरूका सेनाहरूले लुटेर शहरलाई जलाएर नष्ट गरेका थिए ।

## सबैभन्दा प्रसिद्ध मन्दिरहरू

वाट सी साकेत भेन्टियानको सबैभन्दा पुरानो मन्दिर हो जुन अझै पनि यसको मौलिक रूपमा अवस्थित छ । यो सन् १८२७ को विनाशबाट बचेका केही मन्दिरहरू मध्ये एक हो । १०,००० भन्दा बढी बुद्धका मूर्तिहरू छन् जसलाई संग्रहालयमा परिणत गरिएको छ ।

लाओसको सबैभन्दा महत्वपूर्ण बौद्ध स्मारक फा थाट लुआङमा



https://dhamma.digital

बुद्धको अवशेष रहेको विश्वास गरिन्छ । सन् १८२७ मा स्तूप नष्ट भयो । हालको संस्करण सन् १९३० को हो । यो फ्रान्सेलीद्वारा पुनर्निर्माण गरिएको थियो । सुनौलो स्तूप वरिपरि केही मन्दिर र ठूलो बौद्ध सम्मेलन हल पनि निर्माण गरिएको छ ।

Haw Phra Kaew मन्दिर १५६५ मा पन्नाको बुद्धघर निर्माण गरिएको थियो । यसलाई एक संग्रहालयमा परिणत गरिएको छ । जसले १८औं शताब्दीको काश्यप बुद्धको मूर्ति प्राचीन अन्य कलाकृतिहरूलाई प्रदर्शन गर्दछ । शहरको केन्द्र नजिकै पुरानो स्तुप छ । पौराणिक कथा अनुसार स्तूप एक पटक शुद्ध सुनले ढाकिएको थियो र शहरका बासिन्दाहरूलाई रक्षा गर्न सात टाउको भएको नागले बास गरेको थियो ।

## संस्कृति



लाओ संस्कृति र समाजलाई आकार दिन बुद्धधर्मले पनि महत्वपूर्ण भूमिका खेलेको छ ।  बौद्ध मूल्यमान्यता र विश्वासले लाओ कला र साहित्यदेखि लिएर सामाजिक मान्यता रहनसहन सबैलाई प्रभाव पारेको छ ।  उदाहरणका लागि बौद्ध भिक्षुहरूलाई भिक्षा दिने अभ्यास लाओसमा एक सामान्य दैनिक अनुष्ठान हो । यो लाओ संस्कृतिमा सम्मान र उदारताको प्रतीक हो । बौद्ध शिक्षाहरूले करुणा, दया र



https://dhamma.digital

निस्वार्थताको महत्वलाई जोड दिन्छ ।

लाओटियन बौद्धहरू धेरै छन् । विगतमा लाओटियन मानिस छोटो समयको लागि मठ वा मन्दिरमा सामेल हुने गर्छन् । पुरुषहरू आफ्नो बाँकी जीवनको लागि भिक्षु बन्छन् । आधुनिक जीवनको मागको कारण, यो अभ्यास अहिले परिवर्तन हुँदैछ । धेरै मानिसहरूले योग्यता प्राप्त गर्न र सकारात्मक कर्म जम्मा गर्न उदारताको कार्यको रूपमा भिक्षुहरूलाई खाना दान गर्छन् । लाओसका मन्दिरहरू कुनै समय भिक्षुहरूको लागि "विश्वविद्यालय" को रूपमा हेरिन्थ्यो । लाओटियन समुदायहरूमा बौद्ध भिक्षुहरूलाई उच्च सम्मान गरिन्छ ।

बुद्धधर्मले लाओसका मानिसहरूको संस्कृति र दैनिक जीवनमा महत्वपूर्ण प्रभाव पारेको छ । देशै भर मनाइने परम्परागत चाडपर्व तथा समारोहमा बुद्धधर्मको प्रभाव देखिएको छ । लाओसमा सबैभन्दा महत्वपूर्ण चाड बौद्ध नयाँ वर्ष हो । जुन मध्य अप्रिलमा मनाइन्छ । यो चाडमा मानिसहरूले भिक्षुहरूलाई दान दिने र पुण्य प्राप्त गर्ने अवसरको रूपमा मनाउने गर्दछन् ।

चाडपर्व र समारोहहरूको अतिरिक्त बुद्धधर्मले लाओसको शिक्षा प्रणालीमा पनि भूमिका खेल्छ । बौद्ध मन्दिरहरू र मठहरू त्यहाँ बस्ने युवा भिक्षुहरूको लागि शिक्षाको केन्द्रको रूपमा रहेको छ । भिक्षुहरूले बौद्ध धर्मशास्त्र र शिक्षाहरूका साथै गणित, इतिहास र साहित्य जस्ता विषयहरू अध्ययन गर्छन् ।

बुद्धधर्मले लाओसका मानिसहरूको इतिहास, संस्कृति र दैनिक जीवनमा गहिरो प्रभाव पारेको छ । धर्मले देशको विकासमा केन्द्रीय भूमिका खेलेको छ र शिक्षादेखि परम्परागत चाडपर्वहरू र समारोहहरूमा लाओ समाजका धेरै पक्षहरूलाई प्रभाव पारेको छ ।

बुद्धधर्मका शिक्षाहरू लाओसका मानिसहरूका लागि मार्गनिर्देशन र प्रेरणाको स्रोत बनेको छ । राजा तथा जनता जीवनमा एकचोटी भिक्षु बन्नै पर्ने नियम रहेको छ । भिक्षुलाई समाजको आदर्श व्यक्तित्वको



https://dhamma.digital

रूपमा लिने गरिन्छ । लाओसमा बौद्ध पात्रो अनुसार उत्सव मनाउने प्रचलन रहेको छ। दान दिने संस्कार र परित्राण सूत्रको पाठ गर्ने प्रचलन रहेको छ । संघदानलाई उत्तम दानको रूपमा लिने गरिन्छ। लाओसका जनतामा व्यापक रूपमा जातक कथाको प्रभाव परेको पाइन्छ। विहार तथा धनाढ्य व्यक्तिको घर आगनमा जातक कथा सम्बन्धी चित्र लेख्ने प्रचलन रहेको छ । विवाह देखि गर्भाधानसम्म बौद्ध परम्परा अनुसार गर्ने गरिन्छ। मृत्यु संस्कारमा भिक्षुको उपस्थिति अनिवार्य र मृतकको नामबाट चीवर दान दिने चलन रहेको छ। सार्वजनिक स्थानमा बुद्धमूर्ति राख्ने र प्रत्येक गाउँमा बुद्धको मूर्ति अनिवार्य रहनुपर्ने चलन छ।

*नोट : 'लाओसमा बुद्धधर्म' लेखक अनागारिका सुमनाले लेख्नुभएको हो ।*

Dhamma.Digital



https://dhamma.digital

# एकाइ ४ : (ग) भियतनाममा बुद्धधर्म

## क) पृष्ठभूमि

शान्तिनायक शाक्यमुनि बुद्धको धर्मानुयायीहरूका देशहरूमा यस शताब्दीमा सबभन्दा बढी अशान्त भएको, रगत बगेको, मानिसहरू मरेको लामो युद्धको विभिषिकाले जनताको हृदय रोएको देश भियतनाम हो । प्राचीन इतिहासमा यो देश फुनान (Funan) चम्पा (Champa) हो । चिनियाँ इतिहासकारहरूको भनाईअनुसार १९२ ईस्वीमा चम्पामा राम्रोराज्य स्थापना भैसकेको थियो । भियतनाम स्वाधीनता प्राप्त हुनु अगाडि फ्रेञ्च इन्दोचीन हो । त्यसपछि दुई राजनीतिक विचारधारा सामयवाद र प्रजातान्त्रवादको बीचमा उत्तर भियतनाम र दक्षिण भियतनाम देश विवाजित भयो एकातिर धर्मको आस्थामा व्यक्तिगत स्वतन्त्रता र कला संस्कृतिको महत्वको रूपमा मान्यता भएपनि राज्यगत धर्म नमान्ने उत्तर भियतनाम भए । अर्कोतिर ९५ प्रतिशत बुद्धधर्म मान्नेहरूलाई ५ प्रतिशत रोमन कैथोलिक (Roman Catholick) हरूले असहय दमन गरी दुःख भएको दक्षिण भियतनाम बौद्ध देश हो । अन्ततः जन गणतन्त्रात्मक संयुक्त भियतनाम एउटै भियतनाम भयो ।

भियतनाममा ईस्वीको पहिलो वा दोश्रो शताब्दीमा बुद्धधर्म प्रवेश भएको मानिन्छ । अमरावती युगका ढलौटको बुद्धमूर्ति वो काहं (Vo. Canh) मा भेट्टाएको हुँदा दोश्रो शताब्दीमा भियतनाममा बुद्धधर्म प्रवेश भएको कुरालाई टेवा दिन्छ । भारतीय र चिनियाँ धर्मदूतहरूले यहाँ बुद्धधर्म प्रचार प्रसार गर्न निकै मद्दत गऱ्यो भने इतिहास पुरातात्विकहरूको शब्दमा यहाँको प्राचीन रातो नदीको सभ्यता (The Red River Civilization) को सहिष्णुता र फराकिलो हृदयले यो नयाँ धर्म र संस्कृतिको निर्माण भयो । अनि कतिपय भियतनामीहरू धर्ममा



https://dhamma.digital

उत्साही भएर समुद्र र पर्वतको मार्गबाट बुद्धधर्म अध्ययन गर्न आफूहरू पनि अघि सरे । भियतनाममा बुद्धधर्म प्रवेश भएको श्रेय एकजना भारतका जीवक भन्ने भिक्षुलाई र चीनबाट आएका भिक्षु मे ओं पो (Me on Po) लाई दिने गर्छन् । भियतनाममा बुद्धधर्म र संस्कृतिको वीजारोपण गर्नेहरूमा अघिसार्न योग्य भिक्षुहरू मारिजीवक (Marijivaka), कल्याण रुचि (Kalayan Ruch) र चीनको बाटो गरी आउने कागं सें हां (Kang Sen Han) पनि हुन् । ४३८ ईस्वीमा जयवर्मा कौण्डण्यको राज्यकालमा फूफानबाट व्यापारीहरूसंगै समुद्री मार्गबाट भारत फर्केका भिक्षु नागसेन भने आँधिको कारणबाट चम्पामा मृत्यु हुन गएको वर्णन छ ।

यसपछि मोक्षदेव, चित्रदेव, प्रज्ञादेव र महामन्त्रदेव उल्लेखनीय छ । महामन्त्रदेव नालन्दामा विद्या अध्ययन गरी आफ्नो देश नपुग्दै कुशीनारामा परलोक हुनुभयो । ईस्वी तेश्रो शताब्दीमा कालसिबिका अनुयायी दाओ थांह (Dao Thanh) पाँचौं शताब्दीमा धर्मदेवका अनुयायीहरूले बौद्ध सूत्र र टीकाको प्रचारमा ठुलो काम गरे । त्यस्तै नै भियतनामको बुद्धधर्मको इतिहासमा ५४४ ईस्वीदेखि झन प्रष्ट र प्रभावशाली भयो । भारतबाट आउनुभएका भिक्षु विनतरुचि (Vinat Ruchi) ले भियतनामी श्रद्धालुहरूलाई ध्यानमा यति अभ्यास गराउनुभयो, त्यो अभ्यासको परम्परा पाचँ छ सयवर्षसम्म कहिल्यै नरोकिने नदी झैं प्रवाहित भयो । अनि उनी भिक्षु विनतरुचि स्वयं ध्यानको गुरु पहिलो हुनुभयो । यसको साथै नै भियतनाममा शील, समाधि र प्रज्ञाका चिन्तन मनन र आचरणमा प्रगति भयो । राजा र प्रजा यसमा समर्पित भयो । यसको प्रमाण चीनले चम्पामा आधिपत्य राखेर इस्वी ६०५ मा १३५० वटा धर्मग्रन्थ लगेको घटनाबाट प्रष्ट गर्छ । चिनियाँ वंशावलीको यो भजाईबाट सातौं ईस्वी शताब्दीको शुरुमा नै भियतनाममा बुद्धशासनले राम्रैसंग जरा हाली, हरियो हरियाली छाएर शीतल छाँया दिइसकेको स्पष्ट गर्छ । होइन भने यतिका धर्मग्रन्थ त्यहाँ कसरी छ होला ?

ईस्वी ८२० मा भियतनाममा बीसवटाजति सर्वज्ञ अस्थिधातु निधान गरिराखेको स्तूप थिए । फेरि यी अस्थिधातु चीनका सम्राटले



https://dhamma.digital

प्रदान गरेको थियो भनी उल्लेख गरिएको छ ।

८७५ ईस्वीमा राजा जयइन्द्र वमन (Jaya Indra Vaman) ले उत्तर भियतनामस्थित देंग दुअंग (Dang Duong) एउटा बौद्ध स्मारक (विहार..?) निर्माण गऱ्यो, जसको भग्नावशेष अहिलेसम्म छ । ९२९ ईस्वीमा युगेन (Ngo Guyen) ले चिनियाँ राजनीतिक प्रभाव निस्तेज गरिदियो । अनि त्यसबेला चीनमा बुद्धधर्ममा आएको प्रभावहीन भएको विचारले भियतनाम मुक्त भयो । नागोका उत्तराधिकारी दिंग बोलिन (Dinh Bolin) ले बुद्धधर्ममा नयाँ प्रगति ल्यायो । चाउलु (Ngo Chaulo) भन्ने फाट् द (Phat Da) विहारका विद्वान भिक्षु सम्राट्को आध्यात्मिक सल्लाहकार बौद्ध भिक्षुको नायक मानियो ।

नवौं शताब्दीको ईस्वीमा इन्द्रबर्मा दुतीयले लक्ष्मीन्द्र लोकेह्वर महाविहार स्थापना गरे । लोकेश्वरको अर्थ त्यो बेला अवलोकितेश्वर होइन, गोडा भ्फारेर मेचजस्तो आसनमा बस्नुहुने उपदेशक बुद्धलाई भन्दथे । ९०२ ईस्वीमा यही ठाउँमा नागपुष्प स्थविरले प्रमुदित लोकेश्वर विहार निर्माण गरे । यो विहार स्थापना कालको एउटा अभिलेखले चम्पा (भियतनाम) मा वज्रयान धर्म प्रवेश भएको पनि संकेत दिन्छ ।

९४६ ईस्वीमा दिंग वंशको पछि ले वंश (La Dynasty) को स्थापना भयो । यो वंशको शासन कालमा पनि बुद्धधर्मको विकास भएर नै गयो । विशेषतः भियतनामले प्रथम बार चीनमा धर्मदूत मण्डल पठाएको अनि धर्मग्रन्थका सम्पूर्ण संग्रह ल्याइयो । यो देशको शासन कालको प्रमुख घटना हो । ले वंशभन्दा पछि लि वंश (?) को शासन भियतनाममा आयो । त्यो बेला बुद्धधर्म स्वर्णयुगको रूपमा चरम सीमासम्म प्रगति भयो । १०१० ईस्वीदेखि बुद्धधर्म राष्ट्रिय धर्म भयो । फेरि ५०० वर्षसम्म बुद्धधर्म भियतनाको राष्ट्रिय धर्म भएर नै रहयो । सम्राट लि थाइ तो (Ly This To) द्वारा नै सबभन्दा पहिले एउटा भिक्षुलाई राष्ट्रिय गुरुको रूपमा मान्ने परम्परा बसाल्यो । उनै सम्राटको शासनकालमा नै सरकारी अधिकृतहरूलाई देशका सम्पूर्ण गाउँ गाउँमा बौद्ध विहार र मन्दिर निर्माण गर्ने आदेश गरेको थियो । त्यही समयमा लब्धप्रतिष्ठित वं हांग



https://dhamma.digital

(Van Hang), द बप (Da-Bap) र संगु फान (Sung Phan) जस्ता जेन ध्यानी भिक्षुहरूले भियतनाममा ज्ञान र ध्यान गहनतम तहसम्म अन्तरतम गहऱ्याई दिनुभयो । भियतनामको राष्ट्रिय जीवन र राष्ट्रिय संस्कृतिमा बुद्धधर्म शिखरसम्म पुऱ्याइदियो । सर्वाधिक राजकीय संरक्षण बुद्धधर्मलाई प्राप्त भएको पनि यही ली वंशमा हो ।

यसरी दिंग (Dinh) ले (Le)ली (Ly) वंशका राजकीय संरक्षण विशेषतः सम्राट दिंग तिइ होंग (Dinh Tien Hoang), ले थंह तों (Le Thanh Ton) र ली थाए तों (Ly Thai Ton) सम्राट्ले बौद्ध संस्कारको उल्लेखनीय परम्परा दृढ गरी स्थापना गर्नुभयो, जरा गाड्नुभयो । धेरै विहार निर्माण गर्नुभयो । विहारका विद्यालयलाई अनुदान अग्राहार व्यवस्था गरि दिनुभयो । विदेशी बौद्ध विद्वानहरूलाई उत्साहित गरी आश्रय र मान दिनुभयो । अनि ९५ वटा स्तूपहरूको साथै ईस्वी १०४९, मा हनोइमादिंग हू स्तूप (Dien HuuPagada) निर्माण गरी धेरै पुराना विहार बुद्धमूर्ति सबै नवीकरण गर्नुभयो । यसपछि करुणावान सम्राट ली थंह तों (Ly Thanh Ton) शासन काल (१०७२-११२७) ईस्वीमा कनफुशियसका संस्कृति देशका बौद्ध बौद्धिक क्षेत्रका मानिसहरूको जीवनमा उतारिने काम भयो । तैपनि बौद्ध संस्कृतिमा केही प्रभाव पर्न सकेन । सम्राट्ले पनि वस्त्र र खान पान नभएकाहरूलाई वस्त्र र खाने पिउने दिनुको साथै जेलमा पर्नेहरू जेलमा धेरै बस्नुनपर्ने गरी दिनुभयो । ली सम्राट्हरूको शासनकालमा एकातिर धेरै सम्भ्रान्त व्यक्तिहरू उच्च उच्च सरकारी ओहदाका व्यक्तिहरू भिक्षु भए, अर्कातिर वर्षको एकपटक धार्मिक परिक्षण गरेर दुःशील भिक्षुहरूलाई चीवर छोडाउने काम पनि भयो । ली वंशका शासनकालमा तीनजना सम्राट्ले गृहस्थ जीवनमा विरक्त भएर जेन (ध्यानको) अभ्यासमा आफ्नो जीवन समर्पण गरिदिए भने यीमध्ये सबभन्दा पछिको सम्राट्ले त आफ्नी छोरीलाई शासनाधिकार नै सुम्पिकन आफू भिक्षु भयो । यसरी ली वंशका शासनकालमा भियतनाममा सबभन्दा बढी बुद्धधर्म र बौद्धसंस्कृतिको उन्नति र अभिवृद्धि भयो ।



https://dhamma.digital

भियतनामको सबभन्दा पुरानो बौद्ध केन्द्र लुए लौ (Luy Lau) भन्छन् । यो केन्द्र हनोइबाट ३० किलोमिटर उत्तरमा पर्छ । भारतबाट चारजना भिक्षुहरू फाप वान (Phap Van धर्ममेघ), फाप वु (Phap Vu धर्म वर्ष), फाप लोइ, (Phap Loi धर्ममेघ (घोष), भाप दिएन (Bhap Dian धर्म बिजुली) पाल्नु हुदाँ वहाँ चारवटा स्तूपहरू बनायो । बा दाउ (Ba Dau) र बा तोंग (Ba Tuong) भन्ने देवी पूजा भए । यी देवीहरू वर्षा गराइदिने देवी भनिकन भियतनामी बौद्धहरूले भव्यरूपले पूजा गर्ने देवीहरू हुन् ।

भियतनामको बुद्धधर्मको इतिहासमा मिंग वंशका शासनकाल (१४०६ ई.) देखि विस्तारै कालो बादल मडराउन लाग्यो, अंधकार छायो । बुद्धधर्मको अध्ययन र अध्यापनमा बाधा, विहार मन्दिर भत्किए भत्किन दिने स्थिति आयो । अझ निकै विहारका ढुकुटीका मूल्यवान वस्तुहरू चीनले लग्यो भन्छन् । यही समयमा बुद्धधर्मको ठाउँमा कन्फुशियश धर्म भियतनामको राज्यधर्म पनि भयो । परन्तु जनताको हृदयमा र रीतिथितिको परम्परामा श्रद्धा र संस्कारको रूपमा जरा हालिसकेको बुद्धप्रतिको भक्तिभाव र बौद्धसंस्कृति प्रवाह भने गतिशील भइ नै रहे । १३ औं शताब्दीको उत्तरार्धको “ओं नमो बुद्धाय” भन्ने अभिलेख प्राप्त भएको छ । उत्खननमा निकै पितल र ढुंगाका बुद्ध, अवलोकितेश्वर र प्रज्ञापारमिताको मूर्ति भेट्टाइएको छ ।

१५३५ ईस्वीमा पोर्टुगीज प्रवेश भयो । त्यसपछि फ्रेञ्च पसे । भियतनाममा विदेशी राजनीतिक प्रभावको साथै इशाई धर्मको प्रचार प्रसारले बुद्धधर्म र बौद्ध संस्कृतिमा नराम्रो प्रभाव पऱ्यो । फ्रेञ्चहरूले रोमन कैथोलिक (Roman Catholic) धर्ममा प्रवेश गर्नेलाई बढी मद्दत गर्ने गऱ्यो । यसरी आर्थिक, प्रशासनिक र शैक्षिक क्षेत्रले बुद्धधर्म दबाउने कैथोलिक धर्मलाई उकास्ने क्रममा निकै भियतनामी मानिसहरू कैथोलिक पनि थिए । सत्रौं ईस्वी शताब्दीमा न्हुयेन (Nguvan) परिवार र त्रिं (Trinh) परिवारको बीचमा संघर्ष हुदाँ अनि शासनमा पराधीन हुदाँ बुद्धधर्मको उन्नति हुन सकिएन । तैपनि सम्राट् बो दाइ (Bao Dai) को



https://dhamma.digital

राज्यकालमा बौद्ध संस्कृत गतिशील भै प्रभावहीन अवस्थासम्म पुगेको थिएन ।

बुद्धधर्ममा श्रद्धावानहरू र बुद्धधर्मको आफ्नो देशको सम्बन्धमा जाने बुझ्नेकाले बुद्धधर्मको पुनरुत्थान गर्ने प्रयास स्पष्ट हुने गरी १९२० ईस्वीमा गरे । पुनरुत्थानको क्रममा सैगोनमा १९३१ मा सुसंगथित रूपले धर्मको अध्ययन अध्यापन भयो । हुए (Hue) र हनोइमा पनि १९३२ मा यस्तै नै भयो । भियतनामी भाषा चिनियाँ अक्षरको ठाउँमा रोमन लिपिमा लेखिने भयो । उत्तर भियतनाममा भिक्षु तो लेन (To Lien) र त्रि हाइ (Tri Hai) को नेतृत्वमा अनाथालय कलेज र प्रेस स्थापित भयो । ठुला ठुला ग्रन्थमाला प्रकाशित भए । उता भियतनामी बौद्धहरूको संघराजाको प्रयत्नले १९३८ ईस्वीमा बुद्धधर्मको उन्नती र प्रगतीको निम्ति उल्लेखनीय कार्य भयो । ईस्वी १९५० को विश्व बौद्ध भातृत्व संघमा भाग लिइसकेपछि भियतनामी संघराजा भिक्षु तो लिन (To Lien) को नेतृत्वमा हुइ (Hue) स्थित तो दां (To Dam) विहारमा बौद्धभिक्षुहरू र उपासक उपासिकाहरूको विशेष सभा भयो ।

१९५४ ईस्वीपछि उत्तर भियतनाममा धर्म भनेको देश निर्माण र जनताको सुख, शान्ति भन्ने आध्यात्मिक दृष्टिले बुद्धधर्ममा जनश्रम र जनसहयोग अघि बढ्यो ।

प्रजातान्त्रिक गणतन्त्र सरकारले ध्वष्ट बौद्ध विहारको जीर्णोद्धार गरियो । यसरी जीर्णोद्धार भएको मोट कोट (Mot Cot) विहार, नों नवक (Non Nuoc) विहार, ताय् फुओं (Tay Phuong) विहार, रेओ गिओ (Reo Giao) विहार र फुओक् चिंग् (Phuoc Chinh) विहार प्रमुख छ । राष्ट्रिय सभामा दुईजना भिक्षु र राष्ट्रिय एसेम्बसलका स्थाईसमितिमा एक भिक्षुलाई स्थान दिइयो । १९५८ ईस्वीमा चतुर्थ विश्व बौद्ध सम्मेलन गरी बुद्ध निकाय र बौद्ध निकाय एउटै गरिकन देश रक्षा र शान्तिको निम्ति "संयुक्त भियतनामी बौद्ध संगठन" बनाई प्रत्येक अञ्चलमा यसका शाखाहरू स्थापना गरिए । हनोइ र प्रत्येक अञ्चलमा वर्षावासको समयमा बुद्धधर्मको कक्षा संचालन भयो । सुरंगम सूत्र र



https://dhamma.digital

महायानी अभिधर्म भियतनामी भाषामा अनुवाद गरी व्यापक प्रचार गरियो । विशेषतः बुद्धधर्मको माध्यमबाट नेपाल, भारत, काम्बोडिया आदि ठाउँमा मैत्री-सम्बन्ध राख्न धर्मदूतहरू पठाउने गरियो ।

भियतनाम मूलतः सुखावती भुवनप्रति आकर्षित आर्य सम्मतीय निकाय मान्ने महायानको देश भएता पनि आठौं ईस्वी शताब्दी अगाडि यहाँ सर्वास्तिवाद निकाय मान्नेहरू थिए। पुनर्जागृत दक्षिण भियतनाममा पनि पछि गएर भिक्षु नागस्थविरको नेतृत्वमा स्थापित स्थविरवाद बुद्धधर्ममा पनि प्रगती भयो । उपसम्पदा र वर्षावास आदि धार्मिक कार्यक्रम संचालन हुनगयो। दुईहजार वर्षदेखिको बौद्ध संस्कार प्रवाहित भएको देशको परम्परा, रीतिथिति, कला-संस्कृति, अमिताभ, मैत्रेय, अवलोकितेश्वर, मंजुश्री साथै गौतम बुद्ध, सारिपुत्र, महामौद्गल्यायन र आनन्द आदिको मूर्ति बनाई मूल बुद्धधर्म थेरवादप्रति श्रद्धा देखायो । नमो आदि द फात (Nam Mo Adi Da Phat) नमो आदि बुद्धाय भनी शिर निहुराउने भियतनामी बौद्ध श्रद्धाले "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स" भन्ने भयो। मूलतः काम्बोडिया थेरवादी बौद्ध भिक्षुसंघ स्थापित भएको भियतनाममा थेरवाद बुद्धधर्म विकासको निम्ति श्रीलंकाका नारद महास्थविरज्यूको ठुलो देन छ। जेतवन विहारको विकास भयो । बौद्ध भिक्षु र भिक्षुणीहरूले चाइनिज त्रिपिटककासाथै पालि त्रिपिटकको पनि अध्ययन शुरु गरे। भियतनामको केन्द्रिय बौद्ध प्रतिस्थानले चारवटा पिरिवेणहरू भिक्षुहरूको निम्ति, अनि छ वटा पिरिवेणहरू भिक्षुणीहरूको निम्ति सञ्चालन गऱ्यो । यी पिरिवेणहरूमा थेरवाद र महायान दुवै निकायका बौद्ध दर्शनको अध्ययन अध्यापन हुन्छ। कतिपय बौद्ध विहारले शिक्षा क्षेत्रमा जस्तै अनाथालय आदि खोलेर सामाजिक क्षेत्रमा पनि निकै काम गर्छन्। सम्पूर्ण कला र वास्तुकलाको अभिव्यक्ति नै पवित्रता र करुणा अंगाली आइरहेको भियतनाममा यसरी बौद्धिक र सेवामूलक कार्य हुनु स्वाभाविक नै हो। संगीत र नृत्यमय बौद्ध वातावरणमा निकै बौद्ध उत्सव मान्ने भयो। विशेषतः बुद्धजयन्तीको दिन सिद्धार्थ कुमारको प्रतिमा सहित सांस्कृतिक झाँकि निकाल्ने काम धुमधामका साथ भए।



https://dhamma.digital

यसरी नव जागरण अगाडि बढिरहेको भियतानामी बौद्ध स्थितिमा संयुक्तराज्य अमेरिकाका सरकारले दिन दिम (Ngo Dinh Diem) लाई सत्तामा दक्षिण भियतनाममा आड दिएपछि धार्मिक अशान्ति ल्याइदियो । बौद्ध भिक्षुहरूलाई जबरजस्ती सेनामा भर्ना गरेर युद्धोन्मुखी गर्ने, बौद्धहरूलाई अमानवीय रूपबाट अपमान गर्ने, ५ प्रतिशत जनताले प्रतिनिधित्व गर्ने रोमनक्याथोलिकहरूलाई सरकारी संरक्षणर प्रोत्साहन दिएर बौद्धहरूलाई धर्मपरिवर्तन गर्ने काम नगोदिन दीमले आफ्ना दाज्यू आर्क बिशोपलाई उकास्न र आफ्नो रालो नगोदिन न्हूलाई बलियो पार्न झन तीव्ररूपले काम गऱ्यो । बौद्ध गतिबिधि विहारको काम कुरामा नचाहिंदो नियन्त्रण वृद्धि भयो । बौद्धहरू भियतकोंग गुरिल्लाका समर्थक भनिकन बौद्धहरूलाई असहय दमन र पीडा दियो । एकदिन बौद्धहरूलाई बौद्ध झण्डा फहराउन पाउँदैन भनिकन समेत निशेधाज्ञा भयो । फहराइएको बौद्धझण्डा खोसेर च्यातेर जलाइदियो । अनि ८ मइ १९६३ का दिन बुद्धजयन्तीमा भियतनामका प्राचीन राजधानी ह्यू मा रहेको तु दाम (To Dam) चैत्यमा बौद्धहरू भेलाभै सरकारको विरुद्ध आवाज उठाई जुलुस प्रदर्शन गरी पाँच सूत्रिय माग प्रस्तुत गरे ।

१. बौद्धझण्डा फहराउनु पाउनु पर्छ ।

२. बौद्धहरूलाई समान धार्मिक अधिकार हुनुपर्छ ।

३. बौद्धहरूलाई अन्धाधुन्ध पक्रनु अनि शिविरमा थुनेर नराख्ने हुनुपर्छ ।

४. बौद्धहरूलाई आफ्नो आफ्नो विश्वास अनुसार धर्म प्रचार गर्न पाउनु पर्छ ।

५. मृत र घाइतेहरूको क्षतिपूर्ति दिनुपर्छ ।

परन्तु सरकारले यसमा कुनै वास्ता राखेन, उल्टो दमन कार्य हुँदैगयो । बौद्धहरू उत्तेजित हुँदैगए, दमन कार्य असह्य रूपबाट भयो । एकदिन यस्तो स्थितिमा पुग्यो, भियतनामी बौद्धहरूले आफूमाथि भइरहेको अमानवीय दमन र यातना विश्वका जनमतलाई थाहा दिन पऱ्यो विश्वबौद्धको ध्यान आकर्षित गर्नुपर्यो भन्ने विचार गरियो । यसको



https://dhamma.digital

निम्ति क्वांग अम विहार (Quan Am Tamplke) का स्थविर बृद्ध भिक्षु थिंग क्वागं दुक (Thich Quang Duc) ले आत्म डाह गरिदिने अधिस्थान गर्नुभयो । सैगोन (Soigon) को व्यस्त बाटाको चौबाटोमा जून ११ तारिख १९६३ का दिन पंलेटि मारेर बसीकन आफ्नो जिउमा पेट्रोल खन्याइ आगो बाली आत्मडाह गर्नुभयो । वहाँको शरीर बल्दै गयो । तैपनि वहाँको वज्रासनमा विघ्न भएन । चारैतिर आँसुका धारा बगाएका धार्मिक अन्याय र अत्याचारले अशान्त र क्षुब्ध हृदयी भिक्षु भिक्षुणी र उपासक उपासिकाहरू थिए । वहाँको बल्दै गएको शरीरको आगोको ज्वालामा वहाँले आज्ञा हुनु भएको अन्तिम विज्ञप्ति हामी प्रत्येक बौद्धहरूले पढी रहन योग्य छ । वहाँको विज्ञप्ति वक्तव्य होः-

"मेरो अन्तिम र सबभन्दा पवित्र प्रतिज्ञा मैला तल सही गरी प्रकाशित गर्दैछु । म फू न्हुअन स्थित क्वाम अम विहार (Qan AM Temple Phu Nhuan, Gia –Dinh) का जेष्ट धार्मिक भिक्षु थिक क्वांग दुक (ThichQuangDuc) महाहगुण सम्पन्नो (Mahagun Sampanno) ले भियतनामी बौद्धहरूलाई सबभन्दा भयानक दुःखद स्थितिबाट मुक्त गर्न त्यस्तै तथागतको सबभन्दा जेष्ठपुत्र भएर पनि मैले बुद्धधर्ममा भइरहेको दमन र विनाश लीला चुप लागेर हेरिरहन नसकेर आफ्नो अनित्य शरीरमा स्वयं दाह गरी आगो जलाई बुद्धपूजा गर्दैछु, बुद्धधर्मको रक्षा गर्दैछु । दश दिगन्तका बुद्धहरूले समस्त भिक्षु भिक्षुणीहरूले मैले तल अघि सारेका प्रतिज्ञा र इच्छाहरू पुरा गर्न सकोस् ।

१. भगवान बुद्धको आशिर्वादले राष्ट्रपति नगो दिन दीमलाई सद्बुद्धि मिलोस, अनि बौद्धहरूको न्यूनतम पाँच माँगको स्मरण पत्र पुरागर्न सकोस् ।

२. भगवान बुद्धको करुणाको प्रभावले भियतनामी बौद्धहरू आफ्नो अस्तित्वमा सधैं स्थिर रहुन ।

३. भगवान बुद्धबाट समस्त भिक्षु भिक्षुणीहरूलाई रक्षा गरुन, अनि भियतनामी बौद्धहरू बुद्धिभ्रष्ट भएकाहरूबाट पक्राउ परी थुनामा रहन, बाँधिन, कष्ट भोग्न नपरोस् ।



https://dhamma.digital

४.　देश र भियतनामी जनतालाई सुख शान्ति पाओस् ।

म सधैंको निम्ति आँखा चिम्लेर जानु अगाडि बुद्धको शरणभूमि फर्कन अगाडि सविनय अनुरोध गर्दैछु, राष्ट्रपति नगो दिन दीमसंग उदारता र ममता आफ्ना जनताप्रति हवोस, फेरि धर्ममा समानता नीति ल्याउन सकोस्, यसबाट हाम्रो यो धरती जहिले पनि सधैंको निम्ति एकता भएर सुदृढ हुन सकिन्छ ।

मैले हृदयदेखि समस्त भिक्षु भिक्षुणीहरू फेरि गृहस्थ बौद्धहरूसंग अनुरोध गर्दैछु- बुद्धधर्मको रक्षाको निम्ति सबै एकजुट एकता हुनु सक्नुपर्‍यो र आफूलाई बलिदान गर्न सक्ने हुनुपर्‍यो ।

यही मेरो सविनय प्रार्थना हो ।"

आफ्नो शरीरमा पेट्रोल खन्याएर आगो बालेर आफूलाई बलिदान गर्नु अगाडिको भिक्षु थिक क्वांग दुक्को यो प्रार्थनामा धर्ममा असह्य दमन गरेको वेदना त छँदैछ, साथै बौद्धशैलीको विद्रोहको प्रतिकारको आर्दश पनि छ ।

१७ जुलाई १९६३ का दिन हजारौं बौद्ध भिक्षु भिक्षुणीहरूको शान्तिपूर्वक प्रदर्शन भयो । परन्तु यो शान्तिपूर्ण प्रदर्शनमा पनि निर्दयतापूर्वक पुसिले दमन गरे । असंख्य मानिसहरू घाइते पारे । बाटोमा रगत बगे । सेकडौं भिक्षु र भिक्षुणीहरूलाई पक्रेर ट्रकमा फाले । कमाण्डर जनरल पाउल आंकिनस (General Paul Hankins) द्वारा हवाइजहाज र हेलिकप्टर समेत प्रयोग गरेर निर्मम दमन कार्य गर्‍यो । श्रीमती न्हू ले बौद्ध भिक्षुहरूलाई दिनको दश पटक पिट्ने पिटाउने योजनामा आफ्नो प्रतिक्रिया वादी चर्चको धर्म देखायो । दीम सरकारको पतन पछि पनि उनकै पछि लाग्नेहरूको सत्ताले भियतनामी बौद्धहरूलाई मनमा शान्ति दिएन । परिणाम यो भयो बौद्धजनताले सत्तामात्र होइन राजनैतिक व्यवस्थामा नै नयाँ परिवर्तनको चाहना गर्‍यो । चाहे त्यो परिवर्तनले पछि जे जसो होस भन्यो । यसबाट भियतनाम एकीकरण गर्न उत्तर र दक्षिणतर्फबाट संयुक्त प्रयास जस्तै हुनगयो । अन्ततः



https://dhamma.digital

भियतनाम एकीकरण भयो । एक भियतनाम निर्माण पछि कहिले बुद्धधर्म र संस्कृतिको कार्य भएको सुन्न पाए, कहिले स्वतन्त्र र स्वच्छन्द रूपबाट धर्म गर्न पाइएन भन्ने कुरा हजारौं यता उताका शरणार्थी हुन गएका मानिसहरूको तर्फबाट सुन्न परे । जे होस बौद्धहरू एउटै देशमा बसेर राजनैतिक आयामबाट दुईटुक्रा भई रहन नपर्ने स्थिति भियतनाम एकीकरणबाट भयो । जनताको आस्था र श्रद्धा दुई प्रकारका शासन व्यवस्थाबाट थिचाएर बिछ्डिएर रहन परेन । बौद्धहरू एउटै भियतनाममा भेला भएर मैत्री र प्रेमले बस्न पाइयो । एक बौद्धले अर्को बौद्धमा फरक फरक राजनैतिक पद्धतिको वस्त्र लगाई झगडा गरि रहन परेन । अनि एउटै भियतनाममा बुद्धको दान शील र भावना राम्रोसंग आचरण, धारण, पालन गर्न धर्मको पूर्ण स्वच्छन्द र स्वतन्त्र वातावरण पनि विस्तार विस्तार फैलाउँदै ल्याउने छ भन्ने बौद्धहरूको मनमा आशाको फूल फुलि रहेको छ । अस्तु ।

('पृष्ठभूमि' को यो अंश भिक्षु सुदर्शन महास्थविरको श्रोत हो : सम्पादक मण्डल)

## (ख) वर्तमान भियतनाममा बुद्धधर्म

नेपालको राजनीतिक व्यवस्था कतिपय कालखण्डमा बौद्धहरूका लागि प्रतिकुल र कष्टकर नै भए पनि नेपालका बौद्धहरूले त्यति जुझारु भएर राज्यद्वारा थोपरिएको अन्याय र दमनका विरुद्ध प्रतिकार गरेका दृष्टान्तहरू पाइँदैनन् । तर नेपालभन्दा हजारौ किलोमिटर टाढा रहेको एउटा देश भियतनामका बौद्धहरूले आफ्नो धर्म र पहिचान जोगाउन राज्यसँग जसरी लडे त्यो इतिहासमा चीरकालसम्म पनि स्मरणीय रहनेछ । यस लेखमा भियतनामको इतिहासमा टाँसिएको एक सानो अवधिको बारेमा केही चर्चा गरिने छ जुन समयमा त्यहाँका बौद्ध जनताले विधर्मी तानाशाहको अत्याचारका विरुद्ध शान्तिपूर्ण कदम चाले जसको फलस्वरूप त्यहाँका तानाशाहकै अन्त्य भयो ।



https://dhamma.digital




हामी भगवान बुद्धले आफ्नो जीवनकालमा हिँडेरै भारतवर्षका विभिन्न स्थानमा गएर धर्मदेशना गर्नुभएका विभिन्न रोमाञ्चक कथाहरू पढ्छौं । उहाँको जीवनमा उहाँले धर्मप्रचार गर्नुभएको क्षेत्र जति विशाल भएपनि एउटा सीमा छ । त्यसभन्दा परका देशहरूमा बुद्धधर्म कहिले कसरी पुग्यो भन्ने विषयमा इतिहासकारहरू एउटा भन्छ भने ती देशका बौद्धहरूको अर्कै कथन हुन्छ ।

दक्षिणपूर्वी एशियामा स्थित भियतनाममा बुद्धधर्म इशापूर्व तेश्रो वा दोश्रो शताब्दीमा भारतवर्षबाट अथवा कमसेकम इस्वीको पहिलो वा दोश्रो शताब्दीमा चीनबाट पुगेको देखिन्छ । यहाँको बुद्धधर्ममा तियानताइ शाखा, प्योरलण्ड शाखा, थिएन शाखा, महायान शाखा एवं थेरवाद बुद्धधर्मको प्रभाव पाइन्छ। लगभग दुई हजार वर्षदेखि बुद्धधर्मको प्रभावमा रहेको देश धर्म, कला र संस्कृतिमा अब्बल थियो, मानिसहरू सम्पन्न थिए र हजारौं वर्ष बुद्धधर्मको अबलम्बन गरेर खुशी खुशी बाँचिरहेका थिए । तैपनि यदाकदा त्यहाँको इतिहासमा बुद्धधर्मलाई त्यहींका शासकहरूबाट मार आएको प्रसंग उल्लेखनीय हुन्छ । जस्तै १५औं शताब्दीका प्रशासक ले क्वातले बुद्धधर्मलाई उनीहरूको धर्मविरोधी भनेर अपहेलना गरे । १९औं शताब्दीमा फेरी यहाँ बुद्धधर्मले सम्मान पायो । र १९२० सम्म आइपुग्दा यहाँको राजनीतिमा उपनिवेश बनाउन आउने सम्राज्यवादीहरूको दमनलाई प्रतिकार गर्न संगठनात्मक कदमको



https://dhamma.digital

आवश्यकताको महशुस गर्न थालिएको थियो ।

सन् १९५४देखि भियतनाम फेरि राजनीतिक खिचातानीको चंगुलमा फस्यो र बीसवर्षे गृहयुद्ध, विदेशी शक्तिहरूको खेल मैदान बनेर यहाँका जनताले धेरै दुख भोग्नुपर्यो । यस लेखमा विशेष गरी सन् १९६३ को त्यो छोटो समयावधिको बारेमा चर्चा गरिने छ जुन बेला यहाँका बौद्धहरूलाई यहाँका क्याथोलिक क्रिश्चियन शासकले दमन गरे, र दमनको पराकाष्ठा नाघेपछि बौद्धहरूले पनि बाध्य भएर प्रतिकार गरे । प्रतिकार पनि यस्तो शान्तिपूर्ण तर सशक्त भयो कि यसले अमेरिकी साम्राज्यलाई समेत हल्लाएर छाडे र यही अन्तमा गएर भियतनामका बौद्धहरूको स्वतन्त्रता र विजयको कारक तत्व समेत बन्यो ।



भियतनामी बौद्धहरूमाथि भएको त्यो अत्याचारको समयावधिलाई बौद्ध इतिहासमा बौद्ध संकट (Buddhist crisis, भियतनामी भाषामा Biến cố Phật giáo) भनिन्छ । सन् १९६३को मे देखि नोभेम्बर बिचको सात महिना दक्षिण भियतनाममा राजनीतिक र धार्मिक तनावको अवधि थियो । यसबेला त्यहाँ क्रिश्चियन क्याथोलिक धर्मको प्रभावमा परेको सरकारले बौद्धहरूमाथि सिलसिलेवार रूपमा दमनकारी कार्यहरूको श्रृंखला चाल्यो । थोरै क्याथोलिकहरूले सरकारबाट विभिन्न सुविधा पाए भने बहुसंख्यक भएर पनि बौद्धहरू सरकारकै गिद्धे नजरमा परे । जबर्जस्ती धर्म परिवर्तन गरेर क्रिश्चियन बन्ने बाहेक अन्य जनताले



https://dhamma.digital

दुःख पाए । शान्तिप्रिय बौद्धहरू एक तहसम्म सहेर बसे तर दमन बढ्दै गएपछि उनीहरूले शान्तिपूर्ण नागरिक प्रतिरोधका कदमहरू अभियानको रूपमा चाले । धार्मिक स्वतन्त्रता र समानताका लागि भियतनामी जनताको उदाहरणीय बलिदानको कथा हो यो । यही दमन र प्रतिकारको क्रिया प्रतिक्रियाको श्रृंखला त्यहाँ सैनिक विद्रोह र शासकको रहस्यमय हत्यासँगै समाप्त भयो ।

## ङो डिन्ह दिएमको सरकार

सन् १९५५मा सत्तारोहण गरेका दक्षिण भियतनामी राष्ट्रपति ङो डिन्ह दिएम (ङो डिन्ह जिएम Ngô Đình Diệm) एक क्याथोलिक क्रिश्चियन थिए । उनले धर्मको आडमा शासन चलाउन थाले र आफ्नो भन्दा अरूको धर्मलाई स्वतन्त्रता पनि नदिने नीति लिएका थिए । संक्षिप्तमा भन्नुपर्दा सन् १९६३ को मे महिनामा उनको निर्देशनमा दक्षिण भियतनामी सेनाहरूले बौद्ध धार्मिक नेताहरू र अनुयायीहरूलाई दमन गरे । यसले सरकारको लागि राजनीतिक संकट निम्त्यायो । उनका निर्दयी कदमहरूले तनाव त कम गर्न केही गरेन, शान्तिप्रिय बौद्धहरूलाई झन् उत्तेजित बनायो । कसैकसैले राष्ट्रपतिका भाइ र निकटतम सल्लाहकार, ङो डिन्ह न्हु, जो क्याथोलिक धर्मगु¿ पनि थिए, उनको निर्देशनमा यो सबै भएको भन्ने अनुमान गर्ने गर्दछन् । अझ कसैले यति सबै गराउनुको पछाडि अमेरिकाको हात भएको समेत शंका गर्दछन् । हजारौं वर्षदेखि बुद्धधर्मको छाँयामा विकास भएको भएपनि भियतनामले लामो समय विदेशी आक्रमण, साम्राज्यवाद, कम्युनिष्ट शासन र विदेशी शक्ति राज्यहरूको खेलमैदानका रूपमा धेरै दुखकष्ट भोग्नुपर्यो ।



https://dhamma.digital



लगभग १०० वर्ष लामो उपनिवेशकाल पछि सन् १९४५मा भियतनाम स्वतन्त्र भयो तर १९५४मा उत्तर र दक्षिण भियतनाममा विभक्त पनि हुनुपर्यो । उत्तर भियतनाममा कम्युनिज्म थियो भने दक्षिण भियतनाम फ्रेन्च र पछि अमेरिकी साम्राज्यवादीहरूको निर्देशन अथवा नियन्त्रणमा थियो । यस्तो अवस्थामा पनि भियतनामीहरूले धर्म भने छोडेको थिएन ।

## क्रिश्चियन शासकको दमन

जुन बेला भियतनामी भिक्षु थिक न्हात हान अमेरिका लगायत विभिन्न देशमा बुद्धधर्मको प्रचार गरिरहेका थिए, त्यसबेला भियतनामका बौद्धहरू भने पीडामा थिए । सन् १९६३ मा भियतनाममा ७० देखि ९० प्रतिशत जनता बौद्ध थिए भनेर अनुमान गरिएको छ । यस्तो अवस्थामा त्यहाँको शासक राष्ट्रपति दिएमले क्रिश्चियनहरूलाई सहयोग गर्ने र बौद्धहरूलाई दमन गर्ने नीति नै लिएका थिए । त्यसबेलाका अल्पसंख्यक क्याथोलिकहरूले सेनामा प्रोमोशन, जग्गा स्वामित्व र कर माफी जस्ता सुविधा पाइरहेका हुन्थे भने बौद्धहरू जहिले पनि राज्यको विभेदको शिकार मात्र हुन्थे ।



https://dhamma.digital

यसबाहेक राज्यले नै कतिपय बौद्धहरूलाई जबर्जस्ती क्रिश्चियनमा धर्म परिवर्तन समेत गराएको थियो । कतिपय ठाउँमा बौद्ध मन्दिरहरू भत्काइए वा त्यहाँ भएको सम्पत्ति राज्यले नै लुटे । त्रासले वा लोभले कतिवटा गाउँहरूमा बौद्धहरूले सामुहिक रूपमा नै क्रिश्चियन धर्म अँगालेका पनि थिए । यस्तो अवस्थामा थुप्रै बौद्धहरूको सरकारी सुविधाकै लागि बुद्धधर्म त्यागेर क्रिश्चियन बन्नु कुनै आश्चर्यको कुरा थिएन । बौद्ध गतिविधिहरू नीजि कार्य जस्ता थिए भने क्रिश्चियन गतिविधिलाई सरकारले अभिभावकत्व प्रदान गरेको अवस्था थियो । विशेष दिनहरूमा त्यहाँका सार्वजनिक स्थलहरूमा भ्याटिकनको झण्डा फहराइन्थ्यो । यसले बौद्धहरूले आफु आफ्नै देशमा अपमानित महशुस गरिरहेका थिए ।



यस्तो अवस्थामा गुज्रिरहेको दक्षिण भियतनाममा सन् १९६३ को मे महिनामा बुद्ध जयन्तीका दिन त्यहाँका बौद्ध समारोहहरूमा बौद्ध झण्डा फहराउन नपाउने सरकारी सूचनाले जनतालाई आक्रोशित तुल्यायो । मे ८ को दिनमा बौद्धहरूले ह्यू शहरमा बौद्ध झण्डा प्रतिबन्धको विरोधमा प्रदर्शन गरे । प्रहरीले प्रदर्शन रोक्न बल प्रयोग गर्यो । भीड रोक्न नसकेपछि प्रहरीले गोली प्रहार गरे जसमा नौजना निहत्था नागरिक प्रदर्शनकारीको मृत्यु भयो ।



https://dhamma.digital

क्रिश्चियन राष्ट्रपतिको बौद्धहरूप्रतिको यस अमानवीय आक्रमणले बौद्धहरूलाई झन् सचेत बनायो । उनीहरूले धार्मिक पहिचान र धार्मिक स्वतन्त्रताको महत्वे बुझे । त्यसपछि यस घटनाले धार्मिक भेदभावको विरूद्ध बौद्धहरूलाई आन्दोलनमा जान उत्प्रेरित गर्यो । यस पछिको ६ महिना भियतनाम अति नै तनाव र अशान्तिमा बित्यो । समयावधिलाई विश्व बौद्ध इतिहासमा बौद्ध संकट भनेर चिनिन्छ ।

यस घटनाले बौद्धहरूलाई झन् संगठित तथा प्रतिवद्ध बनायो । यसै बिच थिक त्रि क्वाङ (Thích Trí Quang) एक सबल तथा सक्रिय बौद्ध नेता भएर निस्के । उनी एक महायानी बौद्ध भिक्षु थिए । उनले यस अमानवीय गोलीकाण्डको विरोधमा भिक्षुहरूको पाँच बुँदे घोषणा-पत्र जारी गरे जसमा १) बौद्ध झण्डा फहराउने स्वतन्त्रता, २) बौद्ध र क्याथोलिकहरू बीच धार्मिक समानता, ३) पीडित परिवारलाई क्षतिपूर्ति, ४) स्वेच्छाचारी गिरफ्तारी अन्त्यको माग गरिएको थियो र ५) जिम्मेवार अधिकारीहरूको दण्डको माग गरिएको थियो । यसको सुनुवाइ भयो र मे १५मा सरकारसँग वार्ता शुरू भयो ।

वार्तामा धार्मिक अतिवादले मात्तिएका राष्ट्रपति दिएमले बौद्धहरूको माग सुनेन । उनले त्यस गोलीकाण्डमा भिएत कङ्ग अर्थात दक्षिणी भियतमामा लडिरहेका कम्युनिष्ट योद्धाहरूलाई दोष दिएर पन्छिन खोजे । अनि देशमा धार्मिक स्वतन्त्रता छँदैछ नि भनेर बौद्ध भिक्षुहरूलाई पटमूर्खको संज्ञा दिए । राष्ट्रपतिले मरेकाहरूलाई क्षतिपूर्ति दिन त माने तर दोष भने स्वीकार गरेन ।

पछि तनाव बढ्दै गएपछि मे ३० मा ५०० भन्दा बढी भिक्षुहरूले साइगनस्थित राष्ट्रिय सभा अगाडि प्रदर्शन गरे । बौद्ध धर्मावलम्बीहरूले भिक्षुहरू सहित बाटो जाम गरेर प्रदर्शन गरे । उनीहरूले ४ घण्टासम्म तानाशाही राष्ट्रपतिका विरुद्ध प्रदर्शन गरे अनि चार दिन लामो आम हडतालको घोषणा पनि गरे । यस अभियानमा भिक्षु थिक क्वाङ दुकको भूमिका नेतृत्वदायी थियो ।

जुन ३ सम्म पुग्दा आन्दोलनले अर्को चरण पार गरिसकेको



https://dhamma.digital

थियो । सरकारले झन् दमन गर्दै लाने योजना बनाएको थियो । त्यस दिन भियतनामी पुलिस र सेनाहरूले तु दाम प्यागोडा बाहिर प्रार्थना गरिरहेका बौद्ध भिक्षुहरूको टाउकोमा केमिकल खन्याएर अत्यन्त पीडादायी र अमानवीय चरित्र देखाए । यसमा कुल ६७ जना अस्पताल भर्ना भए र अन्य केही व्यक्ति नराम्रोसँग घाइते भएका थिए । यसको चर्चा विदेशमा समेत हुन थालेपछि सरकार बौद्धहरूसँग वार्ता गर्न तयार भयो । तर पनि सरकारले आफ्ना अधिकारीहरूमा संवेदनशिलता नभएको भनेता पनि ह्यूमा भएको हिंसाको दोष लिन तयार भएन ।

## एक भिक्षुको आत्मदाह

जुन ११ का दिन अप्रत्याशित घटना घट्यो । यस दिन दिएम सरकारको नीतिको विरोध गर्दै भिक्षु थिक क्वाङ दुक (Thích Quảng Đức) ले साइगोनको चौबाटोमा आत्मदाह गरे । दिनभरीको क^र्युको कारण राजाधानी साइगोन भन्दा ४००माइल टाढा ह्यूको सडक सुनसान थियो । दंगा प्रहरी र सशस्त्र प्रहरीको गस्ती थियो । पवित्र तादुम प्यागोडामा सुरक्षा घेरा थियो ।



यसबिच पनि यो घटना फान दिन फुङ सडकमा घट्यो । आफ्नो धर्म र धार्मिक समानताको रक्षार्थ भिक्षु क्वाङ दुक भित्री मनदेखि



https://dhamma.digital

तयार थिए । उनी गाडीबाट ओर्लिए । एकजना भिक्षुले भुइँमा चकटी बिछ्याइदियो, अर्कोले पाँच ग्यालन पेट्रोलको भाँडो ल्यायो । अरू प्रदर्शनकारीहरूले गोलो बनाएर उनलाई घेरे, उनी शान्त भएर चकटीमा पद्मासनमा बसे । एक जना सहयोगीले उनको टाउकोमा पेट्रोल खन्याए, उनी जपमाला घुमाइरहे र “नमो अभिताभ बुद्ध” को जप गरिरहे । अनि उनले सलाइ कोरेर आफ्नो जिउ सल्काए । उनको शरीरबाट आगोको ज्वाला र कालो धुँवा निस्किरहयो ।

आफ्नो विहारबाट निस्कनु अगाडि उनले आफ्नो विचार लेखेर छोडेका थिए । उनले भनेका थिए – “आँखा बन्द गरेर बुद्धको दर्शन तर्फ अघि बढ्नु अघि, म यस देशका जनताप्रति करुणाको भावना राख्न र मातृभूमिको सदैव बल कायम राख्न धार्मिक समानता लागू गर्न राष्ट्रपति ङो दिन दिएमलाई सम्मानपूर्वक बिन्ती गर्दछु । अनि म पूजनीय, पूज्य, संघका सदस्यहरू र उपासक बौद्धहरूलाई बुद्धधर्मको रक्षाको लागि बलिदान गर्न एकतामा संगठित हुन आह्वान गर्दछु ।”

यसरी एक जना भिक्षु पुरा होसहवासमा आफ्नो शरीरमा आगो लगाएर सरकारलाई आफ्नो अस्तित्वको लागि चुनौती दिइरहँदा एक अर्का भिक्षुले अङ्ग्रेजी र भियतनामी भाषामा माइक्रोफोनमा भन्दै थिए – “एकजना बौद्ध भिक्षु आफैलाई जलाएर मार्छ। एक बौद्ध भिक्षु शहीद हुन्छ।”






https://dhamma.digital

यो दृष्य वरिपरी मानिसहरूले अचम्म मानेर हेरिरहेका थिए । भिक्षु भिक्षुणीहरू समेतले विश्वास गर्न सकिरहेका थिएनन् । यो देखेर बटुवाहरू मात्र होइन प्रदर्शन रोक्न आएका प्रहरीहरू समेतले उनलाई घुँडा टेकेर प्रणाम गरे। लगभग १० मिनेट पछि, भिक्षु क्वाङ दुकको शरीर पूरै जल्यो र यो अन्ततः निर्जीव भएर पछाडि ढल्यो। आगो निभेपछि केही भिक्षुहरूले त्यो धुँवा आइरहेको शवलाई पहेंलो कपडाले ढाके, त्यसलाई उठाए र कफिनमा राख्ने प्रयास गरे । तर पद्मासनमै लडेका भिक्षुको अंगहरू सीधा हुन सकेन र एउटा हात काठको बाकसबाट बाहिर निस्किरहेको थियो। शवलाई केन्द्रीय साइगन नजिकै छ्यालोइ प्यागोडामा लगियो । त्यहाँ विद्यार्थीहरूले दुईटा भाषामा ब्यानरहरू फहराए जसमा लेखिएको थियो – "एक बौद्ध भिक्षुले हाम्रो पाँच अनुरोधहरूको लागि आफैलाई जलाए ।"

यो दृष्यकोबारे अमेरिकी पत्रकार डेभिड हल्बेरस्टामले यसरी वर्णन गरे – "मैले त्यो दृश्य फेरि हेर्नु थियो, तर एक पटक नै पर्याप्त थियो । एकजना मानिसको शरिरबाट आगो आइरहेको थियो । उसको शरीर बिस्तारै सुक्दै गइरहेको थियो, टाउको कालो र जलिरहेको थियो । हावामा मानिसको मासु जलेको गन्ध थियो। मानिसको शरीर अचम्मसँग छिटो जल्छ। मेरो पछाडि भेला भइरहेका भियतनामीहरूको रुवाइ मैले सुनें। म यति धेरै स्तब्ध भएँ कि रुन सकिन, घटनाको टिपोट लिन वा प्रश्न सोध्न पनि अलमलमा थिएँ, सोच्न पनि अलमल परेको थिएँ। आफु जलिरहँदा उसले कहिल्यै आफ्नो मांसपेशी पनि चलाएन, कहिल्यै एउटा आवाज पनि निकालेन, उसको बाहिरी शारीरिक मुद्रा उसको वरिपरि रोइरहेका मानिसहरूको ठीक विपरीत थियो ।"

दिउँसो लगभग एक हजार भिक्षुहरूले प्यागोडाभित्र भेला भएर सभा गरे, बाहिर बौद्ध विद्यार्थीहरूले सुरक्षा दिए । पछि सबै मिलेर भिक्षुको ससम्मान दाहसंस्कार गरे (उनको शरीर पुरै जल्दा पनि उनको मुटु जलेन र त्यसलाई पछि करुणाको मुटु भनेर विहारमा राखियो भन्ने गरिन्छ)। यही घटनामा बेलुका ३० जना भिक्षुणीहरू र ६ जना भिक्षुहरू



https://dhamma.digital

गिरफ्तार भए । तर पनि भिक्षु, भिक्षुणी तथा बौद्ध समर्थक जनता पछि हट्न तयार भएनन् ।



यो दृष्यलाई अमेरिकी पत्रकार माल्कोम ब्राउनले क्यामेरामा कैद गर्न पाएका थिए (यसबापत उनले पुलिजर पुरस्कार पनि पाए) । उनको यो दनदनी आगोमा जलिरहेका भिक्षुको फोटोले विश्वभरी नै तहलका मचायो ।

यो एक श्रद्धा, धर्म र क्षान्तिले भरिएको भिक्षुको बलवान आह्वान थियो । जब जब बुद्धधर्ममाथि राज्य अथवा विधर्मीहरूको अत्याचार शुरु हुन्थ्यो, बौद्धहरूले पहिलो कदम अनुरूप शान्तिपूर्ण ढंगले गर्ने प्रतिकार भनेको यही हो । इतिहासमै पहिला नभएको जस्तो यो संकल्पले भियतनामी तानाशाह मात्र हैन भियनताममाथि अदृष्य नियन्त्रण राख्ने अमेरिकी सरकारमा समेत खैलाबैला मच्चियो ।

उता यस्तो प्रदर्शन हुँदा पनि सरकार पटक्कै संवेदनशिल भएन । राष्ट्रपति दिएमका इसाई भाइ तथा सल्लाहकार ङो दिन न्हुकी श्रीमति म्याडम न्हूले त यति सम्म भने – “उनीहरूलाई जल्न दिउँ र हामी ताली बजाउँछौं । यदि बौद्धहरू अर्को बार्बेक्यु (मासु पोलेर खाने भोज)को आयोजना गर्छन् भने हामी खुशी साथ पेट्रोल र सलाई पठाइदिन्छौं ।”



https://dhamma.digital

## अमेरिकी प्रतिक्रिया

तर यस घटनाले अन्तर्राष्ट्रिय रूपमा भने निकै खैलाबैला मचायो । विशेष गरी दक्षिण भियतनामलाई नियन्त्रण गर्ने अमेरिकी सरकारले यसलाई निकै गंभीरतापूर्वक लियो । दक्षिणी भियतनामको धर्मको आडमा शासन गर्न खोज्ने दिएम सरकारको समर्थनमा भएको अमेरिकी सरकारले यसलाई अक्षम्य माने । अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले जलिरहेको भिक्षुको फोटो देखेर भने – "संसारको कुनै पनि समाचार चित्रले इतिहासमै यसले जति संवेदना उत्पन्न गराएन ।"

यो फोटो युरोप भरी नै जनचासोको विषय बन्यो र बाटो बाटो यसको प्रतिलिपि बिक्यो । अर्को तर्फ कम्युनिज्ममा अडेको चीनले यस फोटोलाई अमेरिकी सम्राज्यवादको नमूनाको प्रमाणको रूपमा चीनभरी फैलाउन थाले । विश्वभरी र भियतनाममै पनि यस आत्मदाहलाई विभिन्न कोणबाट विश्लेषण गर्न थालियो । यसले एशियाका देशहरूमा साम्राज्यवादीहरूले मचाएको ताण्डब, क्रिश्चियनहरूको असहिष्णुता, धर्मको आडमा राजनीति गर्ने, सत्ता टिकाउन एउटा धर्मलाई काखी च्याप्ने, आफ्नो धर्म जनतामा जबर्जस्ती लाद्ने, जनताको धर्म र अस्तित्व नस्वीकार्ने शासन प्रणालीलाई उदाङ्गो पारेर देखाइदियो ।






https://dhamma.digital

यसले अमेरिकी सरकारलाई भने संकटमा पार्यो । राष्ट्रपति केनेडीले भियतनाममा केही सुधारहरूको लागि सुझाव दियो तर त्यहाँका शासक त्यो सुन्न तयार भएन । यसै घटनाले अमेरिका तथा दक्षिण भियतनाम बिच दुरी बढ्यो । त्यसपछिको केही समय अमेरिका र भियतनामी शासक बिचको सम्बन्ध रहस्यमय रह्यो । केही घटनाक्रमले अमेरिकी सरकार अब उप्रान्त दिएमको अप्राजातान्त्रिक सरकारलाई काँधमा बोकि नराख्ने संकेत दियो ।

## तानाशाहको रहस्यमय अन्त्य




अगस्टमा राष्ट्रपति दिएमले सैनिक शासनको घोषणा गरे र उनको सेनाले बौद्ध प्यागोडाहरूमा आक्रमण गरे । यसले स्थिति झन् बिगार्यो । केही नाटकीय परिवर्तनका बिच नोभेम्बर १ मा भियतनाममा सैनिक विद्रोह कू भयो । जनतालाई दबाएर धर्मको आडमा शासन गर्ने राष्ट्रपति र उनका सल्लाहकार सुरुङ खनेर भाग्न बाध्य भए । र, अन्त्यमा कर्मको भोग भने जस्तै बौद्धहरूमाथि अत्याचार गर्ने राष्ट्रपति र उनका सल्लाहकारको गोली हानी हत्या भयो । यसप्रकार बौद्धहरूको देश भियतनाममा बौद्धहरूमाथि अत्याचार गर्ने एक कालो युगको अन्त्य भयो ।



https://dhamma.digital



## नेपालले सिक्ने पाठ

यो घटना भियतनाम जस्तै नेपाल जस्ता देशहरूका लागि विभिन्न कोणवाट शिक्षा दिने खालको रह्यो । यसले एकातिर बौद्धहरूका माझ समय परिस्थितिमा प्रतिकुल राज्य व्यवस्था आउँदा बौद्धहरूले कस्तो भूमिका खेल्नुपर्छ, के गर्यो भने धर्म र त्यससँग जोडिएको आफ्नो अस्तित्वको रक्षा गर्न सकिन्छ भन्ने पाठ पढाएको छ । त्यस्तै यसले धर्मको आडमा शासन गर्न खोज्ने, जनतामा धार्मिक स्वतन्त्रता नदिने अनि धार्मिक समानताको कुरा सुन्न नचाहने सरकारको हविगत कस्तो हुन्छ भनेर पनि देखाएको छ। देखिने नदेखिने गरी नेपालका शासकहरूमा पनि अहिले धर्मको आडमा शासन गर्ने, आफ्नो धर्म मान्नेहरूलाई सहुलियत दिने र अन्य धर्म मान्नेहरूमाथि हुकुम चलाउने प्रवृत्ति देखिन थालेको छ ।

यस्तो बेला एकातिर भियतनामको शिक्षा लिएर बदलिँदो समय परिस्थितिमा बौद्धहरू कसरी सजग र सचेत हुन जरुरी छ भनेर



https://dhamma.digital

देखाएको छ भने अर्कोतिर धर्मको आडमा तथा विदेशी शक्ति राष्ट्रको काखमा बसेर तानाशाही तवरले राज्य चलाउने शासकहरूको कस्तो दुखद र अप्रत्याशित अन्त्य हुन्छ भनेर पनि यसले सिकाएको छ । जसले इतिहासबाट सिक्दैन, उसले भविष्यलाई आफ्नो अनुकूल बनाउन सक्दैन । नेपालका बौद्धहरूले तथा शासकहरूले पनि बौद्ध संकटबाट यही सिकुन् ।

बौद्ध मासिक आनन्दभूमि नेसं ११४२ सीपुन्ही (२०७८ चैत, 2022 March 17 मा प्रकाशित लेख साभार)

*नोट : 'भियतनाममा बुद्धधर्म' सम्बन्धी यो पाठ्यसामग्रीमा 'पृष्ठभूमि' शिर्षक भिक्षु सुद्धर्शनको श्रोत र 'वर्तमान भियतनाममा बुद्धधर्म' शिर्षकमा लेखक राजेन मानन्धरले लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल ।*



https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

## पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## एकाई ५

(क) : इण्डोनेशियामा बुद्धधर्म र बौद्ध स्मारकहरू

(ख) : अफ्गानिस्तानमा बुद्धधर्म र बौद्ध स्मारकहरू

(ग) : बंगलादेशमा बुद्धधर्म र बौद्ध स्मारकहरू

(घ) : पाकिस्तानमा बुद्धधर्म र बौद्ध स्मारकहरू

(ङ) : मलेशियामा बुद्धधर्म र बौद्ध स्मारकहरू

(च) : फिलिपिन्समा बुद्धधर्म र बौद्ध स्मारकहरू

लेखक : राजेन मानन्धर

https://dhamma.digital

## एकाइ ५

# (क) इन्डोनेसियामा बुद्धधर्म

इन्डोनेशिया एशियाको दक्षिण पूर्वमा पर्ने द्वीप समुहको एउटा यस्तो देश हो जसलाई प्राचीन मानव जाति शुरु भएका स्थलहरू मध्ये एक मानिन्छ। प्राचीनकालमा आत्मापुजकहरूको बाहुल्यता भएको यस देशमा बुद्धधर्म र हिन्दुधर्मले प्रवेश पायो, आफ्नै किसिमबाट धर्म र संस्कृतिको विकास गर्‍यो। त्यसबेलाका बौद्धहरूले यहाँ विश्वकै सबैभन्दा ठुलो बौद्ध स्तुप बोदोबुदुरको निर्माण गरे। तर पछि भने मुस्लिमहरूको प्रवेश पछि यहाँ बुद्धधर्म लगभग विलिन भयो। अहिले यहाँको जनताको एक प्रतिशत भन्दा कमले मात्र बुद्धधर्म मानिराखेको छ। यस लेखमा इन्डोनेशियामा बुद्धधर्मको प्रवेश, विस्तार, लोप र पुनर्जीवनको बारे संक्षेपमा चर्चा गरिने छ।

### इन्डोनेशियाको संक्षिप्त परिचय

इन्डोनेसिया एक गणतन्त्रात्मक देश हो जुन दक्षिणपूर्व एशिया र ओशिनियामा हिन्द र प्रशान्त महासागरहरूको बीच रहेको छ। यसको वरिपरी पपुवा न्यू गिनी, पूर्वी टिमोर, मलेशिया, सिंगापुर, भियतनाम, थाइल्याण्ड, फिलिपिन्स, अष्ट्रेलिया, पलाउ, र भारत (अण्डमान र निकोबार टापुहरू) रहेका छन्।

यसलाई विश्वको सबैभन्दा ठुलो द्वीपसमूह राज्य (आर्केपेलेगो) पनि भनिन्छ, जस अन्तर्गत १८ हजार साना ठुला द्वीपहरू पर्दछन्। यी मध्ये सुमात्रा, जाभा, सुलावेसी, र बोर्नियो र न्यू गिनीका भागहरू आदि हुन्। यसको क्षेत्रफल १,९०४,५६९ वर्ग किलोमिटर छ भने यहाँको जनसंख्या लगभग २ करोड ७५ लाख छ।

यहाँ १३ सय जातीय समुहहरू बसोबास गर्छन् र उनीहरूको भाषा ७ सय भन्दा धेरै छन्। यो देशको राजधानी जकार्ता हो जसलाई



https://dhamma.digital

विश्वको दोस्रो सबैभन्दा बढी जनसंख्या भएको शहरी क्षेत्र पनि भनिन्छ। यहाँको राजधानीमा मात्रै १ करोड भन्दा बढी मानिस बस्छन् । कुनै बेला बौद्ध साम्राज्यहरू भएको देशमा अहिले मुस्लिमहरूको बाहुल्यता छ। सरदर हेर्दा अहिले यहाँ ८६.७ प्रतिशत मुस्लिमहरू, १९.७ प्रतिशत क्रिश्चियनहरू, १.७४ प्रतिशत हिन्दुहरू र ०.८ प्रतिशत बौद्धहरू छन् । अर्थात् यहाँ २ लाख ६२ हजार बौद्धहरू बसोबास गर्छन् ।.इस्लाम, प्रोटेस्टानियनिज्म, रोमन क्याथोलिक, हिन्दु बौद्ध र कन्फुशियनिज्मलाई यहाँ औपचारिक धर्म मानिन्छ र यहाँको संविधानले धार्मिक स्वतन्त्रकाको प्रत्याभूति दिएको छ ।

## इन्डोनेशियामा बुद्धधर्मको प्रवेश

इन्डोनेसियाका आदिवासीहरू आत्मापूजक वा प्रकृतिपूजक थिए। उनीहरू पहिलेदेखि रुख, ढुंगा इत्यादिमा विशेष शक्ति छ भनेर वा तिनीहरू सबैमा आत्मा हुन्छ भनेर पूजा गर्ने गर्थे । यस्तोमा बुद्धधर्मले कहिले प्रवेश पायो भन्न सजिलो छैन। फेरी कति धेरै बुद्धधर्म फैलेकोलाई फैलेको भन्ने पनि प्रश्न होला । सामान्य रूपमा भन्दा त्यहाँ बुद्धधर्मको मध्यपूर्व अर्थात् पर्सिया इत्यादि देशहरूले व्यापारको सिलसिलामा दक्षिणपूर्वी देशसम्म आफ्नो यात्रा गर्न जानेदेखि उनीहरूसँगै त्यहाँ बुद्धधर्म पुगेको देखिन्छ । यसरी भन्दा ईशाको पहिलो शताब्दीको प्रारम्भसँग भारतवर्षको व्यापार यात्रा समुद्री सिल्क रोडको माध्यमबाट इन्डोनेसिया पुगेको देखिन्छ। यही समयबाट नै त्यहाँ बुद्धधर्मले प्रवेश पाएको भयो । यद्यपि त्यस बेलाको बुद्धधर्म कुन निकायको अनि त्यहाँ बुद्धधर्मले कति ठुलो समाजलाई प्रभाव पार्न सक्यो भन्ने जिज्ञासाहरू भने अनुत्तरित नै छन् । यहाँ हिन्दुधर्मले बुद्धधर्म भन्दा केही सय वर्ष पहिले मात्र प्रवेश पाएको थियो ।

इन्डोनेसियाको सबैभन्दा पुरानो बौद्ध पुरातात्विक स्थल भनेर बाटुजया स्तूप परिसरलाई लिइन्छ जुन पश्चिम जाभाको कारावाङमा रहेको छ । यहाँको पुरातात्विक अवशेषलाई दोश्रो शताब्दीको भनेर



https://dhamma.digital

भनिएको छ । त्यस्तै किसिमले सुमात्राको जाम्बी, पालेम्बाङ र रियाउ प्रान्त एवं मध्य र पूर्वी जाभामा पनि प्राचीन बौद्ध क्षेत्रहरू उल्लेखनीय संख्यामा पाइन्छन् ।

इशाको ४०० देखि ७०० भित्र इन्डोनेशियामा कमसेकम तीनवटा विशाल बौद्ध राज्यहरू बनिसकेको देखिन्छ । ईस्वी ४००मा पश्चिम जाभा द्वीपमा बौद्ध राज्य, **तरुमानगर** स्थापित भएको थियो । तरुमानगर वा तरुमा र पश्चिमी जाभामा अवस्थित एक प्रारम्भिक सुण्डाहरूको राज्य थियो । यहाँका शासक पूर्णवर्मनले इस्वी ४५०मा राखेका केही अभिलेखहरू भेटिएका छन् ।

ईस्वी ४२५मा दक्षिण सुमात्रा द्वीपमा बौद्ध राज्य **श्रीविजय**को स्थापना भयो जुन वर्तमान समयमा सुमात्राको पालेम्बाङमा पर्दछ । यो त्यसबेलाको दक्षिणपूर्वकै सबैभन्दा ठुलो बुद्धधर्मको अध्ययन केन्द्र थियो । यसबेला यहाँ बौद्ध विद्यालयहरू र गुम्बाहरू खुले । यहाँका धर्मपाल तथा शाक्यकीर्ति जस्ता बौद्ध विद्वान्हरूको नाम अहिले पनि विश्व बुद्धधर्मको इतिहासको अध्ययन गर्दा आउँछ । श्री विजय वंशको राज्यकालमा, अर्थात् इस्वीको ७ औंदेखि १४औं शताब्दीसम्मको समयमा इन्डोनेशियाकै सबैभन्दा ठुलो बौद्ध साम्राज्य बनेको अवस्थामा यहाँ सबैभन्दा धेरै बुद्धधर्मको विकास भएको थियो ।

ईस्वी ७३२ मा मध्य जाभामा राजा सञ्जय अथवा **शैलेन्द्र** राज्यको स्थापना गरे । यसै राज्यवंशको समयमा यहाँ विश्वको सबैभन्दा ठुलो स्तुप बोरोबुदुरको स्थापना भयो । यस स्तुपलाई विश्वका सात आश्चर्य तथा युनेस्को विश्व सम्पदा सूचि अन्तर्गत राखिएको छ । यस भव्य स्तुपमा राज्यले गरेको योगदान हेरेर पनि त्यसबेलाको यहाँको बुद्धधर्म कति सशक्त थियो भनेर अनुमान गर्न सकिन्छ । इन्डोनेशियामा महायानको विकास गर्न शैलेन्द्र वंशको योगदान भएको मानिन्छ ।

५ औं शताब्दीमा चीनियाँ बौद्ध भिक्षु फाहियान भारतको भ्रमण गरी फर्कदा इन्डोनेशियाको जाभा पुगेका थिए ।



https://dhamma.digital

## इत्सिङको वर्णन

इन्डोनेशियाको बुद्धधर्मको इतिहासको बारेमा थाहा पाउन चीनियाँ यात्री इत्सिङ (यिजिङ)को यात्रा वर्णनले धेरै सहयोग गर्दछ। उनी चीनबाट भारतको नालन्दा विश्वविद्यालयमा बुद्धधर्मको अध्ययन गर्न निस्कँदा इन्डोनेशियाको श्रीविजय राज्यमा पुगे। उनले त्यहाँ सन् ६७१ मा छ महिना बसेर संस्कृत व्याकरण र मलया भाषा सिके। उनले आफ्नो यात्रा वर्णनमा ७ औ शताब्दीको इन्डोनेशियामा बुद्धधर्मको प्रचार र त्यहाँका बौद्ध भिक्षुहरूको ज्ञानको तारिफ गरेका छन्। उनले त्यहाँ श्रीविजयलाई एक शक्तिशाली समुद्री साम्राज्यको रूपमा देखे र उनले यस साम्राज्य त्यस क्षेत्रमा बौद्ध शिक्षा केन्द्रको रूपमा विकसित भइरहेको भनेर वर्णन गरे।

अझ उनले त यदि कुनै चिनियाँ भिक्षुहरूलाई भारतको नालन्दामा गएर अध्ययन गर्नु मन लागेको छ भने त्यो भन्दा अघि श्रीविजयमा केही समय अध्ययन गरेर मात्र जान सल्लाह समेत दिएका थिए। उनले वर्णन गरे अनुसार त्यहाँ १,००० भन्दा बौद्ध भिक्षुहरू थिए, जो अध्ययन र अभ्यासमा निकै उत्सुक थिए। उनीहरू भारतमा भएका विषयहरूको अनुसन्धान र अध्ययन गर्थे अनि त्यहीँको जस्तो नियम र अभ्यास गर्थे। त्यस बेला बुद्धधर्म दक्षिणपूर्वी एसियाका टापुहरूमा फैलिरहेको थियो अनि दक्षिणी सागरका टापुहरूमा धेरै राजाहरू र शासकहरूले बुद्धधर्मको प्रशंसा गर्थे र विश्वास गर्थे अनि तिनीहरू पुण्यकार्यमा सरिक हुन्थे भनेर पनि इत्सिङले वर्णन गरेको पाइन्छ। यसले ७ औं शताब्दीमा इन्डोनेशियाको बुद्धधर्मको अवस्था प्रष्ट पार्छ।

त्यसबेला ६औ शताब्दीको अन्त्यतिर श्री विजय राज्यका शैलेन्द्र वंशका एक राजकुमार विद्वान भिक्षु बनेर नालन्दा विश्वविद्यालयमा शिक्षक र कवि बन्न भारत गए भनेर पनि भनिएको पाइन्छ।

## बोरोबुदुर

इन्डोनेशियाको बुद्धधर्मको कुरा गर्दा विशाल बोदोबुदुर चैत्यको



https://dhamma.digital

बारेमा केही जानकारी दिनु प्रासंगिक हुन्छ । मध्य जाभाको दक्षिणमा रहेको केडु उपत्यकामास्थित यो विश्वकै सबैभन्दा ठुलो चैत्य त्यहाँको ९औ शताब्दीको बुद्धधर्मको विकासको शिखरमा पुगेकोको प्रमाण हो । यसको निर्माण शैलेन्द्र वंशका राजा समरतुङ्गको राज्यकालमा सम्पन्न भएको थियो । यसको निर्माणमा त्यहाँको मौलिक कलाका साथै भारतको गुप्तकलाको झल्को पाइन्छ । करिब इस्वीको ७५० देखि निर्माण थालेर ८२५ तिर सम्पन्न गरिएको यो चैत्यको निर्माण सम्पन्न हुन करिब ७५ वर्ष लाग्यो । यसको उचाइ ४२ मिटर छ र यसको लम्बाइ १२३ मीटर र चौडाइ १२३ मिटर गरी यसको आकार यसले १५१२९ वर्गमिटर छ । यसको निर्माण र निर्माताको बारेमा निकै थोरै अभिलेखहरू प्राप्त छन् । यसको निर्माणको श्रेय गुणधर्म नामक वास्तुविद्लाई दिइएको छ, जो नेपाल वा भारतवर्षबाट गएका थिए भनेर समेत विश्वास गरिन्छ ।

यसको तलदेखि माथिसम्मको चरणहरूलाई हेर्दा यसले बौद्ध ब्रम्हाण्डलाई प्रतिकात्मक रूपमा देखाएको प्रतीत हुन्छ । यहाँका तीन तहहरूलाई क्रमशः कामधातु, रूपधातु र अरूपधातु भनेर सम्बोधन गरेको पाइन्छ। यसमा नौवटा डबलीहरू बनेका छन् र त्यसमाथि स्तुपको डोम बनाइएको छ । यसमा २,६७२ वटा कर्मविभङग, ललितविस्तर, जातक, अवदान तथा गण्डव्यूह सम्बन्धी भित्तेमूर्तिहरू, ५०४ वटा बुद्धका मूर्तिहरू तथा ७२ वटा भित्र बुद्धमूर्ति भएका जालीदार चैत्यहरू जडित छन् ।

इन्डोनेशियामा त्यस्तै किसिमबाट अन्य बौद्ध भिक्षुहरू धर्मपाल, नालन्दाका प्राध्यापक र दक्षिण भारतीय बौद्ध वज्रबोधी आदिले पनि इन्डोनेशियाको श्रीविजयमा अध्ययन भ्रमण गरेका थिए भन्ने आलेख पाइन्छ । भारतीय बौद्ध भिक्षु अतिशा दीपंकर सुमात्रा आएर १२ वर्ष बसेर गएको भन्ने तिब्बती श्रोतहरूले भन्दछन् ।

यसप्रकार हेर्दा ७ औ शताब्दीदेखि १२औ शताब्दीसम्म **श्रीविजय** इन्डोनेशियाकै इतिहासमा अहिलेसम्म बनेको सबैभन्दा ठूलो बौद्ध साम्राज्य थियो भन्न सकिन्छ । श्रीविजय तथा यहाँका राजाहरूले इन्डोनेशियामा



https://dhamma.digital

बुद्धधर्मको संरक्षण तथा प्रचार प्रसारमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यहाँका शासकहरूले आफ्नो राज्यविस्तारसँगै आफुले जितेर लिएको जाभा, मलाया आदि ठाउँमा पनि विस्तारै बुद्धधर्मको प्रचार गरेका थिए ।

१३ औं शताब्दीमा पूर्वी जाभाको सिङ्घासरीका राजा **केर्तानगर**ले तान्त्रिक बुद्धधर्मलाई संरक्षण प्रदान गरिराखेको थियो । त्यसकारण यसबेला यहाँ प्रज्ञापारमिताका थुप्रै मूर्तिहरू बने । सिङ्घासरीमा पाइएको १३ औं शताब्दीको एक सुन्दर प्रज्ञापारमिताको मूर्तिले त्यसबेलाको बुद्धधर्मको परिदृष्य देखाउँछ । यस मूर्तिमा त्यस बेलाको ऐतिहासिक, धार्मिक महत्वका साथै यो कलाको दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ । हाल यो मूर्ति इन्डोनेशिया राष्ट्रिय संग्रहालय जाकार्तामा राखिएको छ ।

इस्वीको १३औ देखि १५औं शताब्दीसम्म **मजपहित** साम्राज्यमा बुद्धधर्म र हिन्दुधर्म सहअस्तित्वको आधारमा सँगसँगै विकास भइरहेको पाइन्छ । मजपहित राज्यको पतनसँगै इन्डोनेशियामा मुस्लिमहरूको प्रभाव बढ्दै गयो । अथवा मजपहित राज्यको पतन र मुस्लिमहरूको उदयले गर्दा बौद्धहरू र हिन्दुहरूले आफ्नो अस्तित्वको लागि समागमको बाटो रोजेको हुनसक्छ ।

## इन्डोनेशियामा इस्लाम धर्मको प्रवेश

तर इन्डोनेशियाको हजारौं वर्ष पुरानो इतिहास भएको बुद्धधर्म धेरै समयसम्म प्रभावशाली रहेन । १२ औं वा १३ औं शताब्दीतिर मध्यपूर्वतिरबाट ब्यापारकै सिलसिलामा अरबका मुस्लिमहरूको इन्डोनशियामा पभाव बढ्यो ।

यहाँ हिन्दुको प्रभाव बढ्दै जाँदा बुद्धधर्म कमजोर हुन थालेको थियो भने इस्लामको प्रवेशले ठिक त्यस्तै किसिमबाट हिन्दु पनि कमजोर हुँदै गइरहेको अवस्था थियो । यद्यपि भारतमा जस्तो यहाँ मुस्लिमहरूको हिन्दुहरूमाथि अत्याचार गरेको उदाहरण भेटिँदैन । बरु मुस्लिमहरूले यहाँका शासकहरूलाई प्रभावमा पारेर उनीहरूलाई मुस्लिम धर्म परिवर्तन



https://dhamma.digital

गराइ उनै शासकहरूलाई इस्लामको संरक्षकको रूपमा लिएर समाजमा प्रभाव बढाउँदै गइरहेको पाइन्छ ।

इस्वीको १२९२मा **मजपहित** राज्यमा वीआया नामक राजकुमारले शासन गरे । १३३१ सम्ममा यो राज्य विस्तार भएर भियतनाम, क्याम्बोडिया तथा फिलिपिन्सिका क्षेत्रहरूसम्म पुग्यो । १३४५ मा समुदेरा पासाइ भन्ने ठाउँमा पहिलो मुस्लिम राज्य स्थापना भयो र १५०५ मा जाभामा दिमक नामक मुस्लिम राज्य बन्यो ।

१५औं शताब्दीमा त्यहाँ रहेको बौद्ध र हिन्दु सभ्यता बिलायो भने १६ औं शताब्दीको अन्ततिर इस्लामले जाभा र सुमात्रा द्विपमा त्यहाँको प्रमुख धर्मको रूपमा अधिपत्य जमायो । यस पछिको करिब ४५० वर्ष त्यहाँको समाजमा बुद्धधर्मले कुनै ठाउँ पाएन जसको कारणले त्यहाँका बौद्ध मन्दिर, स्तुप आदि बन्जर बने र माटोमा पुरिए । यसबिचमा इन्डोनेशियामा बुद्धधर्मको अभ्यास गर्ने कोही थिए भने चीनियाँ आप्रवासीहरू मात्र थिए । कोही भने त्रिधर्म भनेर बुद्धधर्म, कन्फुशियन धर्म र ताओ धर्मलाई मिसाएर मान्थे ।

## उपनिवेशकालमा इन्डोनेशिया

तर मुस्लिमहरूको राज्य पनि धेरै लामो समयसम्म टिक्न पाएन । यहाँको कमजोर राज्य व्यवस्थाका कारण इन्डोनेशिया युरोपका साम्राज्यवादीहरूको आँखामा पर्यो र विभिन्न देशले पालैपालो यसलाई आफ्नो उपनिवेश बनाएर शोषण गर्न आए ।

संक्षिप्तमा भन्नुपर्दा यसपछिको युग भनेको अशान्ति र शोषणको युग बन्यो । सन् १५०९ मा पोर्चुगिजहरू इन्डोनेशिया आए र १६०० सम्म शासन गरे । १६०२ मा डचहरू आए । १८औं शताब्दीसम्ममा डचहरूले यस द्विप समुहका अधिकांश ठाउँमा आफ्नो अधिकार जमाए र र १९४५ सम्म शासन गरे । उनीहरूको व्यापार भारत श्रीलंका, टाइवान र जापानसम्म पुग्यो । यसैबिच १८११ देखि १८१६ सम्म छोटो समयका लागि ब्रिटिशहरूले पनि इन्डोनेशियालाई कब्जामा राखे ।



https://dhamma.digital

उनीहरूले एकपछि अर्को गरेर त्यहाँको मसला इत्यादि प्राकृतिक श्रोतको दोहन मात्र गरे ।

उपनिवेशका सोभ्का सिधा जनतामाथि धेरै थोरै अन्याय र अत्याचार गर्ने त स्वाभविक नै थियो । सन् १९३० को जनगणनामा धर्मको महलमा इस्लाम र क्रिश्चियन धर्म राखिएको थियो । तर बुद्धधर्म उल्लेख नै थिएन । यसले त्यस बेला त्यहाँको समाजमा बौद्धहरू देखिँदैनथे अथवा उपनिवेश सरकारले बौद्धहरूलाई अस्वीकार गरेको देखिन्छ । दोश्रो विश्वयुद्धको समयमा जापानले सन् १९४२ देखि १९४५सम्म इन्डोनेशियामा अधिपत्य जमाए ।

## बुद्धधर्मको पुनर्जीवन

उपनिवेशकालमा इन्डोनेशियामा शासन गर्न आएका साम्राज्यवादीहरूले त्यहाँको श्रोतको दोहन गरे, समाजमा केही नकारात्मक प्रभाव पारे । तर यसका साथै उनीहरूले नै जमिनमुनि दबिसकेको बौद्ध सम्पदाको उत्खनन्, संरक्षण तथा जीर्णोद्धार गरे । यसका साथै यहाँको बुद्धधर्म र बौद्ध दर्शनलाई नयाँ ढंगबाट अध्ययन गर्न र बुद्धलाई युरोपमा चिनाउन उनीहरूले गरेको योगदानको पुन मुल्यांकन गरिनु पर्दछ । उनीहरूले २० औं शताब्दीमा आएर बुद्धधर्मलाई लुप्त भैसकेको इतिहासको धर्मको रूपमा मात्र नलिई यसलाई वर्तमान विश्वमा सबैलाई चाहिने जीवन दर्शन पनि हो भनेर पनि विश्वमा देखाए । अभ्क कतिले त इन्डोनेशियाली बौद्धहरूलाई संगठित बनाउन नेतृत्वदायी भूमिका पनि खेले ।

हुन त १९औं शताब्दीको आरम्भमै पनि इन्डोनेशियामा बुद्धधर्मलाई पुनर्जीवन दिने प्रयास नभएको होइन । तर बहुधार्मिक देशमा सबै धर्मको सहअस्तित्वको काम गर्दा गर्दै बौद्धहरूले आफ्नो धर्मको विकास गर्न वातावरण पाएन । थियोसोफिकल सोसाइटीको स्थापना गर्ने अभियान त्यहाँ उपनिवेश कालमै शुरु भइसकेको थियो ।

सन् १९२९मा जाभा बौद्ध संगठन (Java Buddhist Association



https://dhamma.digital

-JBA)को स्थापना भयो । डच मुलका बौद्ध अभियन्ता भान डाइन्स्ट यसका अध्यक्ष बने । त्यस्तै १९३४ मा बाताभिया बौद्ध संगठन (Batavia Buddhist Association -BBA) को स्थापना भयो । यी दुई संस्थामा मतभिन्नता थियो किनभने जेभिए थेरवादीहरूको प्रभावमा थियो भने बिबिए चीनियाँ वा महायानीहरूको प्रभावमा थियो ।

सन् १९३४ लाई इन्डोनेशियाको बुद्धधर्मको पुनर्जीवनको वर्ष मान्नु पर्छ । यसवर्ष श्रीलंकामा नारद महास्थविरले इन्डोनेशियाको भ्रमण गर्नुभयो (उहाँ नारद भन्तेले निर्वासनमा रहेको नेपाली भिक्षुहरूलाई मातृभूमि फर्काउन गर्नुभएको योगदान यहाँ स्मरणीय हुन्छ) । दक्षिणपूर्वी एशियाली देशहरूमा बुद्धधर्मको प्रभाव कम हुँदै गएको अवस्थामा उहाँको ऐतिहासिक भ्रमणले धेरै ठाउँमा बुद्धधर्मले पुनर्जीवन पाएको थियो । यसै प्रसंगमा उहाँ इन्डोनेशिया पुग्नुहँदा त्यहाँका केही थोरै बौद्धहरूले उहाँबाट ठुलो प्रोत्साहन पाए र आफ्नो जन्मभूमिमा पुनः बुद्धधर्मको प्रचार प्रसार गर्ने अठोट पनि लिए । ती मध्ये केहीले पवित्र बोदोबुदुर परिसरमा बोधिवृक्ष रोपे र केहीले प्रवज्या समेत ग्रहण गरे ।

## स्वतन्त्रता पछिको इन्डोनेशियामा बुद्धधर्म

सन् १९४५मा इन्डोनेशियाले स्वतन्त्रता प्राप्त गर्यो । स्वतन्त्रता प्राप्ति पछि इन्डोनेशियाका बौद्धहरूले आफुलाई बढी स्वतन्त्र र सुरक्षित महशुस गरे । उनीहरूले पहिले बनाइएका बौद्ध संस्थाहरूको पुर्नगठन गर्न थाले । गबुङ्गान साम काव इन्डोनेशियाको (Gabungan Sam Kauw Indonesia- GSKI) को स्थापना सन् १९५१ मा भयो । पेरसउदरन उपासक उपासिका इन्डोनेशिया (Persaudaraan Upasaka Upasika Indonesia - PUUI) को स्थापना १९५३ मा भयो । यसले यसै साल जाकार्तामा बैशाख पूर्णिमाको आयोजना गर्यो ।

इन्डोनेशियाको बुद्धधर्मको पुनर्जीवनको हिसाबले सन् १९५५ अर्को महत्वपूर्ण वर्ष हो । यस वर्ष आसिन जीनरख्खित नामक भिक्षुले बुद्धधर्मको प्रचारको उद्देश्य राखेर देश भ्रमण गरे । यसै बेलादेखि



https://dhamma.digital

यहाँ थेरवाद बुद्धधर्मले पनि पुनर्जागरण भयो । पहिले यहाँ महायान बुद्धधर्म बढी प्रख्यात थियो । १९५० पछिको समयमा त्यहाँ थुप्रै बौद्ध संस्थाहरू पनि बन्न थाले । बुद्धधर्मको पुनर्जागरणको केही किरण मात्र के देखिएको थियो, फेरि राजनीतिक अस्थिरताले इन्डोनेशियालाई गाँज्यो । स्वतन्त्रतापछि सन् १९४५मा सुकार्नो राष्ट्रपति बने । उनले अधिनायकवादी चरित्र देखाए । त्यसबेला यहाँको अर्थतन्त्र धराशायी भयो र गरिबीले देशलाई खत्तम बनायो । यसैबिच सन् १९६५-६६ मा सुहार्तोको अधीनमा रहेको इन्डोनेशियन आर्मीले कम्युनिष्टहरूलाई दमन गर्ने क्रममा ५ लाख देखि १० लाखसम्म मानिसको नरसंहार मच्चायो । कम्युनिष्ट पार्टी अफ इन्डोनेशिया (पिकेआइ) का १० लाख कार्यकर्ता पक्राउमा परे ।

सन् १९६० मा सुकार्नो सत्ताबाट हटेपछिको अवस्थामा राज्यले एक ईश्वर मान्ने नीति बनायो । यसको फलस्वरूप इन्डोनेशियन बौद्ध संघले बौद्धहरूको देवताको रूपमा साङ्घ्यङ आदि बुद्धलाई अघि सार्यो । यसले एक हदसम्म बौद्धहरूलाई एकीकरण गर्न भने सफल भयो । सोहार्तोको नयाँ युगमा बुद्धधर्मलाई यहाँको पुरानो धर्मको रूपमा स्वीकार गरियो ।

## वर्तमान समयमा बुद्धधर्म

वर्तमान समयमा जति पनि बौद्धहरू इन्डोनेशियामा भेटिन्छन्, उनीहरू मध्ये अधिकांश महायानी छन्, बाँकी केही थेरवादी र अलिकति निचिरेन बुद्धधर्म मान्नेहरू छन् । अल्पमतमा रहेर पनि त्यहाँ साना साना बौद्ध समाजहरू छन् ।

सभ्यताको विकाससँगै शुरु भएको इन्डोनेशियाको बुद्धधर्म अहिले बिस्तारै संरक्षित अवस्थामा आइपुगेको छ । यहाँका बौद्ध संघसंस्थाहरूको सक्रियतामा लोप भइसकेका बौद्ध सम्पदाको खोजी र संरक्षण जारी छ । पढ्न छोडिएका बौद्ध ग्रन्थहरू खोजेर चीनियाँ एवं संस्कृत भाषाबाट स्थानीय भाषामा अनुवादहरू पनि भइरहेका छन् । यहाँ मन्त्रयान,



https://dhamma.digital

वज्रयान तथा बौद्ध तन्त्र इत्यादिको जुन संस्कृत भाषाका ग्रन्थहरूबाट निर्देशित छन् त्यसलाई यहाँका बौद्धहरूले धेरै सम्मान गर्दछन् ।

थुप्रै राजनीतिक अशान्तिका बिच पनि केही बौद्ध प्राचीन मन्दिरहरू इन्डोनेशियामा आज पनि संरक्षित छन् । त्यहाँका महत्वपूर्ण बौद्ध मन्दिरहरू यस प्रकार छन् – बोरोबुदुर चैत्य (मध्य जाभा), कालासान मन्दिर (योगयाकार्ता), मेन्दुत मन्दिर (मागेलाङ्ग), पावोन मन्दिर (मागेलाङ्ग), ब्रहु मन्दिर (माजोकेर्तो, पूर्वी जाभा), बान्युनिबो मन्दिर (योगयाकार्ता), मुआरा ताकुस मन्दिर (काम्पार, रिआउ द्विप), बहाल मन्दिर (पादाङ्ग लावास,उत्तरी सुमातेरा), जाबुङ मन्दिर (प्रोबोलिङ्गो, पूर्वी जाभा), प्लोसान मन्दिर क्षेत्र (योगयाकार्ता) इत्यादि ।

भन्नलाई त सबै धर्मलाई स्वतन्त्र भनिन्छ । तर पनि कतै कतै यस्ता घटना भइदिन्छ कि त्यहाँको सरकार बौद्धहरूप्रति असहिष्णु भएको खुल्छ । जस्तै अप्रिल २०११ मा धार्मिक मामिला मन्त्रालयले उत्तरी सुमात्रामा एउटा मन्दिरको छतमा रहेको बुद्धमूर्तिलाई हटाउन लगाएको थियो ।

यस अवस्थामा बुद्धधर्मको क्रमिक विकास हुँदै गयो र बौद्ध समाज पनि सचेत एवं सुदृढ पनि हुँदै गयो । थेरवादीहरू पनि उदार हुँदै जानुपर्ने अवस्था थियो । यस अवस्थामा सन् २०१५ मा पश्चिम जाभाको लेम्बाङमा हजारौं वर्षपछि भिक्षुणीको उपसम्पदा कार्यक्रम भयो । यस कार्यक्रममा इन्डोनेशियाका वजिरादेवी साधिका, श्रीलंकाकी मेधा, जापानकी अनुला, भियतनामकी शान्तसुख शान्तमन एवं अष्ट्रेलियाकी जेनी भिक्षुणी सहभागी थिए ।

विगतका थुप्रै उतार चढावपछि अहिले इन्डोनेशियाको बुद्धधर्मले केही गति लिएको छ । बौद्धहरूमा आफू बौद्ध हुँ भन्ने धारणा र धर्मप्रति अटल श्रद्धा बढेको छ । त्यसकारण पनि मुस्लिमहरूको बाहुल्य भएको देशमा उनीहरू आफ्नो धर्मलाई सुरक्षित राख्न र धर्मको पहिचानलाई सबैको अगाडि देखाउन सफल छन् । अहिले त्यहाँ भएका धेरैजसो बौद्ध मन्दिरहरू पर्यटकका गन्तव्य मात्र हुन् भने केही बौद्ध मन्दिर



https://dhamma.digital

विहारहरूमा नियमित बौद्ध धार्मिक क्रियाकलाप हुन्छ । बुद्ध पूजामा बौद्ध उपासक उपासिकाहरू श्रद्धापूर्वक उपस्थित हुन्छन् र पञ्चशीलमा आधारित जीवनयापन गर्दछन् । विभिन्न मन्दिरहरूका बालबालिकाका लागि आइतबारे परियत्ति कक्षाहरू संचालन हुन्छन् । विद्यालयहरूको पाठ्यक्रममा बुद्धशिक्षालाई प्रवेश गराउने प्रयासहरू भइरहेका छन् । धेरैजसो बौद्ध मन्दिरमा बैशाख पूर्णिमाका दिन वृहत बुद्धपूजा हुन्छ, थेरवादीहरूमा कथिन चीवरदानको अभ्यास पनि हुने गर्दछ ।

अहिले राज्यबाट प्रायोजित औपचारिक धार्मिक समारोहमा मुस्लिम गुरुको पछाडि बौद्ध समाजलाई प्रतिनिधित्व गर्दै बौद्धसंघको तर्फबाट उपस्थित हुने गर्दछन् । यहाँ बौद्ध भन्ने बित्तिकै चीनियाँ वा महायानी बुद्धधर्मलाई बुझाइन्छ । तर पनि थेरवादी बौद्धहरूको तर्फबाट पनि सरकारी कार्यक्रमहरूमा उपस्थिति जनाउने अवसर पाइन्छ । बुद्ध जयन्ती जस्ता महान् अवसरहरूमा सबै बौद्धहरू मिलेर बोरोबुदुर इत्यादि बौद्ध मन्दिरहरूमा विशाल धार्मिक कार्यक्रममा आयोजना गरिन्छ । यस अर्थमा धार्मिक अल्पमतमा रहेर पनि इन्डोनेशियाका बौद्धहरू आफ्नो धर्म अवलम्बन गर्न स्वतन्त्र र संरक्षित छन् ।

## इन्डोनेशियाको बुद्धधर्मको इतिहासबाट नेपाली बौद्धहरूले सिक्नु पर्ने पाठ

Dhamma.Digital

धर्म सँधै एकनास सहँदैन राजनीतिक व्यवस्थासँगै धर्मको उतार चढाव स्वभाविक हो । किन भने राजनीतिक व्यवस्थाले नै कुन धर्मलाई संरक्षण दिने वा नदिने भन्ने निर्क्योल गर्दछ । यदी बौद्धहरूमा आफ्नो धर्मप्रति सजगता भएन भने वा धार्मिक पहिचानलाई संरक्षण दिने प्रतिवद्धता भएन भने जतिसुकै ठुलो बौद्ध समाज पनि धराशायी हुन बेर लाग्दैन । एउटा धार्मिक समुदायले अर्को धार्मिक समुदायलाई अतिक्रमण गर्ने स्वाभाविक हो । त्यसमा पनि अर्काको धर्मलाई भयावह भन्नेहरूसँग आफ्नो धर्मको अस्तित्व जोगाउन सकिएन भने नेपालले पनि आफ्नो समाजबाट आफ्नो धर्म मान्नेहरू कम हुँदै गएको आफै अनुभव गर्नु पर्ने दिन आउन सक्छ ।



https://dhamma.digital

# (ख) अफगानस्तानमा बुद्धधर्म : बौद्ध केन्द्रदेखि तालिबानसम्म

**पृष्ठभूमि :**

अफगानस्तान भन्ने देश एशियाको दक्षिण पश्चिममा पाकिस्तान र इरानको बिचमा पर्दछ। ६५२,००० वर्ग किलोमिटर क्षेत्र भएको यो देश नेपाल सदस्य भएको दक्षिण एशियाली सहयोग संगठन (सार्क) को सदस्य राष्ट्र हो। मध्यपाषणयुगदेखि मानव सभ्यताको विकास भएको भनिएको यस देशलाई रेशममार्गले मध्यपूर्व र एशियामा अन्य देशहरूसँग जोडिएको छ। आजभन्दा ५० हजार वर्ष अगाडि नै बसोबास भएको अनि यहाँका कृषकअरू संसारकै प्राचीन कृषिसभ्यताका निर्माता पनि भनिन्छ। यहाँको सभ्यतालाई मिश्रको सभ्यताजतिकै पुरानो भनेर पनि भनिन्छ। महान् एलेक्जेन्दरदेखि लिएर मंगोल, ब्रिटिश, सोभियत, मुस्लिम र अहिले पश्चिमी शक्ति हुँदै विभिन्न समयमा विभिन्न राज्य वा साम्राज्य शक्तिको हातमा पर्न गएको यो देश निकै लामो समयदेखि शान्तिपूर्वक बाँच्न पाएको देखिँदैन। सन् १९९४ देखि तालिबान भनिने कट्टरपन्थी मुसलमानहरूले हिंसात्मक आन्दोलन गरेर विभिन्न धार्मिक कानून लादेर मानव स्वतन्त्रता अपहरण गर्यो भन्ने सुनिन्थ्यो भने प्रजातान्त्रिक वातावरणमा चुनिएका राष्ट्रपतिलाई अमेरिकी साम्राज्यका पुतला पनि भन्ने गरिन्छ। हालै तालिबानले सबै देश कब्जा गरेपछि एकातिर अफगानस्तान विदेशीहरूको चंगुलबाट मुक्त भए भनेर खुशियाली मनाएको देखिन्छ भने अब यहाँ बस्न सकिँदैन भनेर लाखौं जनता देश छोडेर भागेको पनि देखिन्छ। यसै कारण पनि प्राकृतिक श्रोतले सम्पन्न भएर पनि सयौं वर्षदेखि गरिबीको चपेटामा परेको यो देश अहिले विश्वमा चर्चाको विषय बनेको छ।

यो देशलाई इस्लामिक गणतन्त्र अफगानस्तान भनिन्थ्यो जहाँ



https://dhamma.digital

असफर घानी राष्ट्रपति भएर सत्ता चलाइरहेको थियो । अहिले यहाँ ३ करोड १८ लाख जनसंख्या छ। यो एक बहुजातीय देश हो। यहाँ पाश्तुन, ताजिक, हाजरा, उज्बेक आदि जातिका मानिसहरूको बसोबास छ र उनीहरूले दारि, पाश्तो, उज्वेक, तुर्कमान व अन्य अरबिक भाषाहरू बोल्छन्। यहाँका ९९ प्रतिशत जनताले मुस्लिम धर्म अपनाइरहेका छन्। अहिले जस्तो अवस्थामा भएपनि कुनै बेला अफगानस्तान बुद्धधर्ममा आस्था हुनेहरूको देश थियो र त्यहाँको बुद्धधर्मको इतिहास हजारौं वर्ष पुरानो छ । यहाँ विशेष गरी यहाँको बुद्धधर्मको इतिहास र सभ्यताको संक्षिप्त चर्चा गरिन्छ ।

**बुद्धधर्मको प्रवेश :**

अफगानस्तानको बुद्धधर्म भगवान बुद्ध जतिकै पुरानो छ । उहाँको जीवनकालमै यहाँ बुद्धधर्मले प्रवेश पाएको विश्वास गरिन्छ । बौद्ध धर्मग्रन्थहरूका अनुसार तपुस्स व भल्लुक (त्रपुस्स व भल्लिक) नामक दुई ब्यापारीहरू ५ सय गाडा लिएर मध्यदेसको उक्कल नामक प्रदेशमा जान लाग्दा भरखरै बोधिज्ञान लाभ गर्नुभएका बुद्धलाई सबैभन्दा पहिला सात्तु र मह दान दिएर उनीहरू बुद्धधर्मका प्रथम उपासक भए । उनीहरूले बुद्धसँग मागेर ल्याएको केशधातु (आठवटा केश) गर्भमा राखेर आफ्नै देशमा बाल्ख भन्ने शहरमा चैत्य बनाए भनेर पनि लेखिएको पाइन्छ। उनीहरूलाई ब्याक्ट्रिया वा अहिलेको अफगानस्तानका बासिन्दा भनेर विश्वास गरिन्छ । त्यसमध्ये भल्लिक पछि भिक्षु भएर वर्तमान मजार-इ-शरिफ भन्ने ठाउँको नजिक विहार बनाएर बसे भनिन्छ। यस मानेमा अफगानस्तान बुद्धको पहिलो उपासक र पहिलो चैत्य भएको पवित्र स्थान भयो । साथै मानिसहरू बुद्धको शिरको अस्थिधातु यहाँ ल्याएर नगरमा विहार बनाएको भन्ने पनि विश्वास गर्छन् (हुन त यसकै कथालाई आधार मानेर कसैले उनीहरू श्रीलंका वा म्यानमार फर्केको भन्ने पनि गरिन्छ) ।

बुद्धको निर्वाण पश्चात् बौद्ध भिक्षुहरूमा मतभेद आएर बुद्धधर्म



https://dhamma.digital

नै कति कति निकायमा विभाजित भयो । दोश्रो संघायना पछाडि ३४९ इपूतिर थेरवादबाट महासांघिक निकाय छुट्टिएर गयो । त्यसबेला धेरै महासांघिक भिक्षुहरू अहिलेको अफगानस्तानस्थित कन्दहारमा गए भनिन्छ । पछि महासांघिक पनि पाँच टुक्रामा विभाजित भयो, जसको मुख्य शाखा अफगानस्तानमा लोकोत्तरवादको नामले विकास भयो । त्यसैले महासांघिक लोकोत्तरवादको उद्भव यही अफगान क्षेत्रमा भएको विश्वास इतिहासकारहरूले गरेका छन् । यसप्रकार लोकोत्तरवादीहरूले त्यही बामियान उपत्यकामा आफुलाई स्थापित गरे जहाँको प्राचिन बुद्धमूर्तिहरूलाई तालिबानहरूले बलपूर्वक ध्वस्त पारेका थिए ।

त्यस्तै तेश्रो संघायनापछि मौर्य सम्राट अशोक (३०४ इपू - २३२ इपू) ले विभिन्न देशमा नौ जना धर्मदूतहरू पठाएको मध्ये काश्मिर र गन्धार क्षेत्रमा मज्झन्तकलाई पठाएको भन्ने लेखिएको छ । अफगानस्तानको यस दक्षिणपूर्वी शहर कन्दहारमा अशोक अभिलेख समेत भेट्टिएको छ । पहिले नै बुद्धधर्म फैलिसकेको यस क्षेत्रमा सम्राट अशोकका धर्मदूतहरूले पनि त्यहाँ बुद्धधर्मको विकास गराउन योगदान गरे होला अनि आपसमा मतभेद भएर छरिएर रहेको बुद्धधर्मलाई फेरि संगठित गर्न र बुद्धदर्शनको अध्ययन पुनः राम्रोसँग गर्ने वातावरण बनाइदियो होला भनेर अनुमान गर्न सकिन्छ ।

जे होस्, अफगानस्तानमा ईशापूर्व ३०५ देखि नै बुद्धधर्म विस्तार हुँदै गएको देखिन्छ । यसबेला ग्रीसको सेल्युसिड साम्राज्यले भारतवर्षमा मौर्य साम्राज्यसँग सहकार्य वा गठबन्धन बनाई सम्पूर्ण मध्यपूर्वमा आफ्नो अधिपत्य कायम गरेको थियो । त्यसै कारणं ग्रेको बाक्ट्रियन अधिराज्यमा २५० इपू देखि १२५ इपू सम्म भनेजस्तै बुद्धधर्म फैलिँदै गयो । पछि फेरि यही इन्डो-ग्रीक अधिराज्यको नामबाट १८० इपू देखि १० इस्वीभित्र यो पाकिस्तान र अफगानस्तानमा फैलिन गएपछि यसको साथसाथैं बुद्धधर्मलाई पनि विस्तार हुने अवसर प्राप्त भयो । यस क्षेत्रमा विकास भएको बुद्धधर्मलाई समग्रमा ग्रेको बुद्धिज्म भनिन्छ, जुन हेलेनिस्टिक वा पछिल्लो ग्रिक सभ्यता र भारतवर्षमा विकसित



https://dhamma.digital

बुद्धधर्मको संमिश्रण हो । यसरी यहाँ बुद्धधर्म इशापूर्वको ४औं शताब्दी देखि ईस्वीको ५औं शताब्दीसम्म राम्रैसँग विकास हुन पायो । यो भनेको सम्राट एलेक्जेन्डरको समयदेखि इन्डोग्रीक अधिराज्यको स्थापना भएको र पछि कुशान साम्राज्यको निर्माण भएको समयसम्मको अवधि हो ।

## बुद्धधर्मको विस्तार :

अफगानस्तान विभिन्न समयमा विभिन्न राजनीतिक शक्तिको सम्पत्ति जस्तै भएकोले अनि समय-समयमा यस्तै किसिमबाट अफगानस्तानको राजनीतिक सिमाना परिवर्तन भइरहने, राज्यसत्ताको कारणले यहाँको सामाजिक र धार्मिक नीतिमा परिवर्तन आइरहने भएकोले नै यहाँ समय अनुसार बुद्धधर्म विस्तार भएको देखिन्छ । विशेषगरी यहाँ अलेक्जेन्डरले विजय प्राप्त गरिसकेपछि यसलाई अन्य बौद्ध केन्द्रहरूसँग जोडेपछि यसको त्यस किसिमको धार्मिक प्रभाव बढ्दै गयो । पछि त यहाँका पश्तुनत र सिथियनहरूले समेत बुद्धधर्म अवलम्बन गरे । यही कारणले त अफगानस्तानमा बुद्धधर्मको प्रचार भएको मात्र हैन कि यहाँ मुस्लिमहरूले आक्रमण गर्न अगाडिसम्म यो देश नै मध्यपूर्वको एक अद्‌वितीय बौद्ध केन्द्रको रूपमा विकास भएको थियो । यहाँका बौद्ध विद्‌वानहरूले नै चीन, रसिया लगायतका विभिन्न देशहरूमा बुद्धधर्मको प्रचार गरे अनि बौद्ध दर्शनको व्याख्यालाई नयाँ उचाइ दियो भनेर समेत इतिहासकारहरूले भन्छन् ।  कसैकसैले त बौद्ध विद्‌वान बोधिधर्म, जसले चीनमा गएर ध्यान वा जेन बुद्धधर्मसँगै कुङफु प्रशिक्षण दिए, अनि त्यस्तै लोकक्सेमा, जसले चीनमा गएर महायान बौद्धग्रन्थहरूलाई चीनियाँ भाषामा अनुवाद गरे, अनि महाधर्मरक्षित, जसले अहिलेको काबुल क्षेत्रबाट ३० हजार  भिक्षुहरूलाई श्रीलंकाको अनुराधापुरस्थित स्तुप दर्शन गराउन तीर्थाटनमा लगे, उनीहरू सबै अफगानस्तानसँगै सम्बन्धित थिए भन्ने गरिन्छ ।

संक्षिप्तमा भन्ने हो भने अफगानस्तान भनिने स्थानमा विभिन्न समयमा क्रमशः अलेक्जेन्डर, सेल्यूसिड, ग्रेको बाक्ट्रियन, मौर्य, इन्डो-



https://dhamma.digital

सिथियन, इन्डोपार्थियन, कुशान, ससानिड, कडाराइट, हिन्दुशाही, पालवंशीहरूले पालैसँग शासन गरे । उनीहरूले शासन मात्र गरेका थिएनन्, अझ त्यहाँ बुद्धधर्म प्रचार समेत गरेर र जनतालाई पनि बुद्धशिक्षाको प्रचार गर्न मार्गप्रशस्त गरिदिए तथा जनतालाई बुद्धको मार्गमा लाग्न प्रोत्साहन पनि दिए । त्यस बेला त्यहाँ गान्धारा (वर्तमान अफगानस्तान र पाकिस्तानको बिचमा रहेको इलाका ) र ब्याक्ट्रिया भन्ने दुईटा ठुला बौद्ध प्रदेशहरू थिए । त्यहाँको तक्षशिला र बामियान त्यसबेलाका निकै प्रशिद्ध बौद्ध केन्द्रहरू थिए । त्यस्तै ग्रेको ब्याक्ट्रियन राजा मिनान्दर (१६५ इपू - १३५ इपू), जसले बौद्धहरूले अति आदर गर्ने मिलिन्द प्रश्न नामक बौद्धग्रन्थ रचनाको आधार बनाए, उनी पनि यसै क्षेत्रका थिए ।

## बौद्ध स्मारकहरू :

समयचक्रमा सबै कुराहरू बदलिए । अहिले त्यहाँ कोही बौद्धहरू छैनन् । उनीहरूलाई बुद्धको थिए र त्यहाँ किन बुद्धका त्यतिधेरै मूर्तिहरू बने भन्ने समेत हेक्का छैन होला ।

अफगानस्तानको बुद्धधर्म भन्ने बितिक्कै त्यहाँको रेशममार्गमा अवस्थित बामियानका विशाल बुद्धमूर्तिहरूको सम्झना हुन्छ । पर्सियन भाषामा “बोथा-ए-बामियान” भनिने यी मूर्तिहरू त्यहाँका भित्ता जस्तै ठाडो पहाडमा त्यहाँका बौद्धहरूले चट्टानका भित्तामा कोप्दै कोप्दै बनाएका थिए । मुख्य गरी त्यहाँ दुईवटा त्यस्ता ठुल्ठुला बुद्धमूर्ति छन्, समयले धेरै क्षय गरेको भए पनि त्यहाँ बाँकी रहेका अंशको मुद्राका आधारमा तिनीहरू वैरोचन व शाक्यमुनि बुद्धका मूर्ति थिए भन्न सकिन्छ । त्यसमध्ये सानो (३८ मीटर वा १२५ फीट अग्लो पूर्वी बुद्ध, जसलाई स्थानीय भाषामा शाहमामा भनिन्छ) सन् ५४४ देखि ५९५ भित्र बनाइएको थियो । त्यस्तै ठुलो बुद्ध (५५मीटर वा १८० फीट अग्लो पश्चिमी बुद्ध, जसलाई स्थानीय भाषामा सोलसोल भनिन्छ) सन् ५९१ देखि ६६४भित्र बनाइएको थियो । यी मूर्तिहरू कुशान कलाकारहरूले



https://dhamma.digital

त्यहाँका बौद्धभिक्षुहरूको निर्देशनमा बनाइएको भनिन्छ। यसलाई हेर्दा यी मूर्तिहरू कलाकारहरूको तीन पुस्ताले बनाएको हुनुपर्छ अर्थात् शुरु गर्ने कलाकारले अन्त भएको देख्न पाएन, अनि अन्तिम रूप दिने कलाकारले शुरुको कलाकारलाई भेटेन ।

यस स्थानमा चीनिया यात्री हुएनसाङ सन् ६३० मा यात्रा गर्दै आएको देखिन्छ। उनले आफ्नो यात्रा विवरणमा यहाँको वर्णन गर्दा यहाँ दशवटाभन्दा धेरै ठुला विहारहरू र हजारजना भन्दा बढी त भिक्षुहरू मात्र भएको एक ठुलो बौद्ध समाज देखेको कुरा उल्लेख गरेका थिए । त्यस्तै ती विशाल बुद्धमूर्तिहरूलाई सुन र हिरा जवाहरातले सजाएर राखेको थियो भनेर पनि भनेका छन् । त्यसबेला उनी त्यहाँको एक लोकोत्तरवाद विहारमा पनि भ्रमण गरेका थिए। यसबाट त्यहाँ त्यसबेला बुद्धधर्ममा श्रद्धा भएका जनता निकै धेरै थियो भन्ने स्पष्ट हुन्छ ।

अफगानस्तान लगायतका मध्यपूर्व क्षेत्रको बुद्धधर्मले विश्वलाई दिएको एउटा उपहार भनेको गन्धार कला हो, जसको अर्को नाम ग्रेको बौद्ध कला हो । अफगानस्तान-पाकिस्तानको गन्धार क्षेत्रबाट विकसित र विस्तार भएको बुद्धधर्म – त्यो भनेको मध्य एशिया, अफगानस्तान, पाकिस्तान, भारत र चीन – क्षेत्रमा आफ्नै किसिमको एक विशेष कलाको लहरको विकास भयो जुन ग्रीक कला र पूर्वीय धर्मको संयोग भनिन्छ । ग्रेको-ब्याक्ट्रियन अधिराज्य, जहाँ अहिले अफगानस्तान छ, त्यहाँ नै यो कलाको विकास किन भयो होला भने यो भनेको पश्चिमी कला र पूर्वी दर्शनको मिलन विन्दु थियो ।

यस बाहेक, जापानी अन्वेषकहरूले त बामियानका गुफाहरूमा प्राप्त सन् ६५० इस्वीतिरका भित्ते चित्रहरूलाई संसारकै सबैभन्दा पुरानो तेलचित्र भनी दाबी गरेका छन्। उनीहरूले त्यहाँ हजारौं बुद्धका चित्रहरू पत्ता लगाएका थिए ।

पुरातात्विक अन्वेषणले त्यहाँ त्यसबेला केही महायानी सुत्रहरू कोरिएका ताडपत्र अभिलेखहरू भेट्टाएका थिए। त्यसमा कुनै अभिलेखहरू गान्धारी भाषा र खरोष्ठी लिपिमा लेखिएका छन् भने कुन संस्कृत



https://dhamma.digital

भाषा र गुप्त लिपिबाट लेखिएका छन् । त्यहाँ उनीहरूले महासंघिक लोकोत्तरवादको प्रतिमोक्ष विभंग, आगम (सुत्तपिटक) को महापरिनिर्वाण सुत्र, वज्रछेदिका प्रज्ञापारमिता सुत्र, भैषज्यगुरु सुत्र, श्रीमलदेवी सिंहनाद सुत्र र सारिपुत्र अभिधर्म सुत्र इत्यादि ग्रन्थहरू पत्ता लगाएका थिए । त्यहाँ अब अझ भेटिन सक्ने, नष्ट भइसकेको त्यस्ता अमूल्य ग्रन्थहरू होलान्, त्यसका अनुमान पनि गर्न सजिलो छैन ।

अफगानस्तानको पूर्वी शहर गजनीमा अवस्थित तेपे सरदार विहार यहाँको एक महत्वपूर्ण पुरातात्विक स्थल हो । यहाँ एउटा डाँडाको टुप्पामा एउटा ठुलो स्तुप छ जसको चारैतिर ससाना स्तुपहरूले घेरिएको छ । त्यस्तै त्यहाँ एउटा १८ मीटर लामो बुद्ध परिनिर्वाण मूर्ति पनि उत्खनन् गरेर पत्ता लगाइएको छ । त्यस्तै गजनीमै अर्को होमाइ काला भन्ने स्थानमा पनि बौद्ध विहारहरू छन् । बासावाल भन्ने स्थानमा त झन् १५० वटा जति त बौद्ध गुफाहरू नै छन् ।

दुःखका साथ भन्ने पर्छ कि जस्तोसुकै गौरवमय इतिहास र पुरातत्वको भण्डार रहेता पनि वर्षैभरी विश्वका ठुलठुला इतिहासकार तथा पुरातत्वविद्हरूको यहाँ अनुसन्धान चलिरहे पनि यहाँका जनतालाई भने यसको कुनै चासो छैन । विश्वकै उत्कृष्ट बौद्धकलाका नमुनाहरू यहाँ पाइन्छन्, जमिनमुनि लुकिरहेको अवस्थामा होलान् । तर यसको संरक्षण र जिर्णोद्धार गर्ने समेत पनि यहाँको सरकारले वा जनताले गरेको देख्न मुश्किल छ । यहाँका संग्रहालयमा केही त्यस्ता उल्लेखनीय मूर्तिहरू राखिएको त देखिन्छ तर ती मूर्तिहरू कहिले कुन कट्टरपन्थीको क्षोभको शिकार हुने हो त्यो भन्न सकिने अवस्था छैन ।

**तत्कालीन बौद्ध समाज :**

कुनै समयमा अफगानस्तानको समाज भन्नु नै बौद्धसमाज थियो । बुद्धधर्मको त्यहाँ व्यापक प्रचारप्रसार भयो, समाजले बुद्धधर्म र संघलाई नै जीवनको लक्ष्यको रूपमा स्वीकार गर्यो । भगवान बुद्धको शिक्षालाई उनीहरूले जीवन मान्यो र त्यस बाहेकको शिक्षा उनीहरूले



https://dhamma.digital

देखेन पनि होला ।। हुन त त्यसबेलाका अफगानस्तानको बौद्धसमाज कस्तो थियो, कति धर्ममा आधारित थियो, केले बौद्ध समाजलाई शासन गर्थ्यो वा निर्देशन दिन्थ्यो अनि राज्यले त्यहाँको बौद्ध समाजलाई कस्तो सहयोग वा अभिभावकत्व प्रदान गर्यो भनेर देखाउने अभिलेख प्राप्त गरेको देखिँदैन । तर पनि हजारौं वर्षसम्म त्यहाँको एकमात्र धर्म र जीवनशैली भइरहेको बुद्धधर्मले नै उनीहरूको समाजलाई सहि मार्गमा लग्यो होला, उनीहरूले भगवान बुद्धले देखाउनुभएको मार्गलाई नै पछ्यायो भनेर अनुमान गर्न सकिन्छ। अन्य प्रतिद्वन्द्वी धर्मको उपस्थिति नभएको अवस्थामा उनीहरूलाई राज्यले राम्रोसँग प्रोत्साहन र संरक्षकत्व दियो होला। अझ राजा वा शासकहरू नै बौद्ध हुने भएकोले जनतालाई आफ्नो धर्म अनुसार जीवन यापन गर्न कुनै कठिनाइ वा अवरोध आएन होला भनेर सजिलै अनुमान गर्न सकिन्छ।

## बुद्धधर्मको अवनति :

भगवान बुद्धले नै भन्नुभएको थियो संसारका सबै कुराहरू अनित्य हो भनेर । अफगानस्तानको यो वैभवताले भरिएको बुद्धधर्म पनि ह्रासतर्फ उन्मूख हुनुपर्यो। हुँदा हुँदै सातौं देखि ११औं शताब्दीसम्म पुग्दा यहाँको समाजमा बौद्धहरूको छाँया समेत नभेटिने अवस्था हुँदै यहाँको बुद्धधर्म आखिरमा इतिहासका कथाहरूमा मात्र सीमित हुनुपर्यो।

हजारौं वर्ष पुरानो यहाँको बौद्ध सभ्यता यसरी विलिन हुनुको मुख्य कारण भनेको मुस्लिमहरूको आक्रमण नै थियो। सातौं शताब्दीतिर मुस्लिमहरूले विश्वका विभिन्न देशमा आक्रमण गर्दै त्यहाँको सभ्यता संस्कृति नाश गर्दै त्यसमाथि आफ्नो धर्मको शासनको झण्डा गाड्ने क्रममा अफगानस्तानमा पनि उनीहरूको आखाँ पर्यो । यो भनेको मध्यपूर्वमा मुस्लिमहरूको शक्ति बढिरहेको अवस्था थियो । उनीहरूले अरू अरू देशमा जस्तै यहाँ पनि पाइला राखे, चूर्ण हुने गरी यहाँको सभ्यता कुल्चे र त्यसमाथि आतंक मच्चाएरै आफ्नो धर्म, संस्कृति र धर्मको नाममा गरिने राज्यको स्थापना गरे । यो भनेको भारतमा मुस्लिमहरूको आक्रमणभन्दा धेरै पृथक थिएन होला।



https://dhamma.digital

संक्षिप्तमा भन्दा सन् ६४२ मा इस्लामको झण्डा बोकेर अरब सैनिकहरू पश्चिमबाट आए र यहाँका सुसानियनहरूलाई हराए। उनीहरू बिस्तारै पर्सियाको पूर्वतिर बढे र सन् ६५२ मा अफगानस्तानको पश्चिमी शहर हेरुत कब्जा गरे। सन् ६६७ सम्म पुग्दा अफगान वा पश्तुनहरूको सबै क्षेत्र मुस्लिमहरूको कब्जामा गयो। सन् ६८३ मा काबुल र अन्य क्षेत्र पनि उनीहरूकै भयो। यस बेला स्थानीय अफगानहरूले कतै कतै त प्रतिकार गरे तर उनीहरूले भित्र आइसकेका मुस्लिमहरूलाई धपाउन सकेन। फलतः ८औं व ९औं शताब्दी भित्रमा अहिलेको अफगानस्तान र पाकिस्तानका जनतालाई उनीहरूले सुन्नी मुसलमान बनाए। उनीहरूले गजनी, काबुल इत्यादि ठाउँमा तत्कालीन बौद्ध शासकहरूकहाँ प्रभाव देखाउँदै गए। त्यहाँका बौद्धहरू उमयाहरूको आक्रमण र अबसित कलिफतहरूको शासनमा त टिके तर पछि सफारिदत, गज्नाविदत व गुरिदहरको आक्रमणको अगाडि केही लागेन। त्यसैले ११ औं शताब्दीसम्म पुग्दा त्यहाँ बौद्धहरूको नामोनिशान नै रहेन भन्दा पनि हुन्छ। त्यत्रो ठुलो बौद्ध सभ्यतालाई गति दिने बौद्धहरू किन आत्मरक्षाका लागि उठेनन् वा उठेर पनि आफ्नो जन्मभूमि, धर्म र संस्कृतिको रक्षा गर्न सकेनन् भन्ने कुरा इतिहासकै गर्भमा छ।

**वर्तमान अवस्था :**

एउटा सभ्यता, धर्म व समुदायले अर्कोलाई आक्रमण गर्ने, अतिक्रमण गर्ने र त्यहाँकोलाई निमिट्यान्न पारेर त्यहाँ आफ्नो स्थापना गर्ने नै मानव इतिहास हो। यति गर्दा गर्दै मानिसहरू शिकारी अवस्थादेखि यहाँसम्म पुगेको हो। यहाँ पनि यही भयो, आफ्नो धर्म संस्कृतिको रक्षा गर्न नजान्ने वा नसक्नेहरूमाथि अर्काको धर्म संस्कृति मास्नु नै जीत भन्नेहरूले बलपूर्वक मिचे।

तर यहाँ विशेष गरी बौद्धहरूले शिक्षा लिनुपर्ने कुरा के भने यहाँको इतिहासको बुझ्न निकै कठिन घटनाको विकासक्रममा पनि त्यहाँका बौद्धहरूले आफ्नो हजारौं वर्ष पुरानो धर्म, संस्कृति कला र



https://dhamma.digital

सभ्यतालाई बचाउन कसरी प्रतिकार गरे अनि आफु बस्नै नसक्ने गरी हारेपछि आफ्नो धर्म र संस्कृति बोकेर कहाँ पलायन भयो होला भन्ने बुझ्न झन् कठिन छ । आफ्नो धर्म, दर्शन, जीवन पद्धति अनि संस्कृति नै भइसकेका बुद्धधर्मलाई बतासले उडाइ लगेको जस्तै लग्यो । त्यतिमात्र होइन बुद्धकाल र त्यसभन्दा पछिको समयदेखि बुद्धदर्शनका लागि शास्त्रार्थ गरेर महासांघिक-लोकोत्तरवादको विस्तारको केन्द्रविन्दु भएको अनि पहिले सम्पूर्ण मध्यपूर्व क्षेत्रकै बुद्धधर्मको केन्द्र भइरहेको यस अफगानस्तानमा चारसय केही वर्षकै समयमा के के भयो होला र कि त्यहाँ बुद्धधर्मको छायाँ समेत बाँकी रहेन, जीव नभएको ढुंगा र माटोको स्मारक अनि प्रार्थना वा ध्यानगर्ने पवित्रस्थलहरू बाहेक त्यति धेरै धर्मग्रन्थको रचना भएको, पाठ भएको ठाउँमा अहिले बुद्धधर्म भनेको के हो भनेर थाहा भएका मानिसहरू नै पाउन छोडिसक्यो ।

यहाँसम्म भयो कि युनेस्कोले विश्वसम्पदामा सूचिकृत गरेको बामियानका विशाल बुद्धमूर्तिहरूलाई सन् २००१ मार्च २ का दिनमा तालिबान शासकहरूले बन्दुकले हानेर तोप पड्काएरै ध्वस्त पारे । एन्टी-एअरक्राफ्ट गन र एन्टी-ट्यांक माइन प्रयोग गरेर पनि एक महिना जस्तो लाग्यो तिनीहरूलाई त्यो आफ्नै देशको सभ्यताको अनुपम चिनोलाई माटो बनाउन । यसका लागि तत्कालीन तालिबानका सर्वोच्च नेता मुल्लाह ओमारले यो सम्पदा नभत्काउनका लागि दिएको विश्वब्यापी दबावलाई वास्ता नगरी यसलाई भत्काएरै छाड्ने आदेश दिएका थिए । उनीहरूले बुद्धका मूर्तिहरूलाई इस्लाम धर्मका विरुद्ध उभिरहेको ठाने । त्यसपछि त्यहाँको धार्मिक मामिला मन्त्रालयले यो विनाश इस्लामिक कानुन अन्तर्गत गरेको भनेर वक्तव्य पनि निकालेको थियो । मानिसहरू सबैभन्दा पहिले यसको विनाशको आदेश धार्मिक अतिवादी संगठन अल-कायदाया नेता ओसामाबिन लादेनले नै दिएको भन्ने पनि गरे । मुस्लिमहरूलाई यो नबोल्ने मूर्तिदेखि किन यत्रो त्रास भएको भन्ने स्पष्ट भएन । जुन धर्मको भएपनि त्यो अफगानी जनताको सम्पदा थियो र पुरानो पुस्ताको नयाँ पुस्ताका लागि नासो पनि थियो । यो देखेर विभिन्न



https://dhamma.digital

देशका जनताहरू आआफ्नो ठाउँबाट बोले तर सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरू चुप लागेर बसे वा उनीहरू तालिबानलाई यो कार्य रोकाउन असफल भए । यसै विध्वंशको विषयलाई लिए स्वीस निर्माता क्रिश्चियन फ्रेइले “दि जायन्ट बुद्धज” नामक वृत्तचित्र नं सन् २००५मा बनाए । अफगान शासकहरूले यसको महत्व नबुझेपनि विदेशी सहयोगमा अहिले केही वर्ष मात्रैमात्रै थ्रिडि प्रकाश प्रविधि प्रयोग गरेर ध्वस्त पारिएको बुद्धमूर्तिलाई प्रतिविम्ब मार्फत देखाउने काम भएको छ ।

अब यो क्षेत्र विदेशी पुरातत्वविद्हरूको अनुसन्धानका लागि एउटा प्रयोगशाला बनिरहेको छ । चालिसौं वर्ष अघिदेखि विभिन्न देशका पुरातत्वविद्हरू आएर यहाँका माटोका पत्रहरूको उत्खनन् गरिरहेको छ, यो भेटियो, त्यो भेटियो भनेर विश्व संचारमाध्यममा तहलका मच्चाइरहेका छन् तर यहाँका स्थानीय मानिसहरू आफ्नो देशमा त्यस्ता अमुल्य खजाना भेटिएर पनि खास उत्साहित भएका पाइँदैन । उनीहरूमा बुद्धधर्मप्रति कति पनि आस्था, श्रद्धा र सम्मान देखिँदैन । तालिबानको त्रासले गर्दा अफगानस्तानका जनताहरूले आफ्नो देश कुनै बेला बुद्धधर्मको केन्द्र थियो भन्ने सम्झनै सकेको अवस्था छैन ।

*नोट : ‘अफगानिस्तानमा बुद्धधर्म’ सम्बन्धी यो पाठ्यसामग्रीमा ‘पृष्ठभूमि’ शिर्षक भिक्षु सुदर्शनको श्रोत र बाँकी राजेन मानन्धरको लेखनको संयुक्त प्रस्तुती हो ।*

*- सम्पादक मण्डल*



https://dhamma.digital

## (ग) बंगलादेशमा बुद्धधर्म

बुद्धको शान्ति-सन्देश राजनीतिक वा प्राकृतिक बन्धनबाट मुक्त हुनुका लागि हो । त्यसकारण कुनै देशको बुद्धधर्म भन्नु नै युगले चाल पाएको आवश्यक ठाने अनुसारको राजनीतिक वा प्राकृतिक सिमानाको परिधिमा राखेर बुद्धधर्म अध्ययन गर्ने एउटा प्रयास हो ।

बंगलादेशको बुद्धधर्मको इतिहास भन्नु नै स्वयं बुद्धधर्मको इतिहास भन्नु जस्तै हो । किनभने बंगलादेशमा बुद्धधर्म यति बेला प्रवेश गर्‍यो भन्न नसके तापनि यति त स्पष्ट छ कि अशोकको समय भन्दा अगाडि नै बुद्धधर्म यहाँ प्रवेश भैसकेको थियो । तेश्रो शताब्दीको एउटा शिलालेख अनुसार आजभन्दा सत्र अठारसय वर्ष अगाडि नै यहाँ बंगलादेशमा बुद्धधर्मले राम्रोसँग जरा गाडिसकेको थियो । पाँचौं शताब्दीसम्ममा त यहाँ कौमिलाको चारैतिर धेरै विहार र चैत्यहरू निर्माण भैसकेको थियो ।

सातौं शताब्दीको प्रसिद्ध चिनियाँ यात्री व्हेनसाङ्गले यहाँको राजधानीमा तीसवटा विहारमा दुई हजारभन्दा बढि भिक्षुहरू भएको र बुद्धधर्मको उन्नति अभिवृद्धि भैरहेको कुरा देखेको थियो । अझ स्मरणीय र उल्लेखनीय कुरा यो हो कि त्यसबेला बंगलादेशमा पनि भारतका विभिन्न ठाउँमा जस्तै महायानी र स्थविरवादी बौद्धभिक्षुहरू सँगसँगै बसेर धर्म पालन र प्रचारप्रसारको काम गर्दथे । यसको दुई वर्षपछि अर्को चिनियाँ यात्री तेंगचीले समततको राजधानीमा चार हजार भिक्षुहरू भएको वर्णन गरी राखेको छ । खडग राजवंशको शुरूदेखि बार्‍हौं शताब्दीमा पालवंशको पतन नहोउञ्जेल यो काम उत्तरोत्तर उन्नति भैरहेको थियो । साँच्चै यो समयमा त कहिँकहिँ बुद्धधर्मको विकास बन्द नै हुँदै गइरहेको समय हो । विशेषतः गुप्त साम्राज्यको पतनपछि मगधमा । परन्तु यो समय बंगलादेशमा बुद्धधर्मको स्वर्ण युग थियो ।

तेर्‍हौं शताब्दीदेखि बंगलादेशमा अनेक आन्तरिक र बाह्य संघर्ष



https://dhamma.digital

शुरू भयो । मुस्लिम, पोर्टुगीज र अंग्रेजहरूको शासन भयो । तैपनि बंगला र अरकन जातीय मानिसहरूले शहर र नगरबाट टाढा बसेर अथवा भिन्नै अलग्ग बसेर आफूलाई बुद्धधर्म र संस्कृतिको अनुयायी नै तुल्याइराख्यो । त्यसकारण कसैकसैको धारणा अनुसार बंगलादेशमा बौद्ध परम्परा नेपालमाजस्तै पहिलेदेखि अहिलेसम्म अविछिन्न रूपले प्रवाहित भएर नै आइरहेको छ । जुनबेला पुनः नवजागरण आयो त्यति बेला नै सजिलोसँग बंगलादेशमा बुद्धधर्मको प्रचारसँग बौद्ध भिक्षु परम्परा सरलपूर्वक सललल प्रवाहित भयो । आज कक्स बजार र अरकन सीमाको दायाँबायाँ रहेका तथा पहाडमा बसेका समेत गरी अरकन जातीय बौद्धहरूको संख्या १,३६,००० छन् । अरू बंगलादेशका बौद्ध र चकमा भन्ने ठाउँका निवासीहरू हुन् । चकमाका बौद्धहरूले आफू कपिलवस्तुका शाक्यवंशज भन्छन् । आजभोलि यिनीहरूको संख्या १,०८,००० छन् । धेरै बौद्धहरू चटगाउँका पहाडी भागमा बसोबास गरेका हुनाले बंगलादेशका खास बौद्ध जनसंख्या बढी भएको ठाउँ चट्गाउँ भने पनि हुन्छ ।

बंगलादेशका बंगाली बौद्धहरूको पनि आफ्नै महत्त्वपूर्ण इतिहास छ, यद्यपि यिनीहरूको संख्या ७२,००० मात्र छन् । चटगाउँको उत्तरपूर्वमा १५ वटा यस्ता गाउँ छन्, जहाँ चौक्खै बौद्धहरू मात्र बसोबास गरिरहेका छन् । यस ठाउँलाई बिजीखालि भन्छन् । यो बिजीखालि नाउँको विषयमा पनि रोचक प्राचीन जनश्रुति छ । कृतिम सरोवरको छेउमा रहेको बिजीखालि वैशालीबाट आएका विजय भन्नेले खनेर बनाएको हो भन्ने प्राचीन परम्पराको विश्वास हो । उता एउटा अर्को नदीलाई मौगदीर भन्छन् । साँच्चै नै नाउँ अनुसार यसको दुवै किनारामा मघहरूले बसोबास गरिरहेका छन्  कक्स बजारमा रहेको बरूवाखालि पनि निकै नै अघि सार्न योग्य छ । बंगाली बौद्धहरूलाई बरूवा भन्छन् ।

बरूवाको अर्थ आर्य अथवा उच्च सैनिक कमाण्डर हो । बरूवा भन्ने बित्तिकै प्राचीन परम्परा अनुसार छोराहरू सबै एकपटक भिक्षु वा श्रामणेर हुनु पर्ने बौद्ध हुन् भनेर हामी जान्न सक्छौं । जस्तो नेपालमा शाक्य वा बज्राचार्य भनेपछि एकपटक भिक्षु भैसकेका बोद्ध भन्ने जान्न सकिन्छ ।



https://dhamma.digital

बरूवा बौद्धहरूको सम्पूर्ण क्रियाकर्म बौद्ध चारित्रानुसार हुन्छ । जन्मदेखि मरणसम्म बौद्ध भिक्षुहरू चाहिन्छ । विवाह कर्मसमेत शील प्रार्थना गराई शील परिपालनबाट पुरूष र महिलालाई लाभ हुने कुरा सम्झाई दिनु जति रमाइलो छ उति नै बौद्ध संस्कृति अनुसार जीवन परिस्पन्दन गर्ने हुन्छ । तिम्रा श्रीमानले अरू मार्रा हिँडे, अरूको चोरी गरी हिँडे, अरूसँग सम्बन्ध राखे, तिमीलाई छक्याई छली झुक्याई राखे, पिएर आई तिमीलाई पिटे वा तिम्रो संसार बिगारेको तिमीलाई मनपर्छ कि भनी श्रीमती हुनेसँग सोध्छन् । फेरि यही कुरा श्रीमती हुनेबाट गऱ्यो भने पुरूष हुनेलाई दुःख हुने कुरा सम्झाई दिन्छ । मंगलसूत्रको पाठ गरेर जीवन मंलयमय हुने उपदेश दिन्छ । यस्तै गृहमंगल आदि हुने काम बौद्ध चारित्रानुसार हुन्छ ।

बंगाली बौद्ध वा बरूवाहरूलाई मघ पनि भन्छन् । यसरी यिनीहरूमा मघ भने अनुसार बुद्धकालीन मगधको संस्कार भए त केही आश्चर्य छैन । एकजना अरकनी शासकले बंगलादेशमा मघसम्वत् नै चलायो । यो मघसम्वत् जमिनको लेनदेनमा अहिलेसम्म लेख्ने गर्छन् । यहाँ भएको मगधेश्वरी देवी चटगाउँ र यसका दायाँबायाँका मानिसहरूले अहिलेसम्म निकै मान्छन् । यो देवी मगधबाट आएका महायानीहरूले ल्याएका हुन् भन्ने जनश्रुति छ । मगधेश्वरी एउटा महायानी देवी वा बोधिसत्वको स्थानीय प्रचलित नाउँ पनि हुन सक्छ । किनभने यहाँ अरू देवीहरू देवताहरू पनि देखिन्छन् । आजसम्म वर्षको एकपटक पाटिका चटगाउँको सँगैको क्षेत्रपालको सम्मानमा मेला लाग्दैछ ।

बंगलादेशले निकै बौद्ध दार्शनिक, कलाकार र धर्मदूतहरू दिएका छन् । बंगाली बौद्ध विद्वान भिक्षु शीलभद्र प्रसिद्ध बौद्ध विश्वविद्यालय नालन्दाका प्रमुख आचार्य भएर गए । अनेक विषयका विभिन्न देशबाट आएका दशहजार विद्यार्थीहरूसँग ह्वेनसाङ्ग पनि यही दार्शनिकको छत्रछायामा रहेर बौद्धदर्शन र संस्कृतिको अध्ययन गरे । दीपंकर श्रीज्ञानले तिब्बतमा बुद्धधर्म प्रचार गर्न आफ्नो बुढेसकालमा नै हिमालय चढेर पुगे । एकजना दानशील भन्ने दार्शनिक प्राध्यापकले तन्त्रयानका ६० वटा पुस्तक तिब्बती भाषामा अनुवाद गरे । क्षेमाकर गुप्तले बौद्धतर्फको आधारमा तर्कभाषाको पुस्तक लेखे । विभूतिचन्द्रले २३ वटा पुस्तक



https://dhamma.digital

आफैले लेखे र १७ वटा पुस्तकको अनुवाद गरे । यस्तै नै कति अज्ञात बौद्ध बंगालीहरूले धर्मदूतको रूपमा र कलाकारको रूपमा समुद्रको यात्रा गरी जंगल र मैदान पार गरी बर्मा, थाईलैण्ड, जावा, सुमात्रा, चीन र जापान पुगे । बंगाली जातीय संगीतमा जुन मधुरता छन्, त्यो बौद्ध करूणायुक्त अनुरागको कारणले हो । कति बंगलादेशका प्राचीन बौद्धभजन भनिने नेपालको दाफा भजनजस्तै तालमा पर्छन्, कति प्राचीन संगीत भनिने त नेवारहरूका देवदेवीको नृत्यमा ताः बजाएर खिँ बजाएर गाउने गीतजस्तै छन् ।

बंगलादेशमा प्राचीन गौरव देखाउने निकै प्राचीन विहार र चैत्यहरूका अवशेषहरू पनि भेट्टाएका छन् । जयपुर हाटबाट चारकोस पर जगदक भन्ने ठाउँमा खण्डहरको एउटा संसार नै छ । यो विहारको अवशेषले पालवंशी बौद्ध राजा रामपालले एघारौं शताब्दीको उत्तरार्द्धसम्मको इतिहास उघारेको छ । बोगरा र बरंदाको धेरै नै प्रसिद्ध विहार र चटगाउँका पण्डिताको विहारको अवशेष हेर्न योग्य छ। बोगराको पहारपुरको सोमपुर महाविहार, महास्तनगढको बौद्धवर्धन महाविहार, दिनाजपुरको देवीकोट विहार, विशेष उल्लेखनीय छ । पहारपुरका भग्नावशेषमा देखिएका वास्तुकलाको जोडा बर्मा र जावामा छाडी अन्त देखिँदैन । ७ फिट अग्लो ९०० फिट गोलाकार विशाल चैत्य खुलनामा भरत बहेनामा अहिलेसम्म पनि छ । चटगाउँमा अथवा चटग्राममा यत्ति असंख्य चैत्य छन् कि यस्तो चैत्य धेरै भएको ठाउँ वा गाउँ भएर नै यसको नाउँ चेतियग्राम, चैत्यग्राम, चटगाउँ भयो । कोमिलासँगैको मैनमति भन्ने ठाउँमा भैरहेको पुरातात्विक उत्खनन्ले निकै नै विहार र विहारको माझमा चैत्य भएको तथ्य प्रकाशमा ल्याएको छ। ऐतिहासिक मूल्य अनुसार निकै महत्त्वपूर्ण राजमुद्रा सहित भएको ताम्रपत्र पनि यहाँ भेटिएको छ ।

यो विहार एघारौं शताब्दीको आधी जाँदा चन्द्र शासनकालमा बनेको हो । पच्चीसवर्ष अगाडी चटगाउँ बजारबाट ६ कोस दक्षिण पर भेरी भन्ने ठाउँमा एउटा ठूलो विहारको अवशेष पनि भेटिएको छ । यहाँ निकै खोज गर्नु पर्छ । तैपनि यहाँ भएको अलिकति उत्खनन्ले नै एउटा ठूलो ढलौटको बुद्धमूर्ति र साना साना धेरै नै मूर्तिहरू भेट्टाइएका छन् ।



https://dhamma.digital

१९५४ ईस्वीमा बौगरामा एक किसानको खेतमा गोरू जोत्दाखेरि सुनको एउता बुद्धमूर्ति भेट्टायो । १९७३ ईस्वीमा चटगाउँ अस्पताल बनाउन जग खन्दा पनि एउटा ४ फीटको शीलाको बुद्धमूर्ति भेट्टाइयो । राजशाही बसेको वरेन संग्रहालयमा र चटगाउँका चिन्तामणि संग्रहालयमा धेरै नै बौद्ध संस्कृति सम्बन्धी सामाग्रीहरू संग्रह गरिराखेका छन् ।

यसरी बंगलादेशको बुद्धधर्म अतीतका स्मरणीयको रूपमा मात्र महत्त्वपूर्ण होइन वर्तमान बौद्ध परम्पराको रूपमा पनि महत्त्वपूर्ण छ । बौद्ध परम्परा जीवित भएको र प्राचीन बौद्ध इतिहास पनि भएको दुईचार देशहरूमा बंगलादेश पनि एउटा हो । बंगलादेशमा पहिले बुद्धको विशुद्ध धर्मको प्रचार भयो । अनि अनेक युगमा युगअपेक्षित रूपले धर्मको विकास भयो । परन्तु बंगलादेशको बुद्धधर्मको एउटा विशेषता हो कि जसरी अरू ठाउँमा बज्रयान आइसकेपछि बुद्धधर्म हराएर गयो त्यस्तो हुन नपाउँदै नै फेरि त्यहाँ स्थविरवाद धर्म स्वीकारको काम प्रारम्भ भयो । त्यसैले भारत, पाकिस्तान, अफगानिस्तानमाजस्तै अतीतको गौरव, धर्म र संस्कृतिको विकासको लहर, दर्शनको परिवर्तन, परिवर्द्धनको लहर आएर पनि जीवित परम्पराको बुद्धधर्म स्वीकार गर्ने बौद्धहरू नभएको स्थिति बंगलादेशमा आउन सकेन । यो विशेषता बंगाली बौद्धजनताले बुझेको छ । त्यसकारण नै बंगलादेशले नेपालमा स्थविरवाद धर्मप्रचारमा बाधा आउँदा सहानुभूति राख्यो । बंगलादेशका बौद्धहरूले आफूले नबुझे पनि नेपालभाषाका पुस्तक धातुभेदानुपस्सना महा जयमंगल पाठ आदि प्रकाश गर्न मद्दत गर्‍यो । बंगलादेशका बुद्धधर्मका साहित्य र संस्कृतिका इतिहास तुलनात्मक रूपले अध्ययन भए, अन्वेषण भए अति राम्रो हुनेछ । साँच्चै नै महत्त्वपूर्ण उपलब्धि दिने छ ।



https://dhamma.digital

# (घ) पाकिस्तानमा बुद्धधर्म

आज पाकिस्तान एक मुस्लिम देश हो। यहाँका जनतामध्ये झण्डै ९७ प्रतिशत जनता मुस्लिम छन्। यसलाई विश्वकै दोश्रो सबैभन्दा ठुलो मुस्लिमहरू भएको देश भनेर पनि चिनिन्छ। तर पनि यसको अतीत बुद्ध शिक्षाले ओतप्रोत छ भन्दा कतिलाई आश्यर्च पनि लाग्ला। सम्राट अशोकले इस्वी पूर्व २५३ मा पठाएको धर्मदूतले धेरै काम गरेर विभिन्न धर्म र संस्कृतिमा बाँडिएको देशलाई बुद्धधर्मको डोरीले बाँधेर ल्याएको देखिन्छ। कालान्तरमा यहाँको बुद्धधर्म विलय नै भएर गएपनि अहिले एउटा अन्तर्राष्ट्रिय सम्मेलनले गर्दा विश्व बौद्ध समुदायको ध्यान यहाँको बुद्धधर्मको इतिहास र सम्पदाले आकर्षित गरेको छ।

पाकिस्तान दक्षिण एशियामा अवस्थित, सार्क संगठनको एक सदस्य देश हो। २४ करोड ९० लाख जनसंख्या भएको यो देश विश्वकै पाँचौं सबैभन्दा धेरै जनसंख्या भएको तथा सबैभन्दा धेरै मुस्लिम जनसंख्या भएको देश पनि हो।

यसको उत्तर पश्चिममा अफगानिस्तान, पश्चिममा इरान, उत्तर पूर्वमा चीन तथा पूर्व दक्षिणमा भारत पर्दछ। दक्षिण पश्चिममा अरबियन सागर छ। पुरातत्वविदहरू यहाँ ८,५०० वर्ष पुरानो नेओलिथिक युगको सभ्यता भएको कुरा गर्छन्। पछि यहीँ सिन्धु उपत्यकाको सभ्यता तथा गन्धार सभ्यताको विकास भयो।

यहाँ इशापूर्व ३००० देखि यहाँ सिन्धु उपत्यकाको सभ्यता फैलियो जुन इशापूर्व १५०० तिर अन्त पनि भयो। इशापूर्व ५५० सम्म यहाँ कम्बोजा, सिन्धु,  तक्ष, मद्र मल्ल तथा तुग्रहरूको ससाना आदिवासी राज्यहरू थिए।

इशापूर्व ५४२ मा फारसी सम्राट साइरसले बालुचिस्तानको मकरान जितेपछि यहाँ उनीहरूको शासन चल्यो। पछि इशापूर्व ३३० तिर यहाँ आक्रमण गरेर जितेर लियो। पछि यहाँ लामो समयसम्म



https://dhamma.digital

युनानी ब्याक्ट्रियनहरूको आधिपत्य पनि रह्यो । र पछि मौर्यहरूले यसलाई आफ्नो बनाएर लियो ।

यहाँ मुस्लिमहरू सातौं शताब्दीमा आए । सन् ७१२ मा यहाँ अरब सेनापतिले मुहम्मद बिन कासिमले कब्जा गरेपछि यहाँ इस्लामहरूको आधिपत्य कायम भयो । तेह्रौं शताब्दीमा यो दिल्ली सल्तनतको कब्जामा गयो र सोह्रौं शताब्दीमा मुगलहरूको कब्जामा गयो । पछि दक्षिण एशिया नै अंग्रेजहरूको उपनिवेश बनेपछि यसको स्वायत्तता भनेकै रहेन । पछि सन् १९४७ मा भारत स्वतन्त्र भएसँगै यो पनि स्वतन्त्र बन्यो । वर्तमान समयमा पाकिस्तानमा मुस्लिमहरू ९६.४७ प्रतिशत, हिन्दुहरू २.१४ प्रतिशत छन् । बौद्धहरू सरकारी अभिलेखमै नदेखाए तापनि कतै कतै केही परिवारले बुद्धधर्म अझै अपनाइरहेको समाचारहरू पढ्न पाइन्छ ।

## पाकिस्तानमा बुद्धधर्मको प्रवेश

पाकिस्तानमा बुद्धधर्मको कुरा गर्दा केही महत्वपूर्ण पक्षहरूलाई समेट्न आवश्यक देखिन्छ ।

## अशोककालीन अभिलेखहरू

दक्षिण एशियाका अन्य देशहरूमा जस्तै पाकिस्तानमा बुद्धधर्मको प्रवेशको देन सम्राट अशोकलाई जान्छ । युद्ध र हिंसाबाट विरक्त भएर उनले बुद्धधर्म अपनाए र यसबाट प्रभावित भएर उनले संसार भरी नै बुद्धको शिक्षालाई फैलाउने उद्देश्य बनाए । यसअनुसार उनले ईशापूर्व २५० तिरको समयमा आफुले भ्याएसम्मका देशहरूमा बुद्धधर्मका गुरुहरूलाई धर्म प्रचारका निमित्त पठाए । तीमध्ये उनले यवनदेश अर्थात् अहिलेको ग्रीससम्म महारक्षितलाई पठाएका थिए । सम्भवतः यिनैले हालको पाकिस्तानमा बुद्धधर्मको बीजारोपण गरेका थिए । यसको प्रमाणको रूपमा यहाँको मानसेहरा (हाजरा जिल्ला) र शाहबाज गढी (पेशावर जिल्ला) मा प्राप्त शिलालेखहरूलाई लिन सकिन्छ । ती अभिलेखहरूमा उनले उत्तरपश्चिम क्षेत्रमा आफ्नो प्रभावको बारेमा लेखेका छन् ।



https://dhamma.digital

१) शाहबाज गढीको अभिलेख। पाकिस्तानको पेशावर जिल्लामा रहेको शाहबाज गढीमा ठुलो ढुंगामा सम्राट अशोकले अभिलेख कुँदाएका थिए। यो स्थान पहाडी पेशावरबाट ४० माइल उत्तर पूर्वमा अवस्थित छ।

भारत वर्षको इतिहास, मौर्य सभ्यता, भारतमा बुद्धधर्मको पुनर्जीवन अनि पाकिस्तानको बुद्धधर्मको अध्ययन गर्नेहरूका लागि यो अभिलेख निकै महत्वपूर्ण मानिन्छ। त्यसकारण यस अभिलेखको बारेमा थोरै चर्चा हुन आवश्यक छ।

यस अभिलेखमा लेखिएको कुराले सम्राट अशोकले कस्तो राज्य स्थापना गरेका थिए र बुद्धधर्मको प्रभावले उनको राज्य कतिसम्म धार्मिक थियो भन्ने स्पष्ट रूपमा देख्न सकिन्छ। उनले आफ्नो राज्यमा – (१) पशु हत्या निषेध र राजाको भान्साकोठामा खाइने भाँडामा पशु हत्यामा प्रतिबन्ध, (२) बसोबास गर्ने सबै ठाउँ र विशेषगरी सीमावर्ती क्षेत्रहरूमा पुरुष र जनावरहरूको चिकित्सा उपचारको व्यवस्था; (३) धार्मिक अनुशासन र आचरणको सामान्य मामिलाहरूको लागि अधिकारीहरूको भ्रमणहरू, (४) धार्मिक आचरणमा सद्गुणको पालना, (५) जनतालाई धर्माचरणका कुराहरू सिकाउन धर्ममहाअमात्यहरूको नियुक्ति आदि विषयमा चर्चा गरिएका छन्।

२) मानसेहराको अभिलेख। त्यस्तै किसिमबाट हाजरा जिल्लाको मानसेहरामा पनि एक महत्वपूर्ण अशोक अभिलेख भेटिएको छ। यसले पनि मानिसले सोच विचार गरेर मात्र धन खर्च गर्नुपर्ने तथा सबैसँग आदरपूर्वक व्यवहार गर्नुपर्ने इत्यादि नैतिक शिक्षाका कुरा लेखिएको छ।

यी शिलालेखहरू दक्षिण एशियाकै सबैभन्दा पुराना अभिलेखहरूमध्ये पर्दछन् भनेर पुरातत्वविद्हरूले भनेका छन्। यस प्रकार बुद्धधर्मको इतिहासको अध्ययन गर्न पनि पाकिस्तान पुग्नुपर्ने देखिन्छ। अथवा पाकिस्तानले बुद्धधर्मको ऐतिहासिकताको संरक्षण गरेको देखिन्छ।



https://dhamma.digital

## गन्धार बुद्धधर्म

गन्धार एउटा भौगोलिक क्षेत्र हो जुन अहिलेको विश्व मानचित्रमा बढी जस्तो पाकिस्तानको उत्तर पश्चिमी भागमा रहेको पेशावर उपत्यका र स्वात उपत्यकालाई जनाउँछ। विस्तृत रूपमा हेर्दा अफगानस्तानसम्म पुग्ने यो क्षेत्र भनेको इशापूर्व छैठौं शताब्दीतिर एक सभ्यताको रूपमा विकास भैसकेको थियो। यसलाई इशापूर्व ३२७मा अलेक्जन्डरले आफ्नो स्वामित्वमा लिए। बौद्ध साहित्यमा सम्राट अशोक गन्धारमा गएको तथा त्यहाँ स्तुपाहरू बनाएको वर्णन छ।

ईशापूर्व तेश्रो शताब्दीदेखि यहाँ बुद्धधर्मले व्यापकता पाएको देखिन्छ। इशाको पहिलो शताब्दीतिर यहाँ थुप्रै बौद्ध ग्रन्थहरूको सिर्जना समेत भयो। ईशापूर्व पहिलो शताब्दीदेखिका यहाँ भेटिएका केही ग्रन्थहरूलाई बौद्ध ग्रन्थहरूमध्ये नै सबैभन्दा पुराना हुन् कि भनेर समेत भन्ने गरिएको छ। त्यस्ता प्राचीन ग्रन्थहरू विभिन्न देशका पुस्तकालय वा संग्रहालयसम्म पुगेका छन्। ती ग्रन्थहरू गन्धारी-प्राकृत भाषामा र खरोष्ठी लिपिमा लेखिएका छन्। ती ग्रन्थहरू हाल ब्रिटिश लाइब्रेरी, सिनियर संग्रह, स्चयन संग्रह, वाशिङटन विश्वविद्यालय, लाइब्रेरी अफ कंग्रेस आदि ठाउँमा संकलित छन्। यी ग्रन्थहरूले बौद्ध सुत्रहरूको प्राचीनता तथा बुद्धधर्मको विकासको इतिहासको अध्ययन गर्न सघाउने बताइएको छ।

## गन्धार बौद्ध कला

गन्धार बुद्धधर्मलाई सम्झनुपर्ने अर्को महत्वपूर्ण कारण भनेको यहाँको कला हो। गन्धार कलाले बुद्धधर्मलाई यति गहन, विशाल र विस्तृत बनायो कि यो बिना बौद्ध कलाको इतिहास अपूर्ण नै रहने थियो। गन्धार कला भन्नाले गन्धार क्षेत्रमा विकास भएको वा त्यहाँ फैलिएको कलाको एक विशिष्ट शैलीलाई बुझाइन्छ, जुन यहाँ ईशापूर्व पहिलो शताब्दीदेखि ईशाको सातौं शताब्दीसम्म विभिन्न चरणहरूको विकास भयो।



https://dhamma.digital

धेरै पहिलेदेखि गन्धार क्षेत्र पश्चिमी र पूर्वी सभ्यताको मिलन्दविन्दुको रूपमा विकसित हुँदै आइरहेको थियो । त्यसमा पनि सम्राट अशोकको कालपछि यहाँ बुद्धधर्म फैलिँदै गएपछि बिस्तारै युरोपियन अथवा रोमन कलाको प्रभाव यहाँको कलामा पर्नु स्वभाविक भयो । बौद्ध कलामा पनि रोमन कलाले धेरै प्रभाव पार्यो । त्यसैले यहाँको कला शैलीलाई ग्रेको-रोमन उद्भव शैली भनिन्छ र पछि कुशाण कालमा गन्धार कला उच्चविन्दुमा पुग्यो र फेरि त्यसमा कुशाण कलाको प्रभाव पनि पर्दैगयो ।

अझ बुद्धको मूर्ति स्वरूप नै गन्धारमा विकास भएको भनेर समेत मान्छन् । पहिले भगवान बुद्धको मूर्ति बनाउने चलन थिएन । बुद्धको मूर्ति कस्तो थियो भनेर भन्नुभन्दा उहाँलाई प्रतीकहरू मार्फत चित्रण गर्ने चलन थियो । त्यस्तो अवस्थामा यहाँ रोमन कलाको ज्ञान भएका कलाकारहरूले सबैभन्दा पहिला बुद्धको मूर्ति रोमन देउताहरू जस्तै देखिने गरी बनाए भन्ने पनि धारणा छ । हुन पनि इशाको पहिलो शताब्दीका बुद्ध मूर्तिहरूमा रोमन देउता एपोलोको जस्तो छाँट पाइन्छ । त्यस्तै दोश्रो शताब्दीको एउटा बुद्ध मूर्तिको छेउमा उभिएको बुद्धधर्मको रक्षक मानिने वज्रपाणीको स्वरूप रोमन देउता हर्कुलस जस्तै देखिने पनि यहाँ उल्लेखनीय हुन्छ । संक्षेपमा भन्दा गन्धारको बौद्ध कला भनेको हेलेनिष्टिक र भारतीय तत्वहरूको मिश्रण हो ।

## मिलिन्द प्रश्न

पाकिस्तानको बुद्धधर्मलाई जान्नसकिने अर्को आधार मिलिन्द प्रश्न हो । यो भनेको बुद्धधर्ममा एकदम प्रचलित एउटा ग्रन्थ हो । एकजना राजा र एकजना भिक्षुको सम्बादले भरिएको यो ग्रन्थलाई तर्कपूर्ण रूपमा अबौद्धहरूको जिज्ञासा मेटाउने अभूतपूर्व ग्रन्थको रूपमा लिइन्छ । यहाँको प्रसंग बुझ्न पाकिस्तानको इतिहासलाई केलाउनुपर्ने हुन्छ ।

सम्राट सिकन्दर वा एलेक्जेन्डरले इशापूर्व ३२६मा दक्षिण



https://dhamma.digital

एशियाका थुप्रै ससाना राज्यहरूमा विजय हासिल गरे । त्यसको धेरैपछि इशापूर्व १०० तिर ग्रेको-ब्याक्ट्रियन वा इन्डो-ग्रेक राजाको रूपमा मिनान्दर उदाए । उसले हालको पंजाब, हिमाञ्चल, जम्मुदेखि मथुर ासम्म भारतीय महाद्वीपको धेरै भाग आफ्नो कब्जामा लिएर सिगाल अथवा सिआलकोट (अहिले यो पूर्वी पाकिस्तानमा पर्दछ) लाई आफ्नो राजधानी बनाए । उनले बुद्धधर्मलाई संरक्षकत्व प्रदान गरे र यस क्षेत्रमा बुद्धधर्मको प्रचार प्रसारमा ठुलो योगदान दिए ।

यसै बेला संभवतः पञ्जाब क्षेत्रमा एक ब्राम्हण परिवारमा नागसेनको जन्म भयो र उसले वेद आदि शास्त्रीय शिक्षा लिए । पछि उनी बौद्ध दर्शनबाट प्रभावित भए र सर्बास्तवादी बौद्ध गुरु बने । उनको भेट राजा मिनान्दरसँग भयो र उनीहरूको बुद्धधर्मका विविध पक्षमा भएको वादविवाद पछि ग्रन्थाकार संग्रह बन्यो जसलाई बौद्ध साहित्यमा मिलिन्द प्रश्न भनिन्छ । यस्तो गहन ग्रन्थको आधार स्तम्भ भएको पाकिस्तानलाई बुद्धधर्मको विकासको एक महत्वपूर्ण स्थल मान्न सकिन्छ ।

## तक्षशीला

पाकिस्तानको बुद्धधर्मको अध्ययन गर्दा तक्षशीलाको पनि नाम आउँछ । यो भनेको एक प्राचीन अध्ययन केन्द्र अर्थात् विश्वविद्यालय हो । सम्राट अशोकले आफ्नो राज्य विस्तारको क्रममा यसलाई आफ्नो साम्राज्य भित्र गाभेका थिए । यो अहिले पाकिस्तानको पञ्जाब राज्यको रावलपिण्डी जिल्लामा अवस्थित छ । यहाँ बुद्धधर्म तथा हिन्दुधर्मको पनि अध्यापन हुन्थ्यो । यसको स्थापना इशापूर्व ३७० तिर भएको हुनुपर्दछ । यो इशाको छैठौं शताब्दीसम्म थियो । यहाँ भगवान बुद्धले आफ्नो कुनै जन्ममा शिर दान दिएकोले यहाँको नाम तक्षशिला रहन गएको भन्ने पनि किंवदन्ती छ । यो त्यसबेला एशिया भरीमा प्रख्यात विश्वविद्यालय थियो भन्न सकिन्छ । यहाँ एशियाबाट तथा यूरोपबाट समेत अध्ययन गर्न मानिसहरू आउँथे । ग्रीसका धेरै विद्वानहरूले समेत यहाँ आएर



https://dhamma.digital

अध्ययन गरेको भन्ने दृष्टान्त पाइन्छन्। पाकिस्तानमा बुद्धधर्मको अवसान भइरहँदा समेत तक्षशीला जीवन्त थियो । चीनियाँ यात्रीहरूले यसको बारेमा धेरै नलेख्नुको कारण त्यसबेलासम्म यो त्यति प्रख्यात रहेन होला। हुणहरूको आक्रमण पछि लगभग छैठौं शताब्दीमा यो विश्वविद्यालय अधोगतितर्फ गयो। अहिले तक्षशीलाको ३० किलोमिटरको क्षेत्रभित्र ५० वटा भन्दा बढी पुरातात्विक स्थलहरू छन्।

यहाँस्थित धर्मराजिक स्तुपले यहाँको बौद्ध सभ्यताको इतिहास देखाउँछ। ४५ फिट अग्लो यो स्तुप अशोकले आफ्नो समयमा बुद्धको अस्थिधातु राखेर बनाएको र त्यसमाथि पछि इशाको दोश्रो शताब्दीमा यसको पुनःनिर्माण भएको बताइन्छ।

## उड्डियान

वज्रयानको उद्भव विन्दु भनेर मानिने उड्डियान भनेको हाल स्वात उपत्यकामा रहेको खिबेर पख्तुन्ख्वा क्षेत्रमा हो भनेर मानिएको छ। आठौं शताब्दीका बौद्ध गुरु पद्मसम्भवको जन्म यहीँ भएको भनिन्छ। लेखहरूमा पाइएअनुसार यहाँ स्थविर निकाय अन्तर्गतका ५०० विहारहरू थिए र यहाँ भगवान बुद्धको पदचिन्ह पनि थियो । बिसौं वर्षदेखि यहाँ पुरातात्विक उत्खननहरू भइरहेका छन् र यहाँ ७ औ शताब्दीतिरका थुप्रै बुद्ध तथा बोधिसत्वहरूका मूर्तिहरू पाइएका छन्।

## फाहियान

चीनियाँ यात्री फाहियानले इशाको४०० तिर भारतका विभिन्न ठाउँमा भ्रमण गरेर थुप्रै बौद्ध ग्रन्थहरू संकलन गर्न आएका थिए। यसै सिलसिलामा उनी गान्धारको तक्षशिला पनि पुगेका थिए। उनले आफ्नो यात्रा संस्मरणमा यस क्षेत्रमा थेरवाद तथा महायान बुद्धधर्मको विकास भएको तथा थेरवादका विभिन्न शाखाहरू रहेको लेखेका थिए।

## बुद्धधर्मको अवसान

कुनैबेला त्यस्तो विकासित भइ एशियाकै प्रमुख बौद्ध केन्द्रको



https://dhamma.digital

रूपमा स्थापित भइसकेको पाकिस्तानमा पनि बुद्धधर्म चीरस्थायी हुन सकेन। पाँचौंदेखि आठौं शताब्दीका चीनियाँ यात्रीहरू फाहियान, हुयनसाङ, यिजिङ, हुइशेङ आदिले भारतीय उपमहाद्वीपको उत्तरपश्चिमी क्षेत्रमा बुद्धधर्म अवसान हुँदै गएको उल्लेख गरेका थिए। हुयनसाङले इस्वी ६३० मा त्यहाँ बुद्धधर्मको विनाश गरिएको तथा भिक्षुहरूले छोडेर गएकाले गुम्बाहरू पनि खण्डहर बनेको उल्लेख गरेका थिए।

पाकिस्तानमा बुद्धधर्म अवसान हुनुको विभिन्न कारण होलान्। तीमध्ये अल्कोनहरू वा हुनहरूको आक्रमणलाई प्रमुख कारण मानिन्छ। उनीहरूको मध्य एशियामा साम्राज्य थियो र पछि ब्याक्ट्रिया, काबुलिस्तान हुँदै गन्धार समेत आक्रमण गर्न आए। इस्वी ४६० तिर अल्कोनहरूले गन्धार तथा पञ्जाब जितेर लिए। र पछि काश्मिरमा पनि उनीहरूले विजय हासिल गरे। उनीहरूले यस क्षेत्रको मुख्य गरी बौद्ध स्मारकहरूको अन्धाधुन्ध विनाश गरे। उनीहरूले यहाँ बौद्ध गुम्बाहरू तथा तक्षशीलाका स्तुपहरू नाश गरिदिए। अरूसँगै यहाँको महत्वपूर्ण कनिष्क स्तुपको नाश पनि उनीहरूले यही बेला गरेको शंका गरिन्छ। उनीहरूले यहाँको लामो समयदेखि विकसित भइरहको गान्धार कलाको प्रगति नै रोकिदिए।

तिनीहरूमध्ये बुद्धधर्मलाई यातना दिनेमा सबैभन्दा माथि क्रुर शासक मिहिरकुलको नाम आउँछ। उनले त्यहाँ हजारौं गुम्बाहरू भत्काएको भनिन्छ। अल्कोनहरूले प्रारम्भमा बुद्धधर्मको संरक्षण गरेको जस्तो देखिन्छ तर पछि उनीहरूले यहाँका बौद्धहरू बौद्ध स्मारकहरूको विनाश नै गरे। अल्कोनहरू खासमा सूर्य भक्त थिए र उनीहरू लक्ष्मीको पनि पुजा गर्थे। त्यसमध्ये मिहिरकुल विशेष गरी शिवका भक्त थिए। त्यही भएर हुएनसाङले इस्वीको ६३०मा लेख्दा मिहिरकुलले यहाँका गुम्बाहरू भत्काउन तथा भिक्षुहरूलाई देश निकाला गर्न आदेश दिएको कुरा लेखेका थिए।

सातौं शताब्दीमा बुद्धधर्म विशेष गरी पञ्जाब तथा सिन्ध क्षेत्रमा पुनः उठ्न थालेको थियो तर भारतीय उपमाहाद्विपमा मुस्लिमहरूको आक्रमण ब्यहोर्नुपर्यो।



https://dhamma.digital

## मुस्लिमहरूको आगमन

पकिस्तानमा मुस्लिमहरूको आगमन धेरै चरणमा धेरै ठाउँबाट भएको देखिन्छ । त्यसमध्ये प्रमुख इस्वी ६४४मा सम्भवतः पहिलोपटक रसिलको युद्धमार्फत खलिफा वा धर्मगुरु राशिदुनले सिन्ध राज्यलाई हराई माकरान माथि विजय प्राप्त गरेपछि भयो । त्यसबेला हालको पाकिस्तान भित्र थुप्रै हिन्दुहरूको क्षेत्र पनि थिए । उनीहरू पनि क्रमशः इस्लाममा परिवर्तन हुँदै गए । इस्वीको ७११ मा उमयाद सेनाले सिन्ध क्षेत्रमा कब्जा गरेर त्यहाँको हिन्दु वंशको अन्त्य गरे । त्यस्तै इस्वीको ७१२ मा जनरल मुहम्मद बिन कासिमले सिन्धु भित्रका थुप्रै क्षेत्रहरू माथि विजय प्राप्त गरे । सातौंदेखि दशौं शताब्दीको समय भनेको पाकिस्तानमा इस्लामहरूको राज्य विस्तारको समय थियो। दशौं शताब्दीसम्म आइपुग्दा पाकिस्तानका धेरै क्षेत्र गजनाविद वंशको नियन्त्रणमा आइसकेको थियो ।

पाकिस्तानमा इस्लामको विस्तार हुँदै गर्दा हिन्दुहरूमाथि विजय प्राप्त गरेको भनिएको छ तर त्यसबेलासम्म रहेका बौद्धहरूको अवस्था के भयो भन्ने धेरै जानकारी पाइँदैन । सातौं शताब्दीमा नै त्यहाँको बौद्ध सभ्यता ओरालो लागिसकेको भन्ने आधारमा मुस्लिमहरू आइसक्दा त्यहाँ बौद्धहरू निकै कम भइसकेको तथा त्यसको सट्टा त्यहाँ हिन्दुहरूको संख्या वा प्रभाव बढी भइसकेको संकेत पाइन्छ ।

अर्कोतिर पाकिस्तानको उत्तरमा रहेको हाल पाकिस्तान नियन्त्रित काश्मिर क्षेत्रको लद्दाख र चीनको समेत प्रभाव भएको गिलगित बल्तिस्तनमा इस्लामको प्रवेश पहिला पहिले चीनमा जस्तै बोन धर्मको प्रभाव थियो । १५औं शताब्दीसम्म यहाँ तिब्बती बुद्धधर्म तथा बोनधर्म रहेकोमा पछि बिस्तारै यहाँ पनि इस्लाम धर्म मान्ने बढे भनिन्छ ।

स्वभाविक हो, त्यहाँ मुस्लिम राज्य विस्तार हुँदै जाँदा त्यहाँका हिन्दु तथा बौद्धहरूले विस्तारै आफुखुशी वा बाध्य भएर इस्लाम ग्रहण गरे । वर्तमान अवस्थामा त्यहाँ नगन्य मात्रामा मात्र हिन्दुहरू तथा बौद्धहरू पाइन्छन् ।



https://dhamma.digital

## बौद्ध सम्पदा

पाकिस्तनमा अहिले बुद्धधर्मको अस्तित्व छैन नै भनेपनि हुन्छ । तर संसारलाई देखाउन बौद्ध सम्पदाको विशाल भण्डार भने छ ।

**खिबेर पख्तुन्ख्वा** पाकिस्तानको एक महत्वपूर्ण पुरातात्विक स्थल हो । यहाँ इशाको पहिलो देखि ५औं शताब्दीका थुप्रै बौद्ध मूर्ति लगायतका बस्तुहरू भेटिएका छन् । यहाको विशाल विहार परिसरलाई **तख्त इ बही** भनिन्छ । यसलाई विश्व सम्पदा सुचिमा सुचिकृत गरिएको छ । **अमुल्क दारा स्तुप** तथा सिंगारदार स्तुप यहींको स्वात उपत्यकामा छन् ।

पञ्जाबको तक्षशीला अर्को महत्वपूर्ण सम्पदा स्थल हो । यहाँ ५० वटा महत्वपूर्ण पुरातात्विक स्थलहरू छन् । पाकिस्तानको प्रख्यात **धर्मराजिका स्तुप**, भीर थुम्को, शिरकाप, जनदियाल मन्दिर तथा जौलियन विहार परिसर प्रमुख हुन् । ती सम्पदाहरू इशापूर्व ३०० देखि इशाको ६०० सम्मका छन् । यसबाहेक यहाँ तक्षशीला संग्रहालय छ जहाँ पाकिस्तानका विभिन्न स्थानबाट संकलन गरिएका पुरातात्विक बौद्ध मूर्तिहरू संकलित छन् ।

सिन्ध प्रदेशमा पनि थुप्रै बौद्ध पुरातात्विक स्थलहरू छन् । तीमध्ये प्रमुख मोहेनजोडारो, सिराजजि तकरी, काहुजोडारै, सुधेरनजो थुल, थुल मिर रुकान स्तुप, थुल हाइरो खान स्तुप,  बहील शाह थुल स्तुप, कोत बामभान थुल आदि हुन् । यहाँका पुरातात्विक स्थलहरू संरक्षणका पर्खाइमा छन् ।

बालोचिस्तनको मकरानमा पनि केही बौद्ध मन्दिरहरूका अवशेष छन् । यहाँका गोदरानी गुफाहरूमा बौद्ध मूर्ति इत्यादि अझै भेटिन्छन् । गिलगित बाल्टिस्तानमा मन्थाल बुद्ध चट्टान लगायतका भित्ते चित्रहरू छन् ।

संक्षेपमा भन्दा पाकिस्तानका लगभग सबै प्रदेश जिल्लामा त्यस्ता अनगिन्ती बौद्ध स्मारक सम्पदाहरू छरिएर लुकेर दबिएर रहेका छन् । जुन कतिपय संरक्षित छन् कति बेवास्ता गरिएका छन् अझ कति



https://dhamma.digital

त जमिन मुनि नै रहेको हुन सक्छ। तिनीहरू पाकिस्तानको मात्र हैन विश्वका सबै बौद्धहरूको, अझ मानव विकासको सभ्यताको अध्ययन गर्ने सबैको साझा सम्पति हो।

## अतिवादीहरूको आक्रमणमा बौद्ध सम्पदा

धर्म, आस्था, सभ्यता भनेको परिवर्तनशील हुन्छ। फेरि कुनै धर्ममा अतिवादीहरू पनि हुन्छन्। पाकिस्तानको धर्म फेरिएपनि त्यहाँ राज्यले नै बौद्ध सम्पदाहरू नाश गर्ने अभियान चलाएको देखिँदैन। तथापि कुनै बेलामा त्यहाँका मुस्लिम अतिवादी तालिवान समुहले कतिपय अमूल्य बौद्ध सम्पदाहरू नष्ट नगरेको पनि होइन। विशेष गरी तालिवानहरूले स्वात उपत्यकाका कुशानकालीन स्तुपहरू र मूर्तिहरू डाइनामाइट राखेरै नष्ट गरेका थिए। उनीहरूले बुद्धको अस्थिधातु राखेका स्तुपहरूलाई नै छानी छानी भत्काएको भन्ने पनि कुरा छ। यो काम सरकारबाटै नभएको भएतापनि त्यहाँको सरकारले त्यसकामलाई रोक्न कुनै खास कदम नचालेको पनि तितो यथार्थ हो।

## वर्तमान अवस्था

जतिसुकै गौवरमय इतिहास, परम्परा, सम्पदा र पुरातात्विक वस्तुहरूको कुरा गरेपनि बुद्धधर्मको दृष्टिकोणबाट पाकिस्तानलाई हेर्दा त्यहाँ बौद्ध वातावरण शुन्य जस्तै छ। सरकारी आँकडामा बौद्धहरू यति छन् भनेर लेखेको पाइँदैन। यदाकदा कतै कतै कसैले आफुलाई बौद्ध हुँ भनेर चिनाएको सञ्चार माध्यमहरूमा पढ्न वा देख्नसम्म पाइन्छ। कतिले विभेद, भौतिक हिँसा तथा उनीहरूको सम्पतिको विनाश भएको गुनासो गरेका थिए। उनीहरू कति छन् भनेर कतै अध्ययन भएको छैन। बुद्धिस्ट डोर ग्लोबलले त्यहाँ एउटा बौद्ध परिवारले त्यहाँ बुद्ध मन्दिर बौद्ध वातावरण नभएर अभ्यास गर्न पाएनन् र  लोप हुने अवस्था भयो भन्ने रिपोर्ट प्रकाशन गरेको थियो।

अहिले बौद्ध देशका प्रनिनिधि मण्डल त्यहाँ गएर सरकारसँग उनीहरूको सुरक्षाका लागि र त्यहाँ बौद्ध पर्यटनको विकासको लागि



https://dhamma.digital

सहकार्यको सम्भाव्यताको खोजी गर्ने काम भएको छ। यसैको फलस्वरूप हाल पाकिस्तानी सरकारले त्यहाँको सम्पदा संरक्षणमा विशेष ध्यान दिनुका साथै पर्यटको लागि पनि विशेष ध्यान दिएको देखिन्छ।

हालै त्यहाँ गन्धार अन्तर्राष्ट्रिय सिम्फोजियम भनेर पाकिस्तानको बुद्धधर्मका विविध पक्षमा विभिन्न देशका बौद्ध विद्वानहरूले गहिरो अनुसन्धान गरी कार्यपत्र पेश गरी विश्वको ध्यान आकर्षण गर्ने कोशिस गरेको छ। यो कुरा तीन पक्षबाट महत्वपूर्ण देखियो। पहिलो त विश्वकै ध्यान गइसकेपछि त्यहाँका अतिवादीहरूले अब त्यहाँका सम्पदालाई आतंकवादीहरूले क्षोभको निशाना नबनाउला भन्ने आश लिने ठाउँ भएको छ, दोश्रो राज्यले अबका दिनमा त्यसको संरक्षण गर्ने जिम्मेवारी लिएको देखियो। तेश्रो भनेको विश्वका बौद्धहरूका लागि पाकिस्तानका बौद्ध स्थलहरू नयाँ तीर्थ स्थलका रूपमा खुल्ने भएका छन्। यसबाट अन्तर्राष्ट्रिय पर्यटनको विकास भइ त्यहाँका स्थानीय जनताको जीवनोस्तरको उन्नति हुने भन्ने सकारात्मक पक्ष त छँदै छ।

Dhamma.Digital



https://dhamma.digital

# (ङ) मलेसियामा बुद्धधर्मको अवस्था

मलेसिया दक्षिणपूर्वी एसियाको एउटा संघीय संवैधानिक राजतन्त्र भएको देश हो । यसले १३ वटा राज्यहरू र तीन संघीय क्षेत्रहरू समावेश गरेको छ। यो देश दक्षिण चीन सागरको दुईतिर दुई क्षेत्रहरूमा विभाजित छ – एकातिर प्रायद्वीप मलेसिया र अर्कोतिर बोर्नियो टापुमा रहेको पूर्वी मलेसिया । प्रायद्वीप मलेसिया भूमि र समुद्रबाट थाइल्याण्डसँग अनि सिंगापुर, भियतनाम र इन्डोनेसियासँग समुद्रबाट जोडिएको छ। त्यस्तै पूर्वी मलेसिया भूमिबाट ब्रुनाई र इन्डोनेसियासँग अनि फिलिपिन्स र भियतनामसँग समुद्रबाट जोडिएको छ। यसको राष्ट्रिय राजधानी तथा देशको सबैभन्दा ठूलो शहर क्वालालम्पुर हो। यहाँ तीन करोड ३० लाख जनसंख्या छ।

दशौ शताब्दीसम्म मलायहरू नै यस प्रायद्वीपका प्रभावशाली जनसमुदाय बने। यहाँका पहिलेका राज्यहरू बढी जसो भारतीय धर्महरू र संस्कृतिबाट प्रभावित थिए । भारतको पल्लव वंशको प्रभाव यहाँ धेरैजसो ४औं तथा ५औं शताब्दीमा रह्यो । यहाँ आदिबासीहरूको मौलिक धर्म बाहेक बुद्धधर्म र हिन्दु धर्म सँगसँगै जस्तै विकास भयो। यो क्रम ७ औ शताब्दीमा बढेर १३ औ शाब्दीसम्म चलिरह्यो। यो समय भनेको यहाँ श्रीविजय वंशको शासन हुँदाको समय थियो।

१५औं शताब्दीमा मलेसियामा इस्लाम फैलिन थाल्यो र मलक्का सुल्तनतको उदय भयो । यहाँ इस्लाम धर्मको प्रचार भएको यसै समयदेखि हो। यस बेला मलक्का इस्लामको शिक्षण र प्रचार प्रसारको केन्द्र नै बन्यो। १६औं शताब्दी भनेको युरोपका शक्तिसम्पन्न देशले एशियाका विभिन्न देशहरूलाई उपनिवेश बनाएर राख्ने युग थियो । सन् १५११ मा पोर्चुगिजहरूले मलेसियालाई उपनिवेश बनाए । सन् १६४१ मा यो डचहरूको उपनिवेश बन्यो र अन्तमा सन् १८२४ मा फेरि यो ब्रिटिशहरूको हातमा गयो। दोश्रो विश्वयुद्ध भयो अनि यहाँ



https://dhamma.digital

पनि स्वतन्त्रताको लहर चल्यो । सन् १९६३ मा मलेसिया फेडरेशनको स्थापना भयो । फेरि सन् १९६९ मा जातीय द्वन्द्व भोग्नु पर्यो अनि नागरिकहरूको एकताको लागि नयाँ धारणा ल्याउनु पर्यो । सन् १९७१ मा नयाँ आर्थिक नीति ल्याइयो । त्यसपछि ८० को दशकदेखि प्रधानमन्त्री महाथिर मुहम्मदको नेतृत्वमा विश्वलाई नै चकित पार्ने खालको आर्थिक वृद्धि भइरहेको छ ।

मलेशियामा बुद्धधर्म इस्लाम पछिको दोस्रो ठूलो धर्म हो । मलेशियाको जनसंख्याको **१८.७ प्रतिशत जनता बौद्ध** छन् । त्यसमा पनि बुद्धधर्मका गुणहरू मिसिएका चिनियाँ धर्मका अनुयायीहरूलाई समेत जोड्यो भने यो संख्या २१.६ प्रतिशत हुन्छ । मलेसियामा बुद्धधर्म मुख्यतया चिनियाँ मूलका मलेसियनहरू अभ्यास गर्छन्, तर त्योसँगै थाइ, श्रीलंका र बर्मीमूलका मलेसियनहरू पनि छन् ।

## १. मलेसियामा बुद्धधर्मको इतिहास

मलेसिया बुद्धको जीवनसँग गाँसिएको भारतवर्ष भन्दा निकै टाढा छ । तर पनि यहाँ धेरै अगाडि नै बुद्धधर्मले प्रवेश पाइसकेको मानिन्छ । यहाँ बुद्धधर्मको विकासलाई यसरी हेर्न सकिन्छ । यहाँ बुद्धधर्मको लामो र समृद्ध इतिहास छ, जुन ईसापूर्व २०० तिर शुरु भएको भनिन्छ । पछि मलेसियाको भारतसँगको ब्यापार फस्टायो । यसबेला भारतबाट सामान मात्र होइन, त्यससँगै बुद्धधर्मजस्ता भारतीय धार्मिक अवधारणाहरू पनि ल्यायो ।

**प्रारम्भिक आगमनको युग :** मलेसियामा बुद्धधर्मको इतिहासमा इसापूर्व दोश्रो शताब्दीदेखि १४औं शताब्दीको समयलाई प्रारम्भिक आगमनको युग भन्न सकिन्छ । केही प्रमाणले इसापूर्व दोस्रो शताब्दीको आसपास बुजाङ उपत्यका (केदाह) मा हिन्दू-बौद्ध राज्य बनेको देखाउँछ ।

जब भारतीय व्यापारीहरू र पुजारीहरूले समुद्री मार्गहरू यात्रा गरे, उनीहरू आफुसँग आफ्नो देशबाट धर्म र कलाको अवधारणाहरू ल्याए । यसैबेलादेखि यस क्षेत्रका मानिसहरूले बुद्धधर्मसँग परिचित हुन पाए ।



https://dhamma.digital

यहाँ बुद्धधर्मको प्रवेशकालदेखि नै थेरवाद तथा महायान बुद्धधर्म थियो भन्ने अनुमान गरिएको छ। बौद्ध ब्यापारीहरूको पहुँच त्यसबेलाका दरवारीयाहरूसँग हुने भएकोले उनीहरूले दरवारमा प्रभाव जमाए र फलस्वरूप बुद्धधर्मले यहाँको शासकहरूको संरक्षकत्व प्राप्त गर्न सफल भए। त्यसै आधारमा त्यबेलाको राजनीतिक प्रभाव भएकोले बुद्धधर्मसँगै आएको दर्शन र जीवन पद्धतिलाई उच्च मूल्यांकन गरे। त्यसपछि यस धर्मको राजनीतिक र सांस्कृतिक महत्व बढेर गयो।

पेनाङ शहरमा भेटिएको **५औं शताब्दीको एक शिलालेखले** मलेसियामा बुद्धधर्मको प्रमाणित इतिहासको ढोका खोल्दछ। महानाविक बुद्धगुप्तको यस अभिलेखमा एउटा बौद्ध स्तुपको चित्रण गरिएको छ। यसका लेखक भारतीय थिए। यसले कसरी बुद्धधर्मको माध्यमबाट भारत तथा मलेसियाको सम्बन्ध बनेको छ भनेर देखायो।

मलेसियाको केदाहस्थित बुजाङ उपत्यकामा दुइटा बौद्ध मूर्तिहरू भेटिएका छन्। पहिलो **५औं देखि ९औं शताब्दीको** उभिरहेको बुद्धको मूर्ति तथा दोश्रो ८औं शताब्दीको आठ हात भएको बोधिसत्व अवलोकितेश्वरको मूर्ति। यी मूर्तिहरूले त्यसबेला यहाँ बुद्धधर्मको विकास उच्च तहमा भएको थियो भन्ने प्रमाणित गर्दछ।

त्यस्तै मलेशियामा हालै १२ सय वर्ष पुरानो अर्थात् लगभग **९ औं शताब्दी**को स्तुप भेटिएको समाचारले हलचल मचाएको छ। अलजजिराका अनुसार त्यहाँको बुजाङ उपत्यकामा बुकित चोसर स्तुप भेटिएको थियो। यो स्थान क्वालालम्पुरबाट ३७० किलोमिटर उत्तरमा पर्छ। बुजाङ उपत्यका मलेसियाकै एक प्रमुख पुरातात्विक क्षेत्र हो। करिब २२४ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको यस क्षेत्र कुनै बेला बौद्ध राजनीतिक क्षेत्र थियो भन्ने मान्यता छ। यहाँका केही अवशेष २५सय वर्षसम्म पुराना हुनसक्ने अनुमान गरिएको छ। अहिले यहाँ पत्ता लगाइएका अवशेषहरू मध्ये १० प्रतिशत स्थलको मात्र उत्खनन् भएको छ।

यद्यपि **११ औं शताब्दीको प्रारम्भमा** तमिलनाडुका



https://dhamma.digital

चोल वंशका राजाले उनीहरूमाथि आक्रमण गरेपछि भने मलायहरूको भारतीयहरूप्रतिको सम्मान समाप्त भयो । उनीहरूमध्ये केदाह राज्यले भारतीय धर्मको निन्दा पनि गऱ्यो । केदाहका राजा फ्रा ओङ महावाङ्साले त इस्लाममा धर्म परिवर्तन समेत गरे । यही सिलसिला जारी भएर १५ औं शताब्दीसम्म आइपुग्दा बहुसंख्यक मलायले इस्लाममा परिवर्तन गरे । र यहाँको बुद्धधर्म क्रमशः विलय हुँदै गयो ।

**श्री विजय साम्राज्य** – त्यसमध्ये सुमात्रामा शक्तिशाली **श्री विजय साम्राज्य** थियो जुन ७ औं देखि १३औं शताब्दी ईस्वी सत्तामा रह्यो । यसबेला त्यो बौद्ध शिक्षाको केन्द्र थियो । यसबेला श्री विजय साम्राज्य व्यापारका साथै बौद्ध शिक्षाको पनि केन्द्र बन्यो । यसका साथै यसे दक्षिणपूर्वी एशियामै बुद्धधर्म फैलाउने काममा ठुलो योगदान पनि दियो । यसै वंशले इन्डोनेसियामा बोरोबुदुर माहाचैत्य बनाएको मानिन्छ ।

**मलक्का सुल्तन** – १५औं शताब्दीमा मलेसियामा इस्लाम फैलिन थाल्यो र मलक्का सुल्तनतको उदय भयो । यसबेला मलक्का इस्लामको शिक्षण र प्रचार प्रसारको केन्द्र नै बन्यो । यसले गर्दा यहाँ मलाय भाषा, कला र साहित्य विकास भयो । त्यसबेलाको कानुन तीन पक्षबाट निर्धारित थियो – हिन्दु/बौद्ध, इस्लाम तथा आदिबासीहरूको अदतबाट । आश्यर्चको कुरा थियो कि यस्तो समयमा पनि त्यहाँका चीनियाँ तथा भारतीय समुदायहरूमा निर्बाध रूपमा बुद्धधर्मको अभ्यास भइरहेको अवस्था थियो ।

**उपनिवेश काल :** १६औं शताब्दीदेखि मलेसिया विभिन्न देशहरूको उपनिवेश रह्यो । त्यसबेला ती देशले प्रत्यक्ष अप्रत्यक्ष रूपमा आफ्नो देशको धर्म यहाँ लादे वा लाद्न खोजे । यो स्वभाविक पनि थियो । यस बेलामा यहाँका बौद्ध समुदायले स्वतन्त्र भएर आफ्नो धर्म अभ्यास गर्न केही कठिनाइ सामना गरे । यहाँ शासन गर्न आएका पोर्चुगिजहरू, डचहरू त्था ब्रिटिशहरूले इशाई धर्मको प्रचार गर्न खोजेकोले बुद्धधर्मले चुनौतीहरू सामना गर्नुपर्यो । तर पनि विशेष गरी चीनियाँ समुदाय



https://dhamma.digital

संख्यात्मक रूपमा धेरै भएको र आफ्नो धर्म तथा संस्कृतिप्रति प्रतिवद्ध भएकोले विदेशीहरूको थिचोमिचोको बाबजुद पनि आफ्नो धर्म संरक्षण गरेर राखे ।

उपनिवेशले मलेसियाको बुद्धधर्मलाई विभिन्न किसिमले प्रभाव पारे । उपनिवेश बनाउने सम्राज्यहरूले मलेसियामा पाइला टेक्नु अगाडि यहाँ बुद्धधर्मको यथेष्ट विकास भइसकेको थियो । यति मात्र होइन, यहाँ त चीनियाँ, थाइ तथा भारतीय बौद्धहरूको अलग अलग परामपराको छुट्टा छुट्टै अभ्यास गर्ने परिपाटी बसिसकेको थियो ।

साम्राज्यवादी शक्तिहरू इशाई धर्म प्रचार गर्न चाहन्थे । उनीहरूले पश्चिमी शिक्ष प्रणालीसँगै इशाई धर्म पस्कँदै गए । यसले गर्दा केही हदसम्म यहाँको बुद्धधर्मको विकासमा प्रभाव त अवश्य पार्यो । केहीले बुद्धधर्मलाई पुरानो मानेर आधुनिक भन्दै इशाई धर्म अँगाले । यसको प्रत्युत्तरमा बौद्ध गुरुहरू तथा संगठनहरूले पनि बुद्धधर्मलाई समय सुहाउँदो सुधार गरे । उनीहरूले पनि इशाई मिसनरीहरूले जस्तै बुद्धधर्मसँगै शिक्षा तथा समाज कल्याण पनि जोडेर आधुनिक बनाएर समाजमा प्रचार गर्न थाले ।

**आधुनिक युग :** आधुनिक मलेसियामा बुद्धधर्म सुरक्षित र व्यवस्थित छ । बौद्धहरू अल्पसंख्यक भएपनि उनीहरूलाई धार्मिक स्वतन्त्रता छ । यहाँ विशेष गरी चिनियाँ मूलका मलेसियालीहरू बिच बुद्धधर्म एउटा महत्वपूर्ण धार्मिक संस्कृति तथा परम्परा बनेको छ । त्यहाँ त्यस्तै गरी भारतीय मूलका मलेशियनहरूले बुद्धधर्मको अभ्यास गरिरहेका छन् । यसबाहेक बुद्धधर्म मान्ने आदिवासीहरूका साना समुदायहरू पनि छन् । यहाँ बौद्ध मन्दिर, गुम्बा र बौद्ध समाजहरू देशभर रहेका छन् । उनीहरूको धार्मिक संघहरू र संगठनहरू पनि छन् ।

**आधिकारिक मान्यता र अन्तरविश्वास सम्बन्धको विकासः** यहाँ मुस्लिमहरूको बाहुल्य भएतापनि त्यहाँको समाजले बहु-धार्मिक विशेषतालाई हुर्काएको छ । मलेसियाली सरकारले बुद्धधर्मलाई आधिकारिक रूपमा नै देशको प्रमुख धर्महरूमध्ये एकको रूपमा मान्यता



https://dhamma.digital

दिएको छ। त्यहाँको सरकार र समाजले विभिन्न धर्मका मानिसहरू बिच अन्तरविश्वास संवाद र समभ्कदारीलाई प्रवर्द्धन गर्न प्रयास गरेको छ। यहाँका बौद्ध, मुस्लिम, ईसाई र हिन्दूहरू बीच सहयोग र सद्भाव बढाउने उद्देश्यका पहलहरू पनि समाजमा भइरहेको छ। यद्यपि त्यहाँका केही कट्टर मुस्लिमहरूले गर्दा त्यहाँका बौद्धहरूले आफ्नो धर्म अभ्यासमा बाधा अवरोधको सामना गर्नुपरेको समाचारहरू पनि यदाकता सुन्नमा आउँछ।

हालका वर्षहरूमा मलेसियाका बौद्ध समुदायहरूमा धार्मिक स्वतन्त्रता चेतना बढेको छ। त्यस्तै उनीहरूमा आफ्नो इतिहास सम्बन्धी अध्ययन गर्ने तथा सम्पदा स्थलहरू र सांस्कृतिक अभ्यासहरूको संरक्षण गर्ने जागरण पनि आएको छ। यसका साथै उनीहरू सामाजिक र वातावरणीय सक्रियता प्रवर्द्धनमा बुद्धधर्मको भूमिकाबारे पनि अध्ययनशील छन्।

अहिले मलेसियामा बौद्धहरू त्यति धेरै नपाइएतापनि यहाँ थुप्रै भव्य विहारहरू वा मन्दिरहरू, प्राचीन बुद्ध मूर्तिहरू र शिलालेखहरू देशभरि जस्तै छरिएका छन्। यहाँको बुद्धधर्मको इतिहास अहिले त्यहाँ भेटिएका पुरातात्विक अवशेषहरूले बताइरहेका छन्। यहाँको समृद्ध इतिहास र बुद्धधर्मको विशालता यहाँ हुने गरेका खोजहरूमा प्रतिबिम्बित छन्।

## २. परम्पराको विविधता :

मलेसियाको बुद्धधर्म भित्रमा परम्पराहरू वा निकायहरूको विविधता पाइन्छ। जातीय रूपमा श्रीलंका र स्यामी (थाइ) मलेशियनहरूद्वारा अभ्यास गरिएको थेरवाद बुद्धधर्म, यहाँको प्रचलित परम्परा हो। यसका साथै, विशेष गरी चीनियाँ मूलका मानिसहरूले महायान लगायत विभिन्न परम्पराहरू पनि पछ्याउँछन्। यसले देशमा बौद्ध अभ्यासहरूको एक अद्वितीय मिश्रण र समन्वय भएको प्रष्ट पार्छ।

पछिल्ला दिनहरूमा मलेसियामा आआफ्नो समयमा र क्षेत्रमा



https://dhamma.digital

थेरवाद, महायान र वज्रयान जस्ता विभिन्न बौद्ध परम्पराहरू प्रचलनमा थिए । यहाँ थाइल्याण्ड, श्रीलंका र चीन जस्ता विभिन्न देशहरूबाट आप्रवासीहरूको आगमनले त्यहाँको बौद्ध विविधतालाई थप समृद्ध बनायो । तीमध्ये प्रत्येक समुदायले आफ्नो आफ्नो देशको धर्म, परम्परा र अभ्यास पनि लिएर आएका हुन्छन् । जस्तै थाई र श्रीलंकाका बौद्धहरूले आफ्नो विहारहरूमा आफ्नो देशबाट अभ्यासहरू र मन्दिर वास्तुकला लिएर आए र यहाँ मलेशियामा सबै प्रकारको बुद्धधर्म अभ्यास गरेर सबैसँग मिलेर बसे ।

**थेरवाद :** मलेसियामा धेरै पहिलेदेखि नै थेरवाद बुद्धधर्मको प्रचार तथा विकास भएको पाइन्छ । यहाँ थेरवादलाई भित्राउने काम थाइ, बर्मी तथा श्रीलंकाली बौद्धहरूले गरेको देखिन्छ । यिनीहरूले साधारण किसिमको विहार बनाउँछन् र सिंगारपटार एवं कर्मकाण्डमा भन्दा शील पालनमा र ध्यान अभ्यासमा बढी जोड दिन्छन् । उनीहरूले भगवान बुद्धको शिक्षालाई जस्ताको तस्तै ग्रहण गर्छन् । प्रवजित भएर भिक्षु जीवन बिताउनलाई उनीहरू गौरवका साथ लिन्छन् । यहाँका प्रमुख थेरवाद बौद्ध विहारहरूमा बुद्धिस्ट महाविहार, वाट चेतावन, धम्मिकरम बर्मिज बुद्धिस्ट टेम्पल आदिको नाम आउँछ । यहाँ वर्षभरि थेरवाद परम्पराअनुसारको धार्मिक कार्यक्रमहरू र पर्वहरू मनाइने गर्दछ ।

**महायान :** मलेसियामा चीनियाँहरू आउन थालेदेखि यहाँ महायान बुद्धधर्मको अभ्यास हुन थाल्यो । उनीहरू बुद्धका साथै जगत संसारको कल्याण होस् भनेर बसेका बोधिसत्वहरूलाई मान्छन् । उनीहरू पूजापाठमा बढी जोड दिन्छ र दिनहुँ विभिन्न किसिममा कर्मकाण्डहरू गरेर समय बिताउँछन् । यसका साथै चीनियाँहरू उतादेखि अभ्यास गर्दै आएका पितृ लगायतका विभिन्न देवदेवीहरूको पनि पूजा गर्छन् । महायानीहरूको मन्दिर बढी कलात्मक र चीनियाँ वास्तुकलामा आधारित हुने गर्छ ।

**समन्वयवादी :** यसबाहेक धेरै चीनियाँमूलका मलेसियालीहरू चीनियाँ धर्मलाई मिलाएर बुद्धधर्मको अभ्यास गर्छन् । उनीहरू बौद्ध



https://dhamma.digital

मन्दिरमा भगवान बुद्ध तथा अन्य बौद्ध देवी देवताहरूका साथै आफ्नो पितृ तथा पितृ देवताहरूलाई पनि पुजा गर्छन् ।

**आधुनिक बुद्धधर्म :** अहिले मलेसियामा परम्परागत बुद्धधर्मका निकायहरूका साथै आफ्नै किसिमको आधुनिक बुद्धधर्म पनि प्रचलनमा आएको छ । उनीहरू पश्चिमी देशहरूमा जस्तै परम्परागत बुद्धधर्मका उपदेशहरू तथा कथाहरूमा भन्दा आजको युगमा मानिसहरूलाई सुहाउँदा बुद्ध शिक्षा र जीवन जिउने तरिका वा कलाका बारेमा धेरै रुचि राख्छन् । विदेशीहरूका लागि तयार पारिएका अंग्रेजी भाषाका शिक्षणहरू तथा ध्यान अभ्यासका शिविरहरूमा भाग लिन उनीहरू रुचाउँछन् । वैशाख पूर्णिमा मलेसियाका बौद्धहरूले निकै धुमधाममा साथ मनाउँछन् । यस दिनमा विभिन्न निकाय अन्तर्गतका बौद्धहरू एकजुट भएर बुद्धपूजा, प्रार्थना, दानप्रदान तथा दीपावली जस्ता कार्यक्रमहरूमा भाग लिन्छन् ।

## ३. विज्ञ वा गुरूहरू

मलेसियामा बुद्धधर्म यसरी फैलिनुको पछाडि त्यहाँका केही विज्ञ वा धर्मगुरुहरूको महत्वपूर्ण योगदान छ । उनीहरूको उपस्थिति र निरन्तरको कामले गर्दा नै यहाँ बौद्ध वातावरण बन्न सकेको छ, बुद्धधर्म नबुझेकाले बुझ्न पाएको छ, बुझेकाले विहार वा गुम्बामा गएर धर्म अभ्यास गर्न पाएको छ अनि संगठित हुन पनि सकेको छ । उनीहरूले विभिन्न निकाय र परम्पराहरूको प्रतिनिधित्व गरेका छन् । तीमध्ये केहि प्रमुख बौद्ध गुरुहरूको सामान्य परिचय यस प्रकार छ ।

**डा. के. श्री धम्मानन्द नायक महाथेरा (सन् १९१९-२००६)** : श्रीलंकाको मतरामा जन्मेर मलेसियालाई कार्यक्षेत्र बनाएका डा. श्री धम्मानन्द एक सम्मानित बौद्ध विद्वान भिक्षु थिए । उनी सन् १९५२ मा मलेसियामा आए र यहाँ थेरवाद बुद्धधर्मलाई लोकप्रिय बनाउन महत्वपूर्ण भूमिका खेले । उनले क्वालालम्पुरको बौद्ध महाविहारका प्रमुख पदाधिकारी भएर यहाँका बौद्धहरूलाई शिक्षित तथा संगठित बनाए । उनले बुद्धधर्मका बारेमा लेखेका धेरै पुस्तकहरू मलेसिया तथा बाहिरी



https://dhamma.digital

विश्वमा धेरै प्रख्यात छन् । उनका पुस्तकहरू मध्ये बौद्ध विश्वास तथा समस्या उपर कसरी विजय पाउने नेपालीमा पनि अनुवादित छन् । उनलाई म्यानमार सरकारले अग्गमहासद्धम्मजोतिकधजको उपाधि दिएको थियो ।

**डा. के श्री धम्मरतन नायक महाथेरा (सन् १९४८) :** मलेसियामा बुद्धधर्मको प्रचार गर्ने अनि बौद्धहरूलाई संगठित गर्ने अर्को प्रमुख व्यक्तित्व डा. के श्री धम्मरतान हुन् । उनी श्रीलंकामा जन्मेका थिए र सन् १९८०मा गुरु के श्री धम्मानन्दको निमन्त्रणामा क्वालालम्पुर आए । उनी यहाँको परियत्ति वा सन्डे स्कुलका प्रमुख बने । साथै यहाँको सेन्तुल श्रीलंका बौद्ध मन्दिरका संस्थापक र आध्यात्मिक नेता भए । उनी समथ ध्यान शिक्षणका कारण मलेसियामा प्रसिद्ध भए । साथै उनले बुद्धधर्म मार्फत विभिन्न सामाजिक कार्यहरू गरेर मानवतावादी बुद्धधर्मको परिचय पनि मलेसियामा दिए ।

**चि चेन (सन् १९५५)** : मलेसियामा बुद्धधर्मलाई जनमासनसम्म पुर्याउन योगदान दिनेमा भिक्षु चि चेन पनि प्रमुख हुन् । उनलाई मलेसिया तथा सिंगापुरमा एक श्रद्धेय ध्यान गुरुको रूपमा मानिन्छ । उनलाई चान मास्टा शेङ येनलाई आफ्नै उत्तराधिकारी नियुक्त गरेका थिए । उनले टाइवानको फोग्वाङशामा बुद्धधर्म अध्ययन गरेका थिए । उनी मलेसियन बुद्धिस्ट इन्स्टिच्युटका प्रमुख हुन् ।

**वेई वू** : मलेसियामा महायान बुद्धधर्मको प्रचार गर्न विकास गर्न तथा चिनियाँ बौद्धहरूलाई संगठन गर्नमा महायानी बौद्ध भिक्षु वेई वूको योगदान धेरै छ । उनले ब्रिकफिल्ड्स, क्वालालम्पुरमा बौद्ध महाविहार स्थापना गरे, जुन मलेसियाका ठूलो चिनियाँ बौद्ध मन्दिरहरू मध्ये एक हो । देशमा चिनियाँ बौद्ध धर्म र सांस्कृतिक आदानप्रदान प्रवर्द्धन गर्न उनले महत्वपूर्ण भूमिका खेलेको छ ।

**चिन कुङः** एक ताइवानी बौद्ध भिक्षु चिन कुङले मलेसियामा बुद्धधर्म प्रचार गर्ने तथा बौद्ध समाजको विकासको लागि विभिन्न शैक्षिक कार्यक्रमहरू गरेका थिए । यसका साथै बुद्ध शिक्षाहरू फैलाउनका लागि



https://dhamma.digital

विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन पनि गरे । उनले मलेसियामा प्योर ल्यान्ड लर्निङ कलेज एसोसिएसन (पीएलएलसीए) स्थापना गरेर त्यहाँ शिक्षामार्फत बुद्धधर्म र परम्परागत चिनियाँ संस्कृतिलाई प्रवर्द्धन गरे ।

मलेसियाको बौद्ध समुदायमा योगदान पुर्याएका धेरै प्रभावशाली बौद्ध शिक्षकहरूमध्ये यी नामहरू केही उदाहरणहरू मात्र हुन् । यी बाहेक यहाँको इतिहास र समसामयिक समाजमा यस्ता थुप्रै धर्मगुरुहरू छन् जसले यहाँ बुद्धधर्म फैलाउन  जीवन्त राख्न योगदान दिएका छन् ।

**स्मारकहरू :**

मलेसियामा धेरै समय अगाडिदेखि बौद्धहरूले धर्म अवलम्बन गर्दै आएको भनेपछि यहाँ त्यही अनुपातमा इतिहासका विभिन्न कालखण्डहरूमा विहार मन्दिर तथा मूर्तिहरू इत्यादिको निर्माण भएको भन्ने पनि स्पष्ट हुन्छ । त्यस बेलाका बौद्धहरू यस्ता आफुले मान्दै आएको धर्म चीरकालसम्म स्थायी होस् भन्ने हेतुले त्यस्ता स्मारकहरू बनाउने गर्थे । यस्तो भनेजस्तै अहिले त्यहाँ बुद्धधर्म पहिले जस्तो बलियो नभएपनि ती कलाकृति वा स्मारकहरूले त्यहाँको बुद्धधर्मको बलियो इतिहास बताइरहेका छन् । अनि अहिलेका बौद्धहरूलाई आफ्नो धर्मको गौरवमय इतिहास सुनेर पढेर गर्व गर्न तथा हाम्रो धर्म यहाँ नयाँ वा आयातित हैन, यही माटोमा हुर्केको भनेर बलियो तर्क दिन पनि सहायक सिद्ध भएका छन् ।

हालै भएका केही महत्वपूर्ण उत्खनन्हरूले पेनाङको बुकित कोरसमा केही अवशेषहरू जमिन मुनिबाट निकालिएका छन् जसले यहाँ धेरै पहिलेदेखि बुद्धधर्मको अस्तित्व थियो भन्ने देखाउँछ । यहाँका केही मन्दिर संरचनाहरू करिब १२ सय वर्ष पुराना हुन् भनिएको छ । यी संरचनाहरूले ती समयका वास्तुकलाका केही मौलिक शैलीहरूको बारेमा पनि जानकारी दिन्छ ।

स्मारकहरूको दृष्टिकोणले मलेशियाले दक्षिणपूर्वी एशियाका प्रभावशाली बौद्ध मन्दिरहरू भएका देशहरू मध्ये एक हुन जान्छ । नयाँ



https://dhamma.digital

तथा पुराना यहाँका बौद्ध मन्दिरहरू पूजापाठ, शिक्षण, अभ्यास र अन्य सांस्कृतिक गतिविधिहरूको केन्द्रको रूपमा रहेका छन् । केही प्रसिद्ध मन्दिरहरूको बारेमा संक्षिप्त जानकारी यहाँ समावेश छ ।

**धम्मिकाराम बर्मी विहारः** पेनाङम जर्ज टाउनमा धम्मिकाराम बर्मी विहार अवस्थित छ । सन् १८०३ मा न्योना बेटोङ भन्ने व्यक्तिले दान दिएको जग्गामा एउटा न्यान्डी मोलोह मन्दिर बनाइएको थियो । त्यहाँ उ नन्दमाला प्रमुख थिए । पछि यसैलाई बढाएर सन् १८४५मा विकास गरियो । यसको निर्माण तथा विकासमा बर्मी उपासिकाहरूको योगदान उल्लेखनीय छ । यहाँको सबैभन्दा पुरानो स्मारक भनेको सन् १८०५ मा निर्मित स्तुप हो । अहिले यहाँ थुप्रै बुद्धमूर्तिहरूका साथै बर्मी बौद्ध परम्पराअनुसारका विभिन्न काल्पनिक जीवहरूको कलात्मक मूर्तिहरूका साथै सीमागृह, पुस्तकालय इत्यादि छ ।

**बोधि लङ्काराम विहार :** मलेसियाको सबैभन्दा पुरानो श्रीलंकाली विहार बोधि लङ्काराम विहार हो । सिंहाली उपासक एए ग्यारिस दे एल्विस सन् १८८८मा आएर ताइपिङ शहरमा बसे । एकै वर्षमा उनले त्यहाँ जग्गा खरिद गरेर एउटा बौद्ध मन्दिर बनाए । यसको व्यवस्थापनको लागि उनले एक धर्मोदा सोसाइटी नामक संस्था पनि बनाए । यहाँ भिक्षु नगोडा किसारोले श्रीलंकाबाट बोधिवृक्ष ल्याएर रोपे । पछि उनले यो मन्दिरको जग्गा सरकारलाई हस्तान्तरण गरे । सन् १९७६ सम्म पुग्दा यो मन्दिर व्यवस्थापन गर्ने संस्थाको नाम ताइपिङ बोधि लङ्काराम बुद्धिस्ट एशोसिएसन बन्यो । सन् १९८४मा डा के श्री धम्मानन्द यस विहारको निर्देशक बने ।

**केक लोक सी मन्दिर,** मलेसियाको पेनाङ शहर स्थित जर्ज टाउनमामा रहेको केक लोक सी मन्दिर मलेसियाको सबैभन्दा ठुलो बौद्ध मन्दिर हो । यसलाई दक्षिणपूर्व एशियाको सबैभन्दा ठूलो बौद्ध मन्दिरहरूमध्ये एक भन्न सकिन्छ यसको निर्माण सन् १८९०मा मुख्य गुरु बिउ लीनको संयोजनमा शुरु भएको थियो । यहाँको मुख्य केन्द्र भनेको सात तल्ले मन्दिर हो जहाँ १० हजार बुद्धमूर्ति राखिएका छन् ।



https://dhamma.digital

यसका साथै यहाँको डाँडामाथि १२० फिट अग्लो क्वान यीन देवीको मूर्ति पनि छ। यस मन्दिरमा चिनियाँ, थाई र बर्मी वास्तुकलाको सुमधुर मिश्रण पाइन्छ। यहाँ मलेसियनका साथै हङकङ, फिलिपिन्स, सिंगापुर आदि बौद्ध देशहरूबाट समेत तीर्थयात्रीहरू आउने गर्छन्।

**बौद्ध महाविहार,** क्वालालम्पुरको ब्रिकफिल्डमा सन् १८९४मा निर्मित एक ऐतिहासिक बौद्ध महाविहार छ। यो विहार श्रीलंकाबाट आएका भिक्षुहरूले सञ्चालन गरेको थेरवाद बौद्ध शिक्षा र परम्पराहरूको केन्द्र हो। तैपनि यसको निर्माणमा चीनियाँ दाताहरूको पनि ठुलो योगदान छ। अंग्रेज सरकारसँग त्यसबेलाको शासन अभिवुर्धी वर्धन नामक संस्था बनाइ यो मन्दिरको लागि जग्गा प्राप्त गरेको थियो। सन् १९६२मा यसको विधिवत दर्ता भइसकेपछि अब यसको सञ्चालक संस्थाको नाम बुद्धिस्ट मिसनरी सोसाइटी मलेसिया राखियो।

**वाट चेतवन :** पेतालिङ जयामा थेरवाद अन्तर्गत थाइ परम्परा अनुसारको वाट चेतवन विहार अवस्थित छ। यसको निर्माण सन् १९५७मा भएको थियो र यसको उदघाटन थाइ राजा भूमिबोल अद्यूल्यादेजबाट भएको थियो। मलेसियामा बुद्धको अस्तिधातु भएको यो एकमात्र विहार हो। यहाँ भारतको उत्तर प्रदेशबाट अस्थि धातु ल्याइएको थियो जुन त्यसबेलाका अंग्रेज भायसराज लर्ड कुर्जनले थाइ राजा चुललोङकोर्नलाई प्रदान गरिएको थियो। पूर्णरूपले थाइ वास्तुकलामा आधारित यो विहार अत्यन्त कलात्मक छ। थाइमूलका मलेसियन बौद्धहरूको धार्मिक केन्द्र हुनुका साथै यो विहारले अन्य बौद्धहरूलाई पनि आकर्षित गरेको छ।

मलेसियाको बौद्ध धर्मले यहाँको विविधताले भरिएको सांस्कृतिक संग्रहालयलाई विभिन्न दृष्टिकोणबाट विशिष्ट बनाउन महत्वपूर्ण भूमिका खेलेको छ। बुद्धधर्मले शान्ति, करुणा र सजगतामा जोड दिने भएकोले यसले मलेशियन समाजलाई बहुधार्मिक र बहुसाँस्कृतिक बनाउन पनि योगदान दिएको छ।



https://dhamma.digital

## आधुनिक मलेसियामा बुद्धधर्म

मलेसियाको संविधान अनुसार बहुसंख्यक जातीय समूह, मलेसियालाई कानुनी रूपमा मुस्लिम भनेर परिभाषित गरिएको छ । तिनीहरूले जनसंख्याको ६० प्रतिशत छन्, बाँकी धेरैजसो चिनियाँहरू, जो सामान्यतया बौद्ध वा इसाईहरू हुन्, र केही हदसम्म भारतीयहरू, जो सामान्यतया हिन्दू हुन् । त्यहाँ अन्य आदिवासी र आप्रवासीहरूको सानो संख्या पनि छ । पछिल्ला मध्ये सिंहली, थाई र यूरेपियन मूलका मलेशियनहरू छन् । मलेसियाका लगभग सबै बौद्धहरू सहरी क्षेत्रमा बसोबास गर्छन्, किनभने तिनीहरू प्रायः व्यापारमा संलग्न छन् वा विभिन्न पेशामा कार्यरत छन् ।

वर्तमान समयमा मलेसिया मुस्लिम बाहुल्य भएको देश भएतापनि त्यहाँ बुद्धधर्म ठूलो धर्मको रूपमा स्थापित र सम्मानित छ। यहाँको बौद्ध समुदायमा चिनियाँ मुलका मलेसियनहरूको उल्लेख्य उपस्थिति छ। यहाँ धर्मलाई कोरा उपदेशको रूपमा मात्र सिमित नराखी शिक्षा र सामाजिक पहुँचमा जोड दिएर बुद्धधर्मलाई मानवीय धर्मको रूपमा पुनरुत्थान गर्ने प्रयासहरू भइरहेका छन् । यहाँको बौद्ध समाजले यस देशमा बौद्ध परम्पराहरूको एक सुमधुर मिश्रण देखाउँछ, अनि यसको बहुसांस्कृतिक चरित्र पनि झल्काउँछ ।

Dhamma.Digital



https://dhamma.digital

# (च) फिलिपिन्समा बुद्धधर्म

एशियाको पूर्वमा अथवा प्रशान्त महासागरको पश्चिममा अवस्थित गणतान्त्रिक फिलिपिन्स देश अर्को एक द्वीप समुहको देश हो । यो भनेकौ ७ हजार ६ सय भन्दा साना ठुला द्वीपहरूको समुह हो । यसको पश्चिममा चीन सागर, पूर्वमा फिलिपिन्स सागर र दक्षिणपश्चिममा सेलेबस सागर रहेको छ । यसका वरिपरी रहेको देशहरूको कुरा गर्दा यसको उत्तरमा ताइवान, उत्तरपूर्वमा जापान, पूर्व र दक्षिणपूर्वमा पलाउ, दक्षिणमा इन्डोनेसिया, दक्षिणपश्चिममा मलेसिया, पश्चिममा भियतनाम र उत्तरपश्चिममा चीनसँग सामुद्रिक सिमानाहरू रहेका छन् । यसले ३ लाख वर्ग किमी क्षेत्र ढाकेको छ र यहाँ सन २०१२को जनगणना अनुसार १०९ मिलियन जनसंख्याले बसोबास गर्दछ । यहाँ १८२ जातीय-भाषिक समुदायहरू मिलेर बसेका छन् । यहाँको राजधानी मनिला भएपनि यहाँको सबैभन्दा ठुलो शहर भने क्विजोन शहर हो ।

फिलिपिन्स अहिले एउटा बहुधार्मिक तथा धर्म निरपेक्ष देश हो । यहाँ अहिले ८८ प्रतिशत जनता क्रिश्चियन छन् । सन् २०१२ मा मुस्लिमहरू लगभग ११ प्रतिशत भएको अनुमान गरिएको थियो । त्यस्तै करिब २ प्रतिशत जनता बौद्ध छन् । अनि त्यो भन्दा कम हिन्दु र शिखहरू छन् । करिब १० प्रतिशत जनता आफुलाई अधार्मिक भनाउन चाहन्छन् ।

## फिलिपिन्समा बुद्धधर्मको प्रवेश

बुद्धधर्मको आगमन हुनुभन्दा अगाडि फिलिपिन्समा विभिन्न आदिवासीहरूको परम्परागत धर्म प्रचलनमा थियो । ती मध्ये धेरैले पूर्खाको र आत्माको पूजा गर्ने गर्थे । विश्वका अन्य बौद्ध देशहरूमा जस्तै फिलिपिन्समा पनि धेरै पहिले बुद्धधर्मले प्रवेश पाएको भनेर यहाँका बौद्धहरू सगर्व वर्णन गर्छन् । तर पुरातात्विक प्रमाणको आधारमा हेर्दा



https://dhamma.digital

यहाँ ९औ शताब्दीदेखि बुद्धधर्मले स्थान बनाएको देखिन्छ । योभन्दा अघिका समयमा यहाँ बुद्धधर्म थियो भनेर प्रमाणित गर्ने आधुनिक विज्ञानले स्वीकार गर्ने अवशेषहरू देखिएको यहाँका इतिहासकारहरू मान्दैनन् । यहाँका सबैभन्दा पुराना प्रमाणहरूले यहाँ त्यसबेला वज्रयान बुद्धधर्मले समाजमा स्थान पाएको देखिन्छ । हुन त यहाँ उपनिवेश हुनु अगाडि पनि बुद्धधर्म अस्तित्वमा थियो भन्ने प्रमाणहरू पनि भेटिएका छन् ।

फिलिपिन्समा बुद्धधर्मको प्रवेश गराउने श्रेय यहाँ व्यापारको सिलसिलमा आउने भारतीय, श्रीलंकाली, क्याम्बोडियन, चीनिया तथा जापानीहरूलाई जान्छ। त्यसबेला यहाँका मुख्य द्‌वीपहरू इन्डोनेशियाको श्रीविजय साम्राज्य अन्तर्गत रहेको र त्यहीँबाट यहाँ बुद्धधर्म फैलिएको देखिन्छ ।

प्रारम्भिक कालदेखि फिलिपिन्सको बुद्धधर्म विशेष खालको थियो । त्यस बेलाको यहाँको बुद्धधर्मलाई शैव अथवा हिन्दुधर्मको गहिरो प्रभाव रहेको गुह्य वा तान्त्रिक बुद्धधर्म भन्न सकिन्छ । यस्तो खालको बुद्धधर्म त्यसबेला यहाँका थुप्रै द्‌वीप समुहहरूको प्रचलनमा थियो । इन्डोनेशियाको श्रीविजय साम्राज्यको बारेमा सातौं शताब्दीका चीनियाँ यात्री इत्सिङ वा यीजिङले यस क्षेत्रमा बुद्धधर्मको राम्रो विकास भएको कुरा उल्लेख गरेका थिए । उनले फिलिपिन्सकै भनेर किटान गरेर भने केही लेखेका थिएनन् ।

## पुरातात्विक अवशेष

फिलिपिन्समा अहिले भेटिने सबैभन्दा प्राचीन अवशेषहरू भनेको कलाकृतिहरू नै हुन् । अहिलेसम्म यहाँ थुप्रै बौद्ध कलाकृतिहरू भेटिएका छन् जुन ९औ देखि १२औ शताब्दीतिर बनेका हुन् । यी कलाकृतिहरूले श्रीविजय साम्राज्यमा विस्तार भएको वज्रयात बुद्धधर्मको प्रभाव फिलिपिन्सका राज्यहरूमा कसरी परेको थियो भन्ने देखाउँछ । अनि यी कलाकृतिहरूले त्यसबेलाका यहाँका बासिन्दाहरूमा बुद्धधर्मको छाप



https://dhamma.digital

परिसकेको पनि प्रमाणित गर्दछ । यहाँको समाजमा बुद्धधर्मको प्रचार नभएको भए, अथवा यहाँबा जनतामा बुद्धधर्मको बारेमा ज्ञान नभएको भए तिनीहरूले प्रयोग गर्ने कलाकृतिहरूको बुद्धधर्मसँग सम्बन्धित चिन्ह वा प्रतीकहरूको प्रयोग हुँदैनथ्यो होला । यसप्रकारले भन्नुपर्दा यहाँका बौद्ध कलाले यहाँको बौद्ध समाजको चित्रण गरेको पाइन्छ भन्न सकिन्छ। त्यसबेलाका कलाकृतिहरूको बौद्ध संस्कृतिको छाप यहाँको चेबु, पालावान तथा लुजोन द्वीपमा पाइएका हुन् । यस समय फिलिपिन्स अन्तर्गतका द्वीपहरू स्वतन्त्र राज्यको रूपमा रहेको पनि त्यसबेलाका ऐतिहासिक दस्तावेजहरूले देखाएको छ ।

फिलिपिन्सका प्रमुख प्राचीन कलाकृतिको कुरा गर्दा सुनौलो ताराको नाम उल्लेखनीय हुन्छ । करिब २ केजी तौल भएको २१ क्यारेटको सुनको यस प्रतिमालाई वज्रयान बुद्धधर्म अन्तर्गतको तारा भनिएको छ । पुरातत्वविदहरू यसलाई इस्वी ९५० तरिको भन्छन् भने कसैले १३ औंङ १४ औ शताब्दीको पनि भनेका छन् । त्यस्तै कसैले यसलाई हिन्दु देवी हुन सक्ने आशंका पनि गरिएको छ । त्यसैले यसलाई सजिलोको लागि अगुसन इमेज मात्र भनिन्छ (अगुसन डेल सुर भन्नाले मिन्दनाओको राजधानी बुझिन्छ) र यो अहिले अमेरिकाको शिकागोस्थित फिल्ड म्युजियम अफ नेचुरल हिस्ट्रीमा संकलित छ ।

त्यस्तै किसिमले अगुसनमा पाइएको १०औं वा ११औं शताब्दीको सुनको महाप्रतिसरा जन्तर, लगुनामा पाइएको ९औ शताब्दीको ताम्रपत्र, बुकिदननमा पाइएको १४औ शताब्दीको तामाको ताराको मूर्ति, चेबुमा पाइएको १३औ-१६औं शताब्दीको काँसको अवलोकितेश्वरको मूर्ति इत्यादिले अहिले त्यसबेलाको उन्नत बौद्ध समाजको प्रमाण दिइरहेको छ । तर दुःखका साथ भन्नु पर्छ कि अहिले ती सबै अनुसन्धाताहरू र प्राचीन कलाकृतिका व्यापारीहरूको मात्र चासोको विषय भइरहेको छ ।

## यात्रा विवरणमा फिलिपिन्सको बुद्धधर्म

विभिन्न समयमा बौद्ध यात्रीहरूले नयाँ ठाउँमा र विशेष गरी



https://dhamma.digital

बौद्ध देशहरूमा यात्रा गर्दा त्यहाँको वस्तुस्थितिको बारेमा आफ्नो यात्रा वृतान्तमा लेख्ने गर्थे जुन पछि गएर इतिहासको एक महत्वपूर्ण प्रमाणको रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । चीनियाँ यात्री हुयेनसाङ तथा फाहियानले लुम्बिनीको बारेमा विभिन्न समयमा गरेको वर्णनले त्यहाँको ऐतिहासिकता प्रमाणित गर्न धेरै सघाएको छ ।

सन् १२२५मा चीनिया झाओ रुगुआले आफ्नो झु फा झि नामक पुस्तकमा  व्यापारिक सम्बन्ध भएका विभिन्न देशहरूको बारेमा लेख्दा फिलिपिन्सको बारेमा केही कुरा लेखेका थिए। यो कुरा त्यसबेलाको फिलिपिन्सको बुद्धधर्मको बारेमा थाहा पाउनको लागि उपयोगी भएको छ। उनले फिलिपिन्सको बारेमा लेख्दा यो देश बोर्नियोको उत्तरमा पर्दछ, यहाँ जंगलमा धातुका बुद्धको मूर्तिहरू छरिएर रहेका छन् ।

फिलिपिन्सकै इतिहासको ब्याख्या गर्न यहाँ सम्भव छैन । तैपनि विभिन्न कालखण्डमा फिलिपिन्समा विभिन्न साम्राज्यवादीहरूको अधिपत्य कायम भएको प्रसंग नउठाइकन यहाँ बुद्धधर्मको ह्रास कसरी हुन गयो भन्ने तथ्य कोट्याउन मुश्किल हुन्छ ।

सन् ९०० तिरबाट फिलिपिन्सको इतिहास प्रष्ट हुन थाल्छ । यसबेला यहाँ थुप्रै ससाना राज्यहरू रहेको देखिन्छ । ती मध्ये कुनै भारतीय सभ्यताबाट र कुनैं चीनियाँ सभ्यताबाट प्रभावित थिए । यसै समयमा यहाँ बुद्धधर्म तथा हिन्दुधर्म भारतीय व्यापारीहरू मार्फत भित्रिएको देखिन्छ ।

तेह्रौं शताब्दीमा इन्डोनेशियाको श्रीविजय तथा मजपहित साम्राज्यबाट पालावान क्षेत्रमा बुद्धधर्म तथा हिन्दुधर्मको प्रवेश भएको थियो । त्यहाँको प्राग ऐतिहासकि ताबोन गुफामा केही बौद्ध साहित्य दर्शाउने चित्रहरू पाइन्छन् ।

दक्षिणपूर्वी एशियाका अन्य बौद्ध देशहरूमा जस्तो फिलिपिन्समा बुद्धधर्म त्यति राम्रोसँग फैलिन पाएन वा त्यहाँको समाजमा बुद्धधर्म धेरै भिज्न सकेन । यो भन्नुको आधार भनेको त्यहाँको पुरातात्विक



https://dhamma.digital

अध्ययनमा त्यहाँ अन्य देशमा जस्तो ठुल्ठुला बुद्धका मूर्तिहरू वा बौद्ध मठ मन्दिर वा विहारहरूको निर्माण भएको नदेखिएकोले हो । यस्तो भएको राज्य सरचनाले अभिभावकत्व प्रदान नगरेकोले पनि हुन सक्दछ। अथवा पछिल्ला दिनहरूमा मुस्लिमहरूको प्रभाव बढ्दै गएपछि त्यहाँ भएका बौद्ध सम्पदाहरूको योजनावद्ध ढंगले नै विनश गरेकोले पनि हुन सक्दछ ।

## फिलिपिन्समा मुस्लिमहरूको प्रवेश र प्रभाव

फिलिपिन्समा सबैभन्दा पहिला मुस्लिमहरू ब्यापारीको रूपमा १४औ शताब्दमिा प्रवेश गरेका थिए । पर्सियन खाडी, दक्षिण भारत तथा अन्य देशहरूबाट उनीहरू मलेशियन दवीप समुहमा प्रवेश पुगे । उनीहरूले पहिला मिन्दानाओ तथा सुलुमा र पछि विस्तारै अन्य क्षेत्रमा मुस्लिम राज्यहरूको निर्माण गर्दै गए। १६औ शताब्दीमा मुस्लिमहरूले ब्रुनाइ साम्राज्यमा हमला गरेका थिए । हुँदाहुँदै मुस्लिमहरूको राज्य विस्ता तोन्दोसम्म पुग्यो। राज्यको प्रभाव बढेपछि जनतामा पनि इस्लाम धर्म ग्रहण गर्ने प्रचलन बढ्यो । यहाँ अन्य छिमेकी देशभन्दा ढिलो मुस्लिमहरूको प्रवेश गरेकोले, आपसी शत्रुताले तथा धेरै समय नबित्दै यो उपनिवेशकर्ताहरूको हातमा गएकोले यहाँ मुस्लिहरूको साम्राज्य विकसित हुन नपाएको प्रतीत हुन्छ।

उपनिवेशकालमा फिलिपिन्स १६औं शताब्दीमा स्पेनीशहरूले सबैभन्दा पहिला फिलिपिन्समा पाइला टेके र विस्तारै त्यहाँ आफ्नै प्रभुत्व जमाउँदै गए। १५७८ मा त क्रिश्चियन स्पेनीहरू तथा मुस्लिम ब्रुनाइयनहरू बिच युद्ध नै भयो । उनीहरूले फिलिपिन्सलाई उपनिवेश बनाउने कामसँगै यहाँ क्रिश्चियन मिसनरीहरूको क्रियाकलाप पनि बढ्न थाल्यो ।

सन् १७६२ देखि फिलिपिन्स ब्रिटिशहरूको अधिनमा गयो। १९औं शताब्दीमा फेरी यसलाई स्पेनीशहरूले कब्जामा लियो । यसबेलामा फिलिपिन्समाथि दमन र जनतालाई शिक्षित बनाउने अभियान सँगसँगै



https://dhamma.digital

गयो । तर धार्मिक स्वतन्त्रता भने कतै देखिएन । यतिबेलाको सत्ता त्यहाँका प्रोटेस्टेन्ट लगायत बौद्ध, हिन्दु तथा मुस्लिमहरूप्रति अहिष्णु देखियो । स्पेनी यातनाबाट बच्न बौद्धहरूले आफ्नो अभ्यास, चाडपर्व तथा धर्म नै क्याथोलिकमा ढाल्नुपर्ने बाध्यता थियो ।

सन् १८९६ मा फिलिपिनो क्रान्ति पनि भयो । फेरि सन् १८९८ मा अमेरिकी प्रभाव बढ्यो । यसबेला धार्मिक स्वतन्त्रता केही हदसम्म संस्थागत भयो र सन् १९२० र ३० तिर बौद्ध मन्दिरहरू समेत बन्न थाले । तर राजनीतिक अवस्था झन् झन् अस्थिर बन्दै गयो र अन्तमा सन् १८९९ मा फिलिपिनो अमेरिकन युद्ध समेत भयो । युद्धमा करिब २ लाख फिलिपिनोहरूले ज्यान गुमाउनु पर्यो । दोश्रो विश्वयुद्धको समयमा त्यहाँ जापानीहरूको प्रभाव बढ्न थाल्यो । त्यसपछिका दिनहरूमा भियतनामी तथा जापानी बौद्धहरूको धार्मिक केन्द्रहरू समेत खुल्न थाले । कहिले धर्ममाथि अंकुश त कहिले धार्मिक स्वतन्त्रता त्यहाँका जनताले अनुभव गर्न पाए । यस्ता थुप्रै राजनीतिक उथलपुथहरूको सामना फिलिपिन्सले गरिरहनु पर्यो ।

## वर्तमान अवस्थामा फिलिपिन्समा बुद्धधर्म

जतिसुकै पुरानो र गौरवमय इतिहास भएपनि फिलिपिन्सका जनताले बुद्ध शिक्षा र बौद्ध समाजको संरक्षण गर्न नसकेपछि त्यहाँ बुद्धधर्मको प्रभाव कमजोर हुँदै जानु स्वभाविक हो । अहिलेको अवस्थामा त्यहाँ करिब २ प्रतिशत जनताले अर्थात् लगभग ४७ हजार जनताले बुद्धधर्मलाई अँगालिराखेको अवस्था छ ।

पासाए शहरमा फो ग्वाङ शान माबुहे मन्दिर, क्वेजोन शहरको हजार बुद्ध मन्दिर, मालाबोन शहरको ह्वा चोङ मन्दिर, मनिलाको पालयुल बौद्ध मन्दिर, दाभाओ शहरमो लोनला बौद्ध मन्दिर आदि अहिले फिलिपिन्सका बौद्धहरूको प्रशिद्ध मन्दिर बनेका छन् जहाँ बौद्धहरू तथा पर्यटकहरूको भ्रमण भइरहन्छ ।

संख्यात्मक रूपमा निकै थोरै भएपनि अहिलेको अवस्थामा



https://dhamma.digital

फिलिपिन्समा बौद्धहरूले आआफ्नो समाज, परम्परा तथा रुचि अनुसार विभिन्न निकायका बुद्धधर्म अवलम्बन गर्न पाइरहेका छन् । त्यहा धेरै जसो बौद्धहरूले महायानको मार्ग अँगालेका छन् । त्यस अन्तर्गतका विभिन्न मन्दिरहरू तथा धार्मिक संघसंस्थाले आफ्नो आफ्नो ढंगले काम गरिरहेको अवस्था छ । फो ग्वाङसान तथा सोका गाक्काइ इन्टरनेशनल जस्ता संस्थाहरूले त्यहाँ काम गर्न पाइरहेको छ । यसका साथै त्यहाँ थेरवाद बुद्धधर्मले पनि सानो भएपनि आफ्नो प्रभाव बनाएको छ । यहाँको फिलिपाइन थेरवाद बुद्धिस्ट फेलोशिप नाम संस्थाले विपस्सना ध्यान अभ्यास गराउने आदि कार्य गरिरहेको छ ।

Dhamma.Digital



https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

## पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## पाठ्यक्रम

(**अंक विभाजन :** एकाई १ को २० अंक, एकाई २ को २० अंक, एकाई ३ को २० अंक, एकाई ४ को २० अंक, एकाइ ५ को २० )

**शिक्षण अवधि १५०**

**पूर्णांक–१००**

**उत्तीर्णांक –४०**

एकाइ १ : श्रीलंकामा बुद्धधर्म — शिक्षण अवधि ३०

एकाइ २ : म्यानमारमा बुद्धधर्म — शिक्षण अवधि ३०

एकाइ ३ : थाइलैण्डमा बुद्धधर्म — शिक्षण अवधि ३०

एकाई ४ : (क) कम्बोडियामा बुद्धधर्म — शिक्षण अवधि ३०

(ख) लाओसमा बुद्धधर्म

(ग) भियतनाममा बुद्धधर्म

एकाई ५ : (क) इण्डोनेशियामा बुद्धधर्म

(ख) अफ्गानिस्तानमा बुद्धधर्म

(ग) बंगलादेशमा बुद्धधर्म

(घ) पाकिस्तानमा बुद्धधर्म

(ङ) मलेशियामा बुद्धधर्म

(च) फिलिपिन्समा बुद्धधर्म — शिक्षण अवधि ३०



https://dhamma.digital

**सन्दर्भ सामग्री :**


१. भिक्षु सुदर्शन (ले.), धर्मरत्न शाक्य (अनु.), विश्वमा बुद्धधर्म, धर्मरत्न शाक्य, काठमाण्डौः शंखमूल, बु.सं. २५४० ।

२. भिक्षु सुद्धर्शन (ले.), नारद थेर लिखित *(Buddhism on Vietnam)* पुस्तक *Sixth Conference of W F B Phonom-Penh,Nov.-1961* को *Democratic Republic of Vietnam* का प्रतिनिधिको भाषण, *Ven. Dr. Thich Minh Chou* को रचना *Buddhism and Vietnamese Culture Buddhists for Peace. A B C P. No. 2 (Vol .7)* र महापण्डित राहुल सांकृत्यायनको बौद्ध संस्कृतिको आधारमा सार संक्षेप ।

३. इन्टरनेटका श्रोतहरू ।


Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital